# इसिलिम

ISILIM

(अर्धवार्षिक दुमी भाषिक पत्रिका)

२०६० वर्ष ५, अंक ६, छिरियाम्लो (उधौली) October 2003



भू.पू. सांसद
श्री टंक दुमी राई






मान्य नेपाल तारा
क्या. श्री मानबहादुर राई



ban Ada von Stockhausen



Marion Wettstein








# विजयादशमी
# तथा
# शुभ दीपावली २०६० को

शुभ उपलक्ष्यमा समस्त ग्राहक वर्गमा सुख, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विजयादशमी तथा दीपावलीको शुभ उपलक्ष्यमा विशेष छुट !

गुणस्तरीय सर्टिङ सुटिङका लागि

## TIP TOP WEAR

Aradhan Complex Bagbazar, Kathmandu, Nepal, Tel. 4221026

***Visit us for best Stitching, Kinds of Dress Material, we are specialist in gents wear.***

**Your Satisfaction is our Motto**

# इसिलिम

अर्धवार्षिक

भाषिक पत्रिका

वर्ष ५, अंक ६

जिप्रका काठमाडौं



**संरक्षक**
क्याप्टेन नेनबहादुर राई एम.एम.

**सल्लाहकार**
भू.पू. सांसद टंक राई
क्याप्टेन पर्जबहादुर राई
श्री रामबहादुर राई
उप-प्रा. चतुरभक्त राई

**सम्पादक**
नेत्रमणि हलक्सु राई
सुजन हदी राई
धनप्रसाद सरचु राई
रत्नमणि दुमी राई

**प्रकाशक**
दुमीकिरात राई फन्सिकिम
बाक्सिला, खोटाङ

**विशेष सहयोगी**
गुणराज बलक्पा राई
मिरा लक्ष्मी हलक्सु राई
जिनत हम्रुचू राई

**कम्प्युटर**
इमेज कम्प्युटर
डिल्लीबजार, फोन : ४४२२३९८

**मुद्रक**
सुनकोशी छापाखाना
मैतीदेवी, फोन : ४४२२०९१



**पत्राचार**
इसिलिम भाषिक पत्रिका
पो.ब.नं. २०२११
फोन नं. ४४८८५८१
E-mail : chakshyu@enet.com.np



मूल्य : ने.रु. ५०, भा.रु.५०, हङकङ $30
सिंगापुर/ब्रुनाई $10 युके पौण्ड 5


## विषयसूची


### खोज अनुसन्धान

- देवी देवताहरुको अनौठो सृष्टि : सिम्पानी बज्यूथानीको प्रकरण अध्ययन — ✍ चतुरभक्त राई — १
- लुप्पोको वंशावली — ✍ चतुरभक्त राई — ५०

### भेटवार्ता

- मान्य नेपालतारा, क्याप्टेन, श्री मानबहादुर नाछिरिङ राई — ✍ नेत्रमणि दुमी हलक्सु राई — ५
- ग्रामिण सेवाका द्रष्टा भू.पू. सांसद टंक राई — ✍ चतुरभक्त सत्म राई — २२

### यात्रा संस्मरण

- परदेशीको मन — ✍ धौलवीर दुमी बलक्पा राई — ६६

### धर्म/संस्कृति

- Traditional and modern knowledge, two inseparable sisters — ✍ Alban Ada von Stockhausen & Marion Wettstein — १७

### भाषा/साहित्य

- Preliminary Exploratory ... — ✍ Sueyoshi Toba — २८
- मेरो लेख लेख्ने प्रयास — ✍ हिमा राई — ३५
- तिमी सुन्छौ भने — ✍ गोदा बान्तवा — ३६
- फ्रेस विज्ञप्ति — ✍ उत्पीडित किराँत — ३७
- किताब — ✍ प्रतिज्ञा शर्मा — ३८
- हल्कारा... — ✍ विष्णुकला दुमी सत्म राई — ४८

### अर्थ तथा वित्त

- सहकारी र आर्थिक उत्थान — ✍ सुजन हदी राई — ४५

### कथा/लेख

- सहयात्री — ✍ गुणराज बलक्पा राई — १९
- अधुरो तिहार — ✍ नृप दुमी राई — ३३
- ऊ र म — ✍ दोभान बान्तवा राई — ३६
- असल मित्र — ✍ गंगाराज राई — ३८
- भयानक राक्षस — ✍ समीर 'नेचाली' राई — ४०
- जागिरेको मीठो सपना — ✍ मेमु कला सत्म राई — ४२
- महात्मा — ✍ सुश्री सुजाता राई — ६३
- गणेशमानसिंह श्रेष्ठ — ✍ लक्ष्मण श्रेष्ठ — ४८

### कविता/गीत

- मेरो प्यारो गाउँ — ✍ सरिता राई — ४
- अनुभूति — ✍ सन्तोष दुमी राई — ४
- सुम्निमा-पारुहाङ — ✍ भुपाल राई — २०
- होपुआङा चामुदुम् तुम् — ✍ नेत्रमणि दुमी राई — २१
- थनाम् — ✍ नेत्रमणि दुमी राई — ३९
- किताब — ✍ प्रिया दुमी राई — ४०
- शहर भित्रिएका ... — ✍ केशरकुमार थुलुङ — ४१
- ले — ✍ रेकबहादुर राई — ४१
- म — ✍ मुना राई — ४१
- यो कस्तो परिस्थिति ? — ✍ सुश्री अञ्जना राई — ४४
- के भयो ? — ✍ डिल्लीराम राई — ४४
- जीवन — ✍ रोकेन्द्र दुमी राई — ४४
- समय — ✍ सिता दुमी राई — ४४
- म — ✍ कल्पना दुमी राई — ४७
- अनुभुति — ✍ कीर्ति कु. दुमी राई — ४७
- यथार्थ — ✍ मिरा लक्ष्मी राई — ४७
- झरना, शिक्षा — ✍ टिया दुमी राई — ४९
- जीवनको वास्तविकता — ✍ सरबहादुर दुमी राई — ४९
- छोरीको सपना — ✍ रिया दुमी राई — ४९
- मेरी आमालाई — ✍ दिपा खालिङ राई — ६२
- शहरको कथा — ✍ धन प्र. सरचु राई — ६२
- सन्देश — ✍ रिया दुमी राई — ६३
- नारी — ✍ सरिता दुमी राई — ६४
- आजको युवा — ✍ नितु खालिङ — ६५
- धुम्रपान — ✍ प्रीतम पुन — ६५
- प्रश्न — ✍ सितल दुमी राई — ६५
- बाक्सिला — ✍ शशीकला रंकासु — ६७
- असफल जीवन — ✍ जिनत दुमी राई — ६७
- बस्तीका झुपडीहरु — ✍ याम पीडित — ६८
- मेरो गाउँमा — ✍ मणिराज दुमी राई — ६८
- स्वार्थी संसार — ✍ सुमन दुमी राई — ६८
- पुतली — ✍ मेलिना राई — ६९
- नेपाल — ✍ अनुपम निराला — ६९
- किताब — ✍ अंकित कार्की — ६९

### सार समाचार — ७०

# सम्पादकीय

आँधी आओस्, चट्याङ परोस्, चाहे यहाँ आकाश झरोस्
जादु गर प्रगति जो दैवले नि डाह गरोस् ।

उठ्या पाइला गिर्छ फेरि अर्को पाइला उठ्नलाई
रोक्नु हुन्न पाइला बीचमा विघ्न अगि परे परोस् ।

आफ्नो भन्नु आफ्नो नै हो पराईको के भर भो र
आउ राख हातमा हात नभन त्यो झारो टरोस् ।

बगैंचामा फक्रिदेउ संस्कृतिको सुवास छर
ताकि यस्तो धर्ती देखी इन्द्र पनि बसाई सरोस् ।

उठाउ बाली चढाउ पितृ गर पूजा सीमे भूमे
खुसी होस् प्रकृति र भकारीमा अन्न भरोस् ।

जोश उठ जाँगर उठ, उठ अनि दृढ भाव
मेहनतले जन्माउ शक्ति जसले सबै दुःख हरोस् ।

गरिदेला अरुले नै भन्ने हाम्रो बानी भाछ
आफ्नो लागि आफैं गर लाछी बानी पार तरोस् ।

शुभ हुन् दिनहरु मंगल बनुन् जीवनहरु
आउने दशैं, तिहारले शान्तिको रुप धरोस् ।



# शुभ-कामना

दुमी किरात राई फन्सिकिम् इसिलिम परिवारले आफ्नो नियमित प्रकाशनको सिलसिलामा तोसी/तोसु (उद्यौली)को पावन अवसरमा अर्धवार्षिक दुमी भाषिक पत्रीका इसिलिम छैटौ अङ्क प्रकाशन गर्न लागेकोमा म अति नै हर्षितछु। यस पत्रिकामा प्रकाशित विचार, लेख-रचनाहरु आदिले आफ्नो मातृ-भाषा, वंशावली, लिपि, धर्म, कला, संस्कृति र इतिहासको संरक्षण, सम्वर्द्धन र विकास गर्नमा योगदान पुऱ्याउनेछ भन्ने मैले विश्वास लिएको छु।

अन्त्यमा दुमी किरात राई फन्सिकिम इसिलिम परिवार आफ्नो उदेश्य प्राप्तिमा सदा निरन्तर सफल रहोस् र समस्त दुमीजनले पनि यस प्रशसंनीय कामलाई टेवा पुऱ्याउनु आफ्नो मूल कर्तब्य सम्झून् भन्ने कामना समेत गर्दछु।

(मान्य नेपालतारा क्या. श्री मानबहादुर नाछिरीङ राई)
अध्यक्ष
किरात रोदु नाछिरीङ, साखाम केन्द्रीय समिति

# जनजातिको शान, राष्ट्रको पहिचान !
# जनजातिको पौरख, राष्ट्रको गौरव ! !

नेपालका आदिवासी जनजातिहरुको भाषा, लिपि, साहित्य, संस्कृति र धर्म नेपालका सांस्कृतिक निधि हुन् तिनको संरक्षण एवं सम्बर्द्धन गरौं ।

- जनजातिहरुको पावन स्थल, सत्तल, चौतारा, मठ-मन्दिर, गुम्बा, धारा, आदि धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण गरौं र त्यस्ता सम्पदाहरु सम्बन्धी जानकारी यस प्रतिष्ठानलाई पनि उपलव्ध गराऔं ।
- परम्परागत रुपमा रहँदै आएका पहाड-पर्वत, हिमाल, नदी-नाला, ताल-पोखरी, गुफा-कन्दरा, गाउँ-ठाउँ, वन-पाखा, आदिको नाउँहरु परिवर्तन नगरौं, नगराऔं ।
- आफ्ना छोराछोरीहरुको नाउँहरु आफ्नै जनजातिको भाषामा राखौं र राख्न लगाऔं ।
- जनजातिहरुको परम्परागत ज्ञान, सीप र प्रविधिहरुको संरक्षण एवं सम्वर्द्धन गरौं र तिनको व्यवसायिक उपयोगलाई प्रोत्साहित गरौं ।
- जनजाति विशेषको एकस्व अधिकार ( Patent right ) स्थापित गर्न उपयुक्त परम्परागत सीप, ज्ञान, प्रविधि र उत्पादनहरु जस्ता विषयहरु वा क्षेत्रहरु बारे यस प्रतिष्ठानलाई सुझावसहित जानकारी उपलव्ध गराऔं ।

**आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**
*केन्द्रिय कार्यालय, अनामनगर, काठमाडौं*
*फोन नं. २६५१४३, २५८८३३*
*जि.पि.ओ.बक्स न. १४३८५*

# देवी देवताहरूको अनौठो सृष्टि : सिम्पानी बज्यूथानीको प्रकरण अध्ययन



✍ उप प्रा चतुरभक्त राई
पाटन बहुमुखी क्याम्पस

**परिचय**

हुनत संसारको सृष्टि नै अनौठो छ । अध्यात्मवादीहरुले पृथ्वीको सृष्टि बिष्णुको कानबाट उत्पत्ति भएको मधु र कैटब नामक दुई राक्षसलाई बिष्णु आफैले छेदन गरेबाट शरिरका मासु हड्डी, रगत, केश आदिबाट बनेको हो भन्ने तर्क पेश गरे भने यो भन्दा भिन्न भौतिकबादीहरुले चाहिं एउटा ठूलो सूर्यरुपी पिण्ड आन्तरिक रुपमा पदार्थ स्वयंमा परिवर्तन आई बिष्फोटन हुंदा हालका ब्रहमाण्ड तथा त्यसका अनेकौ उपग्रहहरुको सृष्टि भयो र तिनै ग्रहहरुमध्येको एक ग्रह हो पृथ्वी भनी सिद्ध गर्दछन् । शुरुमा पृथ्वी आजको जस्तो थिएन त्यो अत्यन्त तातो र छरिएको अवस्थामा थियो । बिज्ञानको नियम अनुसार कुनै पनि बस्तु घुम्ने क्रममा आफूमा डल्लो हुदै जान्छ । तसर्थ पृथ्वी घुम्दै जाँदा स्वयं डल्लो हुँदै गयो र तातो सेलाउदै गएपछि आजका जीव भौगोलिक स्वरुप, वनस्पती नदीनाला र समुन्द्रहरु देखा परे । पृथ्बीको सृष्टि पछि उत्पत्ति भएका अमिवादेखि डाइनासोर जस्ता विशाल जीवहरुको उत्पत्तिसंगसंगै मानव जीब उत्पत्ति र उनीहरुले अवलम्वन गरेका आस्थाहरु आकाशको तेत्तीसकोटी देवताहरुदेखि पातालको वासुकी, सिमेभूमें, नाग नगेनी, देवी देउराली, खोलानाला, भिमसेन, थानीमानी सबैको आ-आफ्नो उत्पत्तिका कारणहरु रहेका छन् । देवी देवतैपिच्छै एउटा न एउटा आ-आफ्ना सृष्टिको रहस्यहरु लुकेको पाइन्छ । यसरी हेर्दा कुनै घटना बिबरणसँग नगासिएको कुनै देबी देवताहरु नै छैनन् भन्दा अत्युक्ति नहोला ।

तसर्थ माझकिरांत क्षेत्रमा याहाँ यस्तै एक प्रशिद्ध बज्यूथानीको उत्पत्तिको वास्तविकता त्यसको महिमा र महत्वको बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

**अबस्थिति -**

खोटाङ जिल्लाको उत्तरी क्षेत्रमा रहेको बाक्सिला गा वि स अन्तर्गत एक प्रशिद्ध ऐतिहासिह गाउ सिमपानी रहेको छ । सिम्पानी नाम रहन अघि यसलाई दुम्देल भनिन्थ्यो । यो दुमीं देलवाट दुम्देल भएको हो । तसर्थ स्पष्ट के देखिन्छ भने सिमपानी भन्ने नाम नेपालमा नेपाली भाषा राष्टभाषाको रुपमा प्रचलनमा आएपछि राखिएको हो । करिव चारहजार फिटको उचाईमा रहेको, राई , नेवार र दमै जातिहरु रहेको यही सिम्पानी गाउमा एक प्रशिद्ध थानी रहेको छ । यसलाई बज्यूथानी वा बडुंखामा थानी भन्ने गरेको पाइन्छ । वरीपरी बासको झ्याड., डालेघास चिलाउने, कुरसिमल जस्ता रुखहरु रहेको र एउटा ठूलो रुखको फेदमुनी कुटी वारेर राखिएको एक किरात वायुको नाम नै बडुंखामा थानी हो ।

हाल यस कुटीमा बडंखामा थानी उनका साथी सावित्री र सोही कुटीको भित्तामा रहेको एउटा खोपामा उनीहरुको प्रेमी कर्णखर बाजेको थान पनि रहेको छ ।

बज्यूथानी वा बुडंखामा थानी एउटै स्त्रीदेवीको नाम हो । अर्थको दृष्टिकोणले नेपाली शब्द बज्यूसंग थानी शब्द जोडिएर



*दामथला गाउँमा रहेको बुंखामा थानीको थान ।*



*कर्णखर बाजेको थान ।*

बज्यूथानी भएको हो । थानीको अर्थ वृहत नेपाली शब्दकोशले परिभाषा गरेअनुसार मूख्य देवता, स्थानीय देवता भनिएको पाइन्छ । तर माझकिरातवासी किरात राईहरुले थानी शव्दलाई नेवार, क्षेत्री, बाहुनले पूजा गर्ने वायुदेवलाई लिएको पाइन्छ । यो वायु भन्नाले सोही शव्दकोशले परिभाष गरेअनुसार मरेपछि काज क्रिया हुन नपाएको आत्मा अगति परेको जीव, प्रेतात्मा, प्रेत, प्राय बालवच्चालाई लागेको रुपमा दुख दिइरहने, झारफुक गरेर वा दोवाटोमा पूजा गरेर वायु पन्छाएपछि निको हुने, लोकरुढी भएको अमूर्त तत्व भनी प्रष्टयाएको पाइन्छ । र, सोही बडंखामा नै प्रेतात्मा भई थानी वा वायूको रुप लिएको भनी माझकिरातवासी किरात राईहरु लगाएत सवै जातिहरुले विश्वास गर्दछन । याहा त्यही सन्दर्भलाई अरु कोटयाउने प्रयास गरिनेछ ।

किरात राईहरुको एक थर हो साम्पाङ । उनीहरुको मुख्य वसोवास खोटाङको खार्ताम्छा, बास्पानी ,पाथेका र पत्करु हो । कालन्तरमा नी साम्पाङहरु फैलिदै जाने क्रममा खोटाङको नूनथला, भोजपुरको सामपाङ, खार्ताम्छा, खावा, दिङला, सुनसरीको धरान, पानमारा, काठमाडौकां विभिन्न ठाउँहरु र परवासमा समेत फैलिएररहेको पाइन्छ । यी किरात सामपाहरुमा जम्मा २५ भन्दा वढी पाछाहरु रहेको पाइन्छ । तर अझै पनि यी पाछाहरुको खोजी हुन वाकी नै देखिन्छ । स्मरणरहोस साम्पाङ राईहरुको पुर्ख्यौली परम्पराअनुसार सामेको रुपमा पुरुषलाई जनाउने शब्द बुक्छापा र स्त्रीलाई जनाउने शब्द बुडंखामा हो । तसर्थ सोही बुडुंखामा सामे रहेको एक स्त्रीको नाम बुडंखामा भनेर बोलाइयो ।

हामीले प्रष्ट बुझनु पर्ने कुरा के हो भने बुडुखामा साम्पांको. एक सामे हो र यही सामेवाट पछि आउने वंशहरुलाई जनाँउन नामको रुपमा प्रयोग गरियो जस्तो जंङ्गावहादुर राणको सन्तानलाई जनाउँन नामको पछाडि जवरा लेख जस्तै हो यो प्रचलन ।

**प्रेतात्माप्रतिको धारणा**

मानिस मरेपछि स्वर्ग वा नरक जन्छन यो एउटा विश्वास हो । यसलाई प्रमाणिक रुपमा सिद्ध गर्न सकिएको छैन । नेपालको माझकिरातबासी राईहरु मात्र होइन सबै मानिसहरु मृत व्यक्ति प्रेतात्माको रुपमा जाग्ने विश्वस गर्द्रछन् । यो जाग्ने कारण किरात राईहरुमा मुख्य दुइटा रहेको पाइन्छ । पहिलो कारण यदि मृतव्यत्तिको लाशलाई अजातले छोएमा, भीरपहरा, रुख आदिवाट लडी मरेमा, घाउखटिरा आई मरेमा सुत्केरी हुन लाग्दा मरेमा उक्त मृत व्यक्तिको आत्मा प्रेतात्मा भई जाग्नेछ । यसले बाच्नेहरुलाई दुख दिन्छ । तसर्थ यस्ताको चिनो चौतारो केही बनाइदैन र किरीया काज समेत सँस्कारगत ढङ्गवाट गरिन्न । बरु रातमा धामीलाई चिन्ता बसाएर मृतव्यक्तिको बाटो काट्ने, बारन्देज लगाउने काम गरिन्छ । यत्ति गर्दा पनि प्रेतआत्माले दुख दिएमा,धामी चिन्ता गरी चिहान भत्काई त्याँहा रहेको अवशेष हड्डी खुड्डी डढाएर खरानी पारिन्छ ।

दोस्रो हो यदि किरात राई महिलाले अर्को जातसँग विवाह गरेमा वा किरात राइले अजातसँग विवाह गारेमा त्यस्तो दूवै थरीका महिलाहरु मरेपछि प्रतात्माको रुपमा जाग्नेछन् । यसलाई जागित्रा पनि भनिन्छ । यस्ता जागित्राले पनि मानिसलाई दुख दिन्छ । तर पनि पहिलो जागित्रा भन्दा यो जागित्रा मननीय र पालनयोग्य हुन्छन । यसलाई मार्नु, धपाउनु र तर्साउन हुदैन झन विथोलिइ खराव गर्छ भन्ने विश्वासले घर गाउँमा पूजेर राख्छन् । हो- त्यसैको एक प्रतिरुप हो थानी । पुराना जमानमा पनि अन्तरजातिय विवाहको प्रचलन रहेको हुँदा किरात राईहरुको समाजमा त्यस्तै आजात विवाहवाट बन्न गएको थुप्रै थानीहरु गाउँ गाउँमा रहेकाछन् र तिनै थानीहरुमध्येको सिमपानी गाउँको थानीको नाम हो बुडंखामा थानी वा बज्यूथानी । जसलाई आफनो आराध्यदेवको रुपमा अद्यावदी पूजेर राखिएका छन ।

**बज्युथानीको संस्थापक**

बज्यूथानीको संस्थापन वर्ष यही हो भनेर किटानगर्न नसकिए पनि सिम्पानी गाउँकै हर्कवोली रङकाशु राईले आजभन्दा सातपुस्ता अघि स्थापना गरेका हुन भन्ने भनाई किरात वंशावलीका व्याख्याता तथा मुद्धुमी श्री धनरुप सत्म राईको रहेको पाइन्छ ।

**बज्युथानी उत्पत्तिको यथार्थ विवरण**

धेरै पुस्ता अगाडिको कुरा हो बास्पानी गाउँको मिठू गुरुडंसेनीको विवाह दिम्मा गाउँको रिठू गुरुङसंग भएको थियो । कसै कसैले यी गूरुडँसेनीलाई खामी साब्रु गाउको हुन पनि भनेका छन । ति गूरुडँसेनी माइती र लोग्नेको घर जादाआउँदा हालको बाक्सिला बजारको बाटो भएर पार गर्नुपर्थ्यो । स्मरणरहोसकि हाल पृथ्वी उच्च माध्यमिक विद्यालय रहेको ठाउँमा उतिखेर ,निरौला

वंशका बाहुनहरुको वस्ती थियो । त्यसलाई बाहुनटार भनिन्थ्यो । त्यही बाहुनटारमा कर्णखर निरौला पनि बस्तथे । मिठू कहिले माईतीघर कहिले लोग्नेको घर जाने आउने गर्दा त्यही बाक्सिला बजार डाँडामा कर्णखरसँग भेटभई आपसी चिनजान भयो । यो चिनजान अन्त्यमा प्रेममा परिवर्तन भई मिठू दोजिया समेत भइन । अव उनलाई न माइती बस्नु न घर, अपहत्ते पर्‍यो । त्यसैले तिनले अफ्नो लाजगाल टार्न सिम्पानी गाउँको आफनी मितिनी वडंखामाको घरमा लुकीछिपी बस्न थालिन ।

हाल सिम्पानीमा सासपांङ किरात राईहरुको बस्ती छैन तर जतिखेर सिम्पानीको नाम दुम्देल भनिन्थ्यो त्यत्तिखेर साम्पाङहरु त्यस ठाउमा भएको बुझिन्छ । तसर्थ किरात राईहरु पूर्वीक्षेत्र खोलु (वराहक्षेत्र पूर्वको भाग) वाट आउँदां भोजपुरको सिक्तेल, त्यसपछि दिक्रेल हुदै दुम्देल आएको र यँहावाट छरपस्ट भइ अन्यत्र गएको भन्ने किवदन्ती जुन पाइन्छ यसले गर्दा बुडंखामाको घर दुम्देलमा रहेको प्रमाण सिद्ध गर्दछ ।



*बुंखामा थानीको थान ।*

बुडखामाले आफनो मितिनिको आपत्तिलाई बुझी ठूलो सहयोग पुऱ्याइन । घरको सिरान तलामा राखी घरको धुरी प्वाल पारेर उज्यालोको लागि प्रकाश समेत छिराए । केही दिन पछि कर्णखर पनि सोही घरमा आई वस्न लागे । दुवै मित मितिनीलाई बडंखामाले मीठो मीठो खानेकुरा बनाई ओछयानमा नै पुऱ्याई सेवा टहल गर्न लागिन । यसरी सेवा टहल गर्दा गर्दै अन्त्यमा बुडंखामा पनि कर्णखरबाट गर्भधारण गर्न पुगिन ।

यो रहस्य कति दिन लुकाएर लुक्थ्यो र अन्ततोगत्वा केही दिनपछि गाउँलेहरुले थाहा पाइ हाले । एउटा बाहुनले किरातीको गाउँमा आएर गरेको त्यस्तो अनैतिक कार्यप्रति गाउँलेहरुलाई चित्त नवुझनु स्वभाविकै थियो । तसर्थ गाउँलेहरुले पनि षडयन्त्रको जालो बुन्न लागे । उनीहरुले मीठूको लोग्ने रिठूलाई खबर पुऱ्याई कर्णखरलाई तह नलगाई नछोड्नेमा पुगे ।

उतिखेर आजको जस्तो विजूली मट्टितेलको प्रचलन नभएकाले सल्लाको दियालो बालेर टुकीको काम चलाउँथे । तसर्थ कर्णखरलाई दियालो खोज्न भनेर बास्पानी गाउँ अन्तरगत पर्ने राँटी गाउँको सल्लेरीघारी पठाए । अहिले पनि त्याँहा सल्लाको रुखहरु छदैछन । कर्णखर पनि लोभमा परि सल्लावन पुगेर बञ्चरोले दियालो ठुङन थाल्यो । केहीवेर पछि रिठु गुरुङ पनि बक्खु लगाई साम्वा भोटे जस्तो भएर त्यही ठाउँमा आइपुग्यो । केही थाहा नपाएजस्तो गरेर "के गरेको इस्ट म त बाटो चिनेन" भन्दै आयो । कर्णखरले पनि बाटो विराएको बटुवा होला भनेर "दियालो फिक्तै गरेको" भनी उत्तर दिएछ । फेरी "इष्ट तिमी त दियालो झिक्न जान्दैन रैछ म सिकाउछ" भनी बञ्चरो मागेर दियालो ठुङन थाल्यो । दुइचार चोट त रुखलाई हानी टोपल्यो ! अनी भरै दाउ पारेर कर्णखरको टाउकोमा हान्यो । बञ्चरोको प्रहारले कर्णखर ढल्यो र छटपटाउँदै एउटा ओडारमा पुग्यो । तसर्थ हाल त्यस ठाउलाई बाहुनकाटे ओडार पनि भन्दछन । जाहा कर्णखरको इहलिला समाप्त भएको थियो भन्ने किंवदन्ती राँटी लगाएतका केही वृद्ध पुर्खाहरुले बताउने गरेको पाइन्छ । यसरी जार काटेर रिसइबी साधना गरिएको घट्ना विवरण पाइए पनि यसको उजुरवाजुर कतै भएन । बरु जार काटनेलाई सरकारवाट वक्सीस पनि प्राप्छ हुने ब्यवस्था थियो । तसर्थ रिठूलाई नै सरकारवाट वक्सिस प्राप्त भएको थियो भन्ने भनाइ छ ।

कर्णखरलाई मारिसकेपछि ति दुई महिलाहरु के कसो भए भन्ने कुनै विवरण छैन उनीहरुको सन्तानको जन्म भयो भएन, कति वर्षसम्म वाचे त्यसवारेमा पनि कुनै जानकारी पाइदैन । तर केही वर्ष पछि सिम्पानी गाउँमा विभिन संमस्याहरु आउन थाल्यो । गाई वस्तुहरुलाई पखालो लाग्ने, रगत दिशा गर्ने, मुण्टो बटार्ने, मानिसहरुलाई मुटु दुख्ने वेराम भई मत्यूसम्म हुने अवस्थाहरु आईपरयो । यी सवै समस्याहरुले सवैलाई अचम्म तुल्यायो । तसर्थ यसको रहस्य पत्तो लगाउन बास्पानी गाउँको एक अनुभवी बिजुवा धामीलाई बोलाई भाइचिन्ता (सवै दाजुभाई मिलेर गरिएको ठूलो चिन्ता) गरे । यारीचुरी (हेरकोर) गर्दा बुडंखामा जागेर थानी भई गाउँमा दुख दिएको कुरा धामीले बक्न थाल्यो । त्यसपछि के गर्दा सञ्चो सुविस्ता होला भनी प्रश्न गर्दा ब;डुंखामाको थान थपना गरी मानभाउ गरेर राखे सडंकट टर्ने वताए । यसपछि सिम्पानीको तालुक हर्कवोल रंकासु राईको नेतृत्वमा सवै दाज्युभाई संयुक्त भई वैशाखे पूर्णेपछि आउने पञ्चमी तिथीका दिन बुखामाको थान थपना गरी पूजा गर्ने प्रचलन बसाए । पूजामा कुखराको भालेपोथी चढाई भोग दिने चलन प्रारम्भ गरियो जुन चलन अद्यावदी छदैछ कुटिकोभित्री भित्ताको खोपामा कर्णखरको थान पनि रहेको छ । कर्णखरलाई कर्णखर बाजे भनेर सबैले सम्वोधन गर्दछन । उनलाई धुप र नैवेद चढाउने चलन छ ।

**यो रहस्य कति दिन लुकाएर लुक्थ्यो र अन्ततोगत्वा केही दिनपछि गाउँलेहरुले थाहा पाइ हाले । एउटा बाहुनले किरातीको गाउँमा आएर गरेको त्यस्तो अनैतिक कार्यप्रति गाउँलेहरुलाई चित्त नवुझनु स्वभाविकै थियो ।**

महत्व

यसरी जव बुंखामाको थान थापेर पूजा गर्न थालियो तव गाउँमा शान्ति भयो । यसैले यो प्रचलनलाई निरन्तरता दिदै आएको पाइन्छ । प्रचलन बस्तै जाँदा यस्तो पनि भयोकि सिम्पानीगाउ बाहेक यसका छिमेकी गाउँवाट समेत बज्यूथानीको पूजा आराधना हुन थाल्यो । कसैलाई वेरामी परेमा, वस्तभाउ, कुखुरा सुङँगुर वेरामी हुदा धामीलाई हेर्नकोर्न लगाए सिम पानीको थानी लागेको जोखना खुटयाउन लागे । सिम्पानीको सेरोफेरोबाट छोरीचेलीहरु वारी पारी गाउँमा विवाह भई जाँदा समेत थानीले पछयाएर जाने विश्वासले गर्दा टाढा टाढा पुगेका छोरीचेलीहरुबाट समेत बैसाखको पञ्चमी तिथीमा पूजा गर्न भालेपोथी कुखुरा ल्याउन थालियो । हुँदा-हुदा बज्युथानीको महत्ता वढेर ब्यापक हुदै गएपछि हालको मुल वज्यूथानीको थानमा भीड वढन थाल्यो । विशेषगरी रंकासु राईहरुको वंश बृद्धि भई विभाजन हुदा केही वंश सप्तेश्वरको दामथला गाउँमा पनि आए त्यँाहा उनीहरु आफैले बज्यूथानीको थान थपेर पूजा गर्ने प्रचलन बसाए र हिजोआज त प्राय हरेक गाउमा बुङखामा थानीको थान थपना थरिएको पाइन्छ । भगवान खेज्न टाढा जानु पर्दैन आत्मामा नै बस्छन भन्ने भनाइको सार्थकता मात्र होइन यसले टाढा जान नपर्ने, समयको वचत, कुखराको टाउको, खुटटा, मुटु ,कलेजो र माना चामल समेत संकलन हुन सक्ने भएकाले त्यता पनि थोरबहुत सोच पऱ्याएको हुन सक्छ ।

यो बज्यूथानी पूजाको प्रचलनले मनेवैज्ञानिक रुपमा ब्यक्तिहरुलाई शासन गरेको छ । बज्यूपानी रहेको स्थानीय छेत्रमा फलफूल सागपात टिप्न हुदैन टिपेमा बज्यूथानीले वेरामी पार्छन भन्ने डरले चोरी चकारी हुन पाउदैन । यस अर्थमा बज्यूथानी स्थानीय क्षेत्रकौ लागि एक अविभावक र संरक्षक सवै हो । वर्ष दिनमा एकपटक गरिने पूजा भएकाले टाढा टाढाबाट छोरीचेली माइत आउने हुनाले सवैसँग भेटघाट हुने सुनौला मौका प्राप्त हुन्छ । कुखुराको टाउको मुटु कलेजो चामल भेटी समेत सङ्कलनन हुने हुँदा यसवाट केही न केही श्रोतहरु सङकलन हुन्छ । यसलाई समाजिक कार्यमा सदुपयोग गर्न सकेमा लाभ प्राप्त हुने देखिन्छ । बज्यूथानीसंग सवेले डर राख्छन तसर्थ विवाह, व्रत, पास्नी, रुद्री , देवीपूजा,मारुनीनाच, छोर्सु लगाएत अनेक थरीको पूजामा बज्यूथानीको लागि बेग्लै भाग छुटटयाउने चलन रहेको पाइन्छ ।

बज्यूथानीको पूजाअर्चनावाट वेफाइदा पनि छन । यो एकाइसौ शताब्दीमा देवताको पूजा गरीरहने परम्पराले मानिस अन्धविश्वासको रुपमा जाकिएका छन । यो काहासम्मको बिडम्वना हो । बज्यूथानीको पूजाको दिन वेलुकी स्थानीय क्षेत्रमा बजार लाग्ने प्रथाबाट अपराध, लडाई झगडा, रिसइवी साधना गर्ने प्रचलनले ग्रामीण समाजलाई विसाक्त बनाएको छ । शारिरिक रोगको अवस्थालाई नजर अन्दाज गर्न नसक्ता कतिपय मानिसहरु थानीकै दोष ठानी झारफुकमा मात्र लागीरहदा मत्युसम्म हुन पुगेको अनेकौ दृष्टान्तहरु पाइन्छन् । अन्तरजातिय विवाह गर्दा विवाहिता महिला मृत्युपछि थानी हुन सक्ने भयले अन्तरजातिय विवाह गर्न किरात राईहरु डराउँछन । यसले गर्दा सन्तानमा चनाखो र निखारपन नआई , बोदो दिमाग ,लठेप्रो पुडको र बान्की परेको अनुहार आउन नसक्नु यसैको कारण हो भन्दा दुईमत नहोला ।

जय बज्यूथानी

। मुची ।

कविता

# मेरो प्यारो गाउँ



✍ सरिता राई
कक्षा ५
बेबिलोन नेशनल स्कुल
शान्तिनगर, काठमाडौं

मेरो प्यारो गाउँ,
धेरै राम्रो ठाउँ ।
हरियालीले भरिएको,
मेरो सुन्दर गाउँ ॥

डाँडा-खोला, पाखा, पखेरा,
मनै लोभ्याउने सुन्दर झरना ।
मयुर र कोइलीको मीठो भाषा,
पाइन्छ मेरो गाउँमा ॥

मेरो प्यारो गाउँ,
मान्छेहरू पनि दयालु छन् ।
मेरो प्यारो गाउँलाई सम्झी,
जाउँ-जाउँ लाग्छ जहिले पनि ।

# अनुभूति



✍ सन्तोष दुमी राई
खोटाङ,सप्तेश्वर-२ डुङडुङ

जिन्दगीलाई धेरैचोटि भेट्ने साहस गरेको छु
त्यसैले त जटिल जटिल दुई तीन जंघार तरेको छु
भन्ज्याङ काटें क्षितिज नाघें जिन्दगीको नाउमा
सारा यात्रा थाँती राखेर आखिर आफ्नै गाउँमा ।
भन्दैहोला देउरालीले यहाँबाट ठाउँ छैन
बोल्दै होला चप्लेटीले यहाँबाट गाउँ छैन ।
गाउँदै होला मैरै लागि चिरिबिरी जुरेलीले
सकिसक्यो धुन पनि भन्दै होला मुरलीले
गाइसक्यो होला गीताडेले मेरो गीत
चोरी सकेहोला सबै मेरो गाउँको रीत
छहराहरू बोल्दै होलान् छङछङ मैरै लागि
झरनाहरू बोल्दै होलान् झरझर मैरै लागि
लालीगुराँस फुल्दै होला मेरो गाउँको शिरैभरि
सुनाखरि फुल्दै होला रानीवनको पाखाभरि ।

# २००७ र ०१८ साल-काण्डका कुशल सेनानीदेखि समाज सेवासम्म

## मान्य नेपालतारा, क्याप्टेन, श्री मान बहादुर नाछिरीङ् राई

खोटाङ्ग जिल्लाको उत्तरी भेग दुमी किरात राईहरुका ऐतिहासिक थलो माक्पा गाऊँमा बाबु डिङ्वा संपुरसिंह र आमा मेखशोभाको कोखबाट एक्लो छोराको रुपमा वि.स.१९७८ साउन २६ गते जन्मिनु भएका बहादुर एवम् दिलदार किरात व्यक्तित्व मान्य नेपालतारा क्या. श्री मान बहादुर नाछिरिङ् राईज्यूले २००७ सालमा राणा विरुद्ध कांग्रेसको पक्षमा ऐसेलुखर्कबाट ५०० फौजको नेतृत्व (पदम बहादुर नाछिरिङ् राई -ऐसेलुखर्कसँग) गर्दै पछि भोजपुरबाट राम प्रसाद राईको नेतृत्वमा आएको ठूलो फौजमा मिसिदै ओखलढुङ्गाको निर्णायक युद्धमा राणा तर्फबाट आएका फौजलाई लखेट्दै र आत्म समर्पण गर्न लगाउदै बिना कठिनाई विजय प्राप्त गरेका थिए। जस्तोसुकै परिस्थितिको गाम्भिर्यतालाई पनि सही ढङ्गले बुझी तत्काल उचित् निर्णय लिन सक्षम् यी व्यत्तित्वले फौजी जीवनका अतिरिक्त जीवनका अन्य क्षेणहरुमा पनि आफूबाट जानाजानी कोही-कुनै शत्रु जन्माउने काम नगरेको ठान्नुहुन्छ र भूलवश या अन्जानमा कोही शत्रु रहेछन् भने पनि तीनले समेत् हाँसो खुशीमा बाँचेको देख्न र सुन्न चाहनु हुन्छ।



मान्य नेपालतारा, क्या. श्री मानबहादुर नाछिरीङ राई आफ्नी कान्छी श्रीमतीका साथ

०१८ सालमा नेपाली सेनाको तर्फबाट ऐसेलुखर्क अड्डालाई आफ्नो कब्जामा पार्ने कांग्रेसहरुको सुनियोजित आक्रमणलाई गहिरो सुझबुझ र अदम्य साहसका साथ बिफल पार्दै १५,१६ सय ती आक्रमणकारीहरूलाई आफू एक्लैले अगुवाई गर्दै धूलो चटाए बापत उक्त कुशल प्रतिकार एवं बहादुरीपूर्ण कर्तव्यपरायणताको कदर स्वरुप राजा महेन्द्रको बाहुलीबाट मान्य नेपालतारा, लप्टन (Lieutenant) बाट कप्तान (Captain) मा पदोन्नति (promotion) तथा केही मौद्रिक इनाम् (financial reward) द्वारा विभूषित यी व्यक्तित्वले वर्तमान नेपालको दर्दनाक परिस्थिति प्रति चिन्ता व्यक्त गर्दै खिन्न मुद्रामा भन्नु भयो "यो राजनीतिक कुरा भएकोले तत्काल यस विषम् परिस्थितिले निकास पाईहाल्ला जस्तो त मलाई लाग्दैन। कारण, वार्ताबाट समाधान ल्याउनु पर्नेमा उल्टै वार्तै भाँडियो। अर्थोक् त केर नै अकारण मान्छेई धेर मर्ने भो। यति सुन्दर र शान्तिप्रिय देशको हालत् नै चौपट हुने भो। अब त खै के आशा गर्ने र ? जबकि ढीला होस् , चाँडो होस् वार्ता बाहेक अरु त दोस्रो बाटै छैन नि।"

पत्र-पत्रिका पढ्दा-पढ्दै विचल्लीमा परेका बाल-बच्चाहरुका फोटो देख्दा मन अशान्त भई घरि नक्सालको बाल मन्दिर त कहिले कुसुन्तिको बाल उदार केन्द्र पुगी आर्थिक सहयोग गर्नु हुने यी दयालु व्यक्तित्वका पुर्खा (बाजे) सोलुखुम्वुको पावै गा.वि.स.हुलुबाट वि.स. १९३३ सालतिर ( भैंडा अउलतिर झार्ने क्रममा ) खोटाङ्ग माक्पा गाउँमा दुमी चेली सरुमाया दुमी (खारुवु) राईसँग विवाह गरी हालसम्म पनि खारुवु(दुमीको २१ पाछा मध्येको एक पाछा) कै चुलामा भाइ बाँधिएर अहिलेसम्म तेस्रो पुस्ताको रूपमा सेक-सरौ भाइ-सरौ खेप्दै आएको, अनि आफूले सबै संस्कारहरुमा गाँजी भाइकै रुपमा दोहोरो व्यबहार जान्दादेखि नै चल्दै र चलाउदै आएको बताउनु हुन्छ। आफ्नै पहलमा लामो समयसम्मको प्रयत्नपछि आफ्नो वंश नाछिरीङ्हरुसंग सोधखोज गरी वंशावली पत्ता लगाइकन उनै व्यक्तित्व वर्ष दिन अगाडि गठित् नाछिरीङ् किरात राईहरुका साझा संस्था किरात रोदु नाछिरीङ् साखाम्को सम्मानित उच्च ओहदा " संस्थापक अध्यक्ष" समेत रहिआउनु भएकोछ। आफ्नो वचपनको दौरानदेखि ८१औ वसन्तलाई पार गर्दासम्मको परिपक्क अवस्थासम्म पनि आफ्नो सफल जीवनलाई हरदम् क्रियाशील राख्नु हुने सक्रिय व्यक्तित्वलाई दुकिराफ इसिलिम परिवारको तर्फबाट हार्दिक बधाई एवं उहाँको कार्यकालको सफलता तथा किरोनासाको उत्तरोत्तर कार्य गतिशीलताको शुभ

कामना ! सहित् प्रस्तुत छ, समस्त जिज्ञासु किरातजन्का लागि प्रेरणाको सौगात स्वरुप उनै व्यक्तित्वसँग महाराजगञ्ज स्थित् उहाँकै निवासमा २०६०।०५।३० मा इसिलिम्का संवाददाता नेत्रमणि दुमी (हलक्सु) राईले लिएको प्रत्यक्ष भेटवार्ताको सारसंक्षेप ।

➤ *तपाइँ जन्मदाको पारिवारिक पृष्ठभूमि र आफ्नो वचपनको बारेमा संक्षेपमा बताइदिनोस् न ?*

उवेलाको जमाना, लाटा समै थियो, तैपनि बुवाले क, ख ..........सम्म चै पढ्नुभएको रहेछ । त्यसैले पनि पहिले द्वारे अनि पछि डिट्ठा भएछन् गरे । उहाँको तीन वटी श्रीमतीहरु, जस् मध्ये कान्छी श्रीमती (मेरी आमा) मेखशोभाबाट एक्लो छोराको रुपमा वि.स. १९७८ साल साउन २६ गते मेरो जन्म भएको हो । म जन्मिदासम्म त परिवारको अवस्था राम्रो थिएछ । तर दर्भाग्यवश म जन्मेको वर्ष दिन नपुग्दै बुवा परलोक हुनु भयो, अर्कोतिर दाजु विचारसिंह जुवाडे हुनाले विस्तारै हाम्रो घरको अवस्था दयनीय हुदै गयो । तैपनि मेरी आमा सुरो चनाखो हुनाले मलाई पढाउन खुवै चासो लिनुहुन्थयो । उनी शील-सोभाऊ, बोलीचाली अत्यन्तै राम्रो र हेर्नमा राम्री पनि थिइन् ।

➤ *औपचारिक/अनौपचारिक शिक्षा के, कसरी, कहाँ लिनु भयो ?*

त्यति बेला स्कूल भन्ने कतै पनि थिदै-थिएन, त्यस (हाम्रो) भेगमा । यसो गाऊँमै सातीभाइ मिलेर गोठ्तिर राती आगो बाली-बाली पढ्ने चलन थियो । यति हुदा-हुदै अघि नै मैले भनि हालेँ नि, आमा जिज्ञासु हुनाले तिही गाउँमै एउटा बाहुन (मेरो गुरु, भोला निरौला) कोमा गएर क,ख,.....र वाङ्-खरीसम्म छिचोलेँ नि मैले । तर A, B, C......चाँहि त पल्टनमा गएपछि मात्तै सिक्ने अवसर पाएँ भनुङ्ना । अन्त कहाँ हामी त उस्तै-उस्तै ठिटाहरु, राती गोठमा आगो फुक्दै, अँगार ढुङ्गामा पिसेर पानीसँग पाटीमा पोत्यो, अनि आगोमा सेकाएर खरिढुङ्गाले क,ख,......लेख्दै पढ्थ्युङ् , भोलि विहान उठ्दा त अनुहारभरि मोसो (अंगार) पोतिएर जोक्कर जस्तो, सप्पै जना हेराहेर गर्दै हाँसेको अझै सम्झिन्छु म ।

➤ *अरु बढी त्यति बेलाका गाऊँले वस्तुस्थितिहरु झल्काउन चाहनु हुन्छ कि ?*

खै बाबु, उवेलाको के, कुरा गरी साध्यै छैन । पैसाकै कुरा गर्ने हो भने पनि नेपाल (काठमाण्डु) को पैसा त पूर्वतिर चल्दैनथ्यो । त्यसवेला सबैतिर चल्ने पैसा चाहिँ कम्पनि (पाई पैसा-भारतिय मुद्रा) मात्र थियो । ती सवै पैसा चाहिँ तामाको हुन्थ्यो । नेपाली पैसा चाहिँ तामाकै, तर अलि सानो हुन्थ्यो । त्यसताका त अहिलेको जस्तो थिएन नि,

| | |
|---|---|
| ४ पैसाको एक आना | १२ पैसा/माना - नौनी |
| २४ पैसाको एक सुका | ४ पैसा/माना- चामल/रक्सी |
| ४८ पैसाको एक मोहर हुन्थ्यो | २ पैसा/माना - निघार |
| त्यति बेला त के साथमा एक रुपे | ६ पैसा/गोटा खेताला |
| भए ढुक्क हुन्थ्यो नै । | मोहोर गोटा त भाले नै पाउथ्यो । |

मेरो बाबु खस्दा खेरी नै पनि २० रुपेमा राँगो किनेर काटेको भन्थिन् आमाले । मैले जान्दै पनि १४ देखि २० रुपेमा त भैसी र हलगोरु पाइथ्यो नै । हन, सिकार काट्दा त कलेजो, मुटु, हड्डी, आन्द्रा, बोसो, छाला आदि-इत्यादि तौलने चलनै थिएन । ती सबै त्यसै भाग लाग्थ्यो । अनि क्षत्री-बाहुन्को राँगा, भैसी लडी मरेमा

# गाउँको शिक्षा तथा सामाजिक सेवा क्षेत्रमा मेरो भावी सन्ततिहरुलाई सन्देश



दुमी किरात राई फन्सिकिम् (दुकिराफ)को मुख-पत्र 'इसिलिम्' मार्फत् म मेरा छोरा-नातिहरुलाई यो छोटो भावी सन्देश दिन गइरहेको छु । म र तिमीहरु (मेरा ५ छोराहरु)को संयुक्त आर्थिक सहयोगद्धारा खोटाङ्ग जिल्ला माक्पा गा.वि.स.मा निर्माण गरिएको पाटी, त्यससगैं निर्मित पञ्चायन देवता (शिव, विष्णु, कृष्ण, भगवति र गणेश)को मन्दिरको भावी दिनहरुमा आवश्यक मर्मत तथा संभार गरिरहनू र माक्पा गा.वि.स.बाट रावाखोला झर्ने दुई बाटाहरु (बाक्चुवा र इलिम् भएर जाने)का दुबै तर्फ लगाईएका आँप वृक्षहरुको संरक्षणमा युग-युगान्तरसम्म निरन्तर रुपमा ध्यान दिइराख्नू । आजसम्म पुजारीलाई कमाइखान दिईराखेको जग्गा भविश्यमा पनि नखोसिदिनू । हालको माक्पा मा.वि.मैले वि.स.२०१३ सालबाट भकारीको सानो गोठबाट शुरुवात गरी आजको अवस्थामा ल्याइपुऱ्याइएको छ । उक्त विद्यालयबाट हरेक साल प्रवेशिका परीक्षा (S.L.C.) मा प्रथम स्थान ल्याउने सर्वोत्कृष्ट एक विधार्थीलाई अक्षय कोषको बार्षिक ब्याजबाट प्रोत्साहन स्वरुप एक तोला सुनको तक्मा दिइराखेकोमा, २०५९ सालबाट उक्त अक्षय कोष एक लाख रुपैया (रु.१,००,०००।-) मा पछि डा. शंकरमान (छोरा) ले थपेको रु.५०,०००।- (पचास हजार रुपैंया) समेत्को उक्त कोषको वार्षिक ब्याजले दश हजार रुपैया नपुगेमा जसरी हुन्छ पु-याई उक्त परीक्षामा पहिलो, दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने विधार्थीहरुलाई क्रमश: रु. ५, ३ र २ हजारका दरले प्रत्येक साल हौसला स्वरुप पुरस्कार र प्रशंसा-पत्र दिने हाम्रो निर्णय बमोजिम् वार्षिक निरन्तर रुपमा वितरण गरिरहनू । उक्त कोष नहरावस् । धन्यबाद !

*- मान्य नेपालतारा क्या. मानबहादुर नाछिरीङ राई*
*माक्पा गा.वि.स. वार्ड नं. १, खोटाङ्ग*

राईहरुले आफ्नो किपटको मानेर "झरौ" खाने चलन पनि थियो ।

➤ *त्यसताका गाउँबाट जवान्हरु रोजगारमा पर्देश लाग्ने चलन पनि थियो कि ?*

हन, त्यतिबेलातिर त "दार्जिलिङ्ग जाउँला, धन कमाई ल्याउला, नाइलैमा खनाउला" भनेर गीतै गाइहिन्थे नि त । तन्नेरीहरु सुन्तला बोकेर पैसा कमाउन खूब दार्जिलिङ्ग धाउँथे । पाँच सय दाना सुन्तला टिपेर ओसारी दिए बापत भारु एक मोहोर पाउथे गरे । त्यसरी नै एक हजार दानाको एक रुपे कमाउथे रे । त्यो बेला पैसै थिएन नि, साह्रै महङ्गो थियो, पैसा । म पनि दार्जिलिङ्ग त एकै फेरा गाकोछु, रमित् हेर्नु केही दिनको लागि ।

➤ *गाउँको चालचलन नि त ? कस्तो लाग्थ्यो तपाईलाई त्यतिबेला ?*

त्यतिबेला जेठो-पाकोदेखि लिएर सबै राईहरु आफ्नो मातृभाषा (दुमी राई भाषा) मा नै कुराकानी गर्ने चलन थियो । त्यसैले गाउँको वातावरण नै एक किसिमले छुट्टै खालको थियो । भनौं किराँतीको सन्तान भएर जन्मनुमा नै भित्रभित्रै गौरव लाग्थ्यो त्यतिबेला । हामीले जान्दासम्म पनि "इङ्गी रदुनाम्चु म्यै" भन्थे ठूला-वडा बुढापाकाहरुले । त्यसैले "हामी सूर्यको सन्तान हौं" भन्ने त्यतिबेलामा हामी सबैको मनमा छापै बसेको पनि थियो । आजकल पो 'रदु' मात्र भन्न थालियो त । मत अझै पनि भन्छु नि, दुमी किराँत राईहरुको सुद्ध मातृभाषा बोल्ने उद्गमस्थल चाहिं त माक्पा नै हो । त्यो बेलामा त नेपाल (हालको काठमाडौं उपत्यका) लाई पनि दुमी भाषामा 'सुफार' भन्थे । त्यस्तै माक्पा गाउँको नामै पनि उहिले माखिपा/माकिपा कुकुरको नामबाट राखेको भन्थे र अझैसम्म पनि मानिआकैछुइ पनि । उता गाउँको भूमे नै पनि 'सालेरीला तान्चुम्' (स्वर्गबाट धागोको माध्यमले झरेको) भनेर पुर्खाहरुले सधैं नै हामीलाई सुनाउँथे ।

➤ *प्रसङ्गवश माक्पाको भूमेको कुरा निस्क्यो, त्यस क्षेत्रमा नै चर्चित् र सबैले मानिआएको भूमे-माता पनि हो, यसबारे थप जानकारी गराउनुहुन्छ कि ?*

खै त्यहाँ मानिल्याएको मात्र थाहा छ बाबु, उत्पत्ति नै त के-कसरी भयो कुन्नि । उई पुर्खाहरुले भने बमोजिम् स्वर्गबाट धागोको माध्यम्ले त्यै अहिलेको भूमेथान्मै झरेको भन्नेसम्म सुनेको हो । तर साक्षात् भने सबैले नै मान्छन् है । असलुखर्कको खरदार बूढाले मलई सुनाउँथ्यो, त्यहाँका नेवारहरुलेसम्म पनि माक्पाको भूमे कहिले गर्छन्, राम्ररी गरुन् है, नाभात हुरी-बतास र असिनाले सबैको सत्यानास् पार्छ भन्थेन् गरे । उहिलेदेखि नै त्यहाँ पूजा गरेर झरी मागेपछि त्यो दिन फरकै पर्दैनथ्यो । पूजामा कोही धामी-धमिनी त्यहाँ आको छन् भने भूमे माता रिसाए/नरिसाएको थाहा पाइहाल्थे ।

मेरो आँखै अगाडि पनि दुई-तीन चोटी त त्यस्तो घट्ना दोहोरियो । हाम्रो भेनाजु (खरबारी रामबहादुरको बाबु) पनि नागिरे धामी थिए । एक पटक भूमेपूजामा आएका रैछन्, "यो हाम्रो जस्तो भूमे होइन, लौ आज रिसाइराख्या छन् है" भन्थे । उनले कसरी रिसाएको देखे कुन्नि, एकछिन्पछि त भलवाढी चलेर उत्पातै भैगो नि । त्यसरी नै ०५२ सालमै पनि छुकाको एउटी रैनी धमिनी पूजा-आजा सिध्याउनै लाग्दा "लौ हाम्रो भूमे-माता रिसाइन् आज यहाँ केही चाहिं हुन्छ है" भन्थी । हामी त आ यो धमिनी भन्छे नै भन्युङ भरे त साँच्चै त्यै भूमेथान् मात्तै रह्यो, वरिपरि चैंत खत्तम् पारिहाल्यो, भल पैरोले ।

भूमेथान्मा राई बाहेक अन्य जाति र रजश्वला भएकी आइमाई जानु हुन्न, देखै पर्नु हुन्न भन्ने भनाइ उहिलेदेखि नै रहिआएको छ त त्यहाँ । आजभोलि त त्यहाँ नजिकै जाँदै तरुनी-तन्नेरीहरु नाँचिदिन्छन् । अरु जातकै पनि नाँच हेर्नको लागि त्यसैको नजिकै जान्छन् । अनि वितुल परेपछि भूमे-माता त्यसै पनि रिसाउने नै भयो नि । उहिले त माक्पा, लुम्दु, छुका, बेब्ला, नोरोङ्ग, लेवा, च्यानटार, इलिम्, सिम्लेसम्मबाट पूजामा आउँथे, पिठो ल्याउँथे, बडा-बडा खर्कुण्डामा दुई मान्छे जति अग्लो ढिंडो ओढारेर प्रसादसँग खान्थे । अलिक्पछि चाहिं घरैबाट भात लान्थे । किराँती त हो, जाँड खाएर कहिले त बाझ्थे पनि । त्यहाँ के हुन्थ्यो भने घरलौरी दुई पैशा दाप्दऊ उठाउने गर्थे, त्यै हिसाब कचाक् र कुचुक् के के

*प्राप्त मान पद्वीहरु :*

सैनिक सेवा पदक - २००३
Defence Medel (Double) - II[nd] World War
दैवी प्रकोप पीडितोद्धार पदक - २०४५
मान्य नेपालतारा पदक - २०१८

*प्राप्त प्रमाण-पत्रहरु :*

सम्मान पत्र :- जनमुक्ति सेवा कल्याण संघ (२००७।०७।२६।७), 11[th] Nov., 1950
मान्य नेपालतारा :- श्री ५ महाराजधिराजका हुकूम्ले, पृथुलाधिस-स्व. श्री ५ वीरेन्द्र अध्यक्ष्य-तक्मा समिति, प्रमुख सैनिक सचिव (२०१८।११।२९)
आजीवन सदस्यता प्रमाण-पत्र :- रेडक्रस सोसाइटी (२०४३।०७।२९)
आजीवन सदस्यता प्रमाण-पत्र :- किरात राई यायोख्खा (२०५६।०४।१२)
धन्यवाद ज्ञापन :- (रु.५०००।- सहयोग) नेपाल अपाङ्ग संघ (२०५८।११।२४)
सम्मान पत्र :-किरातधर्म तथा साहित्य उत्थान संघ,उपत्यका समिति (२०५९।०५।२२)
Thanks :- Technical & skill development center for Blind & Dissabled (2059)

गर्थे, बूढाहरु भनाभन गर्थे । त्यस्तै हुदै गएर पछि छिन्नभिन्न हुँदै अहिले त माक्पाली मात्तैले गर्छन् । लुम्दु र बेब्लाबाट पनि केहि चाहिँ आउछन् । त्यहाँ उहिले चैं के चलन् थियो भन्दिखि जति क्षेत्री-बाहुन् छन् सिम्लेदेखि यता सबैकोमा खर्चेली उठाऊन जान्थे । पछि नाभा घाँस काट्न पाऊदैनौ, यो हाम्रो किपट्मा भन्थे । तिमेरु घाँस काट्छौ, वस्तु चराऊछौ भने खर्चेली (गच्छे अनुसार बढीमा मोहोर हुन्थ्यो) अनि त्यहीं भूमेको लागि ४,४ माना कोदो लेऊ भन्थे । माथि काँकुमा यसैको (माक्पा भूमेको) दिदी पनि यस्तै साक्षात् मानिन्छ गरे । पूर्जा सर्दाम्मा चाहिँ अक्षेता, भटी, सालेरी (रिखिधागो) मोदाम् (गाई वा गोरुको मासुको टुक्रा), कुखुरा, भूनि सुँगुर आदि । एक ताका चाहिँ म ओखलढुँगा मै नोकरीमा थिएँ, त्यसरी नै पूजाको दिन उठेको भेटी पैसाले होहोरेमै एउटा बुचो सुँगुर काटेर ख़ाने भएछन् । अनि तिही नै पकाएर खाँदाखाँदै एक्कासी भारी वर्षासँगै हुन्डरी चलेर मान्छे जति भागाभाग भएछन् । पछि त खर्कुण्डाहरु बाढीले तल जंगलतिर पुर्‍याएछ गरे । भरे खोज्दाको जात्रा भाको कुरा गर्थे त । यस्तै छन् है भूमेको बारेमा मलाई थाहा भाको कुराहरु चैं ।

हामीले मक्पामा अझैपनि सालन्ने २० देखि २२ गते वीचमा जुन दिन शनिबार पर्छ, त्यसैदिन हामी युड्खुली थाल्छुङ् । शुरुमा बुढापाकाहरुले सोरसार, सुघरसफाई गरी जाँड-रक्सीका साथमा कुखुरा समेत् चढाएर बेलुका पूजा गर्छन् (राती ढिँडो ल्याएर त्यसैको प्रसादसँग खाएर त्यहीं बस्छन्) र तोसी(चण्डी) पनि त्यसै बेला नाँच्न शुरु हुन्छ । अनि भोलिपल्ट छेन्तानी गएर ठूलो भालेले पूजा गरी त्यहीं खानपिन् गर्छन् । त्यसपछि घरमा आएर नाँच्छन् । त्यसैको भोलिपल्ट बल्ल भूमे-पूजा गरिन्छ । लगातार यी तीन दिनहरुमा भूमिलाई पनि आराम् गर्न दिनको लागि खेतबारीमा खनजोत् नगर्नू भन्ने चलन आझैसम्म मान्दै पनि आको छुङ ।

➢ *नोकरीको कुरा गर्नुभयो, कहिले र कहाँबाट सुरु गर्नु भएको नोकरी जीवन ?*

बि.सं. १९९६ सालमा काठमाडुमै पद्म समशेर (Commander Inchief) हुँदा म सिपाहीमा भर्ना भएँ । त्यहीं साल (६ महिनासम्म तालिम् गरी) हिन्दुस्तान् (भनौ, अहिलेको पाकिस्तान ( लाहोर, रावलपिण्डी, उजीस्तान) दोस्रो विश्वयुद्ध (II[nd] World War) मा अंग्रेज (British)लाई सघाउन राणाले सहायता स्वरुप पठाएको १६ पल्टन (एकपल्टनमा ८०० जवान) मध्ये शमसेर दल बटालियन्मा म पनि सामेल भएँ । तर हामी त्यहाँ पठाएको भए पनि हाम्रो पालो नआईकनै युद्ध नै सुलह भइसकेकाले लडाइँमा चैं परिएन । त्यहाँका पल्टनहरुलाई पूर्व र पश्चिम च्यानफ्यान गरिरहन्थे । त्यो युद्धताका पूर्व बर्मातिर पर्नेहरु चाहिँ युद्ध लड्नु पर्‍यो । हामी चाहिँ पश्चिम् रावलपिन्डी, लाहोरतिर पर्ने चाहिँ पूरा

***परिवार सदस्यहरु***

जेठी श्रीमती धनमाया (दारेगौंडा खोटाङ आठ वर्ष) सँग म २० वर्षको हुँदा (बि.स.१९८८ सालमा)
उनीपट्टिबाट एउटै मात्र छोरा दिलीपकुमार-हवल्दार-(Indian Army) (जन्म-२००३) (हाल तरहरा)
माहिली श्रीमती हर्कसरी (खरवारी, खोटाङ) सँग - २००६ सालमा
उनीपट्टिबाट दुई छोरीहरु :
उमा (जन्म-२०१०),
बेगम(जन्म-२०१२) र एक छोरा
डा. शंकर (जन्म-२०१४)
कान्छी श्रीमती बालकुमारी (राँगादीप, ओखलढुंगा) सँग - २०१४ सालमा
उनीपट्टिबाट एक छोरी
सकुन्तला (जन्म-२०१७), तीन छोराहरु :
गोविन्द-G.Captain (British Army) (जन्म-२०१९),
मुकुन्द-corporal (British Army) (जन्म-२०२१),
रामकृष्ण-हवल्दार(British Army) (जन्म-२०२३)
दिलीप कुमार+दुर्गा : रविन र रोहित
डा. शंकरमान+शान्ति : सुसान्त, सुन्निमा
गोविन्द+कविता : प्रशान्त, प्रमित्
मुकुन्द+हिमा : बृष्टान
राम कृष्ण+प्रिया : रिकेश, रोहिणी
उमा+लवकुमार थुलुङ राई (दोले-चौराली मा.वि., डुम्रे, प्र.अ.) : रोशन, आनन्द, निलम, रेखा
बेगम+ठेलुमान दुमी राई (बाक्चुवा-माक्पा मा.वि., माक्पा, प्र.अ.) : हिमाल, विमल, कान्छा.....
सकुन्तला+शुक्रराज राई (Ex. British Army) : शान्ति, विजय ।

➢ *माक्पा गाउँ भनेको दुमी किरात राईहरुको लागि ऐतिहासिक थलो नै पनि मानिन्छ, त्यहाँ(माक्पा)को युड्खुली, भूमे-पूजा र किरात राईहरुको महान् पर्व चण्डि-नाँच (तोसी/तोसु)को वीचमा आपसि तादम्यता पनि छकि ?*

त्यो त अवस्य नै छ नि, उहिले परापूर्व कालदेखि मान्दै र मनाउदै आकै पनि त छुङ नि । त्यसको ज्वलन्त प्रमाण भनेको

Training मा व्यस्त थियौं नि त, आफ्नो पालो पर्खिंदै, हामी एकदम् तम्तयार थियौं लडाइमा जानलाई । त्यहाँ पाँच वर्ष पूरा गरी हवल्दार भएर नेपाल फिरें । त्यसपछिसेन्ट्रल जेल-गोलघरमा Duty Commander को रुपमा वर्षदिन जति नोकरी गरें । पालो गरी-गरी साता दिनतिर गोलघरमा Duty पर्थ्यो । त्यतिखेर सबै हल्दारले नै गर्नुपर्थ्यो त्यहाँ, अहिले पो एसपीहरु रहन्छन् त । पछि त (बि.सं. २००५ मा) जागीर नै छोडें नि त ।

➢ *उबेलाको राणा-शासन कालमा नेपालसम्म आएर सिपाहींमा भर्ना हुने ज्ञान र आँट कसरी आयो तपाईमा ?*

यसो नि त, त्यतिबेला राणाहरुले आफ्नो प्रशासन संयन्त्र व्यवस्थित गर्न, शान्ति व्यवस्था कायम् गर्न उत्तर ऐंसेलुखर्क, दक्षिण मानेभञ्ज्याङ, मूल-ओखलढुंगा, सदर नेपाल (काठमाडौं) गरी ती सबैमा जंगी परेड (पल्टन) राख्ने गर्थे । काठमाडौंलाई सदर र बाँकीलाई मोफसल भनेर छुट्याईएको थियो । धनकुटा, इलाम, पाल्पा आदि गौंडा भन्थे । त्यहाँ चाहिँ Commander In Chief नै रहन्थे (जो राजा, श्री ३ पछिको रोलक्रम मानिन्थ्यो) भनुङ् उ.क.ज., पु.क.म., द.क.ज, प.क.ज. मा प्राय: गरेर ल्याईतेतर्फका राणाहरुलाई प्रमुख Commander In Chief) बनाएर पठाउँथे । छोटीमा हाकिम् (लप्टन), मूलमा बडाहाकिम् (ऐटन), (पछि CDO) रहन्थे । यी ठाउँहरुमा पाले कम्पनी, आठ महिने, तीन महिने, दुई महिने Reserve आदि भनेर गाउँबाट सिपाहीमा भर्ना लिन्थे । महिनावारी ४ रुपे पाउँथ्यो । म पनि एक ताका असेलुखर्कमा भर्ना भाको थिएँ, त्यसैको ज्ञानले प्रभुनाथ भन्ने गाउँकै बाहुन् (लप्टन) सँग म नेपाल आँएर सिपाहीमा भर्ना भएँ नि ।

➢ *सिपाहींमा छनौट कसरी गरिन्थ्यो त्यति बेला ? तपाई कसरी छनौटमा पर्नु भयो ?*

त्यो बेला Chief (प्रमुख) पद्म शमसेर थिए । उनकोमा भर्ना भएर उनकै काम गर्न पर्थ्यो । दिनभरि काम गरिसकेपछि बेलुका उनको हजुरिया कप्तान, कर्णेल, कितापी (लेखनदास-सुब्बा) हरुले नापजाँच गर्थे, ५ फिट ३ इन्च उचाई नपुगेकालाई त सिधै फालिहाल्थे, त्यसपछि सपाङ्ग, तन्दुरुस्त र फुर्तिलाहरुलाई चाहिँ छानेर राख्थे । म त्यसरी छानिएर ५, ६ महिना तालिम् गर्नासाथ हिन्दुस्तान् जानु परिगो । त्यो बेला ब्रिटिस सेनामै पनि थुप्रै चिनेजानेको गाउँलेहरु गएका थिए । लाहुरे हुन मन गर्नेहरु ब्रिटिस आर्मीमा जान्थे । तर म चाहिँ नेपालमै आएँ । त्यस्तै भयो, अनेक थोक भोगियो पनि । तर त्यति बेला १८ वर्ष नपुगी केई पनि जगिरमा लिँदैनथे, कडा थियो ।

➢ *त्यसरी ९-९ वर्षसम्म जीवनको महत्वपूर्ण क्षेणहरु बिताएकेको जागीर चटक्कै छोड्नुको कारण बताइदिनुहुन्छ कि ?*

यसो नि त हिन्दुस्तान्बाट फिरेपछि म गोलघर (जेल) मा duty बस्थें । सिमिण्टीले बनेको त्यो गोलघरमा चाहिँ ज्यानमारा, बद्मासी र राजनीति गर्नेहरुलाई थुन्थे नि त । त्यसैले त्यहाँभित्र गणेशमान सिंह, कृष्णप्रसाद जस्ता थुप्रै ठूल्ठूला नेताहरु पनि थुनिएका थिए । त्यतिबेला विहान ६:०० बजे खोलेको मूल ढोका बेलुका ठीक ५:०० बजे बन्द गर्नुपर्ने आदेश थियो । अब मंसिर पुसमा चाहिँ पाँचै बजे रात पर्ने, वैशाख-जेष्ठमा त निकै माथि नै घाम रहन्थ्यो । म गएर भित्र पस भन्नुपर्ने । बिचराहरु बाहिर बसिराको हुन्थे, म पनि छेवैमा गएर लु पस्नोस् भित्र भन्नुपऱ्यो नि ।

भन्दाखेरीमा हवल्दार साप बस्नोस् न बस्नोस् भन्थे, मलाई फकाउँथे क्या, यस्तै-उस्तै भनेर । कहिले तपाईको जागिर कति छ ? भनेर पनि सोध्थे । मैले १५ रुपियाँ, भनेपछि तपाईलाई खान पुग्छ त भनेर सोध्थे नि । अब त्यो बेला हामी सागसँग मकैको पिठोको भरमा बस्थ्युङ् काठमाडौंमा नि । उता डेरा भारा पनि तिर्नै पर्थ्यो । अनि त साँच्चै के कति नै उब्रन्थ्यो र ? तपाईहरुलाई यस्तो मर्का परेको छ, यो सबै तपाई-ह्मग्रो हो नि । यिनीहरुको पेवा हैन यो राणाहरुको । यिनीहरुले गर्नु मोज गऱ्या छन् । पैसा हामीले तिर्नु परेको छ, अनि उनीहरुले सित्तैमा उठाएर खाएका छन् । राजा त थपना जस्तो त्रिभुवन मात्रै हो, यो जुद्धे होईन । भनेर सुनाउथे । तर हामीलाई भने राजा उही जस्तो लाग्थ्यो ऊ बेला । अनि पछि-पछि त्यसो हुँदैहुँदै गएपछि मन क्या बदलियो नि मेरो पनि । अन्तत जागिर-सागिर छोडेर घर गएँ । त्यैबेला श्रीमती पनि स्वर्गे भई ।

➢ *अनि २००५ सालमा नै जागिर छोडिसकेको मान्छे, ०७ सालको काण्डमा त तपाई स्वयम्ले नै ऐसेलुखर्कतर्फको फौजको नेतृत्व गर्नु भएको थियो रे नि, के यो साँचो हो ? के थियो ०७ साल क्रान्तिको नालीबेली ?*

त्यतिबेला यस्तो भयो, गणेशमान सिंहले मेरो मन कँग्रेस( काँग्रेस)तिर फर्काइसकेकोले ०७ सालको क्रान्तिमा म कांग्रेसको पक्षमा ५०० फौजको नेतृत्व गर्दै (पदम बहादुरसँग) ओखलढुंगा आउँदा भोजपुरबाट पनि रामप्रसाद राईको कमाण्डमा अझ ठूलो फौज आएका थिए । हुन त त्यही साल पौषमा मुगाधनको नेतृत्वमा आएको फौजले ओखलढुंग कब्जा गरिसकेको, तर राणाहरुको फौजले धपाएपछि हामी माघ १ गते दोस्रो पटक पुन: कब्जा गऱ्यौं । त्यतिले मात्र नभएर राणा तर्फको फौजलाई लखेट्दै राम प्रसादसँगै हामी ओखलढुंगा घर्तिगाउँ वर पात्ताले भन्ने खोलाको छेउमा साँझमा पुग्दा त जम्काभेट भयो । त्यतिबेला यो यसो हेर्छु त मेरै पहिलेका साथीहरु पो रछन् । विचराहरु भोकले टाक्राक्-टुकुक्क बसिराख्या रैछन् । साम्-साम् जून पनि लागिसकेको थियो । मलाई देखेपछि त अत्तालिदै "ए हाम्रो हवल्दार साप पो आउनु भारैछ" भन्छन् केटाहरु त । ए मोरा हो कता, के भो, भनें । खोई अरु को-को छ कमाण्डर ? भन्दा त ऊ तिहा हवल्दार सापहरु माचनमा छन्, लुकेर बसेका छन् हजुर भनेर देखाएपछि त्यहीं गएर हात उठाओ भन्नेबित्तिकै हात उठाए । त्यतिबेला यसो जूनको उज्यालोमा नियाँलेर हेर्छु त जम्मै चिनेकै पहिलाका मेरा साथीहरु पो रहेछन । अब हात उठाएपछि त त्यसै पनि शरण परिगए । हात उठाइसकेपछि गोली नहान्ने आदेश हुन्छ आर्मीमा, भनुङ् शरण पर्दा-पर्दै माऱ्यो भने त पाप पनि त लाग्छ नि । मार्छु, भन्छ भने त मार्नै पऱ्यो आफूले आफ्नो सुरक्षाका लागि पनि । त्यसरी नै माघ ३ गते लिखु-खोलासम्म कब्जा गरेर कोही मेलुङ कोही चरिकोट आदि अडाहरुमा पठाएर हामी पनि फर्क्यौं सबै आ-आफ्नो अडातिर । तर सुरवीर राई (लिखेप) लाई चाहिँ यतै (नेपाल) पठायौं ।

➢ *०७ सालको क्रान्ति हुनुमा मूल कारण चाहिँ के थियो त ?*

"भन्छन् नि भाइ, फुटे गवाँर लुटे" । हो, त्यो भनाई राणा परिवारमा सात सालको क्रान्तिमा ठ्याम्मै लागू हुन्छ । सात सालको

क्रान्ति कहाँ त्यसै उब्जेको त होइन नि, त्यतिकै सफल हुन त्यति सजिलो त थिएन नि । मूल कारण नै राणाहरुको परिवारभित्रै ल्याईते र ब्याईते भनेर समूह छुटिनाले त्यो दुर्दशा भोग्नु परेको नि तिन्ने । ल्याइते तर्फका राणाहरु पनि Commander In Chief सम्मको ओहदामा पुगिसकेका थिए छन, । जबकि त्यसपछि त राजा (श्री ३) हुने रोलक्रममा आइपुग्यो । त्यसैले व्याइतेतर्फका जुद्ध शमसेर-राजा (श्री ३), पद्म शमशेर-Commander In Chief, मोहन शमशेर-जङ्गीलाठ् आदि मिलेर ल्याईते तर्फका राजा बनाउन अधर्म ठानी क-कसलाई हटाउनुपर्ने हो, षड्यन्त्र गरी १९९० सालको भूकम्पपछि तिन्लाई दौडाहा टोलीमा सदर (केन्द्र) बाट मोफसलमा पठाए । तत्काल उनीहरु त्यहाँ नपुग्दै आईन्दा तिमीहरु यहाँ फर्कन पाउँदैनौं भनेर घोषणा गरिदिए ।

उता रोलमा राजा हुनु मात्र बाँकी ल्याइतेतर्फको रुद्र समशेरलाई पाल्पा पठाए सकेपछि आफूहरु बीच मात्र सल्लाह गरी ब्याइतेपट्टिको Commander In Cheif पदमशमसेर, जङ्गीलाठ् मोहन शमशेर आदिलाई राजा हुने रोलक्रम् कायम् गरे । जबकि उ.क.ज., प.क.ज., द.क.ज., पू.क.ज.हरु रोलमा राजा हुने चलन छँदैथियो ।

यो निकै गहिरो र ठूलो काण्ड भयो राणा परिवारभित्र । उता ल्याइतेपट्टिका राणाहरुले पनि आपसी सरसल्लाह गरी हामीलाई यसरी षडयन्त्र गरी धपाउन/पाखा लगाउन खोज्छन् भने यिनीहरुलाई पनि त्यसै कहाँ बस्न दिनुहुन्छ भनेर कँग्रेस पार्टीलाई अलिलि खर्च दिई उक्साए । अनि पो कँग्रेसलाई सात सालको क्रान्तिमा विजय हात लाग्यो ।

उबेला राणाहरु भनेका देउतै समान मान्थ्यौं हामी । जे बोल्थे र जे भन्थे त्यही हुन्थ्यो त । हामी नै पनि मालिक/प्रभू भनेर बोलाउँथ्यौं । अझै पनि राणा भन्नुसाथ कस्तो-कस्तो लागेर आउँछ, उहिले थिचिराखेको हुनाले । तर थाहा नपाउनेले त केही पनि मान्दैनन् नि । हुनु त सुरुमा त यिनीहरु पनि कुंवर हुन् नि, पछि पो ठाउँ-ठाउँको राजा (जिल्ला वा राज्यको) घोषणा गर्दै श्री ३ को श्रीपेच लगाउने चलन बसाएपछि पो आफूलाई राणा भनेर चिनिए त ।

श्री

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अतितेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अतिकीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आगे श्री मानबहादुर राई ————........

के यथोचित उप्रान्त कदर लायक असल काम गरे बापत मान्य नेपालताराको मानपदवी लाउनाको अधिकार र सो सम्बन्धी मानमर्यादा औ हकहरुनेत बक्सन योग्य ठहऱ्याई सो प्रदान गरिबक्सेका छौं । श्रीईश्वरका अनुग्रहले चिरकाल पर्यन्त सुख आनन्दपूर्वक मातृभूमि र निमकको सोझो चिताई यो इज्जतको उपभोग गर्न मिलोस् ।

२०१८।११।२९। श्री ५ महाराजाधिराजका हुकूमले

पुष्पलाघीश

अध्यक्ष
तक्मा समिति

प्रमुख सैनिक सचिव

वि.सं.२०१८ सालमा क्या. श्री मानबहादुर राईलाई स्व. श्री ५ महेन्द्रको बाहुलीबाट बक्सेको मान्य नेपालतारा विभूषणको प्रमाणित कागजात ।

➤ *उबेलाका काण्डहरुमा रामप्रसाद राईको निकै चर्चा भएको पाइन्छ यस बारेमा अरु बढी प्रष्ट पार्दिनोस् न ।*

सुरुमा त रामप्रसाद बालीगडको सिपाही थिए, पछि जुद्ध शमसेरले लप्टन बनाएर दिक्तेल (खोटाङ) पठाए । तर त्यहाँ के भयो भने भक्तबहादुर जंगी अडामा कर्नेल थियो । त्यसलाई मोहन शमसेरले बडाहाकिम् बनाएर भोजपुर पठाए । कंग्रेसको हुल उठेपछि त्यहाँ गुप्तचरहरुले रामप्रसाद स्वयं नै पनि राई भएकोले कंग्रेस हो भनेर लाइदिएछन् बडाहाकिम्लाई । हुन पनि त्यो बेला कंग्रेसको तर्फबाट युद्ध गर्नेहरु पनि सबैजसो राईहरु नै थिए त । त्यसपछि त भक्तबहादुरले यहाँ जाहेर गरिहाल्यो । अनि मोहन शमसेरले झिक्न भनेपछि सकि गो पनि । अनि त्यहाँबाट ऊ बाध्य भएर जान पऱ्यो कंग्रेसमा । त्यसपछि त रामप्रसादकै कमाण्डमा दुनियाँ उठेपछि कसको के लाग्थ्यो र छुट दिनु करै लाग्यो । दिक्तेलमा पनि कप्तान लगायत निकै मारे राणाका फौजहरु । त्यसो हुँदा गएर रामप्रसादको फौज बढ्दै गयो, यता ऐंसेलुखर्कबाट पनि हामी आयौं, ओखलढुंगा कब्जा गर्न । मैले भनिसकें नि पछि त लिखु-खोलासम्मै आइपुग्यौं नि सात साल माघ २ गतेको दिन त ।

सुलह (साम्य) भएर फर्केपछि रामप्रसाद रिसायो । कारण के पऱ्यो भने त्यो सुरवीर सुवेदार (लिखेपको) लाई कर्णेल दियो, दिएपछि रामप्रसादको पालो पनि जर्नेल खोज्यो तर दिएन, नदिएपछि उनी के.आइ.सिंहको पार्टीमा लागे । अनि पछि एक रात त कब्जा गरेछन् नि यहाँ (नेपाल) पनि । झन्डै २४ घण्टा जस्तो त । तर पछि त सेनाहरुले सबैतिरबाट घेरे, अनि उनीहरु बागमतीको किनार भएर चीनतिर लागे । तर त्यही बेला दुर्भाग्य के परेछ भने रामप्रसाद चाहिँ हिउँमा नै मरेछन् । के.आई.सिंह त पछि फर्केर नेपाल आइवरी एकफेरा प्रधानमन्त्री पनि भयो नि त ।

➤ *यो ल्याइते र व्याइते बारेमा पनि अरु प्रष्ट पारिदिनुहुन्छ कि ?*

राणा परिवारमा के, यसबारे बुझि नसक्नुछ । त्यतिबेला राम्री-राम्री तरुनी केटीहरु छानी-छनी राख्ने गर्थे अरे नि त । खै उनीहरुको चलन अनुसार औपचारिक रुपमा भित्र्याएको श्रीमतीबाट जन्मेका सन्तान जति ब्याइते भए । यी बाहेकका सबै ल्याईते भन्थे

त अब। त्याईते तर्फ पनि गुरुङ, भोटे, नेवार, राई गरी विभिन्न दर्जा नै छुट्याउँने गर्थे अरे त । खै कसैले त राखेको भन्याङमुनिको भन्ने पनि गर्थे क्या हो को नि ?

➢ *राणा शासनमा आफू जागीरे छँदाको कुनै सुन्न र सुनाउन योग्य यथार्थहरु.....?*

अरु त के भन्नु र शासन खुबै कडा थियो नि । अब जातै त नमासिने (आइमाई, सन्नेसी र बाहुन् ) र मासिने (बाँकी सबै) गरी दुई खालको छुट्याएको हन्थ्यो । नमासिने जातलाई चाहिँ कसुर हेरी आजीवन काराबास् वा देश निकाला गर्ने चलन थियो । त्यसैले त कृष्ण प्रसाद कोईराला (गिरिजा प्रसाद कोईरालाको बाबु) राजनीतिमा लाग्यो भनेर दुम्जा (राषी खोलाको किनार) बाट देश निकाला गरेको हो नि त । मासिने जात्को कोही ज्यानमारा रहेछ भने त्यल्लाई यहाँ राजा कहाँ ल्याएर देखायो, राजाले "लौ लगेर मार्नु अब भने पछि त्यै ठाउँमा लगेर तल्लो जातकालाई काट्न लगाउथे । त्यस्तै सति प्रथामा चित्तामा जबर्जस्ती चढाएर श्रीमान्सँगै बाँधेर गाजाबाजा बजाउदै र डाङ्डाङ्डुङ्डुङ् बन्दुक पड्काउदै जलाउदा रोएको चिच्याएको सुनिदैनथ्यो । पछि चन्द्र शम्सेरले सति प्रथाको अन्त्य गरे । त्यो बेला सिपाहीहरु परेड खेल्ने बेला मात्तै मान्छे देखिन्थे, नत्र सुनसान थियो । खालि ज्यापूहरुले खेती मात्र ला'को हन्थ्यो । मोटर-कार भनेको जुद्ध शमसेर र मोहन शमसेर (पशुपति शमसेरको बाजे)को मात्र थियो ।

➢ *शाह र राणा परिवारहरु बीच वैवाहिक सम्बन्ध कहिलेबाट सुरु भयो ? यसबारे बताईदिनोस् न ।*

शाह वंशमा राजा महेन्द्र भन्दा अगाडिसम्म महाराजाधिराजको उत्तराधिकारीले एकै लगनमा देश बाहिरका दुईवटी दुलहीसँग विवाह गर्ने चलन् थियो । ती दुई रानीहरु मध्ये जसबाट पहिले छोरा जन्म्यो, उसैलाई नवयुवराज घोषणा गर्ने परम्परा रहिआएकोमा महेन्द्रले भने एउटै मात्र दुलही भित्र्याउने नयाँ चलन बसाएका थिए । किनकि उनी चाहिँ अरु राजाहरु भन्दा केही न केही चत्तुर पनि हुनाले अर्कोतिर् कुंवरहरु पनि विभिन्न जिल्लाहरुका राजा हुने चलन आएपछि पो बल्ल शाह र राणा परिवारबीच वैवाहिक सम्बन्ध सुरु भयो त । राजा महेन्द्रकै पालादेखि यो चलन चलेको हो नि त ।

➢ *थप आफ्नो पारिवारिक परिपाटीबारे केही सुनाउन चाहनुहुन्छ कि ?*

मेरो बुबाले तीनैवटी श्रीमतीहरुलाई एक-एकवटी घर्तिनीहरुको व्यवस्था गरिदिएका रहेछन् । अनि दुई जना नौले र चँखे भन्ने घर्तीहरु पनि थिए हाम्रो घरमा । त्यो बेला रावाखोला फिट (भेग) मा घर्ती/घर्तीनीहरु राख्ने अरु त्यसतो परिवार चाहिँ थियो जस्तो लाग्दैन मलाई । पछि १९८१ मा चन्द्र शम्सेरले दास (घर्ती/घर्तिनी राख्ने) प्रथा र सति प्रथा अन्त्य गराए । सबै घर्ति/घर्तिनीहरुलाई भनौं दासहरुलाई पशुपतिमा जम्मा भएको भेटी पैसाले रु. सय परेकालाई आधा दरमाया (रुपैयाँ) मात्रै दिएर उकासीवरि वीरगन्ज भन्दा माथि हालको अम्लेखगन्जमा घडेरीको व्यवस्था गरेर राखेको नि त । मेरो आमाले त ६ बिसा (रु १२०) हालेर किनेको रैछन् । पछि आधा (रु. ६०) मात्र दिए । उनीहरुलाई अम्लेख (मुक्त) गरेर त्यहाँ राखेको हुनाले त्यो ठाउँको नामै अम्लेखगञ्ज रहेको भन्छन् त अब । तिनलाई पशुपति-शिवको पैसाले उकासेकाले शिवभक्त भन्ने भो ।

➢ *त्यस बेलाको सामाजिक चाल-चलन बारे चाहिँ केही प्रसंगहरु सम्भना छ कि ?*

त्यतिबेला गाउँमा झगडा पर्दा-वर्दा 'नेपाल जान्छु म" भनेर दागा धर्थें । कस-कसैले चाहिँ ठूलो नहुन है, "उच्च राजा, सम्म दुनिया" भनेर पनि सम्झाउने गर्थे । हुनु पनि मुद्दा मामिलाको अन्तिम किनारा सदर (केन्द्र-काठमाडौं) ले नै लगाउँथ्यो त । अनि गाउँको आईमाईहरुले चाहिँ सही थाम्दा यई....यई... भन्ने चलन थियो । मेरो बिचराले त्यो भनेको चै हो......हो..... भनेको होला नि । तर मेरी आमाले चाहिँ जिऊ...जिऊ भन्नुहुन्थ्यो । बुबाको सम्पर्कको कारणले होला आउनोस्, बस्नोस् भनेर आमाले ईष्टमित्रहरुसँग राम्रो सिलसोभाऊ राख्नुहुन्थ्यो । तर गाउँको अरु आइमाईहरु चैंत साह्रै लजाउँथे, सर्माउँथे । अहिले पो धक फुकाएर बोल्छन् त सबै जना । रावाखोला वारी माक्पालाई 'देल (गाउँ)' भन्ने चलन थियो त्यति बेला, र माक्पाको मान्छे (माक्पाली) लाई 'देल्वु' भन्थे ।

➢ *हाल आएर प्रचलनमा हराइसकेको त्यो बेलाको कुनै सामाजिक परिपाटीको सम्भना छ कि ?*

त्यसो भन्दा पो झट्ट सम्झें, अघिदेखि सुनाउनै लागको थिएँ । उ क्या त्यतिबेला असेलुखर्कमा बजार वर शुकुबारे (शुक्रबारे) टोलमा लाग्थ्यो । त्यहाँ वीचनेर एउटा ठूलो ढुङ्गा थियो, ठूला मान्छेहरु आउदा त्यहीं बस्थे । हल्कराले पनि त्यै ढुङ्गा माथि बसेर चिठ्ठी बाँड्थ्यो । अनि कामी, दमै, सार्की जत्ति बजारभित्र पस्नै पाउदैनथे । यसो बजारको एक छेउमा बसेर बेपार गर्थे । अर्थोक् त केर नै यसो कामीले फलाम्को सामान्, दमैले टोपी-सोपी, सार्कीले छालाको सामान् आदि, इत्यादि ल्याउथे नै । तिनेरुले केहि चिज किन्नु पर्दा विष्ट (अरुजात्) लाई पैसा दिएर ल्याई माग्थे । आजकल पो त्यो चलन हरायो त ।

➢ *उतिबेलाको आफूलाई अनौठो लागेका त्यस गाउँको कुनै किरात राई संस्कारहरु.......?*

अरु त त्यस्तै हो, हामी राईहरु मर्दा सुँगुर मार्ने चलन चाहिँ बडो अनौठो क्या । हुनु त आवत छोड्युङ् । अझै पनि कसैले त काट्छन् नै, अझ उहिले त जति सक्यो ठूलो राँगा, भैंसी नै पनि काट्थे रे, सुँगुर कुखुराको साथमा । जति बढी मलामीहरुलाई खुवाउन सक्यो त्यति धर्म हुन्छ भन्ने परम्परा नि । अघि नै भने नि, मेरै बुबाको निधन हुँदा नै पनि बीस रुपैयाँमा राँगा किनेर काटेकै अरे त । तर यो चाहिँ मन नै मान्दैन नि । त्यसैले अब-अब चाहिँ सबैतिर सुधार गर्दै लगियो नै ।

➢ *टुटिसकेको जागिर अनि कसरी फेरि सुरु गर्नु भयो त ?*

सात सालको क्रान्ति लगत्तै रक्षा दलमा भएजत्ति भूतपूर्व सिपाहीदेखि सबैलाई लिन्थ्यो नि त । त्यसैले ०८ सालमा म अजिटन (ऐटन) मा भर्ना भएँ । ०१५ सालमा लप्टनमा बढुवा भएँ । ०१७ सालमा राजा महेन्द्रले सरकार विघटन गरी शासन आफैले चलाउन थाले । अन्त मिल्ट्री (Military) जम्मै आफ्नो हातमा लिने नै भए । हामी त लड्नु परिगो नि । फेरि कांग्रेससँगै लड्नुपऱ्यो मैले । एउटै जिन्दगीमा उता र उता लडियो । कुनै

बेला कांग्रेसको लागि भनेर लडें, कहिले कांग्रेसलाई नै धपाएँ । यस्तै यस्तै खेप्नु-भोग्नुपर्‍यो मेरो जीवनमा । गोली पनि लाग्यो नि ०१८ सालको काण्डमा, तर छर्रा ।

➤ *अनि ०१८ सालको कुरामा चाहिँ चुचुको नाम जोडिएको सानैदेखि सुनिथ्यो, के होला नि यो काण्डकोनालीबेली ?*

कुरा यसो नि त, ०१८ सालमा मेरो आमाको स्वर्गबास भएकोले म छुट्टी मिलाएर यहींबाट काममा घर गएको थिएँ, बुझ्नु भएन के त ? अनि आमाको काम गर्ने सिलसिलामा थुप्रै ईष्टमित्रहरु, नरनाताहरु साङ्गेमा जुटेका थिए, मेरो घर (माक्पामा), ठीक त्यसैबेला 'एउटा संजोग नि' सर्वधनहरु कँग्रेसको तर्फबाट आजकल भन्छन् नि अराष्ट्र तत्व, हो त्यस्तैहरुले असेलुखर्क अड्डा कब्जा गर्ने योजना बनाएर गाउँको मान्छेहरु भेला पार्दैरहेछन् । राततिर खरबारीको मान्छेले पो हस्याङ र फस्याङ हुँदै आएर सुनाउँछ त । त्यहाँ (असेलुखर्कमा) पहिलेको जम्मै हात-हतियार राखेर एक जना हवल्दारको साथमा तीन जना सिपाही खटाएको थियो । अब मलाई त कस्तो फसाद पर्‍यो भने नि, म त्यहाँ छुट्टिमा पनि जानु, अड्डा कब्जा पनि हुनु, पक्कै यसैको जाल रैछ भन्छन् भन्ने भयो नि । अनि मेरो पालो खबर पाउना साथ राति नै माथि (असेलुखर्क) निस्केर हटाइयो । त्यहाँ गोदाम्मा एउटा मात्र थ्री नट थ्री राइफल र बाँकी भरुवा बन्दुकहरु र प्रसस्तै गोलाबारुदहरु चाहिँ थियो नि । तिनीहरु चाहिँ एउटा टुरिभल्वर, भरुवा बन्दुक, खुकुरी, लाठी बोकेर १५, १६ सय जति आएका रहेछन् । राति सुरुमा केही चाहिँ शुक्रबारे आइपुगेका रहेछन् । बाँकी फौज चाहिँ देशारे (गाँस डाँडा) र हुप्चु बीचतिर तयार भएर बसेका रहेछन् ।

माथि अड्डामा शुक्रबारे (शुकुबारे) बूढो अत्तालिँदै आइपुग्यो र भन्यो, "लैन लप्टन् साहेब, हामीलाई त आपतै पारे । अड्डा कब्जा गर्नै हिँड, नत्र घरमा आगो लगाइदिन्छौं भन्छन्, त्यतातिर त छ्यास्छ्याति घेरी नै सके" अनि त्यहाँ जान्छु त साँच्चै त्यतैतिर रैछन्, ए को हो तिमेरु, लु लैजाओ गोदाम्मा लगेर झ्यालाना हाल भनेर केटाहरुलाई अह्राएँ । अनि अगाडि बढें । तल्तिर झर्दा त कता हो कता पूरै आएका रहेछन् । टहटह जुनमा, म चाहिँ फेरि सेतो दौरा सुरुवालमाथि सेतै रेडीको खास्टो ओढेको, जूनमा प्रष्टै देखिने भो मलाई त । ताकी ताकी हान्ने नै भए । (हात-पाखुरा देखाउँदै) यसरी लाग्यो गोलीको छर्रा, पेटतिर पनि लाग्यो । तै भगवान्को कृपाले टाउकोको ठीक माथिबाट कपालै ताछेर एउटा गोली चाहिँ गयो । धन्न एक ईन्च मात्र तलबाट गाको भए मेरो निधारै उडाउने नि ।

२०१८ साल मंसिर ८ गतेको कुरा थियो त्यो, सर्वधन राईको नेतृत्वमा नै आएका रैछन् । तर त्यही थ्री नट थ्रीले ड्याङ कि ड्याङ हानेपछि धपाएँ । हान्दा-हान्दै गोलीको छर्राले हातमा लागेपछि त हान्नै पनि मुस्किल पर्‍यो । तर पनि ती सबै भागारे भाग भए नि । हन भोलिपल्ट माक्पा (मेरो गाउँ) बाट निकै मान्छेहरु आएपछि पो त्यही कै नेवारहरु सबै भएर धेरैलाई दिउँसै च्याप कि च्याप समात्दै झ्यालखान् हाले । सर्वधनलाई नै पनि पक्रिन त गाको नि भागिगएछन् । बाँकी नराख्ने नि, कसो उम्केछन् पो । असेलुखर्क र ओखलढुँगामै पनि निकै पक्रेर थुने नि । कोशीमा डुङ्गा त बन्द गर्न लगाइसकेको थियो, बाँसको फड्के साँगो बनाउन लगाएर तरेर रातारात भागिगएछन् नि । उनको ससुराली तलतिर छुल्वार कि कता रहेछ, तिनले पो सघाएछन् । नाभात बिचरा मारिन्थे उनी, पक्ड्या भात जेल हाल्थे । भाग्दै गरेको बेलामा भा मारिन्थे ।

अनिपछि दुई जना केटाहरुका साथमा ओखलढुँगा मलाई गोली लागेको खबर पठाएँ । त्यहाँबाट वार्लेस गरेपछि यहाँ (काठमाडु) बाट बडाहाकिम्ले मलाई लिन हेलिकप्टर पठाए । गुप्तबहादुर कर्णेल "श्री गणेश' नाम गरेको हेलि लिएर आएका थिए । एक किसिमले त्यो क्षेत्रको सबैलाई रमितै भयो नि हेलिकप्टर देख्न पांउँदा । नत्र प्रायः कसैलाई थाहै थिएन नि, हेलिक्याप्टर हो, कस्तो हुन्छ, पहिलो चोटी देख्न पाको जस्तो लाग्छ । अनि मचाहिँ यहाँ आएर अस्पतालमा बसें । छर्राहरु निकै ठाउँ शरीरमा गाडिएको रहेछ निकालेर उपचार गरें ।

➤ *त्यस युद्ध हुनु अगाडि ऐंसेलुखर्क बजार त निकै अशान्त थियो होला नि ? कि कस्तो थियो तपाई माक्पाबाट त्यहाँ पुग्दाको अवस्था ?*

म शुक्रबारे टोल (ऐंसेलुखर्कबाट माक्पातिरको दक्षिणी नाका) मा टुप्लुक्क पुग्नु पनि दिक्तेलबाट गोन्थे क्षेत्री (विसंखु) र सम्भु नेवार (दिक्तेल खड्ग बहादुरको छोरा) सँग अकस्मात् भेट भयो । मलाई देख्नासाथ अत्तालिँदै नमस्ते हजूर भनें । के भन्छौ तिमीहरु भन्दा त स्थानीय अरुहरुले पो सुनाए, "हामीसँग नलागे घरसर उडाइदिन्छौं भन्छन् हजुर भनेर सुनाइसकेपछि अड्डामा हितमान भन्ने एउटा सही थियो, उसैलाई बोलाएर ल लैजाउ यिन्दुईलाई झ्यालखान भन्दिएँ खै दुईटैको घोडा पनि देखेंको थिएँ, पछि त खै कोसो गरे को नि त ।

उता अरुहरु पनि हुल बाँधेर आएका रहेछन् मलाई त थाहै भएन नि तब पो खरदानी बूढी रुएर भनिन्, सात सालमा त हामीलाई जोगाइदिनु भो अहिले कसो गर्दिनुहुन्छ हजूर भनेर । एकथरी न्यावार (नेवार) हरु चाहिँ भए जति सम्पत्ति, गरगहना, लुगाफाटा वनतिर लगेर जमिनमुनि पो धमाधम् पुर्दैरहेछन् । पछि पो सानो माईलाले हामी त यसो यसो पो गर्‍युङ भनेर सुनाउथे त । उनले सधैं नै भेट्दा भन्थे, ०७ साल र ०१८ सालमा तपाईले ऐंसेलुखर्कको नेवार गाउँ जोगाइदिनु भो, खोई यिनीहरुको मनमा अलिकति पनि छ त त्यस्तो कुरा ?

➤ *ऐंसेलुखर्कको टुँडिखेल माक्पाको कप्तनले खनाएको अरे भनेर जेठोपाकाहरुले सुनाउने गर्थे, यो कसरी टुँडिखेलसँग चुचुको नाम जोडिन पुग्यो नि ?*

त्यो मैदान सिधै हामीले नै खनेको चाहिँ होइन । पहिले बि.स. १९२५ तिर राणाहरुले नै खनेर अड्डा जंगी परेड (पल्टन) बसेको रहेछ त्यहीं साल त्यो ऐंसेलुखर्कमा । पछि हामीले जहाज बसाउन भनेर एकातिर खनेर बढाएको चाहिँ हो । पुसको दिनमा औधी जाडोको बेला थियो । १२ , १५ दिन सबैतिरबाट मान्छेहरु बोलाएर जनश्रमदानमा खनाएकोसम्म हो । बीच्चै हौवा मच्चाएर नि इन्जिनियर न सिन्जिनियर कति चाहिने हो जहाज बसाउने गिरान्लाई । हन, भोजपुरमा त्यही गरेर त पहिलाबाजी आको जहाज ठोकियो नि त त्यो सानो खाले जहाज प्लाटस पोर्टर । विना इन्जिनियर हवाई मैदान खनेर वारलेसबाट जहाज झिकाए छन् ।

अनि जहाज आयो पनि, तर के घटना घटेछ अरे भने माचनमा सेतो पटुका सुकाको रैछन् अरे, हावाको भरमा गएर जहाज त त्यै माचनमा पो जोतिएछ अरे ।

➢ *त्यतिका लामो समयसम्म नोकरी जीवन यापनको दौरानमा घरबाट काठमाण्डौ त खुबै ओहोर-दोहोर गर्नु पर्थ्यो नै होला, के-कसरी धाउनु हुन्थयो त्यतिबेला ?*

त्यतिबेला त खालि हिंडेर नै त हो, अरु त खै केर । सिलक (श्लोक्) नै बनाएर गाइहिँड्थे नि

"घरबाट हिँडेको त्यो पाँचै दिनमा पुग्यौं लिखु खोला,
साँगो हेर्दै झिलिमिली, झन् नेपाल कस्तो होला"

ऐंसेलुखर्कबाट काठमाण्डौ हिँडेर आइपुग्न ७ देखि १० दिनसम्म लाग्थ्यो । जम्मा दुई वटा बाटाहरु थिए । एउटा चाहिं ओखलढुङ्गाबाट लेकको बाटो (वर्षाको लागि ) र अर्को चाँहि हिले भञ्याङ-टोक्सेलघाट हुदै गड्तिरको बाटो (हिउदको बाटो) । दुरी चाहिं काठमाण्डौ - असेलुखर्क ५६ कोष,

काठमाण्डौ - ओखलढुङ्गा ४५ कोष,

असेलुखर्क - लुम्दु १ कोष, लुम्दुमा त एउटा ढुङ्गामा लेखेर राखेको अझ पनि बारिमा राख्न लगा'कोछु ।

➢ *हामी भलाकुसारीको मूल सन्दर्भमा प्रवेश गरौं सुनिन्थ्यो, तपाईलाई मान्य नेपालतारा भन्ने तक्मा राजाबाट बक्स भएको थियो रे, के हो यो यथार्थमा छर्लङ्ग पार्दिनोस् न ।*

हो त बांबु, यो चाहिँ नेपालमा युद्ध हुँदा बहादुरीपूर्वक लडेर विजय प्राप्त गरेबापत् मान-सम्मानका खातिर दिईने तक्मा हो । जसरी ब्रिटिस आर्मीमा भि.सी. तक्मा त्यहाँको रानीबाट बक्स हुन्छ नि, त्यसरी नै यहाँ पनि तत्कालिन् महाराजधिराज स्व. श्री ५ महेन्द्रको बाहुलीबाट मान्य नेपालतारा, लप्टनबाट कप्तानमा बढुवा र आर्थिक अनुदान मलाई बक्स भएको हो । यो चाहिँ मरणोपरान्त या जीवित छँदै दुईटै अवस्थामा दिने चलन छ । यसमा पनि सुवेदारसम्मकालाई नेपालतारा मात्र त्यो भन्दा माथि Officer Level कालाई चाहिँ मान्य नेपालताराद्वारा विभूषित गर्ने गरिन्छ । मलाई यसरी बक्स हुनाको कारण चाहिँ त्यै असेलुखर्कको ०१८ सालको काण्ड नै हो र पाको पनि त्यसै सालमा हो ।

➢ *ए, ०१८ सालमै कप्तान पनि हुनुभयो, अनि त्यसपछि चाहिँ...?*

त्यसपछि चैंत एक दशक अरु बढी कप्तानको हैसियतले सेवा गरी २०२८ सालमा पेन्सन भएर महेन्द्र दल गुल्मबाट रिटायर्ड भएँ । अनि घरमा आएर फेर त्यसै बस्न दिएनन् इष्टमित्रहरुले अनि आकै सालदेखि भनुङ पंचायत कालमा समाज सेवातर्फ हात हालें मैले ।

➢ *भनेपछि त्यसपछिका दिनहरु राजनीति तथा समाज सेवामा बिते भन्न खोज्नु भएको हो ?*

हो नि त बाबु, हन पेन्सन निस्केकै सालदेखि पंचायत कालमा तीन वटा कार्यकाल गाउँको प्रधानपञ्च लगायत जिल्ला पंचायतमा दुई खेप अनि पछि फेरि बहुदल आएपछि त्यही (कांग्रेसको तर्फबाट) गाविसमा अध्यक्ष पदमा २ पटक निर्विरोध दिए । म बस्दिन भन्दा पनि काम हामी गर्छौं, तपाई यसो उभिदिनोस् न भनेपछि मैले तीन वर्ष जति त्यहाँ रहेर सेवा गरें बाँकी दुई वर्ष त यतै रहें नि, उपाध्यक्षलाई अह्राइराखेर । अनि अब चाहिँ म केही पनि छुइन । ८१ वर्ष पनि पुगें अब त । बोलाउनु लागि ठाउँ-ठाउँबाट बोलाउँछन्, निमन्त्रणा गर्छन् तानि यी म जान सक्तिन नै ।

➢ *सुनिन्छ, चुचुले आफ्नो गाउँ-ठाउँमा सामाजिक उत्थानको लागि आफ्नै व्यक्तिगत् लगानीमा निकै वटा उल्लेख्य कार्यहरु गरिसक्नु भएको छ रे, ती कार्यहरुको बेलिबिस्तार लगाइदिनोस् न ।*

समाज सेवाको कुरा गर्दाखेरिमा चाहिँ बि.सं. २०१३ सालमा मैले भकारीले बारेर एउटा स्कूल (हालको माक्पा मा.वि.) को स्थापना गरेको थिएँ । यसो त्यो स्कूललाई पनि मैले अलि-अलि सहयोग गर्‍याछु । खडा गरेपछि यता आउने बेलामा अलिकति रकम राखेको थिएँ, अक्षय कोषको रुपमा । त्यो त ३ । ३ वर्षमा नविकरण गर्नुपर्ने भयो । त्यै झन्झट्ले गर्दा झिकें र अहिले यतैबाट पठाउँदैछु, त्यो चाहिँ मास्टरहरुले कापी, कलम किनेर यसो जेहेन्दार विद्यार्थीहरुलाई हौसलाको लागि पुरस्कार बाँडिदिन्छन् । यस बाहेक मैले पञ्चायत भवन बनाउनको लागि भनेर जग्गा दिएँ, त्यो चाहिँ के पर्‍यो भन्देखि माथिबाट पञ्चायत भवन बनाउन भनेर पैसा आयो, तर जग्गा कसैले दिएनन् । नदिएपछि मैले नै दिनुपर्‍यो । जे गर्दा पनि मलाई नै भन्छन् त्यहाँ । होस् कि नाहोस्, लु हुन्छ भनेर भवनको लागि त जग्गा दिएँ । पछि फेरि औषद्यालय र हुलाक आयो, अब त्यो पनि तैंल्यै दिनुपर्छ भन्न थाले, ल ठीकैछ, हुन्छ भनेर दिएँ ।

त्यसैको नजिकै साँहिला छोरा (गोविन्द)ले एउटा मन्दिर खडा गरौं बुबा भनेकोले २०५४ सालमा पञ्चायन देवताको मन्दिर (विष्णु, कृष्ण, शिव, भगवती र गणेश) खडा गरेको छु । त्यसपछि त त्यहाँ पूजा गर्न पुजारी चाहियो नि त । त्यो पूजारीको लागि पनि यसो अलिकति वर्षभरि त नभनुङ् दुई-चार महिना पुग्ने जग्गा पनि तिँहि नै व्यवस्था गर्देको छु । साथमा अलिकति अक्षता पनि दिने गरेको छु । त्यही मन्दिरको छेवैमा अब के गरुँ त भन्दा एउटा पाटी खडा गर्ने सोँच आयो । यताउति ओहोर-दोहोर गर्ने, औषधालयमा आउने, स्कूल, गाविस आदिमा काम विशेषले आउने मान्छेहरुलाई त चाहियो नि यसो बस्ने ठाउँ, कहिले झरी पर्छ, कहिले टन्टलापुर घाम लाग्छ भनेर मैले एउटा पाटी पनि बनाइदिएँ । दीर्घकालसम्म रहोस् भनेर मन्दिरको छाना ढलान् गरिराखेको छु ।

अर्को कुरा के भन्देखि रावाखोला झर्ने दुई बाटाहरुमा दायाँ-बायाँ उति-उति नै पैसा दिएर आँपको बिरुवा रोप्न लाको छु । बाक्चुवापट्टि चाहिँ कम बोटहरु हुर्काउन सके, यता इलिमपट्टिको पाटोमा चाहिँ निकै नै छन् । ठाउँ ठाउँ मै देख्थें मैले । आजकल त फल्दो पनि रैछ । यसो बाटो हिँड्ने बटुवाहरु स्कूले केटाकेटी, जंगली पशु-पंक्षीहरु आदिले खानै पाएछन् भने पनि सन्तुक मान्छ नि मनले । बाटो हिँड्दा आँत हरर जलिरहेको बेला अउलको टट्टेन् घाममा रुखले सित्तलै पनि दिन्छ भनेर नि मैले रोप्न लगाएको त्यहाँ ।

त्यसपछि अन्तिम् पछिल्लो कुरा चाहिँ एक फेरा संजोगले मेरा चार भाइ छोराहरु, जेठो (दिलीप) चाहिँ तरहरामै भएकोले आ'को थिएन, जम्मा हुँदा मैले भनें, ए बाबु हो मैले एउटा कुरा गर्न आँटें भन्दा, के भन्नुहुन्छ बुबाले भनेर सोधे नि आश्चर्य मान्दै । मलाई एक लाख रुपैयाँ दिनुपर्‍यो भनें मैले । पैसा किन चाहियो त, भन्दा म स्कूलमा अक्षय कोष राख्छु । त्यो स्कूल धेरै दुःखले मैले

खडा गरेको। त्यसैले मलाई औधि माया छ त्यसको, म मरी गए पनि त्यो स्कूल त रहि रहन्छ नै। त्यसैले एउटा चिरस्मरणकै लागि पनि अक्षय कोष राखेर त्यसको व्याजले हरेक साल प्रवेशिका परीक्षा (एस.एल.सी.) मा त्यस विद्यालयबाट सर्वोत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई सुनको तक्मा दिन चाहन्छु भनेर सुनाएपछि उनीहरु बीच छलफल भयो। यो त उत्तम् विचार हो, ल हुन्छ बुबा भनेर त्यसको भोलिपल्टै रकम जम्मा गरेर राख्युङ पनि अक्षय कोषमा।

राखेपछि पोरको सालमा सुनको तक्मा दिनुपर्ने भो, तक्मा दिनुपर्दा खेरीमा त एक लाख रुपैयाँको त के हुँदोरहेछर, नहुने पो रैछ। दश हजार रुपैयाँ नाघ्यो तक्मा बनाउनलाई त। अनि थै-थपन् गरिवरि तक्मा त भने बमोजिम नै दियुङ पनि। अनि त्यहीँ बेला छोरा डाक्टर (शंकरमान) लाई भनेँ मैले। ए बाबु, यसो-यसो पो भयो त भनेपछि डाक्टरले रु. पचास हजार राखिदिन्छु, त्यसले पुगेन भने अझै विचार गरुँला भनेर उसले थपेपछि अहिले रु. १ लाख ५० हजार छ बैंकमा। त्यहाँबाट डा. ले के भन्यो र कुरा बद्लियो भने तक्मा दिनु राम्रो कुरा हो, तर हामी विद्यार्थीलाई पैसाको साह्रै खाँचो हुन्छ, भोलि तक्मा लाएर मात्र त भएन। त्यसैले पैसा नै दिउँ बुबा। त्यो डेढ लाख रुपैयाँको अब जति हुन्छ, सालको रु. १० हजार नपुगे हालेर पनि एस.एल.सी.मा पहिलालाई रु. ५,०००।-, दोस्रालाई रु. ३,०००।- र तेस्रालाई रु. २,०००।- गरेर दिनेमा परिवर्तन भयो। अनि मैले भनेको छु, छोराहरुलाई जे जस्तो भए पनि त्यो पाटी, मन्दिर आँपको रुखहरुको पछिसम्म संरक्षण गरिराख्नू। त्यो पुजारीको लागि छुट्याइदिएको जग्गा र अक्षता नखोस्नु, त्यो अक्षय कोषको रकम पनि नझिकिदेऊ, यी सबै चीजहरु म मरेर गए पनि सन्तान दरसन्तानसम्मै रहिरहोस्, चलिरहोस्, यसैमा तिमीहरुको पनि कल्याण हुनेछ है, भनिराख्याछु।

➢ *हामी किराँत राईहरुकै सन्दर्भमा कुरा गर्दा दशैंको बारेमा विभिन्न खाले तर्कहरु उठ्ने गरेका छन्। यसबारेमा तपाईको मनमा अडिएर रहेका तर्कहरुलाई पोखिदिनोस् न।*

दशैं मान्ने/नमान्ने बारेमा मेरो विचारमा चाहिँ हुनु त हाम्रा सन्तान्हरुले नमान्लान् पनि, मेरो चाहिँ परम्परा मान्ने नै हो। नमान्ने हो भने हामी किराँतीहरुले एउटा कुनै पर्व त मान्नै पऱ्यो होला नि। केही पनि नमानिकन बस्नु त, त्यो त केही पनि भएन नि। दशैं नै नमानेपछि एकथोक त मानिन्थ्यो कि भन्ने मलाई लाछ, यहाँहरुको विचार चाहिँ के छ त। अब मान्दै नमान्नु भनिन्छ तानि, ईष्टमित्र, छोरीचेली, ज्वाँइचेला, चिनेजानेका क्षेत्री-बाहुन् जम्मै आउँछन्। परम्परादेखि मानिआको, अब नआउहै भन्नु त कसरी भयो त। डाकेको पनि होइन, तर आउँछन् त आफै तिनलाई टीका नलगाई दिए त आफ्नो मननै पनि त मान्दैन नि। यो त चिच्चो हुन थालेछ भन्छन्, अवश्य नै पनि। आफ्नो समाज र संस्कार त बुझेर नै चल्नुपऱ्यो नि मेरो लाटो वुद्धिले पनि।

त्यसकारणले दशैं मान्नु त बाध्यता पनि छ मलाई। कि त मैले दशैं छोडेँ आइन्दा नआऊ है म कहाँ भनेर पहिल्यै पूर्जी (काटेर थमाई) दिनुपऱ्यो। त्यसो गर्नु पनि हृदयले दिँदैन क्या। सानो माईला (नेवार) ले भन्थ्यो, जहाँ गए पनि तपाईलाई यस्तै हो। घरमा पनि यस्तै हो, जता गए पनि छोड्दैनन् तपाईलाई। आउँछन् त उनीहरुको श्रद्धाले, पाउँला भनेर त कोइ आउँदैनन् नै। भन्नु त हिन्दुहरुले जबर्जस्ती मान्न लगाएको रे भन्नेसम्म चाहिँ सुनेको छु। तर कुनै हिन्दुले किन मनाउँछस् भनेर आपत्ति जनाएको भए यति सारो यो विषय चर्काउन सुहाउँथ्यो। तर हामी नै उल्टो खेदेर वास्तविकता भन्दा टाढिने चेष्टा गर्दैछौं कि भन्ने पनि लाग्छ कता-कता मलाई त। आजसम्म दशैं छोड्नै पर्ने ठोस कारण यही हो भनेर देखाउन सकेको त कसैले छैन नै जस्तो लाग्छ। त्यसैले यो दशैंको बारेमा हौवा पिट्नु नै मनगढन्ते कुरो होला जस्तो लाग्छ मेरो छोटो विचारले त।

➢ *तिहारको बारेमा पनि उही हो कि, पृथक सोचाइ राख्नुभा'छ ?*

तिहार पनि त्यै हो बाबु, छोरीचेलीले डाक्छन्। अब तिम्रो हातको फूल लगाउँदिन है भनेर भनिहाल्नु पनि असजिलो लाग्छ। किनभने श्रद्धाले डाकेको ठाउँमा आफू नजानु र तिहारै नमान्नु त मनले धरै पनि त दिँदैन नि। आफ्नो माइती बाबुहरुलाई (पैसाको लागि भन्दा पनि) श्रद्धा साथ पूजा गर्ने चेलीबेटीको पवित्र भावनालाई बेवास्ता गरिहाल्नु जो कोहीको मनले त्यति सजिलै मान्दैन पनि। ठीक थियो, अगाडिदेखि नै नमानी आको भादेखि आनन्दै हुन्थ्यो। उबेलादेखि आजसम्म मान्दै आइयो, फेरि बीचमा छोड्दाखेरि अलिकति कस्तो-कस्तो पनि त लाग्छ नै। खल्लै लाग्छ नि। छोरी चेलीहरु पनि त अवश्यै नाराज हुन्छन् नि। यी यस्तै कुराले मेरो त मन भरिएको छ जस्तो लाग्छ, यहाँहरुलाई कस्तो लाग्छ त कोनि।

➢ *माथि उल्लेख गरिएका प्रसंगहरुका सेरोफेरोमा रहेर भावनात्मक अनुभूतिमा बहनु पर्दा.... ?*

मेरो अझ एउटा छोटो विचार चाहिँ मान्छेको जिन्दगीमा नि, दिनहरु त त्यसै पनि बित्छ, कोही कसैको रोएर बित्छ, कसैको हाँसेरै बित्ला। तर हँसाई र रुवाई भन्ने कुरा स्थायी त पक्कै हुँदैनन् नै। परिस्थितिले अदल-बदल त पार्छ नै। भनौं, चाहेर त हुने होइन नै। भारी बोकेर गुजारा गर्ने भरियाहरुकै हालत हेरौं न विचाराहरु भारी बोक्न नपाए कति दुःखी हुन्छन् उनीहरु, पाइहालेमा पनि धेरै भारी बोक्न पाए क्या दङ्ग पर्छन्, एक छाक नै भए पनि मिठो-मसिनो खान्कीले बाल-बच्चा खुशी पार्नु पाइने/सकिने भो भनेर। खास त भारी बोक्न नपर्दा सुखी हुनपर्ने हो नि। तर परिस्थिति र बाध्यता भन्ने कुरा सबैको एउटै हेराइले त यथार्थ बुझ्न सकिन्न नि। यी यस्तै वास्तविकतामा बाँच्न बाध्यछौं हामी सबै मान्छेहरु। यति हुँदाहुँदै एक दिन समय आउँछ, सुखले होस् या दुःखले गइन्छ नै। दिन पुगेपछि त जानै पर्छ भनेदेखि कोही बेला त हाँसी-खुशीले भेटघाट गर्न पाउँदा एक दिन मात्र नै भए पनि आनन्द त आउँछ नि हामीलाई हाम्रो दिन सधैंभरि आ-आफ्नो सुरमा बित्यो भने त त्यसको के नै अर्थ रह्यो र। त्यसो त बाँचेको र मरेको केही अर्थै रहेन भन्ने मेरो विचार नि।

अब भनुँ न कोही दिनभरि सुखैले बसिरहन्छ, त्यो सुखमा एक्लै बसिराखेर के नै मतलव भो र, त्यो त आनन्द भएन नि। त्यसैले वर्ष दिनमा मनाउँदै आको चाड पर्वहरु भनेको एउटा अवसर नै पनि भएकाले तिनलाई फोस्रो आडम्बरबाट चाहिँ जोगाउँदै मनाउँदै लैजानु चाहिँ बुद्धिमानी हो जस्तो लाग्छ मलाई चाहिँ।

➢ *आजसम्म कुन-कुन देशहरुको भ्रमण गर्नु भएको छ, सबभन्दा*

*बढी मन परेको देश र मन पर्नुको कारण ?*

आजसम्ममा हङकङ, सिंगापुर, बेलायत, भारतको विभिन्न ठाउँहरु (दार्जिलिङ, नयाँदिल्ली, कलकत्ता, आग्रा), पाकिस्तानको (रावलपिन्डी, लाहोर, उर्जीस्तान) । यी मध्ये मलाई सबभन्दा बढी चाहिँ सिंगापुर नै राम्रो लाग्यो । किनकि त्यहाँका मानिसहरु सभ्य र धनी, सुघर सफाइमा ज्यादै अगाडि रहेछन्।

➢ *चुचु स्वयम्ले भनि नै सक्नु भो, यतिका पाको उमेर अनगिन्ती कामहरु गरिसक्नु भो, अझै कुनै त्यस्तो बाँकी काम गर्न पाए हुन्थ्यो भन्ने मनमा छ कि ?*

छैन बाबु पटक्कै छैन, जेजति गरेँ नि, यसैमा सन्तोष छु म । मैले भनिहाले नि, अब मैले न कमाउनुछ नगुमाउनु नै छ । जे छ, भगवानको खटनमा म सन्तुष्ट छु । फाइदा लिनु पर्ने र फलिफाप हुन पर्ने र केही त्यस्तो लालसा मनमा रहेको छैन पनि ।

➢ *आजकल फूर्सदको क्षेण के-कसरी बिताउनुहुन्छ ?*

आजकल त म बढी जसो फूर्सद नै रहन्छु, पत्रिका पढ्छु, समाचार हेर्छु, इष्टमित्रहरु भेट्न आउँछन् । बातचित् हुन्छ । बाँकी समय भगवानको नाम लिन्छु । हे बुद्ध ! तिमी जन्मेको मुलुकमा के भाको नि यस्तो भनेर प्रार्थना गर्छु ।

➢ *आनन्दले दिन बिताउँदै अतित्लाई सम्झदा तपाई कुन प्रसङ्गलाई झल्याँस्स सम्झिनुहुन्छ ?*

हो त नि, म कहिले काहीं एक्लै मनमनै बात् मार्छु क्या, बाबुले भने झैं एक पटक मेरो सालोको मीत (चम्पक र पाण्डव सुनुवारको बुबा) अस्पतालमा आएका रहेछन् । उनले सोधे, तपाईको कति जना छोराछोरीहरु छन्, कहाँ-कहाँ के गर्दैछन् ? मैले सबै बताइसकेपछि उनले भने, "तपाई त बहुत् भाग्यमानी हुनुहुँदोरहेछ । तपाई स्वयम् कप्तान् मान्छे घरको स्थिति भलै कमजोर होला तर तपाईलाई दुःख पाको छ भन्दैनन् नि कसैले । त्यसमाथि आफ्नो छोराछोरीहरु एक-से एक आफ्नो खुट्टामा आफै उभिने भइसकेका छन् । यस्तो त धेरै मान्छेहरु मध्ये थोरैमा मात्र हुन सम्भव छ । नत्र त्यति सन्तान्मा एउटा न एउटा अर्घेलो निस्कन पनि त सक्थ्यो । त्यसैले तपाई त आफूलाई सुखी ठान्नै पर्छ" भनेको कुरालाई सम्झन्छु । नभन्दै आजसम्म पाँचै भाइ छोराहरुले गरी चाहिँ खाएका छन् भगवानको कृपाले । मत गाउँ मै बस्ने विचार गरेको थिएँ बाबु । छोराहरुले तपाईं यहाँ नआउने भए हामी फेरि आउँदैनौं भनेपछि बाध्य भएर यहाँ आएँ र आजसम्म राम्रै छ भगवानको कृपाले बाबु ।

➢ *निकै लामो खोजी-नीति गरी आफ्नो नाछिरीङ तर्फको इतिहास (वंशावली) पत्ता लागेको कुरा सुन्नमा आयो । यो के-कसरी सम्भव भयो होला ?*

अनेक प्रयासहरु विफल भएपछि र सोधखोजको लामो दौरानमा त्यहाँ पावैमा फिलाघरे नामको धामी रहेछन् गरे । उनले मेरी फुपू-बज्यूको नाम लिंदा सम्दु (पितृहरुलाई बोलाउने काम) गरिकन हाम्रो वंशावलीको भेद खोलिदिएछन् । पूरै चिन्ता गरी भएभरको प्रेतात्माहरुलाई नामैबाट बोलाउने गर्दा रछन् नि त । फुपू-बज्यू 'लाग्राछी' चाहिँ सोताङ्गमा विहे भएको रहेछ । पहिले मेरो बाबुहरु पनि गा'को नि पावै, त्यही बेला काइला बाबुलाई माथि (पावैमा) नै राख्ने कुरा पनि भा'को रैछ । तर आमाले "तँ माथि नै रहन्छस, म मरेकोसम्म तँलाई थाहा हुँदैन" भनेपछि राख्न मानेनछन् । पछि आउजाउ नै टुट्यो - तै ती धामी हुनाले वंशावली जोड्नसम्म चाहिँ सकियो । त्यसपछि मैले रक्सी र केही पैसा पठाएको थिएँ । रक्सी मात्र स्वीकारेर पैसा लिन चाहिँ मानेन छन् । पछिबाट फेरि सेतो फेटा सहित् एक सरो फेर्ने कपडा पठाएको थिएँ । पाएरे भनेर खबरसम्म पाएँ । तर दुर्भाग्य, उनी अपाङ्ग (हात खोरण्डो) भएकोले उपचार गराउन यहाँ बोलाउदा आइपुग्न सकेनन्, अखेरी मरि पनि गएछन् पोहोरको साल त ।

➢ *पुस्तौंदेखि दुमी-खारुबु पाछाको चुलामा रहदा-रहदै अहिले नाछिरीङतर्फ आफ्नो वंश भेट्दा के-कति गर्व लागेकोछ तपाईलाई ?*

उहिले बुढापाकाहरुले भन्थे क्या, "जात् दिने राजा : भात दिने भाइ" आफ्नो दाजु-भाइ पाउँदा गर्व त अवस्य नै लाग्नु पर्ने हो । तर पनि खासै केही पनि परिवर्तन आको छैन मेरो सोचाइमा । किनकि मेरो वंशहरु बसेको थाप-थलोमा पुग्नु पाए आफूमा भित्रदेखि मनले केही नयाँ विचार जन्माउँथ्यो पनि होला । तर आफू पुग्न सकिएन । त्यसमा पनि दूमीलाई मैले आफ्नै घर जस्तो सम्झेको छु । पर सम्झेको चाहिँ पटक्कै छैन नि ।

➢ *मनमा भावी इच्छा केही छन् कि ?*

अहिलेसम्मको मेरो जीवन भोगाइमा म सन्तुक नै मान्छु । अब के नै चाहिन्छ र, के नै लानुछर । सिर्फ धर्मकार्यहरु गर्न पाएदेखि त्यति हो । गरिबहरुलाई यसो केही दिन पाएदेखि मलाई सन्तोष लाग्छ । बिहान पनि कसैलाई केही दिएर खान पाए हुन्थ्यो नि भन्छु । मलाई कहीं जाँदा पनि यसो केही दिन पाउँ भन्ने लाग्छ । किन, उसलाई दिएर म भोकै बस्नु पऱ्या छैन नि । दिनुपर्छ भन्ने चाहिँ मेरो भावना छ । दान-पुन्य गर्न पाए हुन्थ्यो भन्ने छ मनमा ।

➢ *अनि केहि कामना पनि छन् कि मनमा ?*

त्यै हो, इष्टमित्र नफाटून, बसै आ-आफ्नै मानो खाने भएपछि जति बढी इष्टमित्र छन्, ती सबैलाई पाल्नु त पर्दैन नि मैले, नपर्ने भएपछि बाँचिन्जेलसम्म सबै हाँसोखुशीमा बाँच्न पाउँ । सबै चिने-जानेका शुभेच्छुहरुसँग मित्रता गाढा भैराखोस् हगि । प्रथम त मलाई कोही मेरो सत्रु छ जस्तो लाग्दैन । यदि अन्जानमा कोही बन्न पुगेका रहेछन् भने पनि तिनले नै पनि कहिल्यै दुःख नपाऊन् । सबैसँग सम्बन्ध सुमधुर नै रहिरहोस् ।

➢ *तपाईं त आध्यात्मतर्फ पनि चासो भएको मान्छे, के प्रार्थना गर्नुहुन्छ भगवानसँग ?*

बाबु, मनमा अब त सिधै हरेराम जप्न पाए भो । मलाई नि "अरुमा नभुलाइदेऊ, भगवान मनमा लाइदेऊ" अरु झन्झटमा नलाइदेऊ, सधैं भगवान नै जप्न पाउँ । ईश्वर भगवान जप्न पाएदेखि म खुशी हुन्छु । सबैको हीत होस्, प्राणी जाति सबैको कल्याण होस्, कसैले दुःख नपाउन्, यहीं छ मेरो मनको भावना पनि ।

➢ *मनमा कुनै पश्चाताप् पनि लागेकोछ कि ?*

पाका पुर्खाहरुबाट धर्म-संस्कृतिदेखि किराँत इतिहाँसकै धेरै ज्ञान थिए । तर दुर्भाग्य न कुनै अग्रजहरुले लेखेर राखे, न त हामीले नै राख्यौं । आखिर जानाजानी हामी सबैले गुमायौं ती सबै

ाधीहरु । यसैमा मलाई पश्चाताप् लाग्छ क्या बाबु । अब भनुँ न ाकिपा/माखिपा कुकुरको नामबाट माक्पा गाउँको नाम रह्यो त भनिन्छ, खोई त्यो कुकुरको बारेमा नालीबेली कसलाई सोध्ने ? कसले भन्दिने ?

*➢ जीवन भोगाईको सिलसिलामा सम्झनामा रहेका र बिर्सन नसकेका केही त्यस्ता क्षेणहरु पनि छन् कि ?*

खै बाबु, हुनु त देको कुरा नगर्नू भन्छन् , तै पनि बाबुले सोधिहाल्नु भो हगि, साथी-भाइहरु भेट् गर्न आउछन्, कतिले सारो गारो पर्दा साथ सहयोग पनि माग्छन् । यसो २,४ पैसा भा'को दिएर मन राख्दिन्छु पनि । कोही त रुन्छन् नै पनि, अनि रुएपछि त, म कमलो मनको मान्छे, यसो आफूसँग जे-जति भाको दिएर चित्त बुझाएर पठाउछु । तर जो रुन्छ नि त्यल्ले पैसा र्फाउदोरहेनछ यो समैमा नि । त्यस्तो-त्यस्तो पनि भा'छ नि । तर पनि एकदिन ल्याएर कसो नदेलान् त, बुझाउनु आउलान् नै भन्छु । किन, जस्तो सुकै अवस्था आइपरे पनि एकदिन न एकदिन त प्राण जान्छ, ्यो बेलामा त ऋणको भार सम्झिदै सास जानु त सजिलो होला जस्तो ागदैन नि मेरो विचारमा त ।

*➢ दुकिराफ, इसिलिम परिवारलाई कुनै सुझाव तथा सन्देश दिन चाहनुहुन्छ कि ?*

तपाईहरु हुनाले दुमी किरात राईहरुको पहिचान् बद्दै सबै राम्रो हुने भो, सुरक्षित रहने भो । यसमा चाहिँ मलाई साह्रै गर्व लागेको छ । भनुङ, तपाईहरुको यो मेहनत देखेर मलाई ठूलो आत्म-सन्तुष्टि मिलेको छ । किनकि विद्धान भैकन तपाईहरुले साँच विचार पुऱ्याउनु भाकोछ । यो काम भनेको सामाजिक काम, उसै त सामाजिक काम भनेपछि तर्किन खोज्ने हाम्रो स्वाभाव रहदै आएको बेलामा चिन्ता मात्र गरेर हुँदैन नि, गर्नलाई जन्मनु पनि त पऱ्यो, जो कोहीले पढेको छ मात्र भनेर कहाँ हुन्छर यस्तो काम । मुखले गर्छु भनेर मात्र पनि हुँदैन । पहिला त त्याग नै चाहिन्छ नि, चित्त हुनुपऱ्यो । जुन तपाईहरुले गर्नु भयो यो सदाका लागि रहन्छ, कहिल्यै मर्दैन ।

*➢ इसिलिम मार्फत् सम्पूर्ण किराँत सन्ततिप्रति कुनै सुझाव वा सन्देश दिन चाहनुहुन्छ ?*

माफ किराँतका सन्तान् हामी धेरै पिछडिएर रहेकाछौं । भावी सन्ततिहरु भौतिक र आध्यात्म दुवै दर्शनबाट परिचालित हुन सकून् । नकि भौतिक सुखसयलमा मात्र डुबुल्कि मारेर आफ्नोपन गुमाएर बाँच्नुको औचित्य रहन्न । त्यसैगरी आद्यात्म चिन्तनमा मात्र पौडेर समयलाई नचिन्नाले नै पनि आफ्नो अस्तित्व कुंजिन सक्छ । हालको परिस्थितिले नै पनि हुन सक्छ, नयाँ पिँढीले राम्रो बाटो अँगालेका छैनन् नि । यिनले गर्नुपर्ने कामहरु अति धेरै छन् ती राम्ररी बुझिकन लागून् । तपाईहरुको यो अथक प्रयासले निरन्तरता पाई राखोस् । पिछडिएका जनजातीहरु वीच गरिएको यस किसिम्को संस्थागत् सामाजिक योगदान र कृतिहरु निस्चय नै अमर रहनेछन् र तपाईहरुको गुण भावी पुस्ताले कहिल्यै बिर्सने छैनन् । यसको साथ-साथमा म सम्पूर्ण दुमीजनलाई यसै पत्रिका मार्फत् यो भन्न चाहन्छु कि यस किसिमको उदाहरणीय कामको प्रसँशा गरी भावी दिनहरुमा दुकिराफ, इसिलिम परिवारलाई आफ्नो मूलघरको रुपमा पुस्तौं-पुस्तासम्म बचाई राख्न सकून् ।

*➢ वर्तमान देशको परिस्थितिको मूल्यांकन के कसरी गर्नु भएको छ ? यस बारेमा केहि भन्न मन लागेको छकि ?*

हेर्नोस् त, कसको चित्त दुख्दैन, आफ्नो भाइ आफैले मारिराख्या छन् । अब को मऱ्यो त नेपाली मऱ्यो, दाजुभाइ मऱ्या छन् । जीत कसको त भन्दा कसको न कसको, तर क्षति त हाम्रो आफ्नै हो नि । मर्दा सर्वसाधारण गरीबहरु नै मारिराख्या छन् । यै चाहिँ मलाई साह्रै पीर लागेको छ मनमा । साई बाबा कहाँ गएर विन्ती गरें पनि, प्रभु हाम्रो नेपालमा के हुन लागेको होला यस्तो भनेर । मूचि ।


विजयादशमी तथा शुभ दीपावली २०६० को शुभ उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।




बेबिलोन नेशनल स्कुल परिवार
शान्तिनगर, काठमाडौं-३४
फोन ४४८११७३, ४४९८९०५

विजयादशमी तथा शुभ दीपावली २०६० को शुभ उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।




कोटेश्वर बहुमुखी क्याम्पस परिवार
कोटेश्वर, काठमाडौं-३५

# Traditional and modern knowledge, two inseparable sisters

✍ Alban Ada von Stockhausen &
✍ Marion Wettstein



During our visit to Baksila this summer, we were happy to find that the situation of modern education in Baksila is steadily improving due to the reopening of the Boarding school and progress in the other educational institutions. With a lot of admiration we saw the local teachers passionately dedicating their energy to the teaching of the students. And not only them, but also the students seem to have a strong interest in following the curriculum and using the library.

But is this "modern" education the only key to a future which allows people to succeed as members of their community or is it only there to make people leave their cultural context and society, with the dream of taking part in modern city life and working environment? What is education about and what should be its aims? Isn't the current situation often that people wanting to profit from modern education actually have to leave their village and migrate to work in Kathmandu or other city-areas? Shouldn't education allow people to develop their own environment and community further and not be dependent on the ready-made infrastructures of big cities?

But what does development of the own surroundings mean? Is it only the picking up of western traditions and economic, capitalistic thinking, or should development take the own cultural traditions as a base and bring them into a new time? To use them to build up and strengthen the traditional cultural identity? We think that this is the key element of sustainable development: to use **modern education as an instrument for lifting traditional cultural identity into a modern stage.**

### *Manifestation of culture*

In consequence, this raises another question:

What is traditional cultural identity in the case of the Dumi-Rai? As strangers we certainly have no right to define this identity but as anthropologists we can try to describe from an outside view, some of the elements which we consider as central to cultural identities.

One very important example we witnessed in the Dumi-Culture, was the mythology, which is often embedded in the landscape with its local gods and goddesses, the general world view with its justifications of social stru"@"@

**With every new generation, bigger parts of this great heritage will be lost.** During our stay we noticed that especially the young people hardly know more about traditional culture than what the daily necessities demand them to know. So, what is their Dumi identity being built on? Can an identity which is built on such loose grounds, withstand the influences and temptations of modern mainstream? We think that a strong local identity serves the community, the region and the whole country.

**With every new generation, bigger parts of this great heritage will be lost. During our stay we noticed that especially the young people hardly know more about traditional culture than what the daily necessities demand them to know.**

*Cultivating cultural memory*

Unfortunately, local knowledge doesn't stay alive just by itself, which means that everybody has a responsibility to contribute his or her share in the process of remembering. These processes can be carried out by single persons in their family or clan surroundings or can be institutionalized like in the exemplary institutions of Dumi Kirat Rai Funsikim, this ISLIM-magazine or the Bunkama Cultural Society.

Key persons like the Dhamis, old people or other people of great knowledge should be honored as they are the ones, which hold the cultural memory of a whole society. Sitting with them, having a cup of tea and listening to their stories or attending rituals will empower you to **become a key person of Dumi Culture yourself and carry on your great ancestral knowledge to future generations**. Another possibility of cultivating heritage would be to actively collect data in different forms about your culture.

**Key persons like the Dhamis, old people or other people of great knowledge should be honored as they are the ones, which hold the cultural memory of a whole society. Sitting with them, having a cup of tea and listening to their stories or attending rituals will empower you to become a key person of Dumi Culture yourself and carry on your great ancestral knowledge to future generations. Another possibility of cultivating heritage would be to actively collect data in different forms about your culture.**

This is the way; we as anthropologists try to help keeping Dumi culture a vivid culture. We do this by writing books, taking photographs, films or audio recordings and putting them into an archive, which will always be accessible. But not only we can do that, every one of you can do it as well. Why don't you start to collect old objects of everyday life in a central archive in your village rather than letting them rot away?

Write down what you know, what your parents and grandparents know, or provide your knowledge to people who can write it down for you. This, collected knowledge will be kept in an accessible place for everyone and especially for the future Dumi generations and help them remember who they are and where they come from. **To be aware of your past means to be strong for your future.**

*The inseparable sisters*

However, in order to access and understand the importance of the traditional knowledge and heritage, modern education can be of great help. Mastering the English language and the thinking traditions of western and Asian scholars will enable people to use modern literature and sciences to understand their own Dumi-culture and see it in relation to other cultures in their region or in the rest of the world. Learning about the traditions of western and other cultures will hopefully help the people realize, how rich, morally valuable and highly admirable their own culture in fact is. And they may also start to question themselves, whether modern western culture really is as developed and advanced as it always claims to be.

In this sense, local and modern knowledge are two inseparable sisters. And as in every family, sisters tend to fight some times, being jealous on each other. But in the end the relation of the sisters will be marked by appreciation of each others importance and the strong band of trust, which ties a family together. From what we have witnessed in Baksila this summer, we believe that the Dumi Rai Education consists of two equally strong sisters, who will always stick together and help each other when needed: Didi (elder sister) Tradition will always watch the heritage of her family and Bahini (younger sister) Modernity will run happily into new experiences. And when they meet in the evening at the kitchen fire, they will sit and talk and combine their knowledge to be prepared for a new day. मुची ।

# सहयात्री



✍ गुणराज राई
खाँदबारी-११, संखुवासभा

कुरा प्रष्ट थियो, आफ्नो गन्तव्यमा पुगेपछि छुट्टिनुपर्छ र एउटा आशा केवल आशैमा निराशा मात्र हात पर्छ भन्ने । तर पनि एक तमासको भुमरी मभित्र उठेको थियो उनीसँग अकस्मात बसमा एउटै सिटमा बसेपछि । मलाई थाहै थिएन मेरो सिटमा बस्ने अर्का यात्रु पुरुष या महिला छन् भन्ने । म सिटमा बसिरहेको बेला एक परिपक्व जस्तो देखिने एक पुरुष आएर 'एक्स्क्युज मी' भनेपछि, म के भन्ने के नभन्ने रणभुल्लमा परेको थिएँ र म संकोचले नबोली झ्यालतिर सरेकी थिएँ ।

यात्रा टाढाको थियो । चाडपर्वको बेला भएकोले अरु बेलाभन्दा बसमा खचाखच यात्रु थिए । म धनकुटा जाने भएकाले हिलेको गाडीमा चढेको थिएँ । सायद ती पुरुष पनि उतैतिरका होलान् भन्ने ठाने मैले । तर संकोचले सोध्न सकिन । लामो यात्रा तर बाध्यता एक्लै हिँड्नुपर्ने । साथीहरु अघिल्लो दिनको गाडीमा गएका थिए । ममात्र गाडी छुटेकाले त्यो दिन एक्लो परेकी थिएँ । वर्ष दिनको चाडको बेला काठमाडौंमा उराँठलाग्दो बसाइ हुन्छ भनेर मेरा दाइहरुले कुरा गर्नुहुन्थ्यो । त्यसैले म जसरी भए पनि घर जान तयार भएर त्यो बसमा टिकट मिलाएर बसेको थिएँ ।

एउटी नारी एउटा अपरिचित पुरुषको साथमा एक्लै त्यति लामो यात्रामा जुट्नुनर्पे । मलाई धेरै संकोच लागिरहेको थियो । समाज र हाम्रो रीतिरिवाजले नै त्यस्तोविधि संकोच सिकाएको थियो त म पनि त्यसेको सदस्य न थिएँ । ममात्र निर्धक्क भएर कहाँ हिँड्न सक्थें । मनमा अनेक तर्कना खेलाएर डर र संकोच मिश्रित स्थितिमा यात्रा गरिरहें ।

गाडी चलेको एक घण्टा भैसकेको थियो । तर अझसम्म 'एक्स्युज मी' भनेबाहेक ती पुरुष मसँगएक शब्द पनि बोलेको थिएनन् । उज्यालो छउन्जेल उनी अगाडि बाटोबाहेक केही पनि हेर्दैनथे । मैले त झन् बोलाउने कुरै भएन ।

गाडी एउटा चिया चमेना गृहतिर गएर रोकियो । खलासी भन्दैथियो- 'चिया नास्ता गर्नुहोस् है, गाडी अब अर्को ठाउँ रोकिँदैन ।' मलाई लाग्यो केही खाउँ । म निस्कनलाई ती पुरुषले उठ्नुपर्थ्यो । त्यसैले मलाई भन्न कर लाग्यो 'एक्स्युज मी' । 'ओ सरी' भन्दै ती पुरुष उठे र बाटो छोडे । गाडीबाट निस्केपछि नास्ता हेरें । केही खानसक्ने किसिमको थिएन । त्यसैले म त्यसै फर्के । सिटमा बस्नलाई ती पुरुषले फेरि उठ्नुपऱ्यो । त्यसैले मैले 'सरी' भने । ती पुरुष भन्दै थिए 'नो म्याटर' । यसरी दोहोरोसंवाद तर केवल औपचारिकताका मात्र चल्दै थिए ।

पुरुष थिए उनी । त्यसैले बस्नेबित्तिकै प्रथम भएर नै सोधे उनले 'तपाईं कहाँसम्म ?' मैले भने, 'धनकुटा' । अपरिचित भए पनि ढाँट्नु उचित ठानिन । त्यसैले सत्य भनें । मैले पनि सहास गरेर सोधें- 'तपाईं नि ?' उनले भने, 'म धरानसम ।' फेरि सोधें- 'तपाईंका साथीभाइ कोही छैनन् ?' 'छैनन्, हिजै गए । गाडी छुटेर मचाहिँ आज जाँदैछु ।' 'ओहो' उनको सहानुभूतिको उद्‌गार थियो । 'लामो बाटो, छोरी मान्छे, एक्लै हिँड्न हुन्न नि । यसको मतलब मैले नारीलाई निरीह भनेको होइन । प्राकृत रुपमा, सामाजिक रुपमा र सांस्कृतिक रुपमै नारी पुरुषभन्दा कमजोर भएकोले मात्र भनेको हुँ । नरिसाउनुहोस् है । एकैचोटि त्यति लामो वाक्य बोलेका थिए ती पुरुषले । 'किन रिसाउने, ठिकै त भन्नुभयो' मेरो समर्थनयुक्त उत्तर थियो । तर यस्तै भयो । मनमनै भनें ।

यसरी बोल्दै जाँदा मनको संकोच पनि कहाँ गयो, पत्तो भएन । गाडी आफ्नै गतिमा थियो । कुरा गर्दै जाँदा उनी काठमाडौंको एक उच्च माविमा अध्यापन गराउँदै आएका व्यक्ति रहेछन् । मैले पनि काठमाडौंमा पद्‌मकन्या क्याम्पसमा बी.ए. दोस्रो वर्ष अध्ययन गर्दै गरेको कुरा खुलाएँ । त्यति बोल्दासम्म ममा एक किसिमको सन्निकटताको भावना अनायासै आउन थालेछ । र, म बढी नै खुलेर पारिवारिक कुरा पनि गर्न थालेछु । तर पछि आफैंलाई संहालें । उनी त त्यति कुरा खोल्दैनथे । लोग्ने मान्छेहरु प्रायः त्यसरी कुरा एकैचोटि खोल्दैनन् पनि । नभएकोले देखाउँछन् भन्ने सुनेको थिएँ तर ती पुरुषमा देखावटीपना र बनावटी कुराको छनक पनि पाइन मैले । भन्नैपर्ने स्थिति आएपछि मात्र पढाउने कुरा पनि खोलेका थिए उनले ।

मध्यरात भैसकेको थियो । उनी निदाइसकेका थिए । म भने कल्पनामा धेरै बगिसकेको थिएँ । एउटा वयस्क नवयौवनाले के सोच्छे, उही रमाइलो घरसंसार जहाँ नारी र पुरुष आफ्नो सुख दुख साटेर बाँचुन् । आफ्नो जीवनसाथी यस्ता हुन्, जो अरु कोहीका नहुन् । त्यस्ता राम्रा, व्यवहारमा, पढाइमा, रुपमा, सबैमा । उनी पनि मेरा सपनाका राजकुमार जस्ता नै थिए । कद सानै भए पनि, अनुहारमा त्यति बान्की नभए पनि स्वभावमा कुनै खोट थिएन । यदि अन्य कुनै पुरुष भएका भए मबाट फाइदा लिने प्रयत्न गर्थे होलान् । कुरामा त्यस्तै तेल घस्थे होलान् । प्रभाव पार्न कुनै यत्न गर्थे होलान् । तर उनले त्यस्तो केही गरेका थिएनन् । एउटा अभिभावकजस्ता भएर यात्रामा साथ दिए । उनी निदाइरहेका थिए । बसको चलाइसँगै र निद्राको चापले घरी उनको शिर मेरो काँधमाथि पर्थ्यो । म मौन थिएँ । एक किसिमको स्पर्शको आनन्द नशामा तरंगित हुन्थे । विपरित लिंगी न थियौं साथमा । भन्नेले जे भने पनि मलाई त्यस्तै भएको थियो । पुरुषसँगको सहयात्रा, पहिलो अनुभव । मलाई लाग्थ्यो कतै ती पुरुष मेरै लागि भगवानले यसरीयात्रामा जुराएका त होइनन् ? संयोग भए पनि, किन किन मेरो मनले उनलाई साह्रै नजिकको जस्तो ठानिसकेको थियो । थाहै नभई मेरो मनमा उनीप्रति यस्तो भावना जागेर आएको थियो । म चाहन्थें उनले मेरो मन पढ्न सकुन् । अपनाउन् मलाई उनी र

बसाउन् यस्तो घर जहाँ खुसी नै खुसी फलून् । म एक्कासि आफैं आफ्नै कल्पनादेखि लाजले पानी भएँ । तर उनी मेरो काँधमा टाउको राखेर निदाइरहेका थिए । अकस्मात झस्किएर भने 'सरी' । मलाई त लागेको थियो, भनौं 'ठिकै त थियो' तर त्यो मनैमा रह्यो । अब त मेरा ढुकढुकीहरु बढ्दै थिए । केही भनुँ जस्तो लाग्थ्यो । तर लाग्थ्यो भन्ने कसरी । उनले स्वीकार्नु पनि त पऱ्यो । उनी नै पनि त ठीक छन् भन्ने कुरा एकैछिनको व्यवहारले थाहा हुन्छ र ? प्रभाव पार्न यसतो भद्रपन देखाएका पनि त हुनसक्छन् । अर्कोतिर बढी उनीप्रतिको मेरो आकर्षणले नै मलाई मारेको थियो । उनको कुरा गराइ, बोझिलो र मिठासपूर्ण वाक्य संयोजन सुन्दै उच्च व्यक्तित्व जस्ता लाग्ने ती पुरुषलाई कसरी शंका गरौं ? अर्कोतिर मनले आफैंलाई धिक्कार्थ्यो ।

हाम्रो समाज नै यस्तो छ कि स्त्रीहरु कुरा मनमा गुम्स्याएर बसुन् भन्छ । साहसी कुरा पुरुषले गर्छ भन्छ । त्यसैले म मनमा आगो सल्के पनि ताप सहेर बस्नुपर्ने स्थिति थियो । यदि मनको कुरा मैले पहिले गरें भने ती पुरुषले अन्यथा सम्झने हुन् कि ? या उनले मलाई हेर्ने दृष्टि नै अर्कै छ कि ? यस्तै प्रश्नहरु मनमा ज्वारभाटासरि चलिरहे । म चाहन्थें यस्ता कुरा उनैबाट आउन् र म नजानिँदो पाराले आफ्नो सहमति व्यक्त गर्दै जाउँ । तर उनी निद्रामा नै थिए । फेरि उही मेरो काँधमा शिर राखेर । अनायास मनमा यस्तो भाव आयो कि मेरा हात उनका मुहार सुम्सुम्याउन उठेछन् । तर मैले फेरि सावधान भएर उठिसकेको हात तल झारें । आफैंलाई सोधें, उनी यति शान्त छन् तर तँ किन यसरी अधिर ? यसको उत्तर मसँग थिएन । एक अपरिचित पुरुषसँग पहिलोपल्ट लामो यात्रामा हिँडेकी थिएँ । बस त्यति थाहा थियो । अर्को केही थाहा थियो भने म उनलाई चाहन्थें । कुल, घरान, उनको मन केही सोध्न मलाई मन भएन । मनमा यति मात्र थियो, उनी मेरा होउन् भन्ने । किनभने औसत नारीले जस्तै म चाहन्थें मेरा पुरुष त्यस्ता हुन्, जो औसत पुरुषभन्दा फरक हुन्, उनीजस्तै । शालिनता थियो, शिक्षा र भोगाइहरुको उपज हुनसक्छ । आत्मविश्वास थियो दक्षताको खास हुनसक्छ । के थिएन जागिर थियो, आफ्नो किसिमको छुट्टै व्यक्तित्व उनीसँग थियो । उनीसँग संगत गर्ने नारीहरुमा थोरै समयमा नै एउटा छुट्टै आशा जागेर आउने व्यवहार र व्यक्तित्व थियो उनको । बस त्योभन्दा बढी मेरो रोजाइ पनि त थिएन । म सोच्दै थिएँ, मन र संयोगहरु यसरी किन जोडिन्छन्, अकस्मात ? ती संयोग जो केवल संयोग हुन्छन् र मन हुन्छ छिया छिया । आखिर भोलि छुट्टिनु छ । केवल हामी यात्री न थियौं । पथ एउटै तर गन्तव्य फरक । र, पनि मनमा यस्ता कुरा किन खेलछन् ? मनभरि प्रश्न प्रश्न उठ्थे । तर मनको अर्को कुनामा उनीप्रतिको चाह यति गाढा भैसकेको थियो, म अब त पागल हुन्छुजस्तो ।

गाडी रोकिएको थियो र सबै यात्रुहरु बाहिर दिसा पिसाब गर्न निस्किएका थिए । नजिक एक पसल भएकोले म पसलमा केही किन्न चाहन्थें । ती पुरुष निद्रामा नै थिए । मेरो काँधमा उनको शिर अझै थियो । शायद उनलाई पत्तो थिएन, उनी त्यो हालतमा छन् भन्ने । हठात् मेरा हात उनको पाखुरा समात्न पुगेछन् । म आफैं झसंग भएँ । उनी पनि मेरो हातको स्पर्शले बिउँझेछन् र भने 'सरी' । मैले भने 'नो म्याटर' । 'एक्स्क्युज मी' मैले भने । उनी उठेर भने, 'बाहिर जानुहुन्छ ?' मैले भने 'हजुर' । त्यसपछि म निस्किएँ । पछि देखें, उनी पनि निस्केछन् । म चाहन्थे त्यहीं बाहिरै उनलाई आफ्ना कुरा भनौं । तर मेरो त्यतिसम्मको हिम्मत थिएन । नारी न थिएँ, त्यैपनि नेपाली समाजमा हुर्केकी । त्यही पनि भने 'केही खानुहुन्छ ?' उनले भने- 'नो थैंक्स' । 'लिनोस् न प्लिज' मेरो आग्रह थियो । उनी पनि मान्छे न थिए । पुरुष । एउटी नवयौवनाले उनलाई आग्रह गर्दैथिई । हार्न नसकी मेरो हातको चिजबल थोरै लिए र भने 'थ्यांक्स' । 'युआर वेल्कम' मैले भने । के थाहा उनलाई त्यो वेल्कम हृदयको वेल्कम थियो । प्रत्येक ढुकढुकीमा उनी बसिसकेका थिए । गाडी छुट्ने बेला भैसकेको थियो । त्यसैले हामी गाडीमा फर्क्यौं । ढकढक, ढकढक, खालसी उसको गुरुजीलाई इशारा गर्दैथियो । गाडी मूलसडकमा आएपछि आफ्नो रफ्तारमा गुड्न थाल्यो । म रातभर निदाएको थिइन । तर उनले निद्रा पुऱ्याइसकेका थिए । उनले कुरा उठाए 'आईएम सरी निद्रामा के के भएछ, थाहै भएन ।' मनमा थियो, जे भाथ्यो, ठिकै भाथ्यो । तर भने- 'भैहाल्यो नि के भो र । निद्रामा त्यस्तै हुन्छ' भनेर क्षमा दिएको औपचारिकता निभाएँ ।

बाटो छोटिँदै थियो । सबै आफ्नो गन्तव्यमा उत्रने सुर गर्दै थिए । उनको पनि गन्तव्य नजिक आउँदै थियो । त्यसैले म अधिर थिएँ कि हाम्रो संयोग वियोगमा छुट्दैछ । ती मेरा उकुस मुकुस केवल प्रसंग नमिलेको कथाको कथ्य जस्ता हुनेछन् । मलाई लाग्यो अब त भन्नुपर्छ । तर मेरो साहस थिएन । झन् उनी ओर्लने बेला आउँदै थियो । म छटपटिँदै थिए । के गरौं, के नगरौं, भनौं कि नभनौं । भनौं कसरी भनौं । भने पनि सुनेपछि उनले के प्रतिक्रिया दिनेहुन् । ढुकढुकी बढ्दै थियो । आफैं रातो पिरो हुँदै थिएँ । सास स्याँ स्याँ हुँदै थियो । अकस्मात मैले भनेछु 'एक्स्युज मी !' उनले भने 'हजुर' म रोकिएँ । उनले मेरो अनुहारको भाव पढेछन् । र, भने 'केही भन्न खोज्नुभएको हो ?' म बोल्न सकिन केवल 'म...म...' भनेर अड्केछु । म झण्डै पागल जस्तै थिएँ । यस्तै अवस्थामा मैले सुने 'सरी मिस म तपाईंको आसयमा गल्ती छैन भने म म्यारिड हुँ ।'

गीत

## सुम्निमा-पारुहाङ

शब्द : भूपाल राई
सङ्गित : जीतेन दुमी राई

मट्टिको कसम् शिरोपर तीन-चूलो तीर्थधाम्
हरबखत् दाहिनो भैरहून् सुम्निमा-पारुहाङ

मुन्धुम्मा हेर हर मन्त्र सृष्टिको गाथाछ
तान् बुन्ने चेली तयामा माईतिको कथा छ
पहिलो खाँबो गाडेको यै थलो पितृ माङ
हरबखत् दाहिनो भैरहून् सुम्निमा-पारुहाङ

सुम्निमा शिरमा राखेर ढोगेको मूलभुमी
आकाश जस्तै अनन्त पारुहाङ पूजेको
बाँचिन्जेल हामी मूलबासी तिनैका दरसन्तान
हरबखत् दाहिनो भैरहून् सुम्निमा-पारुहाङ

मूचि ।

## होपुआङा चामुदुम् तुम्

✍ नेत्रमणि दुमी राई
माक्पा-६, नोरुङ्ग ,खोटाङ्ग



दुमो नुलू छुक्ना निरि मिम्ना लुम्तोम्
मङा होपुआङा चामुदुम् तुम्
ना छुकु मया ये गका ब्रिचिलि
भिँखोयो ग माम् मो तुम्
भिँसोका चामुदु आम्ना, चामुस्सोका यो
मिम्ना लुम्तोम् माम् तुम्
खम्गोभाल, जेङु-जेङु हेङा क्वाम्लाङा व चामुदय
सेन्दु-सेन्दु हेङा मिक्सिलाङा व चामुदय
डिङो- डिङो हेङा डिचोलाङा व चामुदय
मिन्दु-मिन्दु हेङा नुसिलाङा व चामुदय
खई, भिसोका चामुदु, मो मुसोका चामुदु,
मिम्नाङा माचाफोनो होपुआङा चामुदुम् तुम्
चोला चामुदु ये फारलाङा चामुदु
बिप्लेटोला चामुदु ये सप्लेटोला चामुदु
याकाला चामुदु ये तायाला चामुदु
भूला चामुदु ये यला चामुदु
खई,मो मुसोका चामुदु, भिँसोका चामुदु,
मिम्नाङा माचाफोनो होपुआङा चामुदुम् तुम्
सेमूबि चामुदु ये हदुबि चामुदु
हुटास्बि चामुदु ये ग्रास्बि चामुदु
रुप्चुमाबि चामुदु ये बाइमालेबि चामुदु
रिसिबि चामुदु ये डोक्सिबि चामुदु
मोयो मामिम्सुन, मो छेम्आ चामुदु
हेम् लाम्बि चामुदु, होपुआङा मिम्दुम् तुम
छेरेरेप्आ चामुदु ये मेङ्कोलोआ चामुदु
मिम्सिआ चामुदु ये बोवोलिआ चामुदु
ल्वाईसिआ चामुदु ये ख्वाईसिआ चामुदु
सिरेप्तोआ चामुदु ये वायाम्खाआ चामुदु
नूबिङा माछुक्न, हितो चामुदु भिँका चामुदु
भिँसो-मुसो मिम्नानिरोम् तुम
तुम्चूबिव चामुदु ये नूलाम्बिव चामुदु
गोफारबिव चामुदु ये नूफारबिव चामुदु
सुलाम्बिव चामुदु ये मुन्लाम्बिव चामुदु
मुक्दम्म्बिव चामुदु ये मिन्लाम्बिव चामुदु
मोयोवो मातिदुन, भिँसोका खान्थेङा चामुदु
ताम् नूबि तुनानिरोम् तुम्
दोक्तुम् सेमु ने चामुदु-चामुदु, छेन्दुम् हदुङा चामुदु
हियां-हियो चामुदु, खम्बि-भिँसो चामुदु,
मो-हितो चामुदु, हेम् खोयो चामुदु,
भिँखोयो ! होपुआ होपुबि चामुदु,
नूरम्पो तुदिम्बिङा चामुदु,
मूचि ।

## आफैले बिर्सेको कुरा

✍ चक्षुवन्धु हलक्सु
माक्पा-६, नोरुङ्ग ,खोटाङ्ग

धेरै दिन भयो सम्झन खोजेको,
अनायासै आफैले बिर्सेको कुरा
नत भयो अधूरा, यात थियो अपूरा,
आखिर थियो त्यो कुन कुरा
भुसुक्कै बिर्सेछु आज, बिर्सेर नि
सम्झन खोजेको त्यही कुरा
कहिँ-कतै, बोल्दा-बोल्दै मुखैबाट पो बिर्सेंकि
हेर्दा - हेर्दै आँखैबाट पो बिर्सेंकि
सुन्दा-सुन्दै कानैबाट पो बिर्सेंकि
सोँच्दा-सोँच्दै दिमागबाटै बिर्सेंकि
खै, कसरी बिर्सें, के गरी बिर्सें ,
सम्झनै सकिनँ आफैले बिर्सेको कुरा
टुप्पोबाट बिर्सें या फेदैबाट बिर्सें
ऊल्टोबाट बिर्सें या सुल्टोबाट बिर्सें
छेउबाट बिर्सें या बीचैबाट बिर्सें
अघिबाट बिर्सें या पछिबाट बिर्सें
खै, के गरी बिर्सें, कसरी बिर्सें,
सम्झनै सकिनँ, आफैले बिर्सेको कुरा
सपनामा बिर्सें कि विपनामा बिर्सें
हतारमा बिर्सें कि फुर्सदमा बिर्सें
आवेशमा बिर्सें कि मौनतामा बिर्सें
हाँसोमा बिर्सें कि रोदनमा बिर्सें
केही पत्तै पाइनँ, कुन बेला बिर्सें,
कुन सुरमा बिर्सें, आफैले सम्झेको कुरा
ब्यस्तताले बिर्सें या सुन्यताले बिर्सें
विवशताले बिर्सें या विलासिताले बिर्सें
अहंकारले बिर्सें या हीनताबोधले बिर्सें
बाध्यताले बिर्सें या बेवास्ताले बिर्सें
होसै भएन, कति बिर्सें, किन बिर्सें,
बल्ल-तल्ल सम्झिसकेको कुरा
ईतिहासलाई बिर्सें या ईमान्लाई बिर्सें
हैसियत्लाई बिर्सें या हविगत्लाई बिर्सें
परम्परालाई बिर्सें या पौरखलाई बिर्सें
कर्तब्यलाई बिर्सें या दायित्वलाई बिर्सें
भेऊसम्म पाइनँ, कसरी ठ्याम्मै बिर्सें,
यो मनमा साँची सकेको कुरा
देखेको सपना त बिर्सें-बिर्सें, रोजेको बिपना नै बिर्सें
जैले-तैले बिर्सें, जहाँ-जसरी बिर्सें,
जे-जति बिर्सें, जुन हालतमा बिर्सें ,
खयर ! आफूले आफैलाई बिर्सें,
जीवनको महत्वलाई नै बिर्सें ।
मूचि ।

# ग्रामिण सेवाका द्रष्टा भू.पू. सांसद टंक राई



ग्रामीण सेवालाई उत्कृष्ट ठान्ने, गाउँलाई नै परिवर्तन गरेर राष्ट्रिय मूल प्रवाहमा ल्याउनु पर्छ भन्ने अठोटका साथ निरन्तर क्रियाशील रहने जोश, जाँगर र त्यागको एउटा प्रतिरूप हो - टंक राई । २०१८ साल चैत्र ७ गते पिता जगत राई र माता शुक्रमाया राईको परीवारमा कान्छो पुत्रको रूपमा जन्मेका यी ब्यक्तित्वको प्रारम्भिक शिक्षा गाउँबाटै शुरू भई सरस्वती मा.वि. दिक्तेल, हात्तीसार क्याम्पस धरान, महेन्द्र क्याम्पस धरान हुँदै प्राईभेट विद्यार्थीको रूपमा २०५२ सालमा राजनीतिशास्त्रमा स्नातकोत्तर सम्म पूरा भएको छ । विद्यार्थीकालंबाटैराजनीति, शिक्षा र समाजसेवाप्रति समर्पित हुने क्रममाशिक्षकको रूपमा २०३५ सालमा कुहुँडाडाँ नि.मा.वि. खार्ताम्छा, २०४०-२०४६ मा जालपा मा.वि. मा स्वयंसेवक शिक्षक, २०४६ सालमा महेन्द्र ज्योति मा.वि. चौरीखर्कका प्रधानाध्यापक, राजनीतिक कार्यकर्ताको रूपमा २०३२ सालदेखि कम्युनिष्ट पार्टीको सम्पर्कमा सरस्वती मा.वि. ,दिक्तेलमा अध्ययन गर्दादेखि नै ने.क.पा. चौथौ महाअधिवेशनसँग सम्पर्क भई राजनीतिमा लागी २०३६ सालमा हात्तीसार क्याम्पसमा प्रारम्भिक कमिटीमा सदस्य २०३६ मा ने.क.पा. (माले) मा प्रवेश गरी विभिन्न् जिम्मेवारी सम्हाल्दै २०३८ सालमा अनेरास्ववियु केन्द्रीय कमिटीको सदस्य र २०३९ मा महेन्द्र बहुमुखी क्यापसको विद्यार्थी युनियनमा सभापति समेत भई सक्नु भएको छ । २०४१ सालमा राजनीतिक कारणले खोटाङमा कारावास भोगेको, ०४६ को आन्दोलनको विरोधमा वक्तब्य दिन प्रशासनबाट दवाव आएपछि गाउँबस्ने वातावरण नबनेकाले महेन्द्र मा.वि. चौरीखर्कमा प्रधानाध्यापकको जिम्मेवारी समेत सम्हाली बसेकोमा ०४७ मा पार्टीको आदेश बमोजिम फर्कदै ०४७ मा जिल्ला कमिटीको सदस्य भई ०४८ र ०५१ का आम निर्वाचनमा खोटाङ क्षेत्र नं.१ बाट सांसदको रूपमा निर्वाचित भएको । निहित स्वार्थले पार्टी परिचालन हुने क्रम शुरू भएपछि एमालेमा ०५४ मा विभाजन आउँदा नेकपा (माले) को पक्षमा रहनु भएका राई हाल ने.क.पा. (माले) को केन्द्रीय समितीको पोलिटब्युरो सदस्य तथा प्रकाश साप्ताहिकको प्रधान सम्पादक समेत रहनु भएको छ । प्रस्तुत छ इसिलिमका प्रतिनिधि चतुरभक्त सत्म राई तथा धनप्रसाद सरचु राईले उहाँको निवासमा लिएको अन्तरर्वार्ताको कोसेली पाठकहरूलाई-

**इसिलिम : यहाँको वाल्यशिक्षा कहाँवाट शुरु भयो र कुन कुन ठाउँवाट अध्ययन पूरा गनुभयो ?**

गाउँकै जाल्पा प्राइमरी स्कूलवाट शिक्षा आरम्भ भई २०३४ सालभा त्यहीवाट एस एल सी गरियो । २०३६ मा धरान हात्तिसार क्याम्पसवाट प्रविणता प्रमाणपत्र तह र बाँकी डिग्रीसम्म प्राइभेट रुपवाट अध्ययन गरी पुरा गरेका छु ।

**इसिलिम : विद्यार्थी कालमा तपाइलाई प्रभाव पार्ने कुनै गुरुहरुको नाम लिनसक्नु हुन्छ ?**

त्यस्ता प्रभावयुक्त गुरुहरु मैले पाइन तथापि प्राइमरी लेवलमा अध्ययन गर्दा हौंचुरका धरणीधर घिमिरे, विष्णुप्रसाद शर्माद्वारा प्रारम्भिक शिक्षा पाइयो ।

**इसिलिम : विद्यार्थी राजनीतिमा कहिलेदेखि संलग्न रहनुभएको हो ?**

२०३२ सालमा सरस्वती मा वि दिक्तेलमा छँदा फणिन्द्र सैंजु, जीतेन्द्र श्रेष्ट, टंकवहादुर राईहरुले निकालेको "मुक्तिमार्ग" नामक पत्रिका अध्ययन गर्ने मौका पाइयो । त्यसपछि विद्यार्थी राजनीतिमा लागिएको हो । यसैवर्ष ने क पा चौथो महाधिवेशनसंग सम्पर्क कायम भयो । २०३६ सालदेखि औपचारिक रुपमा नै अनेरास्ववियुमा संलग्न भएर काम गर्न थालें ।

**इसिलिम : विद्यार्थी राजनीतिमा संलग्न हुंदा कस्ता जिम्मेवारीहरु सम्हाल्नु भयो ?**

०३६ मा हात्तिसार क्याम्पसमा अनेरास्ववियु पाँचौको प्ररम्भिक कमिटिको सदस्य, सोही वर्ष जिल्ला कमिटिको सदस्य, ०३७ मा पूर्वाञ्चल क्षत्रीय कमिटिको सदस्य, ०३८मा अनेरास्ववियु केन्द्रीय कमिटिको सदस्य र ०३९मा महेन्द्र बहुमुखी क्याम्पस धरानमा विद्यार्थी युनियनको सभापति पदमा निर्वाचित भएको छु ।

**इसिलिम :तपाई दुमीकिरात राई फन्सिकिमको संस्थापक सदस्य भएर पनि यसतर्फ खासै सक्रीय रहेको पाईदैन के कारणले होला ?**

यसतर्फ समय दिन नसक्नाको मूल कारण समयको अभाव नै हो । भन्नु हुन्छ भने सामाजिक कार्य भनेको मेरो रुचिको विषय हो । तर अहिले चाहिं विलकुल समय छैन । जत्तिखेर समय थियो त्यत्तिखेर सामाजिक कार्यमा राम्रै समय दिएँ जस्तो लाग्छ । २०४२ तिर राजनीतिक कार्य कम मात्र गर्नु पर्ने भएको तत्काल दुमी राईहरुको भाषाको उत्थान, गाउँमा स्कूलको स्थापना गर्ने भनेर लागियो । मलाई के लाग्छ भने अन्य कुनै क्षेत्रवाट भन्दा बढी राजनीतिक क्षेत्रवाट नै योगदान दिन पर्छ भन्ने लागेकोछ । त्यसैले मैले बढी समय राजनीतिमा नै दिई राखेको छु । यसर्थ मैले दुमीकिरात राई फन्सिकिममा मात्र होइन अन्य संध संस्थाहरुमा पनि पूर्ण समय दिन सकिरहेको छैन ।

**इसिलिम :तपाई संसदमा सांसदको रुपमा पनि प्रतिनिधित्व गरीसक्नु भएको हुँदा त्यस समय जातिय अधिकारको कुरा कत्तिको उठाउनु भयो त ?**

मैले पहिलेदेखि नै जातिय समानताको पक्षमा आवाज उठाउँदै आएका हो । हामीले माग गरेको भनेको जातिय समानताको कुरा हो । कुनै पनि जातिले कुनै पनि जातिमाथि थिचो-मिचो गर्ने,

कुनै जाति माथिहुने र कुनै जाति चाहि मुनीहुने, कुनै जाति उपेक्षित हुने र कुनै जाति मात्र मुलधारमा रहने परिपाटिको विरुद्धमा पटक-पटक आवाज उठाउँदै आएको छु । संसदमा रहँदा र पार्टीभित्रै पनि हामीले धेरै कुराहरु उठाउदै आएका हौं । तपाईहरुलाई थाहा नै छ ने क पा एमालेको पाँचौ महाधिवेशनमा मैले जाति, भाषा, धर्म, संस्कृति, जातिय स्वशासन तथा उनीहरुको आत्म निर्णयको अधिकारसम्वन्धि एउटा दस्तावेज नै प्रस्तुत गरेको थिएँ । पछि पुनः म लगाएत पाचजनाको एउटा कार्यदल निर्माण भई यस्तै दस्तावेज तयार गरी पार्टीको केन्द्रीय कमिटिमा प्रस्तुत पनि गरेका थियौं । तर त्यसको कार्यन्वयन भने कहिल्यै हुन सकेन । तसर्थ चाहे व्यक्तिगत रुपमा होस वा सामुहिकमा मैले यस्ता राजनीतिक सवालहरु उठाउँदै आएको प्रष्ट पार्न चाहन्छु ।

**इसिलिम : त्यसो भए जनजाति पार्टीमा जनजाति उत्थानसम्वंन्धि आएका लिखित दस्तावेजहरु कार्यान्वयन नहुनुको पछाडि खास कारणहरु के होलान ?**

वस्तुत एमाले भित्र प्रष्ट रुपमा एउटा रुढीवादी खेमा रहेको देखियो । त्यो नै यसको मुख्य जड हो ।

**इसिलिम : त्यसो भए ने क पा मालेको महाधिवेशनमा चाहिं यस्तो दस्तावेजहरु आयो की आएन त ?**

मालेको अन्तिम महाधिवेशनमा जनशक्ति र समय अभावको कारणले यस पटक यसलाई दस्तावेजीरण गर्न सकेनौ । तर मोटो रुपमा जातिय समानताको कुरोलाई हाम्रो दस्तावेजमा समेटेका छौं । त्याहा हामीले भनेका छौ- सवै भाषा समान हुनुपर्छ, कुनै पनि भाषालाई राष्ट्र वा राष्ट्रीय भाषा भनेर अन्य भाषालाई हेला गर्ने नियतले विभेद गरिनु हुदैन । राज्य धर्म निरपेक्ष हुनु पर्दछ । सवै जाति समान हुनु पर्दछ र आत्म निर्णयको अधिकार पाउनु पर्दछ र स्वशासन मार्फत उनीहरुले आफ्नो विकास गर्ने अधिकार प्राप्त गर्दै राष्ट्रीय मूलधारमा समाहित हुनु पर्दछ । सवैको भाषा, धर्म, सस्कृति सुरक्षित हुनु पर्दछ, राज्यले सवैलाई समान व्यवहार गर्नु पर्दछ , पछि परेको जाति, भाषा, धर्म, संस्कृतिहरुलाई विशेष कार्याक्रम बनाएर राज्यले अगाडि ल्याउनु पर्छ यसरी मात्र राष्ट्रीय एकता सुदृढ र मजवुत हुन्छ भन्ने कुरा हाम्रो पार्टीले सुत्रवद्ध गरेको कुरा प्रष्ट पार्न चाहन्छु ।

**इसिलिम : सांसदज्यु, यो के सुनिएको छ भने राजनीतिक पार्टीहरुमा जनजाति आदिवासीहरुको दस्तावेज लेख्ने कार्य खास जनजाति आदिवासीका नेतृत्व पंतीका व्यक्तिहरुले आफू साम्प्रदायिक भइन्छ भन्ने डरले लेख्तैनन् र यो यस्ता दस्तावेजहरु अरुलाई नै तयार गर्न लगाइन्छ भन्ने कुरा ठूलै किरात राजनीतिक व्यक्तित्वहरुवाट सुन्न पाइयो के यो सत्य हो ?**

खै ! अरुले के गर्छन त्यसवारेमा मलाई केही भन्नु छैन । तर आफूलाई जे सत्य लागेकोछ त्यो बोल्न डराउनु हुदैन भन्ने मलाई चाहिं लाग्छ । अत जो मान्छे जातिय समानताको कुरा उठाउन नै डराउँछ उसले जातिय समानताको लागि कहिले लड्ला र तयस्ताको आशा हामीले कहिलेसम्म गरेर वस्ने । त्यस्ता मानिस हुनु र नहुनु, नीति निर्माणमा पुग्नु र नपुग्नुमा हाम्रो जातिय आन्दोलनमा कुनै महत्व राख्दैन । त्यसकारणले गर्दा जातिहरु समान भएनन भने जातिय विद्रोह हुन्छ, साम्प्रदायिक दङ्गाहरु भड्किन सक्छ, उपेक्षित भएको जाति कहिल्यै अगाडि नआउन सक्छ । हामीले सामुहिक रुपमा हेर्दा पनि देशकै अस्तित्व पनि जातिय समानतामा टिक्न सक्छ, सवै जातिहरुलाई राज्यले समान व्यवहार गरेको छ र सवै जातिहरु कुनै पनि विशेष अधिकार प्राप्त जाति छैनन र सवै समान छन भन्ने भयो भने मात्र सवैले देशलाई समान रुपमा माया गर्छन र नेपाल टिक्न सक्छ । त्यसैले यो कुनै जाति वा व्यक्तिको हितसंग गासिएका प्रश्न भन्दा पनि हाम्रो देशकै अस्तित्वसंग गासिएको प्रश्न हो यो । आखिर नेपाल त धेरै अल्पसंख्यिकहरुको युनियन हो । कुनै जातिले बहुलता ओगटेको होइन हाम्रो देश । त्यसैले विविध जातिहरुको सामुहिक स्वरुप नै नेपाल हो भने कुनै जातिले कुनै जाति माथि उपेक्षा गरेको छैन भन्ने भावना राज्यले दिलाउन सकेन भने अत्यन्त आवश्यक परेको वेला राज्यको पक्षमा ती जातिहरु उभिन सक्तैनन् । तयसैले देशको अस्तित्व रक्षाको निम्ती जातिय समानता आवश्यक हुन्छ । जातिय समानताको लागि जातिहरुले आत्म निर्णयको अधिकार र स्वशासन पाउनु पर्दछ ता कि उनीहरुले आफ्नो विकास आफै गरेर मुलधारमा आउन सकुन । यसो भएमा मात्र उनीहरु नेपाली हुनमा गर्व गर्नेछन् र यसो भएमा मात्र देश अगाडि बढछ र राष्ट्रीय एकता वलियो हुन्छ । त्यसैले यस माम्लामा बोल्न नसक्नेहरुवाट कुनै आशा गर्न सकिन्न उनीहरु औसरवादी हुन ।

**मानिसको लासको गन्तीलाई थोकमा गन्ती गर्न थालेको अवस्था छ देशमा । विद्रोहीलाई राज्यले मुलधारमा फर्काउने प्रयत्नको बदलामा उनीहरूको लासको थुप्रोलाई नै आफ्नो सफलता ठानिरहेको छ । त्यस्तै विद्रोहीहरूले पनि नेपाली जनताको शान्तिप्रतिको चाहनालाई नबुझेर, नेपालले कुन स्तरको क्रान्तिलाई मात्र सहन सक्छ भन्ने नबुझेर युद्धलाई नै प्राथमिकता दिइरहेको छ ।**

**इसिलिम : जनजाति आदिवासीहरुको सवालमा विशेषत कम्युनिष्ट पार्टीहरु नै प्रगतिशिल देखिन्छन् भन्ने हुँदा हुँदै पनि जनजातिसंवन्धि निर्माण गरिएको दस्तावेज कम्युनिष्ट पार्टीको केन्द्रीय समितिले पारितगर्न नसक्नु भनेको के उनीहरुमा मानसिक संकिर्णता रहेकाले होत ?**

प्रगतिशिल चरित्र बोक्नुपर्ने कम्युष्टि पार्टीहरुमा पनि रुढिवादीता परम्परागत संकुचन प्रशस्त भेटिन्छ । तसर्थ उनीहरुले खास समस्याहरुलाई बुझ्न र त्यसलाई अगाडि बढाउन नसकिरहेको देखिन्छ । उनीहरुमा रहेको जातिय अहमता परम्परादेखि नै प्रभुसत्तासम्मन्न जातिको रुपमा हेरिदै आएकाले उनीहरुमा त्यसकारणले आउने परम्मरागत चिन्तनवाट कम्युनिष्ट लिडरहरु पनि मुक्त रहन नसकेको देखिन्छ । तैपनि कम्युनिष्ट पार्टीबाटै सबभन्दा बढी जातिय समानताका वकालत भैराखेको छ । कुनैपनि प्रकारको शोषणलाई अन्त्य गर्ने विचारधारा र शिद्धान्त कम्युनिष्टहरुवाटै जातिय शोषण र आत्मनिर्णयको पक्ष पोषण गरिएको छ ।

**इसिलिम : हाल जनजातिहरुको आन्दोलनमा केही थरी राईहरुले हामी राई होइनौ भनि थरलाई नै जात भन्न थालेका छन्। यसले गर्दा किरात समुदायमा नै आन्दोलनको स्थिति स्पष्ट नरहेको देखिन्छ। त्यसबारे यहाँको दृष्टिकोण के रहेको छ ?**

कतिपय साथीहरुले त्यस्तो तर्क उठाएको कुरा मैले पनि सुनेको छु। तर त्यसमा कुनै तुक छैन। त्यसले हामी राईहरुलाई विभाजित गर्छ। राईहरुको आन्दोलनलाई कमजोर पार्छ। लामो समयदेखि हामी एउटै वंशवृद्धि वा उत्पत्तिवाट आएका छौ। त्यसैले गर्दा हामी राईहरु एउटा जाति हौं। किरात जाति भित्रको एउटा ठूलो शाखा राई हो भन्ने कुरामा कुनै विवाद छैन।

हरेक राईहरुको वंशावली केलाउदा हरेकसँग जोडिन्छ। साथीहरुको तर्क के छ भने पृथ्वी नारायण शाहले दिएको उपाधि हो – राई। त्यसले गर्दा हामी राई होइनौ। तर पृथ्वीनारायण शाह भन्दा अगाडि पनि राईहरु लेखिएको पाईन्छ। जस्तो– पृथ्वीनारायण शाहको पालामा विजयपुरको वुद्धिकर्ण राई चर्चित राजा थिए। अटलसरे राई डुम्रेकोटको राजा थिए। उनीहरुकै कुरा गर्ने हो भने पनि वास्तवमा राई पृथ्वीनारायण शाहले दिएको उपाधि मात्र होइन त्यो भन्दा अगाडी देखि नै लेखिदै आएको थियो भन्ने कुरा प्रष्ट हुन्छ। त्यसैले गर्दा राई हुनमा हिनताबोध पाल्नु पर्ने कुराको कुनै जरुरी नै छैन।

**इसिलिम : इतिहास लेख्ने इतिहासकारहरु जस्तो इमानसिंह चेमजोङहरुले पो राई शब्द थपेका हुन कि ?**

होइन, होइन पुरानो लिखतहरुमा पनि भेटिन्छ। राई एकदम प्रचलित शब्द हो। पछि आएर राई भनेर जिम्मावाललाई पनि "राई पगरी" वा "मुख्य मानिस" भनेर सम्बोधन गर्ने चलन त पछि मात्र चलाइएको हो।

**इसिलिम : तपाईको अध्ययनमा त्यस्ता राई शब्द भएको अन्य यथेष्ट लेख तथा प्रमाणहरु के–के होलान त ?**

इतिहास र वंशावलीहरुमा नै त्यस्ता प्रमाणहरु पाईन्छ। बुद्धीकर्ण राईको मात्र कुरा होइन सेन मकवानको पालामा पनि "राय" भनेर लेख्ने चलन थियो र त्यही रायको अपभ्रंश रुप "राई" हो। अझ भन्नु हुन्छ भने पृथ्वीनारायण शाहको फौजसँग चौदण्डी र हतुवागदीमा ठूलो लडाई भयो। त्यसमा पृथ्वीनारायण शाहको फौज विजयी भयो र किरात राईहरुले एउटा संझौता गनुपर्ने भएकाले एउटा संझौता गरे। तर जसले पृथ्वीनारायण शाहको आधिपत्यलाई स्वीकार गर्न चाहेनन् तिनीहरु संझौतमा सामेल भएनन र तिनीहरु त्यो ठाउँ छोडेर भारतको मधुवनी र अन्य स्थानहरुमा गएर बसे, त्यहाँ सबैले आफूलाई राई भनि लेख्छन्। यदि त्यसो हो भने पृथ्वीनारायण शाहको देशैमा नवस्ने भनेर गाउँ छाडी गएकाहरुले पृथ्वीनारायण शाहले दिएको पदवी "राइ" लाई कसरी जातको रुपमा ग्रहण गरे होला। तसर्थ राई कुनै उपाधि होइन। अहिले मात्र होइन, मधुवनी गएर वसावास गर्नेहरु जहिले देखि लखेटिए त्यो भन्दा अगाडिदेखि नै राई लेख्ने चलन चलाएका हुन।

**इसिलिम : हाल नेपालमा बहुभाषी किरात राईहरुलाई एउटै किरातराईकोरुपमा हेर्ने दृष्टिकोण जनजाति उत्थान संघ राष्ट्रिय प्रतिष्ठान, जनजाति महासंघ आदि जस्ता संघ, संस्थाहरुले राख्दा बहुसंसख्यक राईहरु राष्ट्रिय मूल प्रवाहमा आउन सक्ने स्थिति छैन त्यसो हो भने सबै थरीका राईहरुलाई समेटन के गर्नुपर्ला र कसरी समग्र राईहरुको उत्थान होला यहाँको विचारमा ?**

यो अज्ञानता र दु:खको कुरा हो। राज्यले कहिल्यै पनि पछि परेको जाति जनजातिहरुको बारेमा सोचेन। उसको अवस्थाको मूल्यांकन गर्ने उसको तथ्यांक संकलन गर्ने र यथार्थ स्थिति के छ भन्ने विष्लेषण गर्ने कहिले पनि प्रयत्न गरेन, वरु लुकाइयो। त्यसैको परिणति हो कि आज राईहरु भन्ने वितिकै सबै राईहरुको भाषा भन्दा कुनै एक राईको भाषालाई मात्र प्राथमिकता दिने वा एउटा मात्र भाषा छ राईहरुको भनेर वकालत गरिरहने, राईहरुमा विविध भाषाभाषी छन भनेर बुझ्न कोशिष नगर्ने र त्यसता जनजाति उत्थान गर्ने संघ संस्थाहरुले पनि यथेष्ट तथ्यांकहरु संकलन गर्न नसकिरहेको स्थिति देखिन्छ। अब गर्नु पर्‍यो के भने यस्ता प्रतिष्ठान तथा राज्यको तर्फबाट किरात राईहरुको भाषा कति छन् भाषिक सर्भे गर्नु पर्छ, भाषिक संकट कुन–कुन भाषामा परेको छ त्यसलाई लिपीवद्ध गर्नु पर्छ। यहाँ राईको मात्र होइन कुसुण्डा, राउटे जस्ता जातिको भाषा पनि संकटमा परेको छ। अव भाषा बोल्ने मानिस समाप्त हुनु भन्दा अगाडि त्यसलाई लिपीवद्ध गरेर संरक्षण गर्नु पर्दछ। यो काम राज्यले तुरुन्त गर्न पर्दछ। यही सन्दर्भमा राईहरुको पनि त्यसरी नै अगाडि बढाउनु पर्दछ। राष्ट्रिय प्रतिष्ठान, महासंघ, रेडियो नेपाल, टि.भी. वा स्कूलमा पढाई जहाँसुकै होस जनजाति तथा आदिवासीसम्बन्धि भाषाको कार्य गर्दा सबभन्दा संकटमा परेको भाषालाई पहिलो प्राथमिकता दिएर कामको थाल्नी गरिनु पर्दछ। भाषालाई संचारको लागि मात्र हैन ज्ञानको सञ्चारको रुपमा लिइनु पर्दछ।

**इसिलिम : सांसदज्यू हाल किरात राईहरुको समुदायमा एउटा नयाँ अनौठो धर्म प्रवेश भएको छ यसले किरातहरुको मौलिक आधार चुल्होलाई उखेल्ने कुरा गर्छ आदिपितृदेवलाई बली पूजाको सट्टा फलफूलले मनसाउन खोज्छ अनि हामी नै मौलिक किरात धर्मी हौ भन्छ। के यो साचिकै किरात धर्म हो त ? के उनिहरुले जायजै काम गरीरहेका छन त, सांसदज्यू !**

होइन, होइन यो बिलकुल जायज काम होइन। धर्म, सस्कृति, इतिहास भनेको एक अर्कासँग अन्तरसम्बन्धित हुन्छ। इतिहासबाट हामीले जे गरेर आयौं, हाम्रा पूर्खाहरुले जेलाई आफ्नो धर्म, सस्कृतिका रुपमा हजारौ हजार वर्षदेखि अभ्यास गर्दै आए त्यसमा अवैज्ञानिकता होला, खराबी होला त्यस्ता नराम्रा पक्षहरुलाई हटाएर हाम्रा पुस्ताहरुले आफ्नो भाषा संस्कृतिलाई समृद्ध बनाउन तथा मानवहितका निम्ती परिमार्जन गर्दै लैजान हाम्रो दायित्व हो। तर हजारौ वर्ष लगाएर निर्माण गरेको हाम्रो संस्कृतिलाई अपदस्त गर्ने, भत्काउने, फ्याल्ने काम भयो भने हामीले हाम्रो इतिहासलाई सम्मान र न्याय गरेको ठहर्दैन र हामी जुन वंशका हौ त्यो वंशको इतिहासप्रति गर्व गरेको ठहर्दैन। त्यो हिनताबोध हो। त्यो आफ्नो इतिहासबाट भाग्नु हो। आफ्नो इतिहावाट कोही मुक्त हुन सक्दैनौ। म राइले बाहुनको छोरा हुँ भनेर जतिसुकै दावी गरेतापनि इतिहासले त्यसलाई प्रमाणिक गर्दैन। तसर्थ इतिहासबाट भाग्ने कर्म गर्नु हुदैन। त्यसलाई सामना

गर्नुपर्दछ। तसर्थ अहिले किरात राईहरुमा आएको त्यो धर्म केही चाटुकार, पथभ्रष्टहरु, ठिक ढंगले इतिहास बुझ्न नसक्नेहरु अनी निहितस्वार्थ भएका तत्वहरुले किरातीहरुलाई दिकभ्रमित बनाउन र आधारभूत सँस्कृतिबाट विस्थापित गरेर संस्कृति, धर्म र इतिहासविहिन बनाउन गरेको चेष्टा मात्र हो यो। यसको कुनै औचित्य छैन।

**इसिलिम : के यो कर्म उनिहरु आफैले गरेका हुन वा राज्य यन्त्रबाट गर्न लगाइएको हो ?**

यस्ता कुराहरु प्राय अरुबाट पनि आउने गर्दछ। जस्तै साम्राज्यवादी शक्तिहरुबाट पनि यस्ता कुराहरु गराइन्छ। जस्तो नेलसन मण्डेलाको एउटा प्रचलित कहावत छ- "गोराहरु हाम्रो देशमा आउँदा हामीसँग जमिन थियो र गोराहरुसँग बाइवल थियो, गोराहरुले हामीलाई आखाँ चिम्लन भने हामीले आखा चिम्ल्यौं। आँखा खोलेर हेर्दा गोराहरुको हातमा जमिन थियो हाम्रो हातमा बाइवल।" यसको अर्थ हो प्रयोग साम्राज्यवादी गोराहरुले अफ्रिकीहरुलाई कब्जामा लिन सामरिक होइन धार्मिक अशत्र प्रयोग गरे। धार्मिक रुपमा दास बनाएर उनीहरुमाथि सजिलै शासन स्थापित गरे। तसर्थ आफ्नो भाषा, धर्म, संस्कृति, दर्शन र इतिहास भनेको गौरवशाली जाति भनेर स्थापित गर्ने र जातिको विकास गर्न सक्ने अजय हतियार हुन्छ। तसर्थ स्वगौरव वोध नभएको मानिसले कुनै विकास गर्न सक्दैन। आफूमा हिनतावोध भएको तल्लो जातको , तल्लो कुलको भन्ने हिन भावना भएसम्म केही गर्न सक्तैन।र इतिहासप्रति हिनभावना फैलाउने र विरोध गर्न उक्साउने खालको यस्तो कार्य हाम्रो लडाकुपना र स्वभिमानको विरुद्धमा आएको खेल हो यो। यो विभिन्न क्षेत्रवाट आएको हुनसक्छ। जसले राईहरु जस्तो स्वभिमानी जातिलाई स्वभिमानहिन वनाउन गरेको षडयन्त्र हो। तपाईलाई थाहा छ राईहरुलाई हिन्दु बनाउन राज्ययन्त्रले भरमग्दुर प्रयत्न गऱ्यो तरपनि हामीले किरात राईहरुको धर्म, सस्कृतिलाई बचाएर ल्यायौं। तसर्थ अब त्यो तरिकाबाट सकिदैन भनेर एउटा नयाँ शैलीबाट किरात धर्ममा आक्रमण शुरु भएको छ। नाम चाहि किरात धर्म नै भनिएको छ तर किरातहरुको धार्मिक दर्शनको बिलकुल खिलापमा यो धर्म ल्याइएको छ। यसले मानिसलाई वर्णशङ्कर बनाउने प्रयास गरेको छ। जसबाट आजसम्मको उसको मौलिक इतिहास, परम्परा, जाति, धर्ममा गर्ववोध गर्न सक्दैन। उ लडाकु रहदैन र उ दलाल बन्न जान्छ जसको काम दलाली गर्नु, झुक्नु, धुपौरे हुनसँग सम्बन्धित हुन्छ। उसको स्वभिमान समाप्त हुन्छ र उसले आफ्नो स्वतन्त्रता, समानता र जातिय शोषणको विरुद्ध लड्न छोड्छ। तसर्थ त्यही लडाईलाई समाप्त गर्न यो नयाँ किरात धर्मको अस्त्र ल्याइएको हो। त्यसको कुनै औचित्य छैन।

**इसिलिम : दशैं र तिहार किरातहरुको होइन भन्छन तर यस कुराको टुङ्गो पनि लागेको छैन यहाँको विचार के छ ?**

हुन त मेरा छरछिमेक धेरैले दशैंलाई मान्न छाडेकाले मैलेपनि छोडेको छु। तर दशैंलाई बहिष्कार गरिहाल्नु पर्छ भन्ने मलाई लागेको छैन। दशैंको परम्परा हिन्दूबाटै शुरु भएको हो तर हामी भित्रैपनि यसले मौलिक मान्यता पाइसकेको छ। दशैंमा नयाँ ज्वाईले ससुराली मान्न जानु आफ्नै प्रकारका कोसेली बोक्नु पर्ने, ज्वाइलाई छक्याउनु पर्ने हामी आफैले थपेको परम्परा हो। हिन्दूले दिएको होइन्न। अर्काको चाड मान्नै हुन भन्ने केही छैन। त्यो चाडमा खुसी बाँड्न सकिन्छ भने मान्न सकिन्छ। भ्यालेनटाइन डे आज सबैमा प्रवेश गरीसकेको छ। क्रिस्मस मनाउन भन्दा त दशैं मनाउन नजिकको चाड हो। पून : दशैं हिन्दुको मात्र हो भन्न पनि सकिन्न कारण भारतीय हिन्दुहरुले रक्षावन्धनलाई मनाउँछन्। तिहारमा भाईटिका लगाउने चौसी, भैलो खेल्ने भनेको साझा चाड हो। हिन्दुको मात्र भन्न मिल्दैन। हिन्दुको मात्र त तिज, रक्षावन्धन, एकादशी पर्व मनाउँछन् भने किरांतहरुले उधौली,, उभौली मनाउँछन् तर तिहार साझा चाड भएकोले यसले नेपालीहरुलाई राष्ट्रिय एकतामा मजबुत बनाएको छ।

**इसिलिम : तीनवटै किरात प्रदेशमा किरात राईहरुले नै अत्याधिक नचाइने मारुनी नाचलाई किरात राईहरुको होइन भन्ने भनाईहरु पनि हिजो आज फाट्टफुट सुनिन्छन् तपाईको विचारमा के लाग्छ ?**

कतिपय संस्कृति गतिविधि एउटाले सृष्टि गर्दछ र अर्कैले त्यसलाई निरन्तरता दिदै जान्छ। मारुनीको सन्दर्भमा भन्ने हो भने यसको कतिपय गीतहरु हिन्दू मिथकहरुसँग जोडिएको हुनाले किरातको होइन भन्ने कुराको विवाद त्यहाँबाट उत्पन्न भएको हो। तर मारुनी नाचमा गाउने गीतहरुमा किरातहरुको मिथकहरु पनि जोडिएको पाइन्छ। जस्तो पारुहाङ नायम, तोमाखोमा खकचिलिपुको गीत कहिरनहरु पनि रहेकाले मारुनीलाई हाम्रो होइन भन्ने भनाई गलत हो। बरु के बुझनु पऱ्यो भने त्यसमा हिन्दु मिथकहरु पनि रहेकाले कुनै जमानामा हिन्दुहरुले पनि अपनाएका थिए तर अहिले छैन। केवल किरात राईहरुले मात्र व्यापक रुपमा गर्दछन्। त्यसैले यसलाई आफ्नो सास्कृतिक पहिचानको रुपमा लिन कुनै हिचकिचाहट नगरे हुन्छ।

**इसिलिम : बलिराजा को हुन ? के बलिहाङ भनेको पनि उनी नै हुन ? किनकी तिहारमा बलिराजाको हुकुमले गर्दा चौसी खेल्न आएको भनि भट्टचाउनेले भट्टचाउँछन्।**

म त्यस्तो लामो इतिहासको ज्ञाता होइन र म त्यति जोड दिन्न पनि। तर बलीराजा एक ठूला भूमिपति तथा जमिनदार थिए जसले विष्णुलाई तीन पाउ जमिन दिने क्रममा धर्ती पाताल दिदा जमिन सकिएकोले आफ्नै टाउको टेक्न दिएको किंवदन्ती पाइन्छ। यसबाट के बुझिन्छ भने जसरी बलीराजा जमिनका मालिक थिए त्यसरी नै आज किरातीहरु पनि भूमिप्रति अत्यन्त आश्रित र आवद्ध रहेको कारणले हुन सक्छ किरातीहरु बलिराजाको वा बलिहाङको सन्तान भनिएको हो। एउटा कुरा हामीले देखी आएकाछौं कि किरातहरु जमिनसँग अत्यन्त आवद्ध रहेकाले उनीहरु क्षत्री वाहुन जस्तो आजको भोली बसाई सर्दैनन्। बसाई सर्नुपऱ्यो भने दाजूभाइ, मावली, सुसुराली सबैलाई सोधेर बुझेर, छिमेकलाई हेरेर मात्र सर्दछन्। यसको कारण यो उसको जमिन प्रतिको माया हो।

**सलिम : तपाई दुमी किरात राई फन्सिकिमको स्रष्टा पनि भएको हैसियतले हाल दुकिराफले कुन-कुन काम गर्न सकिरहेको छैन ? र, के के काम गर्नु पर्छ भन्ने लागेको छ ?**

दुमीकिरात राई फन्सिकिमले जति काम गरेको छ त्यो ज्यादै।सराहनीय छ। धेरै राम्रो कामहरु गरेको छ। तर म एउटा

आन्दोलनमा विश्वास गर्ने, आन्दोलनबाटै आएको राजनीतिक कार्यकर्ता रहेकाले म के भन्छु भने दुकिराफले पनि आफूलाई आन्दोलनको रुपमा विकसित गरेर लैजानु पर्‍यो ल्न्इ को रुपमा हैन । ल्न्इ जस्तो भ्प्तिभक तथा जान्ने बुझ्नेहरुसम्म मात्र सिमित राख्नु हुदैन । खास दुमीहरुको बसोवास भएको भूभागमा भाषा, वंशावली, धर्म, संस्कृतिको विषयलाई आन्दोलनको रुपमा उठाउन जोड दिनु पर्दछ । यही काम दुकिराफले गर्न सकिरहेको छैन । यसको संगठन दुमी वस्तीहरुमा मजबुत हुनु पर्दछ । तर अहिले संगठन भएर पनि कमजोर छ । त्यसैले त्यसलाई बलियो बनाउनु पर्‍यो । हाल केन्द्रीय कार्यालय बाक्सिलामा छ तर पनि केन्द्रीय कार्यालय रहेको क्षेत्रमा बढी सक्रिय हुन आवश्यक छ । त्यसो भएमा आधारभूत जनतामा जनआधारित संगठन बन्न सक्तछ । यसले स्थनीय क्षेत्रमा बलियो प्रभाव पार्न सक्छ र यसले जनआधार लिन्छ । यसले गर्नुपर्ने प्रमूख काम भनेको यही हो भन्ने देखेको छु ।

**इसिलिम : किरात भूमिको ऐतिहासिक स्थलका रुपमा रहेका गर्दा धार्मिक तीर्थस्थलहरु लोप भएर गइरहेको देख्नुभएकै छ । यसलाई बचाएर लैजान एक दुमी तथा राजनीतिक नेताको हैसियतले के सल्लाह दिनु हुन्छ ?**

इतिहासका साक्षी प्रमाणको रुपमा रहेको यस्ता ऐतिहासिक महत्वका स्थलहरुको संरक्षण अनिवार्य सर्त हो गर्नैपर्छ । त्यसले मात्र हाम्रो इतिहासलाई प्रमाणिक बनाउँछ । यसको लागि सरकारलाई दवाव दिन पर्छ र यस मामलामा सरकार आफ्नो दायित्वबाट भाग्न हुन्न । स्थानीय सचेत समुदायलाई अगुवा बनाएर लैजानु पर्छ । अहिले राज्यको अस्तित्व दुई चिरा परेको बेलामा जनसमुदायको हस्तक्षेप र भूमिका महत्वपूर्ण हुने कुरा विर्सनु हुदैन । तत्काललाई जनसमुदायकै तर्फबाट गरिने पहल कदमी नै यसको निम्ति उत्तम विकल्प हुनेछ । तत्काल सरकारलाई यो कार्य गर्न बाध्य तुल्याउनको लागि पनि यो काम गर्न जरुरी छ । अहिले भन्ने हो भने स्थानीय सरकारहरु जो दुमी राईहरुको भाषा, वंशावली, धर्म र सस्कृतिसँग जोडिएका छन् त्यस्तो सघन इलाका भएको क्षेत्रमा उनीहरुको ध्यानलाई आर्कषण गर्न सकियो भने उनिहरुले पनि यस कार्यलाई लिएर अगाडि जान सक्नेछन । तसर्थ हामीले सरकारको मुख ताकिरहनु भन्दा स्थानीय निकायहरुलाई हाम्रो पक्षमा काम गर्ने वातावरण बनाउन सक्नु पर्दछ होइन भने सरकारको मुख ताकिरहँदा हाम्रो आन्दोलन सफल भएपनि पनि त्यो अवस्थामा कुनै चिनोवानो नरहने स्थिति हुन सक्छ र त्यो स्थितिमा आन्दोलनको कुनै औचित्य रहने छैन ।

**इसिलिम : अतः यसैसँग सान्दर्भिक कुरा गरौं अहिले बौद्धिक सम्पत्ति अधिकार (Intellectual Property Right) का कुराहरु उठिरहेका छन् । धर्म तथा सस्कृतिको कुराहरुमा हामीहरुले एबतभलत च्भ्नजत लिन सक्ने प्रमूख क्षेत्र तथा विषयहरु के–के होलान् यहाँको विचारमा ?**

यो धेरै महत्वपूर्ण क्ष्ककगभक को कुरा हो । अहिले नेपाल समेत विश्व व्यापार संगठनको सदस्य भैसकेको सन्दर्भमा यस सम्बन्धी महत्वपूर्ण चासो वुद्धिजीवी, राज्य र आदिवासी समुदायहरुले लिनु पर्ने बेला आएको छ । बौद्धिक सम्पत्तिसम्बन्धि अधिकार अन्तराष्ट्रीय अभिसन्धीले एबतभलत च्भ्नजत को व्यवस्था गरेको छ । एबतभलत च्भ्नजत ले अनुसन्धान कर्ता र बौद्धिक सम्पत्ति श्रृजनाकर्तालाई उसको अधिकार संरक्षित गर्ने अधिकार दिएको छ तर यो त्यतिकै विवादास्पद के मा पनि रहेको छ भने यसले अरुले श्रृजना गरेको कुरालाई पनि आफूले गरेको भनेर चलाख व्यक्ति वा संस्थाहरुले दर्ता गरेको तितो घट्नाहरु पनि पटक–पटक आईरहेको छ । यसलेगर्दा वास्तविक सृजना कर्ताहरु चाहिं ठगी, शोषण र बेनामीमा परेका छन् । आदिवासी जनजातीहरु परम्परागत ज्ञान, शीप र प्राविधिका खानी छन् । यसलाई अरु कसैले एबतभलत च्भ्नजत दर्ता गर्ने सम्भावना व्यापक बढेको छ । तसर्थ यो कुरा सम्बन्धित समुदायकै एबतभलत च्भ्नजतरऋयउथ च्भ्नजत भित्र हुनु पर्दछ र सामुदायिक कपीराइटको व्यवस्था हुनु पर्दछ भन्ने कुरा विभिन्न आदिवासी जनजाति फर्महरुबाट आवाज उठेको छ । तर केहि सम्पन्न मूलुकहरु र आफूलाई संसारका अगुवा ठान्ने मानिसहरुले त्यसलाई स्वीकार गरीरहेका छैनन् । त्यसैले नै अहिलेसम्म आदिवासीहरुको सामुदायिक सम्पत्तिको एबतभलत च्भ्नजत राख्ने प्रचलन छैन । हामीले के कुरा हेक्का राख्नु पर्‍यो भने हामीसँग के–के शीप ज्ञानहरु छन त्यसलाई अरुले हाम्रो शीप भनेर दर्ता गर्न नसकुन भन्नाको लागि आफ्नो एबतभलत च्भ्नजत कायम गर्ने, यदि यसो गर्न सकिदैन भने त्यसलाई डकुमेन्टेशन गर्ने, ऐतिहासिक सूचि तयार गर्नेबृतचित्रमा उतार्ने, रिकर्ड गर्ने र प्रचार प्रसार गर्ने गर्नुपर्दछ । जसबाट हामीले हाम्रो शीप र ज्ञानलाई चोरी हुने कामबाट बचाउन सक्छौ र रखवारी गर्न सक्छौं र हामी आफै त्यसको अधिकारी बन्न सक्छौ ।

**इसिलिम : दुमी राईहरुभित्र यस्ता कुन विषयहरु होलान् जसलाई एबतभलत च्भ्नजत को रुपमा दर्ता गर्न सक्छौ ?**

दुमी राईहरु भित्र खास यो नै हो भनेर भन्न सकिन्न । तर पनि किरात राईहरुमा भटमासको किनिमा, जाड रक्सी र मर्चा वनाउने विधि, घरेलु जडिवुटीवाट औषधि बनाइने विधि, खाडी, राडी पाखी वुनाइ प्रविधि जस्ता प्राचिन विधिहरु पर्न सक्छन् ।

**इसिलिम : समाजसेवा, जनसेवा जस्ता शब्दहरु आज राजनीति, समाजसेवी, एन.जी.ओ. सबैले प्रयोग गर्छन् तर पनि यस्ता सेवा दिने क्षेत्रहरु एक अर्काको विरोधी पनि देखिन्छ यस्तो हो भने समाजसेवाको खास अवधारणा के हो त ?**

समाज सेवा, स्वयंमसेवक जस्ता दुईवटा शब्दहरु आज एन.जी.ओ.का कारणले पंगु भैसकेका छन् । डलर खाएर समाजसेवा र स्वयंसेवक गर्छु भन्नु यो बदनामी शब्द भैसकेको छ । बरु म एन.जि.ओ.का वैतनिक कर्मचारीको रुपमा काम गर्छु भन्नु उचित हुन्छ । आज बिना राजनीति गरिएको समाजसेवाको पनि कुनै महत्व छैन जसलाई एउटा सानो राजनीतिक निर्णयले भत्काउँदो रहेछ, गृहयुद्ध ल्याउँदो रहेछ । त्यस्तो राजनीतिक निर्णयको माध्यमबाट समाजसेवामा जानु भनेको चाहिं ठूलो कुरो हो । यसो भनेर फन्सिकिम पनि पार्टीगत राजनीतिमा सरिक हुनु पर्छ भन्ने मेरा मान्यता होइन । बरु यसले आदिवासी जनजाति तथा दुमीहरुको भाषा, वंशावली, धर्म र सांस्कृतिको संरक्षण, विकास र स्वशासनको अधिकारको लागि एउटा ससक्त राजनीतिक नारा बनाएर आन्दोलित हुनसकेमा मात्र संस्था अगाडि बढ्न सक्छ ।

**इसिलिम : यहाँको भविष्यको योजनाहरु के होलान त ? सामाजिक, राजनीतिक र शैक्षिक क्षेत्रमा ।**

म खासमा धेरै पहिलादेखि राजननीतिक कार्यकर्ताको रुपमा लागिरहेको छु । आफू जुन ठाउँमा जन्मियो त्यस क्षेत्रमा बढी भन्दा बढी समाज सेवामा लाग्न पाए हुन्थ्यो भन्ने लागेको छ र धेरै लागें पनि र, त्यसको प्रतिफल हो अहिलेको जाल्पा । मेरो ठूलो राजनीतिक महत्वकांक्षा छैन तर अहिले बन्दुकको नालबाट सत्ता प्राप्त गर्ने उग्रवादी शक्ति र अत्यन्त दक्षिणपन्थी, अवसरवादी, विर्सजनवादी भएर निकम्मा भएको कम्युनिष्ट पार्टीको बीचमा नेपाल कम्युनिष्ट आन्दोलनलाई सही बाटोमा लैजान एक मध्यमार्गी शक्तिको रुपमा ने.क.पा. मालेमा रही काम गरिरहेको छु ।

**इसिलिम:: वर्तमान जटिल परिस्थितिको राजनीतिक निकास चाहिं के हो त ?**

अहिले कसैले कसैलाई समाप्त गर्न सक्ने स्थिति छैन यो सबैले स्वीकार गरेको र अहिले माओवादीले भने जस्तो राजनीतिक संतुलनको अवस्था हो, मान्यता हो । तसर्थ यस्तो बेलामा अग्रगामी निकासको लागि सहमति र संझौताको स्थितिमा पुग्न बाहेक कुनै विकल्प छैन । सबैको अस्तित्वलाई स्वीकार गरेर वार्तामा पुग्नु नै सही प्रकृया हो । जुन वार्तामा सरकार र माओवादी दुबै समूहले युद्ध विराम गरेर वार्तामा आउनु पर्छ । सरकारले माओवादीलाई लगाएको आतंकारीको बिल्ला फिर्ता लिर्नुपर्छ । माओवादीहरुले पनि युद्धविराम गरेर वार्तामा फर्किनु पर्छ र राजनीतिक दलहरुले पनि आन्दोलनको मागहरुलाई उच्च बनाउदै माओवादीहरुको मागलाई समेत सम्बोधन गर्नेगरी नयाँ संविधान निर्माण गर्ने सन्दर्भमा अगाडि बढ्नै पर्छ । यो नै समाधानको उत्तम उपाय हो । जहाँसम्म वार्ताको सवाल छ जनतालाई सार्वभौम मान्ने हो भन्ने संविधानसभा चाहिने हो वा होइन यो पनि जनता सामु नै जनमत संग्रह गराइनु पर्दछ र जस्तो म्याण्डेट प्राप्त हुन्छ सोही अनुसार गर्नुपर्छ ।

**इसिलिम : यहाँ इसिलिमको सल्लाहकार पनि रहनुभएको हैसियतले इसिलिमलाई के नयाँ सल्लाह र सुझाव दिनु चाहनु हुन्छ ?**

इसिलिमले धेरै राम्रो काम गर्न सक्छ । यसले दुमीहरुलाई एकगठ बनाउन, सांस्कृतिक, सामाजिक, राजनीतिक चेतना फैलाउने, भाषिक क्षेत्रमा काम गर्ने इसिलिम शहरमा भन्दा दुमीहरुको गाउँमा पढ्ने पत्रिकाको रुपमा स्थापित गर्नुपर्छ । हुन सक्छ थुप्रै आर्थिक कठिनाई होला, बिक्री नहोला तरपनि शहरबाट Subsides गरेर भएपनि गाउँमा पुऱ्याउनु पर्दछ अनि मात्र उनिहरुले यो इसिलिम हाम्रो हो भनेर चिन्नेछन् र सबैले मद्दत गर्नेछन । इसिलिमले फन्सिकिमलाई तलैबाट उठाउने काममा भूमिका निर्वाह गर्नपर्छ ।

**इसिलिम : जिवनमा सुख दुःखका क्षणहरु केही छन् ?**

उल्लेख गर्नुपर्ने दुःखका क्षणहरु छैनन् । ठूलो आंकाक्षा नबोक्ने मानिस भएको हुँदा साने उपलब्धिमा पनि म खुशी हुन्छु । दुःखले विचलित बनायो भन्ने कुराबाट म बिलकुल पृथक छु ।

**इसिलिम : २०४६ यता धेरै नेताहरुको घर काठमाण्डौमा बनिए तर तपाई डेरामा नै बसिरहनु भएको छ ? के यो बढी इमान्दार भएर हो वा अवसर नमिलेर हो ?**

म पैसा कमाउने धन्धामा संलग्न भइन । मैले प्रारम्भदेखि नै वर्षौं वर्षसम्म अवैतनिक शिक्षकको रुपमा सेवागर्दै आएँ । सांसद हुँदा पनि पाएको पारिश्रमिकको निश्चित हिस्सा पार्टीमा लेवि बुझाउनुपर्थ्यो र बाँकी इष्ट मित्र नरनाता आफन्तहरुको आवत जावत आदिमा खर्च गर्न पर्नाले घर व्यवहार चलाउनै गाह्रो पर्थ्यो र पैतृक सम्पति समेत खर्च गर्न बाध्य भएँ । मेरो बुबाले भन्नु हुन्थ्यो –"केटा जिउ पाल्न के चर्को छ, नाम पाल्न चर्को छ ।" मलाई त्यही भयो । राजनीतिक कर्मीको रुपमा सँगै काम गर्ने साथीहरु आज त्यति उपल्लो तहमा पुग्लान भन्ने म कल्पना पनि गर्न सक्दिनथें । तर ममा त्यो भएन र मेरो परिवार भनेको स्वच्छ कमाइ र परिश्रमले बाँचेको परिवार हो । यसैमा मलाई गर्व छ । आज राजनीतिमा केहि भ्रष्ट नेताहरुको कारणले राजनीति बदनाम भएको छ र त्यसलाई पार्टी सरकार र समाज कसैले कारवाही गर्न सकेन र हामीले पनि समयमा त्यस्ताको भण्डाफोर गर्न सकेनौ । जसको कारणले हामी इमान्दारहरुले पनि बदनामीको टिको लगाउनु परेको छ तर यो पनि सत्य कुरा हो कि अझैपनि राजनीतिमा इमान्दार मानिसहरु धेरै छन् बरु राजनीतिमा भन्दा अन्य क्षेत्रमा अझ धेरै भ्रष्ट मानिसहरु छन् भन्ने प्रष्ट छ ।

**इसिलिम : टंक राई गाउँमूखी मात्र भयो अरुलाई हेर्दैनन् भन्ने अन्य जनमानसको भनाईलाई के भन्नुहुन्छ ?**

हो, त्यसो भन्ने गरेका छन् । तर म जस्तो गाउँमा बसेर निःशुल्क सेवा दिन उनीहरुले सकिरहेका छनकी छैनन् त्यो मुख्य कुरा हो । जाल्पा आज किन नमूना गा.वि.स.को रुपमा स्थापित भएको छ भन्ने कुरागर्ने हो भने यो म जस्ता धेरै व्यक्तिहरुले गरेको त्यागको कारणले भएको हो । यस्तो त्याग हरेक गा.वि.स.का युवाहरुले गरेर देखाउनु पर्छ । गाउँ छाडेर जाने शहरमा बसेर चुनावको समयमा मात्र गाउँ पस्नेहरुले यस्तो काम गरेर देखाउन सक्दैनन् । हामी जाल्पालीहरु केहि आम्दानीको श्रोत नभएको गा.वि.स.ले आज उच्च मा.वि. चलाईरहेको छ त्यो पनि हाम्रै परिश्रमले हो । यदि म त्याहाँको दुई दिनको मात्र पाहुना हुने हो भन्ने आज जाल्पा यो स्थितिमा आउने थिएन । हामीले आत्म निर्भर हुन ठूलो योगदान गरेका छौं यो बाक्सिला जस्तो आयश्रोत भएको गा.वि.स. होइन । जाल्पामा नेतृत्व छ तर श्रोत छैन तर बाक्सिलामा श्रोत छ, नेतृत्व कसैबाट भएन, भएको नेतृत्व पनि अस्थायी रह्यो । त्यागी नेतृत्व गर्नेहरु कोही भएनन् । त्यसैले सबै युवाहरुले गाउँ छाडेका छन् तर जाल्पामा हेर्नुहोस् त सक्रिय सबै युवाहरु गाउँमा नै रहेका छन् र त्यो रहने वातावरण हामीले नै सृजना गरेका हौं । यस्तो शिक्षा अरुले पनि लिनु पर्छ । म सबैलाई यही सल्लाह दिन्छु ।

**इसिलिम : इसिलिम मार्फत के शुभकामना दिनु चाहनु हुन्छ?**

मानिसको लासको गन्तीलाई थोकमा गन्ती गर्न थालेको अवस्था छ देशमा । विद्रोहीलाई राज्यले मुलधारमा फर्काउने प्रयत्नको बदलामा उनीहरुको लासको थुप्रोलाई नै आफ्नो सफलता ठानिरहेको छ । त्यस्तै विद्रोहीहरुले पनि नेपाली जनताको शान्तिप्रतिको चाहनालाई नबुझेर, नेपालले कुन स्तरको क्रान्तिलाई मात्र सहन सक्छ भन्ने नबुझेर युद्धलाई नै प्राथमिकता दिइरहेको छ । तसर्थ यो दुबै स्थितिको मार नेपालीहरुलाई, दुमी समाजलाई परिरहेको छ । तसर्थ सबै सचेत भएर दुबैले युद्ध विराम गरुन भन्ने शुभकामना र दुमी राईहरु आफ्नो संस्कृति, धर्म र भाषा संरक्षणको कार्यमा सफलता मिलोस, आफ्नो श्रोत साधन माथिको अधिकार स्थापित होस् भन्ने आन्दोलनमा दुमी लगायत सबै आदिवासीहरु, दशैं मान्ने नमान्ने सबैलाई प्रगति र सुस्वास्थ्यको शुभकामना चढाउँदछु । मूचि ।

# Preliminary Exploratory Language Survey Report of Some Rai Languages (Dialects)

*Sueyoshi Toba*
S.I.L., Nepal
19 May, 1973

**Introduction**: - since Grierson's Linguistic survey of India (hereafter abbreviated lts.I.) very little linguistic study has been done for Rai languages or dialects, partly because they received less attention from scholars, and partly because of their numerous dialects differences.

One is amazed that L. S.I. records twenty-one languages or dialects. Later R. Shafer, C. R. Voegelin, T. Nishida, w. Glover, and P. K.Benedict tried to classify them, and generally they agree, but more detailed fiesd research may provide differing results since the above mentioned classification was based on somewhat inaccurate data collected some time ago.

Our attempt here is not of a classificatory nature, but to present some material for future dialect survey on Rai languages. This report deals with dialects closely related to khaling which we are studying at present.

1) **Training a survey assistant:** The first writer planned the survey along Rawa Khola area for April, but was unable to do it because of other work priorities. So one month later the writer tried again to go after a short stay in a Khaling speaking village. This time all of the family was sick more or less and it seemed impossible to trek for several days.

Besides the pre-monsoon brought us a lot of rain so that again we were hindered to carry out our plans.

Thus as alternative possibility appeared to us to give basic phonetic training to language assistant (Saptaman Khaling) who responded.

Positively as he wanted to go and see his relatives in the area anyhow. We began teaching him elementary ideas of sounds, reducing them on note-books and so on, which he picked up with no loss of time.

Second training item was recording Swadish word list and short sentences using clause materials that I prepared before. Finally he was instructed to gather other information about the dialect and people. He also learned how to use the portable cassette tapecorder to record the words and stories.

Having gone through this elementary he went on to Dumi dialect area beyond Thulung speaking land (see map in the end)

2. **Dumi survey**: In June 1971, we made a geographical survey from Lamidada, the nearest airstrip. Now in 1973 Saptaman khaling made a trip to Makpa from May 9-14.

a. Informant names:-
   1) Ranaser Dumi (aged 40 c. ) of Makpa village
   2) Makar Dhos Dumi (?) of Ilim village

b. Place and names of villages in which Dumi is spoken:-
   Bepla, Lumdu, chhuka, Ilim, chyantar, Makpa (center of Dumi dialect)
   Lewa, Lumdu, Norung, all on the north bank of Rawa Khola in Khotang district, Sagarmatha Zone.

c. Estimated population:
   About 3,000.

d. Bilingualism :
   Practically all Dumi understand and can speak Nepali, and consequently they tend to mix the Dumi and Nepali in their daily conversation. Youth tend to speak more Nepali whereas old falks prefer Dumi at home. Mr. Lynn Joiner writes me that "I had the impression indigenous language (e. g. o. Dumi) was nearly extinct, so research there is urgent"

3) **Neighboring dialects:** Beside Thulung, which

we presume a language by itself,
That is, quite different from Dumi even though geographically close. We can, then, list Koi-Rai, and Sampang.

For koi-Rai dialect, Mr Boyd Michailovsky took a hundred word lists at Sungdel at the head of Rawa Khola on Dec.27, 1972. His word list is going to be included in our comparative vocabularies. He states that it was "extremely rough notes based on a few hours' exposure. It has, however, value for future reference.

According to Erika Guggisberg , Monika HOhling and Olavi Versalainen there was not single speaker of Sampang near Dingla where we though Sampang should be spoken. Both Saptaman Khaling and Mr. Michailovsky found out that there are many villages along Tap Khola, a branch of Rawa Khola on the east where Sampang is spoken to date.

The following names are told by people and found to be accurate on the map:-
Bakawala, Baspani, Bhadaure, Bhangdu, Bhusungda, Chiplung, Damdi, Khartamchha, Makhamla, Mamatem, Patheka, Chhemsune, Saralung, and Tomane in Khotang district, Sagarmatha Zone .This group seems to be quite numerous, but we have no exact information about bilingualism in the area. We suppose the rate of bilingualism should be lower then in the Dumi area where other ethnic groups live side by side.

**4) Comparative vocabularies:-**

The following conventions for the transcription are used:

| | | | | | |
|---|---|---|---|---|---|
| aa | for (a), | a | for (b), | x | for (a) |
| ä | for (æ), | ü | for (u), | ö | for (F) |
| ng | for (?), | sh | for (Š) | ė | for (ý) |

Broad phonetic symbols

Tone is not marked for Dumi and Koi-Rai.

(H) In the following list stands for B. H. Hodgson's vocabulary because S. Khaling did not fill words in these places.

## A hundred word list

| | English | Khaling | Dumi | Koi-Rai |
|---|---|---|---|---|
| 1. | I | ung | angu | ang |
| 2. | you | in | anu | an |
| 3. | we | ik | inki (h) | angkx |
| 4. | this | ta | tam | |
| 5. | that | ma | maam | |
| 6. | who | 'sü | asu/asi | su |
| 7. | what | mang | mo | |
| 8. | not | mu | mono | |
| 9. | all | kholeng | khala/jhara | |
| 10. | many | ghole | dumo | |
| 11. | one | 'tu | tukli | oko |
| 12. | two | 'saphu | sakli | |
| 13. | Big | ghwaalpe | ghalpa/ghaalsaa | |
| 14. | long | songpe | songsaa | |
| 15. | small | 'yaahki | tilsaa | |
| 16. | woman | mesbe | mismaa | mintsumaa |
| 17 | man | 'lasbe | laaswa | laantsubaa |
| 18. | person | has/min | minu | mina |
| 19. | fish | ngo | ngu | ngi |
| 20. | bird | salpu | silpu | silpi |
| 21. | dog | khlep | khlibaa | |
| 22. | Louse | ser | syar | sera |
| 23. | three | sang, dektsu | sukli | se |
| 24. | seed | raaru | raaru | |

| | | | |
|---|---|---|---|
| 25. leaf | saapham | saaphu | sepho |
| 26. root | 'sam | suphar | |
| 27. bark | 'kaa | kwa | |
| 28. skin | 'saakaa | saako | |
| 29. flash | so | su | si |
| 30. blood | hi | hi | hin |
| 31 bone | salu | salu | silu |
| 32. grease | 'tsodowe | tsadawaa | |
| 33. egg | phat, ti | phati | pi dhin |
| 34. horn | grang | ghro | gho |
| 35. tail | mer | miri | miru |
| 36. feather | lepti | phasulem | lapto |
| 37. hair | dhosam | doswaam | dosem |
| 38. head | dhong | dakhla | tikhele |
| 39. ear | ngetso | ngicho | ngitso |
| 40. eye | mas | miksi | miksi/misi |
| 41. nose | no | nu | nu |
| 42. mouth | kwaam | kwaam | kem |
| 43. tooth | ngalu | ngilo | ngilo |
| 44. tongue | lem | lyem | |
| 45. finger | sendi | sendi | |
| 46. foot | 'säl | phalu | phe?maal |
| 47. knee | tamtsu | tumchhu | |
| 48. hand | khar | khur | khur |
| 49. belly | muphu | mupu | mupu |
| 50. neck | 'taaktsu | taaktshu | deltsu |
| 51. breast | tsunbren | dhakdu | |
| 52. heart | tsö | tshuwaa | tsuaa |
| 53. liver | lum | lumu | lumu |
| 54. drink | tu-ne | tung-na | dung ($3^{rd}$ p.) |
| 55. eat | dzö-ne | dzu-na | dzaa (" " ) |
| 56. bite | kän-ne | ka-na | kaai?mu "" |
| 57. see | sei-ne | sen-na | sindx |
| 58. hear | ngi-ne | ngi-na | ngisu-na |
| 59. know | 'cu-ne | çok-na /chuk-na | kukdx |
| 60. sleep | amsi-na | imsi-na | ipdx |
| 61. die | man-ne | mi-na | mitsaa |
| 62. kill | sen-na | se-na | sedx |
| 63. swim | kubi tsemsi-na | chlemsi-na | |
| 64. fly | bher-ne | byarna | bhira |
| 65. walk | lämti-ne | lamthi-na | thitx |
| 66. come | pi-ne | pi-na/huna | bjaa?aa |
| 67. lie | thuman-ne | thisi-na | |
| 68. sit | ngäi-ne | ngaisi-na | ngaanaase |
| 69. stand | rem-ne | ryapna | riphaa |
| 70. give | bi-ne | bi-na | bi-na |
| 71. say | än-ne | aa-na | |
| 72. sun | nwaam | nam | naam |
| 73. moon | lölmadu | lölmutu | |
| 74. star | saangar | songger (H) | |

| | | | | |
|---|---|---|---|---|
| 75. | water | ku | kangku | kxngkhaa |
| 76. | rain | wö | hu | hxdi |
| 77. | stone | lung | lu | laa |
| 78. | sand | 'sekle | sigyama | |
| 79. | clay | 'pöhk | pukhu | phuku |
| 80. | cloud | köm | haksum | |
| 81. | smoke | mikmö | mikhuma | |
| 82. | fire | mi | mi | min |
| 83. | ashes | pai | pu | bui?i |
| 84. | burn | ghrän-ne | graa-na | putsiki |
| 85. | path | lämdu | lamdu | lxmdu |
| 86. | hill | dham | dhamro | |
| 87. | red | halalaam | halalaam | |
| 88. | green | gigim | walu ( H) | |
| 89. | yellow | ööm | omloma | |
| 90. | white | bubum | bubum | |
| 91. | black | kekem | maktsupu (H) | |
| 92. | night | sene | sinam | sinaam |
| 93. | hot | hohpe | haksa | |
| 94. | cold | tshakpe | chhuksa | dzu?waa |
| 95. | full | bhaipe | venchim | |
| 96. | new | nayaa | malom | |
| 97. | good | bhangpe | khanuksaa | khaanuppaa |
| 98. | round | papaalmin | khiriripa | |
| 99. | dry | dhongpe | hangsa | hangaa |
| 100. | name | nang | nu | nu |

**<u>Clause materials for language survey</u>:** This part of report is yet to be worked and incomplete, we shall, though imperfect, list what we recorded from the field note. The following data includes only Khaling and Dumi.

1) Di-transitive:

Khaling--- Ram-ä ung betho i-bi- ngaa-taa.
R Am me kukhri F-give-vp-p
Dumi --- Ram-a betho angu-aam abengu.

2) Transitive:

K --- Bahadur- ä 'yu jä
B Am meal eats
D --- Bahadur-a jaa juta/jita.

3) Semi-transitive:

K ---Rimane kam-bi mu.
R house-in stays.
D --- Rimane kim-bi mota

4) Intransitive:

k --- am ngo.
He cries
D --- mam ngukta.

5) Di-receptive:

k --- t ä dzuttaa ung-bi dham
this shoe me in fit
D --- taam khrim angu biwo danta.

6) Receptive:

K --- ung so- ä i-mus-ta.
Me hunger-m F-make-p
D --- angu swa-aa mina-batu.

7) Semi-receptive:

k --- amppo us äl sü.
His his-leg itches
D --- maampo phalu suyu.

8) Eventive:

K --- dumaa ghrimu.
Dark become
D --- nam ghrimu.

9) Stative:

k --- betho ngöyde-bi gö.
Khukuri chair-on is
D --- betho sungaischobi gota.

10) Semi-stative:

K --- Morislaal u-kam-bi mu.
M his-house-in-stays/is
D --- Morislaal u-kim-bi mota.

11) Descriptive:

K --- 'yu cänüpe.
Rice tasty (is)
D --- jaa chanuksa (gota).

12) Attributive:

| | | | | | |
|---|---|---|---|---|---|
| | K --- | Bahadur | songpe | mu. | |
| | | B | tall | | is. |
| | D --- | Bahadur | songsa | mota. | |
| 13) Semi-attributive: | | | | | |
| | k --- | ung | jhung | lu. | |
| | | Me | cold | feels =I feel cold | |
| | D --- | angu-aam | | ju | lota. |
| 14) Identive: | | | | | |
| | k | --- | täm | syyde. | |
| | | | This | looking-glass. | |
| | D | --- | Tam | seyde. | |

Observation of grammatical system of the both dialects.

As we have seen from above examples we can safely say that Khaling and Dumi share grammar much in common. Phonology and lexicon in both appear somewhat different, but not so much that if some regularity in sound change and lexical difference can be stated one may understand with less different.

More detail study might reveal exact picture of the grammatical structure to state the likeness and difference of both dialects.

6) **Queries:** As we see on the map these two related dialects Dumi and Koi locate closer while Khaling beyond Thulung area.


We said the three are most closely related. Why are far apart from each other geographically? Khaling people say some of their forefathers moved southward long time ago. This may be an answer for our question. Second question: Is so-called Rai dialect which L+S.I.describes same as Koi-Rai? When one compares the word list, he will say affirmatively with some hesitation because some lexical item does not always match.

7) **Conclusion:** Our tentative survey result lead us to say that southern two dialects are most close together, and Khaling is a bit far from the two. But we do not see the need of having separate translation for each dialect.

Another extensive survey will be useful to do grammar study of these dialects as well as neighboring dialects. Some day all these Rai groups might have neat classification as to language distinction.

**Footnotes:**

1. Other survey reports: a) Northwestern Rai survey, by George MacDonaLd, Andreas HoLzhausen, Burkhard SchötteLndreyer. Oct. 1969. b) Khaling-Kulung-Thulung Survey, Andreas Holzhausen, David Hargrave, and S. Tcba.oct 19...) Preliminary Report on a linguistic survey of the Upper Arun Valley. Andreas Holzhausen, olavi Versalainen, oct. 1972. d) Linguistic Survey of the Upper Arun valley. A. Holzhausen, o, Versalainen.Nov. 1972 e) Preliminary Report on survey among Yakkha Rai




Groups. Erika Guggisberg, Monika Höhlig, o, Versalainen. Nov. 1972.

2. Linguistic Survey of India.vol III, part I. Tibeto-Burman family. pp. 305-381.
3. Shafer, R. (1966) Introduction to Sino-Tibetan. Otto Harrassawits.
4. Voegelin, C.R. and F. M. Voegelin (1965) "Languages of the World: Sino-Tibetan Fascicle For, "Anthropological Linguistics, Vol.7, No. 5.
5. Nishida, T, (1970) Seibankan Yakugo no Kenkyu. Sokado
6. Glover, w.w. (1971) "Swadesh list calculation on thirty Tibeto-Burman Languages," Australian University, Canberra, and Summer Institute of Linguistics, Nepal.
7. Benedict, p.k. (1972) Sino-Tibetan, A Conspectus, Cambridge University Press.
8. American Anthropologist who did field research among the Khaling. Personal communication.
9. Hodgson, B. H. (1857) "Comparative Vocabulary of the several languages (Dialects) of the Celebration People called Kirantis , Now occupying the Easternmost Province of the Kingdom of Nepal, or the Basin of the River Arun, which Province is Named After Them, Kirat. Journal of the Asiatic Society of Bengal, vol xxvi, pp.333 and ff.

Area map is attached in this page.

cc: Hale, Gordon, file

मूचि ।



# अधुरो तिहार

✍ नृप दुमी राई
*सप्तेश्वर-८, चिउरीखर्क, खोटाङ*

धेरै दिनपछि हुलाकीले रामेकी आमालाई एउटा चिट्ठी दियो। चिट्ठी छोरा रामबहादुरले पल्टनबाट पठाएको रहेछ। ६ महिनापछि फेरि छोराको चिट्ठी पाउँदा आमा धनशिला दङ्ग छिन्। कतिबेला माया स्कुलबाट आउँली र चिट्ठी वाच्न लगाउँ। उनमा यस्तै प्रकारको कौतुहलता छ। मेरो रामुले के लेखेको होला, कतै विरामी पो पऱ्यो कि नत्र त चिट्ठी पठाई राख्ने मान्छे हो। सँगै चाडवाड नमानेको पनि तीन साल भइसक्यो, यसपालिको दशैं पनि यत्तिकै गयो। चिट्ठी हातमा लिएर रामेकी आमा एक्लै बर्बराइरहेकी थिई, माया पनि स्कुलबाट आइपुगी।

"के भो बज्यू, किन एक्लै बोलीराख्नु भएको ?" मायाले सोधिन्।

"तेरो मामाको चिट्ठी आको रहेछ, ल पढेर सुनाइहाल् त माया", बज्यू मायालाई अह्राउँछिन्, माया चिठी पढ्न थाल्छिन्।

पूज्यनीय आमा, चरणमा सेवा ढोग,
मिति...........

प्यारी भाञ्जी मायालाई आशीर्वाद।

आमा तपाईंहरूको आशीर्वादले गर्दा आजको मितिसम्म सञ्चै छु, उहाँ तपाईंहरू पनि कुशल नै हुनुहुन्छ होला। हाम्रो पल्टन शान्ति सेनाको लागि बोस्निया गएको थियो र योभन्दा अगाडि चिट्ठी लेख्न पाइन। आमा, थाहै नपाई परदेश लागेको पनि तीन वर्ष बित्न लागेछ। यसपालि त बल्ल-तल्ल छुट्टी मिल्ने भएको छ। दशैंमा आमाको हातको टीका लगाउने कत्रो इच्छा थियो तर सिपाहीको जीवनले चाहेजस्तो कहाँ पो हुन्थ्यो र त्यो पनि परदेशको ठाउँमा। तर यसपालिको तिहार मान्न चाहिँ जसरी भए पनि घर आइपुग्नेछु।

माया भाञ्जी पनि अब त ठूली भइसक्यौ होला। पढाइ कस्तो हुँदैछ ? बुढी बज्यूको हेरचाह गर्दागर्दै पढ्ने फुर्सद नै पो कहाँ होला र। तर पनि भाञ्जी पढाइ चाहिँ कहिल्यै छोड्न नहुने रहेछ। पढ्न नसकेको पीडा म अहिले भोग्दैछु। फेरि घरमा बसेर शान्तिसँग पढ्ने अवस्था नै कहाँ थियो र ? सबैतिर अशान्ति अहिले जस्तै हो।

आ, छाडिदिउँ यी गन्थनका कुरा। म पनि यसपालिको तिहार मान्न घर आउँदैछु। रमाइलो गरी मनाउनु पर्छ ल। लक्ष्मीपूजाको रातभरि भैलो खेल्नुपर्छ। जिन्दगीको के ठेगान। बरू सिरमालाई भनेर पल्लाघरे माईलालाई मादलको तान ठोक्न लगाइ राख्नु।

आमा र भाञ्जीको लागि मैले राम्रा साम्रा फरियाहरू किनेको छु। आमालाई तिलहरी र प्यारी भाञ्जीलाई मनपर्ने औंठी बनाइराखेको छु। अरू पनि धेरै छन्, यी कुराहरू पछि नै भनौला। अनि मामालाई सयपत्री उन्न भने कञ्जुस्याइँ नगर्नु। सेल पनि मामालाई राम्रो हुनुपर्छ ल। म जसरी भए पनि लक्ष्मीपूजाको दिनसम्म आइपुग्ने छु। आजलाई बिदा।

तपाईंहरूको प्यारो-रामबहादुर

चिट्ठी पढेर बज्यूलाई सुनाई नसक्दा नै मायाको मुहार खुसीले चम्किसकेको थियो। पोहोर साल पहिरोले घरसहित सपरिवार बगाएपछि मायाको मुहारमा पहिलोपल्ट खुसी छाएको छ। बिचरी माया मावलीमा भएकोले मात्र बाँचेकी थिइन्। त्यो विपत्ती देखेर माया तीन दिन बेहोस् भएकी थिई। त्यही कारण अहिले पनि माया कमजोर छिन् र बारम्बार बिरामी परिरहन्छे।

बुढेसकालको सहारालाई चाँडै भेट्न पाउने आशामा धनशिला बज्यूका परेलीहरू पनि हर्षले भिजेको मायाले देखिन्। चिट्ठी सुनिसकेपछि लामो निश्वास तान्दै धनशिलाले यतिमात्र भनिन्- "टुहुराको सहारा दैव हुन्छ भन्छन्, धन्य दैव ! धन्य !"

आज कुकुर तिहार। आज मायाको शरीरमा अस्वभाविक फुर्ति बढेको छ। बिरामीले गर्दा अबेर उठ्ने माया आज भालेको पहिलोडाकमै उठेकी छे। घर लिपपोत गरेर पँधेराबाट पानी ल्याइसक्दा पनि राम्ररी उज्यालो भएको छैन। धनशिला बज्यू त बुढी मान्छे, एकपहर भन्दा बढी निदाउनै सक्दिनन्। मायां बज्यूलाई चिया पकाइवरी अँध्यारोमा नै सिम्माको घरतिर हानिई, जो उनको सुखदुःखको एकमात्र सहेली थिइन्। हिजो मामाले पठाएको चिठी देखाउँदै मायाले सिम्मालाई सबै बेलिबिस्तार लगाइन्। यसपालिको तिहार त रमाइलो हुने भयो। तर मामालाई भैलो खेलाउने कुरामा दुवैले मुखामुख गरे। 'भैलो त केटीहरूले मात्र खेल्छन्, मामालाई कसरी लाने ?' मायाले द्विविधा पोखी। 'आ तेरो म्याक्सी लगाइदेन भइहाल्छ नि, अँध्यारोमा कसले देख्छ र ?' सिम्माले ठट्यौली पारामा भनिन्।

उता रामबहादुर सरसामान मिलाउनमा व्यस्त छ। तीन वर्षपछि घर जान लागेकोले शुभकामनाका साथ बिदा गर्ने साथीहरू पनि प्रशस्तै छन्। कत्तिले त नयाँ दुलही लिएर आउनु भनेर ठट्टोसा नै शुभकामना दिन पनि चुकेनन्। अन्तमा सबैसँग बिदावारी भएर ऊ एयरपोर्टतिर लाग्यो। एयरपोर्टमा केही समय पर्खनुपर्ने भयो। वेटिङ रूममा बसेर गाउँघरको मीठामीठा कल्पनाहरूमा हराइरहेकै बेला अचानक उसको आँखा भित्ताको टेलिभिजनमा पर्न गयो। त्यत्ति नै बेला वी.वी.सी. ले नेपालमा सुरक्षा फौज र माओवादीबीच भएको भिडन्तमा पाँच दर्जनको मृत्यु भएको सचित्र समाचार प्रशारण गऱ्यो। रामबहादुरको मुहारमा एकाएक निराशा छायो। यस्तै अशान्तिले विरक्तिएर उ लाहुर जान विवश बनेको थियो। नत्र घरमा वृद्ध आमा र अबोध भाञ्जी छोडेर परदेशिने मन उसको पटक्कै थिएन। ऊ बम र बारूदको धुवाँमा रूमलिरहेको बेला

आफ्ना एकमात्र प्यारी दिदीको स-परिवार जस्तै पहिरोले बगाएको (पुरेको) थियो । यो खबर पनि उसले धेरै पछि मात्र पाएको थियो । यस्तै आरोह-अवरोहको सोचाइमा डुबिरहेकै बेला छेवैको माइकबाट 'कृपया, ध्यान दिनुहोस्, काठमाडौं जाने जहाज तयार छ ।' आवाज आउँदा उसको तन्द्रा खुल्यो ।

ऊ काठमाडौं आएर हवाइजहाजको टिकटको खोजीमा केही दिन भौंतारियो तर असुरक्षाको कारण जहाजले पहाडी क्षेत्रको उडान गर्न नसक्ने जानकारी पाएछि दिक्‌दारी मान्दै रात्रीबसको सहारा लिई गाउँतिर हानियो । गुडिरहेको बसमा तीतामीठा कल्पनाहरू गर्दागर्दै ऊ निदायो । राती बीच बाटोमा खलासीले ठूलो स्वरमा करायो, 'ल चेकिङ- चेकिङ सबै ओर्लनोस् ।' ऊ ब्युँझियो । किन किन अरू यात्रीहरूभन्दा ऊ हतार देखिन्छ । लक्ष्मीपूजा केवल तीन दिनमात्र बाँकी छ । बसबाट ओर्लेर पनि घर पुग्न दुई दिन आधी त लागिहाल्छ उसलाई ।

भोलि लक्ष्मीपूजा । आजैबाट स्कुल पनि बिदा हुने । बिरामी भए पनि मायाले स्कुल जान छोडेकी छैन । घर वरिपरि पनि गोडमेल गरेर चिटिक्कै पारेकी छे । बज्यूले बिरामी छस् स्कुल नजा भन्दा मायाको जवाफ आउँथ्यो- 'स्कुल नगएर कहाँ हुन्छ, नपढेको मान्छेले साह्रै दुःख पाउँछ रे । फेरि भोलि त लक्ष्मीपूजा, यतिका दिनपछि मामा आउँदै हुनुहुन्छ । मेरो प्यारो मामालाई सयपत्रीसँगै नरिबलको बास्नादार माला पनि उनिदिनु पर्नेछ । अरू पनि धेरै किनमेल गर्नुछ । यी सबै आंजै नगरे भोलि भ्याइँदैन । सिम्मासँग स्कुलबाट नै मेला गएर किनमेल गर्ने सल्लाह छ । तपाईं सुर्ता नमान्नोस् म सबै कुरा मिलाउने छु ।'

यत्तिकैमा सिम्मा तलतिरबाट कराउँछे, 'माया तयार भइस् ?'

मायाः जवाफ फर्काउँछे, 'भएँ भएँ छिटो आइज ।'

दुवैजना किनमेल गर्ने सरसामान र बेलुकी भैलो खेल्ने कुरा गर्दै स्कुल पुगे । स्कुल पनि आज छिट्टै बिदा भयो । दुवैजना स्कुलबाट नै मेला गएर किनमेल गर्दा झमक्कै साँझ पर्‍यो । दुवैजना हतार-हतार घरतिर लागे । बज्यू धनशिला बिरामी मायाको सुर्ता मान्दै भात भान्साको धन्दामा लागिन् । माया र सिम्मालाई घर पुग्दा निकै अबेर भयो ।

'बस है माया,' भन्दै सिम्मा घरतिर लागी । माया पनि धेरै थाकेको छु, सन्चो पनि छैन भनेर खाना नखाई ओछ्यानतिर लागी । बज्यू धनशिलाले बिरामी मान्छे खाना नखाएको पनि धेरै भयो थोरै खा भनी कर गर्न जाँदा माया टुकीको उज्यालोमा सयपत्री उनिरहेकी थिइन । कति नै कर गर्दा पनि मायाले खान मानिन । धनशिला पन्ध त्यत्तिकै फर्की ।

भोलिपल्ट बिहान अबेरसम्म माया नउठेपछि बज्यू गएर ब्यूँझाइन् तर मायाको अवस्था गम्भीर थियो । पसिनाले निथ्रुक्क भिजेको उनी अर्धचेत थिइन् । बज्यूले पानीपट्टि गरिदिइन् र सिरमालाई बोलाएर गुहार खोज्न भनिन् । छिनभरमा नै छिमेकीहरू भेला भए । के गर्ने कसो गर्ने, सबै अन्योलमा परे । न यातायातको सुविधा न नजिकमा अस्पताल । मायाको अवस्था झन्झन् नाजुक बन्दै गयो । उनको बोली बन्द भयो । कहिलेकाहीं आँखामात्र अलिअलि उघार्थी । सबैजना गहभरि आँसु पारेर मायालाई बोलाउँथे- "नानी, तिमी के भयौ, यस्तो रमाइलो चाडवाडमा... ।"

उता भरिया लिएर रामबहादुर पनि डाँडाको चौतारीमा उक्लियो किन... किन-किन अघि छोडेको ती चौतारी र गोरेटोहरु रामबहादुरलाई निरस र उजाड लाग्छ । खुइय सुस्केरा तानेर पारिपट्टिको पहिरो नियाल्दै उभियो । त्यहाँ उसको मनमस्तिष्कमा आफ्ना दिदीको अदृश्य छायाँ कता कता मञ्चन हुन थाल्यो । उनले आफ्ना आँखा घरतिर डुलायो ।

आँगनमा धेरै मान्छेहरू चलखेल गरेको देखेर ऊ आश्चर्यमा पर्‍यो । म आउने थाहा पाएर छिमेकीहरू भेला भएछन् भन्ने सोचेर ऊ दङ्ग परे । सन्ध्याले उत्तरार्ध टेकिसकेको थियो । केही बेर चौतारीमा सुस्ताएर ऊ घरतिर पर्‍यो । आँगनमा पुगेपछि सबैको आँखामा आँसु देखेर ऊ स्तब्ध बन्यो । वास्तविक कुरा थाहा पाउन भिड चिर्दै ऊ अघि बढ्यो... । विडम्बना माया मृत्युसँग अन्तिम संघर्ष गर्दै थिइन् । रामबहादुर मर्माहत भने, उसलाई सिंगै आकाशले थिचे जस्तो लाग्यो । सम्हालिएर आँसु थाम्दै उनले मायालाई अंगाल्दै भने, 'भान्जी तिमीलाई के भयो, आँखा खोल, म मामा ।' रामबहादुरको चिच्याहटले गर्दा मायाले थोरै आँखा खोलिन् र मुस्किलले सिरानीमा आधा उन्न बाँकी रहेको सयपत्रीको माला उठाई मामालाई लगाइदिने प्रयत्न गरी तर त्यति नै बेला उनले अन्तिम श्वास छोडी । माला भुइँमा खस्यो । सबैजना डाको छोडेर रून थाले । पल्लो गाउँका एक हुल कुकुरहरू पनि भक्कानिएर नमिठो स्वरमा रून थाले हुँ ऽऽ हुँ ऽऽ हुँ ऽऽ । समाप्त ।


**विजयादशमी तथा शुभ दीपावली २०६० को**

शुभ उपलक्ष्यमा समस्त देशवासीमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।





**अरुणज्योति विद्या मन्दिर परिवार**

जोरपाटी-४, काठमाडौं

फोन ४४८४५२०

# मेरो लेख लेख्ने प्रयास



✍ *हिमा राई*

मानिसहरूको स्वभाव, बानी ब्यहोरा खालपरीका हुन्छन् । म चाहिँ छु नेपालीलेख्नु परेमा मरेको स्याल झैं हुने । आफ्नो मातृभाषा, प्यारो नेपाली लेख्न ज्यादै अल्छी लाग्छ । जिन्दगीमा नेपाली जाँचमा निबन्ध इत्यादि र नेपाली किताब बाहेक यताउती केही नलेखेको मान्छेले के लेख लेख्ने ? कस्तो लेख लेख्ने ? 'इसिलिम' को लागि लेख चाहियो भनेर चतुर्भक्त सरले भननुभएको थियो, शनिबारको मिटिङ सकिएपछि । के लेखुँ भनेरसोच्दै घर फर्कदै थिएँ । हिँड्दा पनि गहिरिएर ने सोच्दै थिए । शायद गहिरिएर सोच्दै थिएँ होला, त्यसैले त बाटोमा तीन जनासित ठक्कर खाएँ । चौथोपल्ट चाहिँ खान्न भनेर ध्यान दिएर हिँडे तर ठक्कर खाएँ नै । दुईजना केटाहरू चुम्बकले फलाम ताने झैं सिधै आएर ठोक्किए अनि हाँस्दै गए । आफूलाई ठोक्किएर कस्तो जीउ दुख्ने उनीहरूलाई चाहिँ मोज हुने । जिन्दगीमा कहिले चार चोटि ठक्कर पाए फेला पर्थ्यो तिनीहरूलाई । मनभरि तिनीहरूलाई सराप्दै हिँड्दै थिएँ फेरि ठक्कर । अब त छोड्दिन छोड्दिन भनेर कस्सिएर अगाडि हेर्छु त बिजुलीको पोल पो । हाँसो पनि उठ्यो रीस पनि । के गर्ने के गर्ने ? अनि खुरुक्क लागें बाटो ।

बल्ल तल्ल पाँच ठक्करको मार सहेर घर आइपुगें । त्यति खेरसम्म लेखको कुरा त दिमागबाट भुस भइसकेको थियो । सदा नै ढिलो सिद्धिने मिटिङमा बस्दाबस्दा यस्तोभोक लागेको थियो कि घर पुग्नेबित्तिकै लुगा पनि नफेरी पसें भान्साघरमा र जे खाजा थियो खाएँ, जे-जे थिएन तिनहरू पनि अलि अलि मुखमा हालें, अरूको आँखा छल्दै । बल्ल पेट शान्त भयो, अनि मन पनि । अब चाहिँ लुगा फेर्छु भनी कोठामा बसेको मेरो खाटमा 'इसिलिम' को पुरानो अंक पल्टिरहेको रहेछ । तब झल्याँस्स लेख लेख्नुपर्ने कुरा सम्झिएँ । लुगा फेरेर कापी कलम हातमा ठिक पारेर सोच्न थाले, के लेख्ने, के बारे लेख्ने ? केही पाइन लेख्नलाई । मलाई जे जे मा लेख्न मन लाग्यो, त्यो सबै विषयहरू सबैमा त अरूले लेखिहालेका छन् । म के लेख्नु र खै? झण्डै एक घण्टा तर्कनामै बित्यो । भएन दिमाग अलिक चुस्त भएपछि केही फुर्छ होला भन्ठानेर म बाहिर चौरमा निस्किएँ । मेरा छिमेकी साथीहरू थिए, अनि त धाराप्रवाह गफहरू जान थाले । कलेज पढाइ, जाँचदेखि लिएर अमेरिका, फिल्म, केटाहरू इत्यादि इत्यादि । प्रसंग प्रसंगमा कुन साथीको एउटा पत्रिकामा लेख छापिएको छ भन्ने कुरा चल्यो, अनि पो झसंगभएँ 'जानु छ' भन्दै साथीहरूसँग बिदा मागी घरतिर लागें ।

**मलाई जे जे मा लेख्न मन लाग्यो, त्यो सबै विषयहरु सबैमा त अरुले लेखिहालेका छन् । म के लेख्नु र खै? झण्डै एक घण्टा तर्कनामै बित्यो । भएन दिमाग अलिक चुस्त भएपछि केही फुर्छ होला भन्ठानेर म बाहिर चौरमा निस्किएँ । मेरा छिमेकी साथीहरु थिए, अनि त धाराप्रवाह गफहरु जान थाले । कलेज पढाइ, जाँचदेखि लिएर अमेरिका, फिल्म, केटाहरु इत्यादि इत्यादि ।**

घरमा यसो घडीतिर आँखा लगाएको, सात बजिसकेछ । अनि गृहकार्यहरू याद आए कलेजका । ती मेरा विद्यालयदेखिका शत्रु गृहकार्यहरूलाई सखाप पार्छु अनि लेख लेख्छु भन्ने विचारले मैले गृहकार्यहरू गर्न थालें । सिद्धिनै आँटेनन् । हैन कति गृहकार्य हो भन्दै झ्याउ मान्दै थिए खाना खान बोलावट भयो । भोकभन्दा गृहकार्य के हो के ? त्यसैले कलम बन्द गरेर दुई थाल भात बजारेर दाँत माझी टि.भि. हेर्ने तरखरमा लागें । तर ज्या ! कस्तो बुद्धि, लेख नि ? अँ, लेख त्यसैले मैले मेरो टिभी हेर्ने अमूल्य समय बलिदान दिएँ एउटा लेख लेख्नलाई । लेख्न बस्छु न लेखको शीर्षक फुर्छ न त विषय नै । रेडियो सुन्दै सोचें भने फुर्छ होला । रेडियोले पनि केही मद्दत गर्छ कि भनी रेडियो खोलें । स्टेशन बदल्दा बदल्दा बल्ल उटा मनपर्ने कार्यक्रम भेटें अंग्रेजी गीतहरूको । त्यसैमा मग्न भएँ एकैछिन तर फेरि विचार आयो, हामी नेपाली ठेट गीतहरूलाई कस्तो दुत्काछौं । यस्ता पश्चिमी काम न काजका गतिहरूमा चाहिँ हेर कस्तरी झुमिन्छौं । अनि मैले सोचें हो म यही विषयमा लेख लेख्छु । हामी युवा कसरी पश्चिमी संस्कारबाट प्रभावित हुँदैछौं भन्नेबारे । दुई लाइन लेखें र पढें, छ्या कस्तो बेवकुफ लाइन । त्यसलाई काटें फेरि लेखें र फेरि काटें । मेरो सबै हरफहरूदेखि चित्त बुझेन । लाग्दथ्यो यदि मैले चाहें भने म पनि प्रभावकारी लेख लेख्न सक्छु । देवकोटाभन्दा बढी धाराप्रवाह । तर खै लेख्ने काट्ने प्रक्रिया धेरैबेर चलिरह्यो । अन्त्यमा रिसले कलम सलम बन्द गरेर डङग्रङ्ग ओछ्यानमा पल्टें । आँखा खोल्दा बिहानको सात बजिसकेको थियो । नित्यकर्म गरेर के गर्ने भन्दाभन्दै लेख लेख्ने कुरा सम्झिएँ । अब चाहिँ यै निन्द्रादेवीको महिमा बयान गर्छु भनी कलम लिएर बसें । तर एउटा शब्द फुरेन । आधा घण्टा कहाँबाट सुरू गर्ने भनेर टोलाएर बसें । त्यसपछि मैले आफैंलाई केलाएर हेरें । जिन्दगीमा कहिले लेख नलेखेको मान्छे । नेपालीमा बल्ल तल्ल पास हुने, नेपाली पिरियडमा मस्त स्वप्नलोकमा पुग्ने मान्छे म । कसरी लेख लेख्न सक्छु भनेर आँट गरें हँ ? त्यही त कसरी आँट गरिस् तैंले ? मैले आफैंलाई प्रश्न गरें र अन्त्यमा यो निष्कर्षमा पुगें । मलाई दश तलाबाट हाम फाल्न लगाऊ, कलेजबाट भाग्न भन, मिटिङमा सुत्न भन, बरू दिनभरि मिटिङमा नै बस्न भन तर प्लिज नेपालीमा लेख लेख्न चाहिँ नभन किनभने मेरो दिमागको त्यो कम्पार्टमेन्ट चाहिँ खालि छ ।

*(उपयुक्त लेख सत्य अर्ध काल्पनिक हो ।)*

# ऊ र म



दोभान बान्तवा राई
पुल्चोक इन्जिनियरिङ कलेज

ऊ र म एकै सालको ।

गोठमा गोबर सोहोर्दा उसलाई जन्माउदा उसकी आमा बितिन् । स्थिति त मेरी आमाको पनि कम थिएन । तर शिक्षण अस्पतालमा अपरेशन गरेर नै हामी दुबै बाच्यौं ।

ऊ हाम्रो खेतालाकी छोरी हो । उसका कान्छी आमा पट्टिका ऊ मुनि दुई भाई र तीन बहिनी छन् । मेरो बुबा सरकारी हाकिम हुनुहुन्छ । आमा गैरसरकारी संस्थामा काम गर्नुहुन्छ र मेरो एक भाई छ । म भन्दा पाँच वर्ष कान्छो । उ सग मेरो पहिलो भेट हिउदे छुट्टीमा म गाउँ जाँदा भएको थियो । बाजे, बोजु र काका, काकीको अगाडि मेरो बोर्डिङ्ग स्कुलका अंग्रेजी राइम्सहरु नाचीनाची मैले गाउदा, ढोकाको चेपबाट आफुभन्दा अढाई वर्ष कान्छो भाई बोकेर ऊ टवाल्ल परी एकटक हेरिरहेकी थिई । स्कुल जाने ईच्छा त उसलाई त्यसबेला देखि नै थियो । तर नौ पुगि दश लागेपछि मात्र बल्लबल्ल त्यहिको मा.वि. मा कक्षा दुईमा भर्ना भई । आमाले मेरो पुरानो झोला र जामा दिंदा लाजले र हर्षले, कुम साघुराउदै केहि नभनि सामान टिपी खुर्र भागी ।

म उसलाई अक्षर सिकाउन बस्थे । म आफ्नो शीशा कलमले लेख्थे ऊ त्यसलाई आफ्नो डटको रिफिलले उतार्थी । मैरै ढिपिमा उसले त्यो फर्सद पाएकी थिई । उसको अज्ञानतामा म आफ्नो वढप्पन महशुश गर्थे । मेरो मनगढन्ते कथाहरु, फुच्चे किस्साहरु ऊ अवाक् परेर सुन्थी, कुनै प्रश्न विना , कुनै सन्देह विना ।

मलाई अहिले सोच्दा लाग्छ शायद ऊ भ्याकुम थिई । जे दिए पनि लिने , जे देखे पनि हेर्ने, जे भने पनि सुन्ने । हुन त त्यसमा डाँडामा लिनलाई, हेर्नलाई, सुन्नलाई कति नै पो कुरा हुन्थे र ?

हो , ऊ र म समान भएर पनि हामीबिच धेरै असमानता र विडम्बनाहरु थिए । कैला केश फुस्रा छाला अनि दुब्लो, झीनो शरिरले गर्दा ऊ मसँगैको भएर पनि म भन्दा निकै कान्छो देखिन्थी । तर उसका जर्जरिएका हात अनि कडा पाउहरुले छुट्टै कथा बोल्थे । हो, म यहाँ बालश्रमविरुद्ध वक्तृत्वकलामा बोल्दै गर्दा ऊ त्यहा आफुभन्दा ठूलो भारी उचाल्दै हुन्थी । म असन बजार घुम्न जादा ऊ वर्खेमा वस्तु धपाउदै हुन्थी । म आफ्नो होमवर्क गर्दा ऊ ढिकीमा उग्दै हुन्थी ।मेरो हेयरब्याण्ड अडकाउने ठाउमा त सधै उसका दाम्ला अल्झिन्थे । साच्चै मेरो ट्युशन फी मात्रै उसका बाले महिनाभर छाम्नपाउने रकम हुन्थे ।

एस.एल.सी. दिएपछि गाउँ जाँदा फेरि उसलाई भेटे । म जस्तै ऊ पनि तरुनी भइछ । तर मैले झैं त्रैशलाई एम टि भी बाट आफुमा ढाल्न र बजारबाट आफुमा भर्न उसले अझै जानिसकेकी थिईन । उसको यौवन , उसको वैश त अझै काचो थियो । अनि जीवनप्रतिका मेरा आकांक्षाहरु त्यस्तरी चुलिसक्दा पनि उसका सपनाहरु अझै कच्चा थिए । म सोच्दै थिए कति सीमीत उसका सपनाहरु, कति नजिक उसका क्षितिज कति साघुरो उसको संसार । म यसरी नै सोच्दै थिए अनि हिजो मैले सुने, ऊ पनि गाऊमा आएको एक जत्थासगै बन्दुक बोक्न हिडिन् रे । मलाई विश्वास छैन बन्दुकमा अझ भनौ वितृष्णा छ , घृणा छ । मलाई रहर छैन क्रान्तिमा, अझ अब त भनै बिल्कुल वेवास्ता छ ।

किनकि, हिजै मेरो भिसा लागीसकेको छ । यस साघुरो शहर अनि सानो देशमा अचतिएर म गुम्सिएर मेरो योग्यता अनि द ताहरु, ममाथिको उस सानो देशको म्पूर्ण लगानिको पोको कसेर अब उछिटिदैछु म अमेरिकातिर ।

# तिमी सुन्छौ भने



गोदा बान्तावा ( लोङली)
काठमाण्डौ, नेपाल

रीतको कुरै नगर उखान त छ नी "रुखमा बसेर नकरा जुरेली हाम्रो नी आउछ पालो"

तर के गर्ने यस्ता उखान जती पटक दोहोऱ्याई तेहेऱ्याई भने पनि आफ्नो पालो आको होइन ।

हाँस्न खोज्ने मान्छे नरोएको, घोडा चढन् मान्छे नलढेको कसले देख्या छ र ? हो यस्तै छ यहाको रित यदि तिमी सोध्छौ भने । उदाहरणको निम्ति मलाई नै हेरन । कत्रो विश्वास थियो, श्रद्धा थियो, मेरो दाई जो मेरो मनमन्दिरमा आश्रित हुनुहुन्छ । तर यही दाई आज पराई । नौलो, अन्जान सरह हुनुहुन्छ । यहाँ तिम्रो सत्यता मिलनसारता, सभ्यता, माया, ममताले कसैलाई केही असर पार्ने छैन त्यसैले म भन्छु देश अन्सारको भेष बदल्न सिक यदि तिमी आफ्नो अस्तित्वलाई बचाई राख्न चाहान्छौ भने, ।

तिमी सत्यको बाटो हिड कर्मठ बन निडरभई लागि परिराख, सफलताले तिम्रो कदम अवश्य चुम्ने छ । अवश्य नै चुम्छ, बाचुन्जेल, गरिबी तिरस्कार लात आदि सहेर अन्त्यमा तिम्रो आत्माले शरिरलाई परित्याग गरिसकेपछि, तिम्रो जय जयकार हुन्छ, अनि सत्यको जीत भएको भनि तिम्रो नाममा पाँच सेकेण्ड मौनधारण गरिन्छ, सकभर एक दिन विदा पनि घोषणा गरिन्छ । त्यासको सुख खुसी तिमीले भोग्ने छौ या त केबल तिमी वा परम पर्मात्मा जाने । त्यतिमात्र कहा हो र सुन्छौ भने धेरै छन त्यस्ता सांसारीक रीतहरु । आश्चर्य लाग्ला तर केहि छैन, यहा जसले जे गर्दानी हुन्छ, जसको सक्ती उसकै भक्ति । यहा आफ्नैहरुबाट बलत्कृत हुन कुण्ठित हुनु, कुनै नौलो कुरा हैन । को आफ्नो को पराई छुट्याउन गाऱ्हो, आफ्नो भनी विश्वास गरेकोले घाटी न्याक्न पछि हट्दैनन् अनि पराई भनि बेवास्ता गरेकोले नै अन्त्यमा अघि पछि साथ दिन्छन् ।

जे होस यहाँके रीत जस्तो भए नि बाच्नु त हुदैछ, त्यसैले बाच्न सिक्नुपर्छ, टिक्नसक्नुपर्छ, शुभ कामना छ तिमीलाई मेरो तर्फबाट ।

# प्रेस विज्ञप्ति

*✍ उत्पीडित किराँत, भोजपुर*

म कुनै राजनीतिक दलको नेता होइन । संघ, संगठन, संस्था, समूह, गुट, उपगुट, समिति कुनैसँग मेरो आवद्धता छैन । म 'म' भनेर बाँच्न खोज्ने एकजना साधारण मान्छे हुँ । मेरो आवाज न बुसको जस्तो दमदार छ, न त लादेनको जस्तो उद्यमदार । मेरो आवाज म स्वयम्लाई समेत हावा नलाउने खालको रोगी छ । चुनौति, चेतावनी, धम्की मबाट उछिट्टिनु भनेको त नेपालका म्यादी सरकारहरुले तुरुन्त शान्ति ल्याउँछु भन्नुजत्तिकै पत्यारिलो हुन्छ । तै पनि म एउटा विज्ञप्ति जारी गर्दैछु, त्यो पनि 'प्रेस' होइन 'फ्रेस' । कस्तो 'प्रेस विज्ञप्ति' भनेर टाउको कन्याइरहनु पर्दैन । हकहितको कुरो उठाउने मौसम छैन । आपत्ति, खण्डन, मण्डन गर्ने मेरो हैसियत छैन । यस्तो अवस्थामा कस्तो विज्ञप्ति होला ? त्यो पनि 'प्रेस' होइन 'फ्रेस' कन्सिरी त तात्ने नै भो ।

मेरो 'फ्रेस' विज्ञप्तिले कसैको पिँडालुबारी फाँडिदेला भनेर नडराए हुन्छ । यसले कसैको घुँडामा आगो पनि जोदैन । न यो कसैको भजन हो, न त कसैलाई पाँडे गाली । यसमा 'प्रतिगमन' को 'प' पनि पर्दैन । 'अग्रगमन' को 'अ' ले छोला भन्ने मैले ठानेको छैन । यी सबैखाले वादविवाद, संवाद, प्रतिवाद, अपवादबाट मुक्त हुनेछ, पूरेत बाजेको कुरा जस्तै चोखो ।

'प्रेस विज्ञप्ति' जारी गर्नलाई कुनै खास प्रावधान होला । कुनै नियम-विनियम होला, तर मेरो चाहिँ 'फ्रेस विज्ञप्ति' हुनाले यो आफ्नै खाले प्रावधान र नियमले विज्ञप्ति हुँदैछ । यस विज्ञप्तिलाई कुनै पार्टीको झण्डा ओढाएर दाहसंस्कार गर्ने कष्ट नगर्नुहोला ।

'फ्रेस विज्ञप्ति' मा मेरो पहिलो विषय हो 'राष्ट्र' । यो 'राष्ट्र' को सही माने के हो ? मलाई त खुर्पाको बीँड सरह नै भएको छ यो शब्द । 'राष्ट्र' भनेको 'देश' हो भनेर प्याच्च भनिदेला, कुनै सुगा विद्वानले । तिनै विद्वानलाई म फेरि प्रश्न गर्छु- 'देश भनेको चाहिँ के हो ?' मेरो प्रश्नले विद्वानलाई कालभैरव बनाइदेला- अरे ! यो मूर्खलाई 'देश' को अर्थ पनि थाहा छैन अझै ? अहिलेसम्म के पढिस् ? के बुझिस् ?

तर म सबै खाले रीस, ताडना र गाली सहन तयार छु किनभने मैले 'देश' को अर्थ नजानी भएकै छैन ।

बडाराजा पृथ्वीनारायण शाहले 'यो मुलुक दुई ढुङ्गाको तरुल जस्तो रह्या छ' भनेका छन् । भौगोलिक अवस्थिति त्यस्तै छ तर कुटनीतिक नियति भने फेरिएको छ । अब माथिबाट झम्पल पनि बज्रन थालेको छ । ढुँगाहरुले त चेप्टयाएकै थिए, अब झम्पलले कुन बेला कच्याक्क पार्ने हो ठेगान छैन । 'संयुक्त राष्ट्र संघ' नामक एउटा पिलन्धरे संस्था छ । यसलाई 'ठूल्दाजु' ले थाङनाको पुतली बनाएका छन् । भाइहरु चुइक्क गर्न सक्ने होइन । 'ठूल्दाजु' को विचारमा 'राष्ट्र' भनेको वासिङ्टनको शितल हावा लाग्ने हुनुपर्छ । सरकार चाहिँ उनको गीतमा नाच्न जान्ने । यता 'माल्दाजु' को चाला उस्तै छ । काखमा राखेर लालीपप खुवाउँदै घोक्रो अठ्याउनु उसलाई साह्रै मज्जा लाग्छ । मौका पाए साँल्दाजु, काँल्दाजुहरु पनि पछि नपर्लान् ।

अरुको दोचार किन गर्ने ? हामी हाम्रै जीउको जुम्रा केलाउन । एकीकरण कालमा 'मुलुक' जनताको निम्ति जीउज्यान आहुति दिने अग्निशाला थियो । सम्राटहरु थाके, राणाहरु आए । अब 'मुलुक' जनताका निम्ति 'रैती' भएर हुकुम प्रमाङ्गी सुन्ने सजायँ झेल्न भूनर्क भयो । सबैलाई 'पञ्च' को दाम्लो लिएर पञ्चायती शासन आयो । यसमा पनि 'देश' ब्वाँसाहरुको पटार ताप्ने पखेरा भयो । अन्ततः खुबै जाति भनिएको प्रजातन्त्र पनि आयो । त्यसपछि त झन् 'राष्ट्र' को अर्थ तीन न तेह्रको भाये । अहिले 'राष्ट्र' भ्रष्टहरुको लागि 'कामधेनु' भएको छ भने इमान्दारहरुका लागि अपहत्ते गर्ने पासो । साँढे जुधाएर तालि पड्काउने टारवारी भएको छ देश । यहाँ लिँडे ढिपीको पञ्जा लडाउने टेबल बनाइएको छ राष्ट्रलाई । बाँच्न खोज्ने कैयौं मान्छेहरुका लागि 'चिहान' हुँदैछ राष्ट्रको अर्थ ।

संविधानको धारोमा भाँडाहरुको लाइन छ । कसैलाई पानी भर्नुछ, कसैलाई दूध । एउटै धारोबाट कोही तेल झर्ने दावी गर्छन् भने कोही बाक्लो मोही । तर धारोको टुटीबाट रगत झरिरहेको देख्ने आँखाहरु पाकेका छन् । विदूषकहरु रत्नपार्कबाट पुलिसको गाडी चढेर ससुरालीको मेजमानी खान रमाउँदै गए । ससुरो सरकार पनि ज्वाइँ सत्कार गर्न चुकेन । गर्नपर्ने कुरो गर्न नसकेपछि यस्ता कुराहरुमा तत्परता देखाएर भए पनि भत्ता त पकाउनै पर्‍यो । बिचरो ! उसले गरोस् पनि कति ? त्यत्रो सा-सात महिना जुहारी खेल्यो माओवादीहरुसँग । वार्ताको टेबुलमा नक्कली सिङ जुधाएर टक्कर लियो । वार्ताको टेबुल सहजोढ्याले तेरो नक्कली सिङ फुक्ल्यो, अब नजुधौं भनेपछि ऊ ग्लानिले भुतुक्क हुँदै पत्रकारहरुको भीडमा पुगेर थुतुनु बजाउन थाल्यो । पानीमाथिको ओभानो हुनुमा नेपालका म्यादी सरकारहरुले विश्वमा कीर्तिमान नै कायम गरेका छन् । वार्ताको टेबुल भाँचिएकोमा छानविन गर्न एउटा आयोग बचाउन चाहिँ भ्याएन यो सरकारले, बरु जड्यौरी बन्दुक बोकेर हाजिरीजवाफमा सामेल भयो ।

जनतालाई 'सुत्केरी' बनाएर थुप्रै भालेहरु काटिए, अनि सुत्केरीको नाउँमा टाउ... मात्र होइन पूरै चोक्टा सम्झ्याइए । फलतः जनता अस्थिपञ्जरमात्र बाँकी रहे भने जनताका नाउँमा भाले खानेहरु रातारात भुँडीदार भए । भुँडीहरु त बढे तर तिनको आयतनमा असमानता देखियो । ईर्ष्या, डाहा, छटपटी सुरु भयो सानो भुँडी हुनेहरुलाई । 'यी मोराहरुले बिताउने पो हुन् कि ?' ठूला भुँडीहरु साना भुँडीप्रति सशंकित भए । विश्वासको संकट देखापर्‍यो । जनताहरु झोलमा भुलिए । एक जुग यसरी बित्यो पापै पापमा । रोल्पाबाट पाप कराउन थाल्यो । त्यो सुनेर 'सिंहदरबार' को भान्से बिरालाहरुले अलि गतिलो तरिकाले 'म्याउँ' पनि गरेनन् । आफ्नै धुनमा भाँडाहरु चाटिरहे, भान्सा कुनातिर छुन्मुनाइरहे । पापको आवाजको डेसिल बढ्न थाल्यो । बल्ल तिनले त्यसतर्फ कान लगाए । ढिला भइसकेको थियो, तैपनि भएभरको शक्ति

लगाएर डुरडुराए, तर पाप झन कानको जाली फुटुन्जेल कराउन थाल्यो । अब बिरालाहरु आत्तिए, अनि चाट्दै गरेको भाँडावर्तनहरु छोपछाप पारेर भान्साकोठाबाट बाहिर निक्ले ।

कथा निकै रोचक भएकाले मेरो 'फ्रेस विज्ञप्ति' मा यसले तन्किने मौका पाएको हो ।

अँ, अनि भान्साबाट बाहिर आएपछि तिनीहरु गुहार माग्दै यताउता भौतारिए । आन्ध महासागरपारिबाट 'ठुल्दाजु' ले अलिकति मन्त्र र ढाडस दिइपठाए । त्यतिमात्र होइन, उनले त्यो आवाजको न्वारन पनि गरिदिए । त्यसपछि त्यो आवाजको नाम 'आतंककारी' रहन गयो । त्यो आवाज आउने ढ्याङहरुको मोल निकै चर्को राखियो । यता 'माल्दाजु' ले त्यो पापको आवाजलाई 'इको' भएको साउन्ड बक्समा जडान गरिदिए । अनि के चाहियो ? घरै भत्कने गरी पापको आवाज घन्कन थाल्यो । 'भल्युम' घटाउने एक दुईवटा प्रयासहरु गरिए, तर ती सब प्रयासहरु 'आगोलाई घियु' नै सावित भए ।

मेरो 'फ्रेस विज्ञप्ति' निकै बहकिएको पक्कै हो । बहकिँदा बहकिँदै कन्दनी खुस्केको पनि चाल नपाउनु जङ्ग्रे पिलर वारिको चलनै हो । फेरि मैले जानेको पनि यतिमात्रै त हो । भट्टीमा पस्दा उदारवादी र त्यहाँबाट निस्कँदा उग्रराष्ट्रवादी बन्न नसिकेको भए 'गोर्खे' को इज्जतै पो जान्थ्यो कि ? इज्जतको त ख्याल गर्नुपर्‍यो नि । हात बाँधेर चोचो बजार्न जानिन भने मेरो नागरिकता नै खोसिने पो हो कि ? त्यसै त देशलाई शरणार्थी समस्याले सताइरहेको बेला म अर्को एकजना किन थपिउँ ? अहिले नागरिकता छैन भने ट्वाइलेट जान पनि गाह्रो छ । भो, म आफ्नो नागरिकताको प्रमाणपत्र गुमाउन चाहन्न । सबै कुरा गुमे पनि नागरिकताको प्रमाणपत्र त म जोगाएरै छाड्छु, चाहे मर्नु नै किन नपरोस् । नागरिकताको प्रमाणपत्र छैन भने मरेर पनि के गर्नु ? एउटा चाहिन पनि नपाइएला ।

अब आफूलाई नै बेचेर भए पनि टाउकोमा चाया, पेटमा ग्यास्टिक, हातमा आलस्य र मुखभरि छिचरो गफको जोहो नै गर्न सकिएन भने नागरिकता पाउन गाह्रो छ, त्यसैले बाँचुन्जेल नेपाली नागरिक हुनु छ भने उपर्युक्त लिखित कुराहरुमा ध्यान दिनु अत्यन्त आवश्यक छ । अन्य कुराहरु तपसिलमा ।

अब मेरो 'फ्रेस विज्ञप्ति' लाई यहीँ गाँठो पारी आफ्नो नागरिक कर्मतिर लाग्छु ।

# किताब

किताब ज्ञान भण्डार हो । यो एउटा निर्जीव वस्तु हो । यसले सबै मानिसलाई राम्रो बाटो देखाउँछ । यसभित्र लेखिएका अक्षरहरू पढेर नै भोलि हामी ठूलो मानिस हुन्छौं । त्यसैले हामीले किताबको सदुपयोग गर्नुपर्छ ।

हामीले किताबको राम्रोसँग जतन गर्नुपर्छ । किनभने हामीले पढिसकेका किताबमा भएका ज्ञान अरूलाई त्योकिताब दियो भने उनीहरूले पनि पढ्न पाउँछन् । किताब सबैलाई चाहिन्छ कि त्यो बच्चा होस् वा बुढो । किताबले हामीलाई असल कुरा मात्र सिकाउँदैन, हामीले आफूले लिएको लक्ष्यसम्म पनि पुग्न मद्दत गर्दछ ।

यो संसारमा किताब नहुने देशै छैन । किताबको अध्ययन नगर्ने मानिसले संसारको बारेमा केही थाहा पाउँदैन र समाजमा उसलाई मुर्ख भनिन्छ । किताब विभिन्न थरिका र विभिन्न आकारका हुन्छन् । आ-आफ्नो देशमा आ-आफ्नो भाषाका किताबहरू हुन्छन् तर अंग्रेजी विषयको किताब भने संसारमा सबैभन्दा धेरै छन् । किताब धेरै विषयका हुन्छन् र यो हामीले जीवनमा पढेर कहिले पनि पूरा गर्न सक्दैनौं । किताब बनाउन कागज चाहिन्छ । कागजमा अक्षरहरू छापेर कुनै एउटा आकार दिई तयार पारेको वस्तुलाई किताब भनिन्छ । किताबको भित्री ज्ञान र आकार हेरेर पनि किताबको मूल्य राखिन्छ । कतिपय किताबहरू आफ्नो प्रचार गर्नको लागि निःशुल्क पनि गर्दछन् । संसारको सबैभन्दा धनी मानिसले पनि म सबै किताब किन्छु भन्दा पनि किन्न सक्दैन ।

*–प्रतिज्ञा शर्मा*
*कक्षा ६*
*बेबिलोन नेशनल स्कुल*
*शान्तिनगर, काठमाडौं*

कथा

# असल मित्र

एकादेशमा दुई मित्र थिए । राम र श्याम ती दुई एकदमै मिल्थे, खेल्दा, पढ्दा, डुल्दा सँगै हुन्थे । एकले अर्कालाई सघाउँथे । अरूलाई मद्दत गर्ने उनीहरको राम्रो बानी थियो । रामकी एउटी बहिनी थिई । बहिनीको नाम उमा थियो र श्यामका दिदीबहिनी कोही पनि थिएनन् । उमाले श्यामलाई पनि आफ्नै दाइसरह माया गर्थी । दिन बित्दै गयो । त्यसैमा श्यामको घर परिवार सबै बाढीले बगायो । धन्न श्याम त्यो रात आफ्नो साथी रामकोमा सुत्न गएको थियो । श्यामले त्यो नराम्रो खबर सुनेर ऊ एकछिन त थचक्क भुइँमा बसेर रोइरह्यो । रामले सम्झाउँदा पनि उ रून छाडेन । रामले श्यामलाई बिदाइ गर्न खोलाको किनारसम्म पुर्‍यायो ।

दिन बित्दै गए । श्यामले आफ्नो आमा बुबाको जस्तो माया पाउन सकेन । जहिले पनि गाली, पिटाइ र घृणाबाहेक केही पनि पाउन सकेन । उसलाई खान नदिने, काम मात्र लगाएर बाहिर सुत्ने आदेश दिइयो । त्यो रात एकदम जाडो थियो । ऊ कामिरहेको थियो, पर गोठमा बोरा ओढेर सुत्ने प्रयास गर्‍यो । तर निद्रा लागेन । रात बित्दै गयो । पारि गाउँमा भाले बासेको आवाज सुन्यो र ऊ जुरूक्क उठेर हातमुख धुन गयो र सोच्न थाल्यो । धेरै सोचेपछि निर्णय गर्‍यो कि ऊ त्यहाँ नबस्ने भनेर । मामालाई भन्यो तर मामाले धेरै पिटे । राति आफ्नो सामान बोकेर ऊ त्यहाँबाट निस्कियो र विलिन भयो । बिहानको ८ बजेतिर ऊ आफ्नो साथीकोमा पुग्यो र रामलाई सबै कुरा सुनायो रामले श्यामलाई त्यही घरमा बस्न दियो ।

*गंगाराज राई*
*कक्षा ७*
*बेबिलोन नेशनल स्कुल*
*शान्तिनगर, काठमाडौं ।*

## थुनाम्

✍ *मिक्सि रदु हलक्सु*
माक्पा-६, नोरोकु , खोटाङ्ग

थुनाम् फार्बि बुन्हइसि
हृदुम्-हदुम् मुन्हइसि
भू लाम्थिना चुन्हइसि
सुलाम्-तुलाम् तुन्हइसि

ताम् पुखुबि हुसोका
मिक्छे-नाक्छे तुसोका
रदुचु ताम्म छान्पोका
नुमुलु छिना बान्पोका

चू-पीमू कायो सिङ्सोका
दुष्पिमूपो लाम् दिस्सोका
मुन्लाम् खल सेन्सोका
मालोम् चुबि चेन्सोका

लान्चु व छुना बाइसि य
थोआ यो मङा काइसि य
सानुवा मान्दु चाम्कि य
सामे लाम्दुङा फान्कि य

नुगोबिला मो भिम्सो
भारा खबि गो तिम्सो
तुतुहे लामि थुम्सिसो
स्वो गुर्मुसो चुम्सिसो

आम्ना ताम्बि मुन्हक्ति
माम्ला खम्बि हुक्पाक्ति
चुन्पो तुम्मु लुन्मुक्ति
मिन्सिङा खोयो तुक्तुक्ति
मूचि ।

## हिमाल

*नेत्र मणि दूमी राई*
*माक्पा-६, नोरुङ्ग, खोटाङ*



हिमाली काखमा जन्मिइयो
रीतिरिवाज मनाई आइयो
अघि बढ्न जानी आइयो
चालचलन बचाई राखियो

यस धर्तीमा पाइला टेकेर
चिनापर्ची याद गरी राखेर
किरातहरु यतिका मौलाएर
चेतनाको आभास् फैलाएर

पूर्खाहरुसँग सोधखोज् गरेर
अग्रजहरुको पथ पहिल्याएर
मेलोमेसो सबै नियाली हेरेर
भावी सन्ततिलाई सिकाएर

पछौटे पर्न पो लागियो कि
समैले नि कोल्टे फेर्‍यो कि
बिना ज्ञान अल्मलियौं कि
मूल बाटो नै बिरायौं कि

मनभित्रैबाट चित्त बुझाउदै
सबै सामु विश्वास बढाउदै
एकै साथमा हातेमालो गर्दै
साहस बटुली तम्तयार हुदै

आज यहाँ रही आएकाछौं
तत्पस्चात् को कहाँ पुग्छौं
जानेका कुराहरु भनसुन् गरौं
सम्झना नै भएनि बाँडिराखौं
मूचि ।




**विजयादशमी तथा शुभ दीपावली २०६० को**

शुभ उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**एन्जिल लर्ड एकेडेमी परिवार**

कोटेश्वर, काठमाडौं-३५ फोन : ४४८१२४१



# भयानक राक्षस

✍ समीर 'नेचाली' राई

एकादेशमा तीनजना घनिष्ठ मित्रहरू थिए । तिनीहरू आफ्नो सारा दिन गफ गरेर बिताउँथे र मेहनत नगरी धनी बन्न चाहन्थे ।

यसरी नै दिन, हप्ता र वर्ष बितिरहेका थिए कि अचानक त्यस देशमा एउटा भयानक राक्षस आएर उत्पात मच्चाउन थाल्यो । त्यस राक्षसले विशेष गरी रातको समयमा एक दुई जना मान्छे मारेर खान लाग्यो । एक महिना नबित्दै त्यसले सर्वसाधारण मात्रै नभएर राजदरबारका भारदारहरूलाई समेत आक्रमण गर्न थाल्यो । त्यो राक्षस शहरनजिकै रहेको घनघोर जंगलभित्र भएको एउटा गुफामा बस्दथ्यो ।

अब राजालाई साह्रै नै चिन्ता पर्न थाल्यो । उनले मन्त्रिपरिषद्को बैठक आह्वान गरे । सबैले आ-आफ्नो सुझाव सल्लाह पेश गरे र अन्त्यमा एउटा घोषणा गर्ने निष्कर्षमा पुगे । घोषणा यसप्रकारको थियो- "जुन व्यक्तिले त्यस राक्षसबाट देशलाई मुक्ति दिलाउँछ, उसलाई पुरस्कारस्वरूप आधा राज्य, आधा ढुकुटी दिई र राजकुमारीसित बिहे गरिदिनेछु ।"

यो घोषणा ती तीनै जना मित्रहरूले पनि सुने र एक आपसमा त्यस विषयलाई लिएर कुरा गर्न थाले, सबैभन्दा कान्छोले भन्यो- 'तिमीहरू दुवै अब बुढो हुन लागेका छौ, त्यसैले राजकुमारीसित बिहे म गरूँला तर धन पनि बाँड्न त पर्‍यो नि ।' त्यो कुरा सुनेर दुई पाका मित्रहरूले पनि सहमति जनाए । तिनीहरूले 'नानी जन्मनु कहिले कहिले कोक्रो बुन्ने अहिले' भनेझैं धन, जग्गा जमीनको बाँडफाँड गरेर पूरै दिन बिताए ।

अब साँझ पर्‍यो, सूर्य आफ्नो गन्तव्यतिर बिस्तारै झर्न थाल्यो । ती तीनैजना आ-आफ्नोमा भएका विभिन्न हतियारहरू जस्तै भाला, चक्कु, खुकुरी लिएर राक्षस मार्न जंगलतर्फ प्रस्थान गरे । जंगलसम्म पुग्दा नपुग्दै झमक्क रात पर्‍यो । त्यहाँ तिनीहरूले एउटा साधु ध्यानमग्न अवस्थामा फेला पारे । अब त्यो राक्षसी गुफाको बाटो यही साधुलाई नै थाहा होला भनेर कान्छो मित्रले सोधे- "साधु महाराज ! त्यो भयानक राक्षस बस्ने गुफा थाहा होला कि ?" साधुले भने- 'त्यो राक्षस खोज्नुअघि आफ्नो हृदयभित्र भएको काम, क्रोध, लोभ जस्ता अनेकौं राक्षसहरूलाई मार, त्यसैमा तिमीहरूको भलो हुनेछ ।" जवाफमा ती तिनैजना झोक्किएर साधुलाई नानाथरीका गाली दिन थाले । अन्त्यमा साधुले शान्त भावमा भने- 'ठिकै छ, त्यसो भए यही बाटो सिधा जाऊ, आफ्नो गन्तव्यमा पुगिहाल्छौ ।'

आकाशमा चन्द्रमा पनि मुस्कुराए, ताराहरूले तिनीहरूलाई ट्वाल्ल परेर हेर्न थाले । तीनै जना केहीबेर हिँडेपछि गुफाको मुखमा पुगे । त्यहाँ पुग्दा तिनीहरू थाकेर लखतरान भैसकेका थिए र भोक तिर्खाले पनि सताइरहेको थियो तर खाने पिउने वस्तु भने केही पनि थिएन । तीनैजना केही बेरसम्म थकाइ मारेपछि सबैभन्दा पाकाले भने- "अब त्यो राक्षस बाहिर निस्कँदासम्म पर्खनुपर्‍यो र त्यसबेलासम्म पेट भर्नलाई केही त चाहियो ।" अर्कोले सहमति जनाउँदै भन्यो, "ल, हामीमध्ये सबैभन्दा कान्छो जो छ, उसले शहरबाट केही खानेकुराहरू ल्याउनुपर्‍यो ।"

यस प्रसंगमा कान्छो मित्र पनि राजी भयो र खाना लिन शहरतर्फ लाग्यो । अब त्यहाँ दुईजना मात्रै रहे र एक अर्कामा विचार विमर्श गर्न लागे । एकले भन्यो- "यो कान्छोलाई मार्न पाए सारा धन सम्पत्ति दुई भागमा मात्रै बाँड्न पर्थ्यो ।" अर्कोले पनि सही थप्यो र बोल्यो- "तिमीले ठिक भन्यौ र त्यो कान्छो खाना लिएर आउँदा तयसलाई हामी दुई भएर मार्नुपर्छ ।"

धेरै समय बित्यो तर राक्षस गुफाबाट बाहिर आएन, जंगल पूरै रातको अँधेरीमा डुब्यो । तब बल्ल कान्छो भित्र खाना लिएर आइपुग्यो, उसलाई देख्नेबित्तिकै दुवै मित्रले आक्रमण गरी उसलाई मारे ।

अब दुवै ढुक्क भएर त्यस मित्रले ल्याएको खाना खान थाले । तर दुर्भाग्यवश कान्छो मित्रले पनि सबै धन सम्पत्ति एक्लै हत्याउने अवधारणाले अघिबाटै पेय वस्तुमा विषादि मिलाएर ल्याएको थियो । त्यो पिउनासाथ दुवै मित्रहरूको प्राणपखेरू एकैछिनमा उड्यो ।

त्यसरी राक्षस मार्न गएका ती तीनैजना गुफा अघि लास बन्न पुगे, तर राक्षस भने जिउँदै रह्यो । यसरी तीनै मित्रहरू "आफूहरूले खनेको खाल्डोमा आफैं पर्न गए ।"

कविता

# किताब

✍ प्रिया दुमी राई
कक्षा २
बाकिसला ई.बो. स्कुल

किताब नै हो मेरो गुरू
यसले मलाई अक्षर चिन्न सिकाउँछ खुरूखुरू
मेरो प्यारो किताब
मलाई माया गर्ने किताब ।

किताब नै हो मेरो साथी
यसले नै पुर्‍याउँछ मलाई माथि
हामी साना साना नानी
किताब पढे होइन्छ ज्ञानी ।

# शहर भित्रिएका जीवनहरू



✍ *केशरकुमार थुलुङ*
पाथेका-४, खोटाङ

आफ्नो सुन्दर जन्मभूमि छोडी
आ-आफ्नै कथा/व्यथाहरूसँग
अनि पीडाहरूसँग भौंतारिँदै
थकित हुँदै सहर भित्रिएका जीवनहरू
शायद, अझै थकानमै होलान्
कसैले सहजको स्वास फेर्न पाएका छैनन्
यी जीवनहरू...
कोही शहर गएर पढ्ने धोको,
जागिर खाने धोको, नाम कमाउने धोको,
जीवनलाई जीवित पार्ने धोको छ
कोहीलाई साहुले घरबारै खोसेर
शहरिन बाध्य भएका ।
तर, शहरमा ... ?
कसैको असल नातागोता पनि होलान्
कसैलाई राम्रै होला त
कसैलाई नराम्रो पनि होला
कसैलाई आँसु अनि दुःख पनि होला
खुसी र सुख हुने त
राम्रैसंग बाँच्दै होलान्
राम्रै गर्दै होलान्
नहुने ती जीवनहरू तिनै फुटपाथमा
अझै भौंतारिँदै होलान्
तिनै समयसँग संघर्ष गर्दै
मीठो सपना बोकेर,
मीठो सपना बुनेर ।
तर, बिचरा यहाँ ?
केही नहुनेहरूका सपना केवल
सपनामै सीमित रहन्छ
विपनामा परिणत हुने हो वा नहुने हो
केही थाहा छैन
तर पनि
ती जीवनहरूले अझै
संघर्ष गरिरहेका छन्
कठोर संघर्ष गरिरहेका छन्
आफ्नो लक्ष्य प्राप्त गर्नको लागि
आफ्नो इच्छा पूरा गर्नको लागि
कोही दासको रूपमा,
कोही डुकसकोभण्डारमा,
अनि कोही फुटपाथमा
तिनै जीवनहरूले
दिनरात मेहनत गरिरहेका छन्
दिनरात जीवनलाई दौडाइरहेका छन्
न घाम, न पानी, न त हुरबितास नै,
न भोक, न प्यास, न त निद्रा बिछ्याउना नै
केही भन्न पाएका छैनन्
दिनरात चिन्तामा डुबिरहेका छन्
आ-आफ्नै व्यथा र पीडामा
होमिरहेका छन्, छटपटाइरहेका छन्
बिलौना गरिरहेका छन्,
वेदनासँगै बाँचिरहेका छन्
अनि यो धरातलमा हिँडिरहेका छन्
बिचरा ! शहर भित्रिएका जीवनहरू... ।

*हाल : काठमाडौं*

# ले

✍ *रेकबहादुर दुमी व्रस्पा*
लाक्दिजा हाहखुम थाम्पु

चेम्सिनु बल्सिनु खुन्नु हितीरी चाप्चुलु लाम्दिजा
दुमी व फितीनी ।
तुक्को लक थितोपिय फुक्नुमा चाफुन तुक्वो
सक्वो तुक्तुरूया लुप्नुमा चाफुन ।
चेम्सिनु बल्सिनु खुन्नु हितीरी चाप्चुलु लाम्दिजा
दुमी ब फितीनी ।
ढेको तुको सात्लु लक अङ गोठा तान्दु
अङकु देल लाम्दिजाई दुमी ब माङगु ।
चेम्सिकु बल्सिनु खुन्नु हितीरी चाप्चुलु
लाम्दिजा दुमी ब फितीनी ।

# म



✍ *मुना राई*
कक्षा ३
बेबिलोन नेशनल स्कुल
शान्तिनगर, काठमाडौं

म हुँ सानो विद्यार्थी
विद्यालय जाने मेरो काम ।
साथीहरूसँग मिली सधैं,
पढ्ने, लेख्ने मेरो काम ॥

म हुँ एउटा विद्यार्थी,
सफा सुग्घर बन्ने मेरो काम ।
गुरूहरूसँग ज्ञान सिकी,
देशको सेवा गर्ने मेरो काम ॥

# जागिरेको मीठो सपना

मेमु सत्म राई (दुमी)
श्री त्रिभुवन उच्च मा.वि. ऐंसेलुखर्क

एकदिनको कुरा हो । म पनि एक दिन जागिरे भएँ । हुन त जागिरे भएको धेरै भएको छैन । तर म जागिरे भएको यति वर्ष भयो भनेर पनि भन्न सक्तिन । किनकि मैले वर्ष गन्न बिर्सिसकेको छु । त्यसैले म जागिरे भएको वर्ष चाहिँ भरसक अरूलाई ढाकछोप गरी छल्ने गर्छु । किनकि न त जागिरको अर्थ छ, न त जागिरेको सम्मान ।

म नेपालको अति विकट ठाउँमा बस्छु । साँच्चै भन्नुपर्दा नेपालकै एक पूर्वी खण्डको अनकण्टार ठाउँमा बसोबास गरेकोछु । यहाँको हावापानी सामान्य छ । गर्मीमा शायद यहाँ उडिरहेको चरा खस्छ । तर जाडो भने अति कम । यही विकट ठाउामा एकदिन मेरो जन्म भएको थियो बुबा धीरध्वज र आमा पन्चमायाको कोखबाट । यसरी मलाई आमाले जन्म दिनुभयो । जन्माउनुका साथै मेरो लागि लालनपालन, स्याहार संभार सबै आमाले गरेर हुर्काउनुभयो । म दिनदिनै काँक्रा बढेजस्तै बढ्न थालें सलक्क परेर । बुबा-आमा छक्क मेरो बढाइले ।

त्यसपछि अब मलाई दिनदिनै शिक्षाको खाँचो महसुस गर्न थाल्नुभयो बुबाआमाले । त्यसैले म दिनदिनै विद्यालय जान थालें । विद्यालय जाने पढ्ने, घर फर्कने मेरो दिनचर्या नै हुन थाल्यो, विद्यालयमा पनि म प्रथम नै हुन्थें । गुरूज्यूहरूको कृपाले वा आफ्नै भाग्यले । त्यो त ईश्वर जान्दछन्, म जान्दिन । यसरी वचपनको त्यो रमाइलो संसार छोडेर अब म जवानीको काखतिर प्रवेश गर्न थालेको थिए । मलाई जवानीले चियाउन थाल्यो । यौवनले जिस्क्याउन थाल्यो, बुबाआमाको एकमात्र छोरो । अति लाडप्यारमा हुर्केको । सानो छँदा आमाले कुटिमाम खुवाउनु हुन्थ्यो । सानो छँदा कुटिमाम खाएको सम्झना हुँदाहुँदै अब म बिस्तारै जवानीतिर प्रवेश गरें । आमाले छोरो हुर्क्यो भनेर कुटिमाम खुवाउन छोड्नुभयो । मलाई पनि कुटिमाम खान लाज लाग्न थाल्यो । त्यसैले बुबा आमा र मेरो लागि एउटै भाँडामा भात पाक्न थाल्यो । मलाई पनि खुसी नै लाग्यो ।

म पनि विद्यालय जाने विद्यार्थी मान्छे । विद्यालय जाने आउने गर्थे । काम गर्न उति साह्रो हातमा आउँदैनथ्यो । सँच्चै भनौं भने अल्छे थिएँ । म त पढ्ने छोरो भनेर बुबा आमालाई ठग्ने प्रवृत्ति नै बसिसकेको थियो । फेरि बुबा आमाले पनि एक्लो छोरो भनेर खुब माया गर्नुहुन्थ्यो । काममा पठाउनु हुन्थ्यो । म पनि फेरि फुरूक्क भइहाल्थें । अनि त विद्यालयमा गुरूज्यूबाट दिइएको गृहकार्य गर्न र पढ्न मलाई प्रशस्त समय थियो । म खुब अध्ययनशील र लगनशील बनेर पढ्न थालें । नभन्दै यसरी नै पढ्नै जाँदा एकदिन एसएलसी पनि आइपुग्यो ।

अब मैले एसएलसी इन्तिहान (परीक्षा) को लागि झन् कठोर परिश्रम गर्नुपर्ने बाध्यता आइपर्‍यो । हुन पनि एसएलसी जस्तो परीक्षा । दश वर्षको कमाइ । फेल भए एकै छाक । बुबाआमाले कत्रो कष्ट गरी पढाउनुभएको छ । पढ्नु र पास गर्नु मेरो कर्तव्य हो । त्यसैले मैले कठोर परिश्रम गरेर पढ्नैपर्छ भनेर म आफ्नो अध्ययनमा व्यस्त रहन थालें । नभन्दै परीक्षा पनि नजिक आइपुग्यो । एसएलसी परीक्षाको लागि मैले अध्ययन गरेको विद्यालयमा नै सेन्टरलाइज हुने भयो । टाढा जान नपर्ने भयो । म खुसी भएँ । परीक्षा आउन केही समय बाँकी नै छ । म पढाइमा बिहान बेलुकी व्यस्त छु । नभदै परीक्षाको दिन आइपुग्यो । परीक्षा सुरू भयो । प्रथम पत्र नेपाली, अंग्रेजी, गणित विषय हुँदै परीक्षा पनि सकियो । अब म ढुक्क भएर नतिजाको लागिप्रतिक्षा गर्न थालें । अब कुन श्रेणीमा परिने हो भनेर । नभन्दै आफ्नो परिश्रम र भगवानको कृपा विस्तुर गएन । म प्रथम श्रेणीमा नै उत्तिर्ण भएछु । म लगायत मेरा सम्पूर्ण परिवारको खुसीको सीमा रहेन ।

त्यसपछि त म पढ्न जाने भएँ । आई.ए. को लागि । क्याम्पसमा एडमिसन गरें । नाम प्रथा लिष्टमा नै निस्केछ । म पढ्ने भएँ । तर मसँग आयस्रोत थोरै छ । कसरी पढ्ने । मलाई पीर लाग्न थाल्यो तर साहस बटुलेर अगाडि बढें । आ.... अब शहरमा पुगेर ट्युसन पढाउन पाइन्छ अरे । फेरि सानोतिनो जागिर पनि । त्यसैले मनलाई शान्त पारी पढ्न जाने निश्चय गरें ।

त्यसपछि त आमाबुबाको मन हो । उहाँहरूले मलाई पढ्न पठाउन अस्वीकार गर्नुभयो । तैपनि मैले बुबाआमालाई अनुनय विनय गरें । बल्ल तल्ल बुबाआमाले पढ्न पठाउने निश्चय गर्नुभयो । म खुसी भएँ र दशैंको टीकाकै दिन साइत जुराएर म हिँड्ने भएँ । दशैंको टीकाको दिन बिहान म अलि चाँडो उठें र आफूले लानुपर्ने सामानहरूको पोको पन्तरो तयार गर्न थालें, आफ्नै कोठामा । त्यसपछि आमा पनि उठ्नुभयो । साथै बा पनि । भालेले भने उज्यालो भएको आभास दिइरहेको थियो । आज म घरबाट हिँड्नुपर्ने छ । बाआमा साह्रै निराश देख्छु । साथै म पनि उस्तै छु । घर रंग उडेजस्तो फुंग देखिन्थ्यो तर मलाई भने बाध्यताले सताएको छ । नहिँडी नहुने । पढ्न नजाउँ पनि खै उपाय । त्यसपछि मैले मनलाई कठोर बनाएर हिँड्ने तरखरमा लागें । घरमा आमाले टीका, जमरा ठिक पारिसक्नुभएको थियो । टीका नलाई हिँडौं भने पनि अब फेरि शहरबाट कति वर्षमा आएर दशैं मनाइने हो । जिन्दगीको भरोसा छैन । न कि उँधो बग्ने नदी कहिल्यै उँभो उक्लँदैन । न कि जिन्दगी । त्यसैले बाआमाको हातको आशीर्वाद र टीका थाप्न म तयार भएँ । बाले टीका लगाएर आशीर्वाद दिनुभयो । आमाले जमरा दिनुभयो । मैले टीका जमरा थापेर बाआमालाई ढोग दिएँ । बा र आमाले हिमाल छुने आशीर्वाद दिनुभयो । खाना तयार भइसकेकाले तीनै

जनाले खाना खायौं ।

त्यसपछि टीका लगाउने र खाना खाने काम सकिएपछि म आफ्नो झोला बोकेर बाहिर निस्कें । तर बा र आमाको आँखामा सहस्र आँसु बगिरहेको देखें । तैपनि मेरो हिँडाइले एकक्षण मौनता छायो । अब मैले के गर्ने ? बा आमाको वाक फुटेन । न त मेरो । सबै चुपचाप । त्यसपछि म आफैले आमालाई म गएँ भनेर हिँडें । आमाले हुन्छ भन्ने संकेत दिनुभयो मुक भाषामा नै । उहाँको वाक् फुटेन । अनि म बाटो लागें । एक दिनको बाटो हिँडेपछि मात्र एयरपोर्ट पुगिन्थ्यो । बेलुकी थकित भएर म एयरपोर्ट पुगें । एउटा होटलमा बास मागें । बास दिए । म बसें त्यहीं र बेलुकीको खाना खाएर सुतें । थकानले गर्दा चाँडै निद्राले छोएछ । म चाँडै निदाएँ तर बिहान चाँडै निद्राले छाड्यो, यसो हाते घडी हेरें । बिहानको चार बजेछ । भुइँमा मिर्मिर उज्यालो खस्न लागेको । भालेले उज्यालो भएकोआभास दिइरहेको थियो ।

त्यसपछि म जुरूक्क उठें । आफ्नो दैनिक नित्यकर्ममा व्यस्त भएँ । हातमुख धोएँ । उज्यालो भयो । घरबेटीले चिया पकाइसकेका थिए । त्यसैले चिया पिइवरी म बसें । खाना पनि तयार भयो । त्यसपछि खाना पनि खाएँ । मेरो एयरपोर्टको समय १० बजेको हुनाले म ९बजे नै खाना खाइवरी तयार भएर साढे नौ बजे एयरपोर्ट पुगें । धमाधम सामानको लेखाजोखा गर्न थालिएको रहेछ ।

त्यसपछि साढे दशमा प्लेन आइपुग्यो । म एयरपोर्टमा ठिक भएर बसेको थिएँ । आफ्नो सामान ठिक पारेर । अब प्लेनबाट शहर पुगिने भइयो । त्यो पनि हाम्रो राजधानी काठमाडौं । मनमा एक किसिमको कौतुहलताले छायो । प्लेनभरि त्यही सम्झना आइरह्यो । अब शहर पुगेर कस्तो प्रगति हुने हो । बाआमाको एकमात्र नासो । एकमात्र सपना म नै हुँ । मनमा चिन्ताले खग्रास बनायो । म मर्माहत भएँ । मनमा धेरैकुरा सम्झँदा सम्झँदै काठमाडौंको एयरपोर्ट आइपुग्यो । म झल्याँस्स ब्यूँझे झैं भएँ । अब काठमाडौं पुगेर कहाँ डेरा लिने हो । काठमाडौं कहिल्यै पुगिएको छैन । मन डर पनि छ । तैपनि म काठमाडौं पुगेर नयाँ वानेश्वरमा डेरा लिइ बस्न थालें । यसरी नै दिन, महिना वर्ष बित्न थाले । मेरो पढाइ पनि सोचेजस्तै हुन थाल्यो । पढाइमा दिनदिनै प्रगति हुन थाल्यो ।

मेरो मनमा डर पनि थियो । बा-आमाको सपना पूरा गर्न सक्छु या सक्तिन भन्ने । तर मैले दिनदिनै प्रगति गर्दै गएँ र आईएसम्मको अध्ययन पूरा गरी क्याम्पसबाट सर्टिफिकेट झिकेर घर फर्कें । घर फर्कदा पनि बाटाभरि प्लेनभरि घरको बा-आमाको सम्झना अइरह्यो । घरमा आएर बाआमालाई मेरो पढाइसम्बन्धी सुनाएँ । बाआमा पनि खुसी हुनुभयो र मलाई आश्वासन दिनुभयो । अब तैंले जागिर खानुपर्छ । हामीलाई हेरचाह गर्नुपर्छ ।

अब म परें फसाद । कहाँ कसरी जागीर खाने ? कसले मलाई जागिर दिने ? कसैलाई चिनेको छैन । तापनि गाउँको एकजना दाइ शिक्षक काम गर्नुहुन्थ्यो गाउकै विद्यालयमा । मैले उहाँलाई नै जागिर खोजि दिनुपर्‍यो भनें । उहाँले मलाई केही सान्त्वना दिनुभयो । ठिकै छ । केही समय पर्ख । मेरो एकजना साथी जि.शि.का. मा काम गर्नुहुन्छ म उहाँलाईनै भनिदिन्छु ।

त्यसपछि म मीठो सपना बोकेर घर फर्कें । घरमा आएर यी सबै वृत्तान्त बाआमालाई बताएँ । बाआमाले मेरो सबै कुरा सुन्नुभयो । त्यसको केही दिनमै त्यो दाइले मलाई समाचार पठाउनुभयो । मलाई तुरून्त भेट्नु भनेर । त्यसपछि म दाइकहाँ पुगें र भेटें पनि । मेरो सपना पूरा हुने भएछ । म खुसी भएर घर फर्कें र फेरि बाआमालाई सुनाएँ । बाआमा खुसीले गदगद हुनुभयो । अब छोराले पैसा कमाउँछ । हामीले सुख पाउँछौं भनेर । तर भनेजस्तै कहाँ हुन्थ्यो र ? मनको लड्डु घिउसित खा भनेजस्तै भयो । जागिर भेटियो टाढा । डेरा गरी बस्नुपर्ने । घरबाट २।३ दिनको बाटो । डेरा गरी बस्नुपर्ने बाध्यताले अब मलाई पिरोल्न थाल्यो । तैपनि डेरा गरी बस्न थालें । बिहान १० बजेदेखि बेलुकी ४ बजेसम्म जागिरमा खट्नुपर्ने । बेलुकी लखतरान परेर घर फर्कनुपर्ने । खाना पका खा । दैनिक दिनचर्या नै यही भयो मेरो ।

त्यसपछि त जागिर खाँदा पनि खासै पैसा कमाउन सकिएन । आफूलाई सबै चिजबिज किनेर खानुपर्ने । अब घरमा के पैसा पठाउने ? म चिन्तामा परें । बाआमाको आशा खोलामा बगाएँ । नपाएसम्म कस्तो, पाएपछि सस्तोहुन थाल्यो मेरा लागि जागिर । मास्टरको जागिर घरको न घाटको । चक डस्टर साथी बनाँएर बिहान बेलुकी खट्यो । उपलब्धी केही छैन । जागिर नपाएसम्म कस्तो होला जागिर भनेर खुसीले गद्गद् । तर आज भोलि जागिरको अर्थ बेग्लै लगाउन थालेको छु । 'जा' उपसर्ग लागेर बनेको यो तीन वटा अक्षरले खतरा संकेत गरेको पाउँछु । जागिर भनेको वास्तवमा कुनै बिन्दुमा पुगेर गिर वा खतम हुनसक्छ भनेको रहेछ । न त यसको इज्जत छ न त सम्मान, न त माना, न मुठी ।

म यसो सोच्ने गर्छु । जागिर मिल्यो, बिहान बेलुकी खटिइएको छ । खासै तलब छैन, खान धौ धौ । पैसा खासै बच्दैन । अब आफ्नो जीवन निर्वाह कसरी गर्ने ? अनि बाआमाको एकमात्र नासोको रूपमा उभिएको छोरो म । अब आमा बाको त्यो सुनौलो सपना कसरी पूरा गरौंला भन्ने चिन्ता छ । तर आजभोलि जागिरको अर्थ... छ ।

म सोच्नै सक्तिन । फेरि मनलाई शान्त पार्छु । मन पनि शान्त हुँदैन । टाउकोमा चक्कर लाग्छ, त्यो चक्करलाई शान्त पार्न खोज्छु, तर त्यो चक्कर कसरी शान्त हुन्छ खै ? यसको केही उपाय खोज्नै सक्तिन । फेरि दिमागलाई १०० केजीको भारीले किच्छ । म मर्माहत हुन्छु । यताउता भौंतारिन्छु मेरो दिमागले मलाई जतातत्तै भौंतारिन बाध्य तुलयाउँछ । म जतातत्तै, जहाँतही चाहे चोक, सडक, बाटो, गली, कोठा जहाँ पनि गिरिरहेको छु । अब के गर्ने ? कसो गर्ने ? उपाय सोच्छु तर केही उपाय निकाल्न नसक्ने गरी मेरो दिमागको टेप रेकर्ड बन्द हुन्छ । म जिंदो लास झैं हुन्छु । म फेरि सचेत हुने प्रयत्न गर्छु । आफैंले आफैंलाई संहाल्ने प्रयत्न गर्छु । तर सक्तै सक्तिन । जतातत्तै, जहाँतहीं पैसाको खोजीमा यो दिमाग दौडिरहन्छ यन्त्र झैं भएर । यस्तै छ, जागिरको उद्‌गार । यस्तैछ जागिरको अर्थ । म जतातत्तै, जहाँतहीं गिरिरहेको छु, भौंतारिरहेको छु ।

# यो कस्तो परिस्थिति?

सुश्री अञ्जना राई
माक्पा-६, नोरुङ्ग, खोटाङ्ग



उन्नतिको पथमा अघि बढ्न खोज्दा,
बाधा अड्चन बनिदिन्छ परिस्थिति
उज्यालोतिर लम्कन खोज्दा,
अन्धकारमा धकेलिदिन्छ परिस्थिति
खै यो कस्तो परिस्थिति?

सामाजिक भावना जगाउन खोज्दा,
विकृति र विसंगति निम्त्याइदिन्छ परिस्थिति
समाजमा समान भई जिउन खोज्दा,
समाजको बिद्रोही बनाइदिन्छ परिस्थिति
खै यो कस्तो परिस्थिति ?

आफ्नो धर्म र सँस्कृतिलाई जोगाउन खोज्दा,
असभ्य र पाखे बनाइदिन्छ परिस्थिति
आफ्नो पुर्ख्यौली सँस्कृतिलाई नियाल्न खोज्दा,
आधुनिकताले चिह्याउने यो परिस्थिति
खै यो कस्तो परिस्थिति ?

हाँसोमा जिउन खोज्दा,
रोदनको शिकार बनाइदिन्छ परिस्थिति
नौलो संसार हेर्न खोज्दा,
बिडम्बनाको सागरमा डुबाइदिन्छ परिस्थिति
खै यो कस्तो परिस्थिति ?

स्वतन्त्रमा जिउन खोज्दा,
कसैको दबाबमा राखिछाड्छ परिस्थिति
सरल जीवन जिउन खोज्दा,
जटिल संघर्ष निम्त्याईदिन्छ परिस्थिति
खै यो कस्तो परिस्तिति ?

मूचि ।

# जीवन

रोकेन्द्र दुमी 'दिप' राई
सप्तेश्वर-९ (सुनौलो पाटीडाडाँ), खोटाङ्ग

जीवन खुशी सम्भेको थिएँ,
तर निरासको संगी रहेछ ।
जीवन सफलताको बोट भन्थैं,
तर असफलताको चोट रहेछ ।
जीवन दुई आत्माको मिलन भन्थैं,
तर फुटेर जाने पानीको फोका रहेछ ।
जीवन समानताको आँगन भन्थैं,
तर वैमानिको बलेसी रहेछ ।
जीवन एउटा संघर्षको मैदान भन्थैं,
तर घृणाको भारी बोक्ने भरिया रहेछ ।

।मूचि ।

# के भयो ?


डिल्लीराम राई (नाकारा)
बाकाचोल-४, पारा, खोटाङ्ग

बात् मिलेन कि भाग मिलेन
आशा पलाएन कि गाँसै पुगेन
माग मिलेन कि साँधै छुट्टिएन
लौ किन हजूर मिल्न सकिएन
चित्त बुभेन कि होशै फिरेन
दया पलाएन कि माया पाइएन
काखै भटिएन कि माखै मारिएन
लौ किन हजूर कहिल्यै टुङ्गिन सकेन
जनताको भुत्ला काढिसक्यो
आँट मरी पुत्ला जलिसक्यो
लौ त है अब के गर्छौ
मान्छे धेरै नै मरिसक्यो
रहर पुगेन कि कर टारिएन
शान्ति भेटिएन कि हिँसा छोडिएन
लौ त हजूर के गर्छौ
अकाललाई टार्न सकिएन

मूचि ।

# समय

सिता दुमी राई
दुङ्गेसाँघु-८, ताप्लेजुङ



पहिचाान पाउछौं हामी
जिन्दगीलाई ठेस लाग्दा !
इच्छा सबै बिलिन् हुन्छ
परिस्थितिलाई सम्भदा !!
समय र परिस्थितिलाई
हामीले चिन्न सकेनौं !
यथार्थको परिवेशमा
हामी फर्कन जानेनौं !!
आफ्नो भाषा र संस्कृतिलाई भुलेर,
बिकृतिको मार्गमा हिड्दैछौं ।
सत्य र साँचोलाई अपवाद मान्दै,
अनर्थको भीडमा टोलाउदैछौं ।
विडम्बना !
जब हामी सोँच्न सक्छौं,
समय धेरै नै टाढा हुन्छ ।
लक्ष्यहिन् पाईलाहरु चाल्दा,
जतातते काँडा मात्र हुन्छ ।

मूचि

# सहकारी र आर्थिक उत्थान



✍ सुजन हदी राई

सामान्य अर्थमा एकसाथ मिलेर काम गर्नुलाई सहकारी भनिन्छ । 'एक साथ मिलेर काम गर्ने वा साथसाथै काम गर्ने सहयोगी साथी' भनेर नेपाली वृहत शब्दकोषले सहकारीलाई परिभाषित गरेको छ । समुदाय, समाज, परिवेश र भौगोलिकताको आवश्यकता र उद्देश्यहरुको अनुकूल सहकारीको प्रयोग गरिने भएकोले फरक फरक आर्थिक, सामाजिक र सांस्कृतिक परिस्थितिअनुसार सहकारीको व्याख्या र परिभाषामा विभिन्नता पाइन्छ । तापनि 'सबैका लागि एक, एकको लागि सबै' भन्ने नारा विश्वव्यापी सहकारी मूल्य, सिद्धान्त र मान्यता रहिआएको हुँदा कुनै पनि सहकारीले र सहकारीतामा सञ्चालित कार्यक्रमले माथिको नारालाई आत्मसात गरेको हुनुपर्छ ।

१८ औं शताब्दीमा उद्योग धन्दामा बेलायतमा भएको परिवर्तनले त्यहाँका मजदुर र किसान वर्गमा आर्थिक संकटको सिर्जना गऱ्यो । ठूलो माछाले सानो माछालाई खाइदिए झैं साना किसान, मजदुर र उद्योगीहरुले ठूलो पूँजीसँग प्रतिस्पर्धा गर्न सकेनन् । मजदुरहरु मालिकको निगाहमा भर पर्नुपर्ने र आफ्नो साना कृषि र उद्योगलाई उन्नत प्रविधिबाट संचालन गर्न लगानी गर्न असक्षम हुँदा उनीहरुको आर्थिक र वित्तीय अस्तित्व नै संकटमा पऱ्यो । यसबाट बाँच्नको लागि उनीहरु आर्थिक र सामाजिक रुपमा ऐक्यबद्ध भएर ठूला पूँजीपतिहरुको अत्याचार र शोषणबाट मुक्ति पाउने र सन् १८४४ मा एक सहकारी संगठनको निर्माण गरे । यो घटनाबाट नै आधुनिक सहकारीको सुरुवात भयो । समान आयस्तर र आवश्यकता, साझा उद्देश्य र आकांक्षाले अभिप्रेरित भई कुनै पनि समुदाय समाजमा समूहको आर्थिक र सामाजिक उत्थान र विकासको लागि संगठित संघ/संस्थालाई नै सहकारी भनिन्छ । निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने मानव समूह, समुदाय र समाजले नैतिकता, इमान्दारीता र समन्यायको अवधारणालाई आत्मसात गर्दै आफ्नो आर्थिक अवस्थालाई सुदृढ पारी सामाजिक, सांस्कृतिक र जीवनका अन्य विविध पक्षहरुको विकास, उत्थान र प्रवर्द्धन गर्नको लागि संगठित बन्नु नै सहकारिता हो । यसले माथिल्लो वर्गबाट हुने आर्थिक शोषण, सामाजिक अन्याय र सांस्कृतिक भेदभावबाट मुक्ति दिलाई विपन्न वर्गहरुको जीवनस्तर उकासी समुदाय, समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक रुपले स्थापित गराउँछ ।

अर्म, पर्म, 'धर्म भकारी' 'सरौ' (दुमी राई समुदायमा विवाह हुँदा बेहुला, बेहुलीको नातेदारहरुले विवाह घरमा ल्याउने खाद्य पदार्थ, पेय पदार्थ, जिन्सी सामान) जस्ता सामाजिक संस्कारमा आधारित पुरातन सहकारी हाम्रो समाजमा अझै विद्यमान छन् । यसको आफ्नै अस्तित्व र महत्व रहेको भए तापनि वि.सं. २०१० सालमा मात्र खाद्य तथा कृषि मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना भएबाट नेपालमा सहकारीताले आधुनिकता पाएको थियो । वि.सं. २०१३ सालमा राप्तीदुन विकास योजनाअन्तर्गत चितवनमा १३ वटा सहकारी संस्थाको स्थापना भई सहकारी अभियान प्रारम्भ भयो । वि.सं. २०१३ साल चैत्र २० गते चितवनको बखानपुरमा "वखानपुर बचत तथा ऋण सहकारी" दर्ता भई वर्तमान अवस्थासम्म आइपुग्दा देशमा ७०८४ (बचत तथा ऋण र बहुउद्देश्यीय गरी) वटा सहकारी संस्थाको संख्या पुगिसकेको छ । यस्ता प्रारम्भिक संस्थामा १२ लाख घर परिवारहरु प्रत्यक्ष र परोक्ष रुपमा संलग्न भई आफ्नो आर्थिक अवस्था सुदृढ बनाउन तल्लिन छन् । निम्न आयस्तर र ९०% भन्दा बढी गाउँमा बसोबास गर्ने विपन्न वर्गको जनसंख्याको २५% जनसंख्या सहकारीमा आबद्ध रही जीविकोपार्जन र आर्थिक विकास गर्न संघर्षरत छन् । श्री ५ को सरकारले गरिबी निवारण गर्नको लागि सहकारीलाई सशक्त माध्यमको रुपमा अपनाएको छ । सहकारीमार्फत् गरिबी निवारणमा केही हदसम्म सफलता पनि मिलेको छ ।

प्रजातन्त्रको पुनर्स्थापनापश्चात् हामी आदिवासी, जनजातिहरु भाषा, धर्म, लिपि र संस्कृतिको उत्थान र जगेर्नाको अभियानमा संगठित बनी जातीय अस्तित्वलाई राज्यस्तरमा पहिचान गराउन केही हदसम्म सफल र सक्षम भएका छौं । यसको मुख्य श्रेय खुला समाज र प्रजातान्त्रिक अवसरलाई दिन सकिन्छ ।

प्रजातन्त्रको पुनर्स्थापनापश्चात् हामी आदिवासी, जनजातिहरु भाषा, धर्म, लिपि र संस्कृतिको उत्थान र जगेर्नाको अभियानमा संगठित बनी जातीय अस्तित्वलाई राज्यस्तरमा पहिचान गराउन केही हदसम्म सफल र सक्षम भएका छौं । यसको मुख्य श्रेय खुला समाज र प्रजातान्त्रिक अवसरलाई दिन सकिन्छ । राज्य व्यवस्थाद्वारा संचालित र स्थापित शैक्षिक वातावरणले पनि जनजाति, आदिवासीलाई लाभान्वित बनाई संख्यात्मक र गुणात्मक रुपमा चेतनाको अभिवृद्धि र विकासले दोस्रो महत्वपूर्ण भूमिका खेलेको छ । समयले ल्याएको परिवर्तन र अवसरलाई प्रयोग गर्दै हामी (आदिवासी, जनजाति) ले धर्म, भाषा, लिपि, संस्कृतिको संरक्षणमा उपयोग गर्दै राजनैतिक र प्रशासनिक क्षेत्रमा राज्य व्यवस्थाबाट गरिएको भेदभावको विरोध साथै समान सहभागिताको मागलाई समेत उजागर गर्न पाइरहेका छौं । तर यो माग काग र पिनाको गाउँ खाने कथा भइरहेछ । त्यसैले धेरै मात्रामा शहर बजार केन्द्रित संघ/संस्था र संगठनहरुले धर्म, भाषा, संस्कृतिको उत्थान र जगेर्नामा केही योगदान पुऱ्याए पनि जहाँ ठेट, रैथाने, स्रोत/मुहान रहेको मौलिक जन्म स्थानमा विशुद्ध संस्कार, संस्कृति, रीतिरिवाज

र परम्परा रहेको गाउँघरको जनजीवन कष्टपूर्ण आर्थिक विपन्नताबाट गुज्रिरहेको छ । त्यस ठाउँ गाउँमा गएर हामीले धार्मिक, सांस्कृतिक, राजनीतिक र प्रशासनिक अधिकार र समानताको कुरा गर्दा त्यति महत्वपूर्ण, 'सुनौं र बुझौं' को विषयवस्तु नहुन सक्छ जति उनीहरुको जीवन निर्वाह, मेलापात, घाँसदाउरा, खेताला, सघाउनीको हुन्छ । यस्तो विषम परिस्थितिमा हामीले आदिवासी जनजातिको आर्थिक र वित्तीय अवस्थामा सुधार नल्याएसम्म राजनैतिक हक, अधिकारको मागहरु प्राप्त हुँदा पनि त्यसको सदुपयोग र उपभोग गर्न सफल र सक्षम हुन सक्दैनौं । आर्थिक र वित्तीय सबलता र सक्षमताले मात्र राजनैतिक स्वतन्त्रताको उपभोग गराउँछ । हामी भाषा, धर्म, संस्कृतिको संरक्षणको लागि जति मुन्धुम जप्छौं, त्यही रुपमा आर्थिक र वित्तीय हैसियतलाई कसरी सबल बनाउने कुरामा मनन गर्दैनौं । हामी जति राजनीतिक समन्यायको चाहना राख्छौं, त्यसरी नै आर्थिक र वित्तीय उत्थान र अस्तित्वको लागि संघर्षशील र सचेत छैनौं । जति सचेत छौं, संगठित छैनौं, जति संगठित छौं, नगन्य छौं । त्यसैले आर्थिक र वित्तीय उत्थानको लागि सहकारी संगठन एउटा सशक्त माध्यम र आधार हुनसक्छ किनभने कुनै पनि हक ...कार प्राप्त गर्न संगठित बन्नु आवश्यक

६

२०.२% जनसंख्या रहेको पहाडे जाति (मगर, गुरुङ, राई, लिम्बू) को ८.४ प्रतिशत मात्रै राज्य संचालनमा सहभागिता रहेको छ । (डा. हर्क गुरुङ्ग, कान्तिपुर दैनिक, बिहीबार भदौ २५, २०६०) भने अर्थ र वित्तको राष्ट्रिय आंकडामा करिब करिब हाम्रो अस्तित्व नै छैन । राज्य संचालनको सहभागिताको सवालमा मननीय कुरा के छ भने २०% सहभागिता पाइहाले पनि सबै राई, लिम्बू, मगर, गुरुङ्ग, मन्त्री, सांसद र शाखा अधिकृत बन्नु होइन । यो व्यक्तिगत चाख, चाहना र क्षमतामा निर्भर रहने कुरा हो । तर अर्थ र वित्तको आवश्यकता, यसमा संलग्नता, चाहेर वा नचाहेर पनि अपरिहार्य अनिवार्य दैनिक बाध्यता हो । समुदाय, समाज र राज्यमा संचालित आर्थिक र वित्तीय कारोबारमा क्रियाशील बनन् जीवनको एक अभिन्न अंग हो । त्यसैले राज्यमा सरकारी, अर्ध सरकारी र निजी लगानीमा विभिन्न आर्थिक र वित्तीय संस्थाहरु संचालन भइरहेका छन् । यस्तै आर्थिक र वित्तीय कारोबार गर्ने संस्थाका प्रकारहरुमध्ये सहकारी एक प्रकारको संस्था हो जसको अनुगमन र नियन्त्रण श्री ५ को सरकारको कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको सहकारी विभागले गर्दछ भने निश्चित समूह, समुदायको व्यक्तिहरु (कम्तीमा २५) ले पूँजी संकलन गरी एकमुष्ट बनाई पूँजी लगानी गर्दछ ।

सहकारीको मुख्य उद्देश्य आर्थिक रुपले सुरक्षित र समृद्ध बन्नु हो । ठूला पूँजीपतिहरुको शोषणबाट मुक्त भई सामाजिक न्याय प्राप्त गर्दै आफ्नो मौलिक संस्कृति, धर्म, भाषा, संस्कार र भौगोलिक परिवेशलाई बचाई राख्नु हो । भाषा, धर्म, संस्कार, संस्कृतिलाई बचाई राख्नको लागि आर्थिक र वित्तीय रुपले सबल र सक्षम बन्नुपर्छ । सहकारीले समूह वा समुदायका सदस्यहरुलाई विभिन्न किसिमको सेवाहरु उपलब्ध र प्रदान गर्दै सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक उद्देश्य प्राप्तिमा सहयोग र योगदान गर्दछ ।

विपन्नहरुलाई सामुहिक प्रयासमा क्रियाशील बनाई समाजमा समान किसिमले अवसरहरुको उपभोग र दायित्वहरुको वहन गराई उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित वर्ग र व्यक्तिहरुमा मात्र एकत्रित हुन रोक लगाई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धीहरुको न्यायोचित वितरण गरी सामाजिक र आर्थिक न्याय दिलाउँछ । सदस्यहरुको आर्थिक उन्नति खातिर व्यवसायिक क्षमतालाई संगठित गरी व्यवसाय संचालन गर्दछ । उत्पादन र वितरणलाई सुगम, व्यवस्थित र प्रभावकारी बनाई मागअनुसार वस्तु, सेवा, सुविधा उपलब्ध गराउँदछ । बचतको आधारमा आयमूलक व्यवसायमा लगानी गर्न सदस्यहरुलाई प्रेरित गर्दछ । यसबाट धनी र गरीबबीचको आर्थिक असमानता हटी समाजमा सौहार्दताको वातावरण कायम गर्दछ । सहकारीताले मानिसहरुमा इमान्दारीता, एकता, सामाजिक उत्तरदायित्व र सामुदायिक विकासको भावना विकास गरी न्याय र नैतिकतामा स्वास्थ्य सामाजिक जीवनको स्थापना र विकास गराउँदछ । सहकारीले आर्जित नाफाबाट सदस्यहरुलाई सेवा सुविधा उपलब्ध गराउँदै आर्थिक, सामाजिक, सांस्कृतिक तथा व्यवस्थापकीय तालिम र ज्ञानहरु प्रदान गर्दै शिक्षित र प्रबुद्ध समाजको निर्माण गर्दछ ।

विश्व व्यापारीकरणको युगमा हामी जीवन निर्वाह कृषिमा आधारित दुमी राई व्यक्ति विशेषले आर्थिक र वित्तीय रुपमा देशका ठूला-ठूला वंशज घराना व्यापारी, उद्योगपति र बहुराष्ट्रिय कम्पनीहरुसँग प्रतिस्पर्धा गरी आफ्नो आर्थिक र वित्तीय उत्थान र विकास गर्न त्यति सजिलो छैन । व्यक्तिगत रुपमा आर्थिक रुपले सबल बने तापनि सम्पत्तिको पुस्तौनी हस्तान्तरणमा क्षय भई घट्दो क्रम रहेको अनुभव हामी सबैले महसुस गरेका छौं । यसका मुख्य कारणहरुमा उत्पादनमूलक उद्योगमा लगानी नहुनु, आफ्नो भूमि, देशमा श्रम लगानी नहुनु, ज्याला, तलबमा आधारित आम्दानी हुनु, संस्थागत लगानी नहुनु हो । यस्ता पारम्परिक कमजोरीलाई हटाई सानो र थोरै आम्दानीबाट पनि बचत गरी जीवन निर्वाहमा मात्रै सीमित नराखी दीर्घकालीन उत्पादनमूलक कार्यमा लगानी गर्नको लागि पनि सहकारीको आवश्यकता छ । सहकारीमार्फत् सुविधासम्पन्न शहरदेखि विपन्न गाउँसम्म आर्थिक र वित्तीय सेवा पुर्‍याउन सजिलो र सुलभ हुन्छ । स्थानीय स्रोत साधनको उच्चतम र व्यवस्थित प्रयोग गरी सर्वसाधारणमा ज्ञान, सिप र उद्यमशीलताको विकास गराई रोजगारीको सृजना गर्न सहकारीको आवश्यकता छ । यसबाट गरिबी निवारण हुन गई आर्थिक अवस्थामा सुधार आउँछ । जसले गर्दा हामी आर्थिक, सामाजिक र सांस्कृतिक रुपले एकबद्ध रही जातीय अस्तित्वलाई बचाउन सकिन्छ ।

**विश्व व्यापारीकरणको युगमा हामी जीवन निर्वाह कृषिमा आधारित दुमी राई व्यक्ति विशेषले आर्थिक र वित्तीय रूपमा देशका ठूला-ठूला वंशज घराना व्यापारी, उद्योगपति र बहुराष्ट्रिय कम्पनीहरूसँग प्रतिस्पर्धा गरी आफ्नो आर्थिक र वित्तीय उत्थान र विकास गर्न त्यति सजिलो छैन । व्यक्तिगत रूपमा आर्थिक रूपले सबल बने तापनि सम्पत्तिको पुस्तौनी हस्तान्तरणमा क्षय भई घट्दो क्रम रहेको अनुभव हामी सबैले महसुस गरेका छौं ।**

# म

✍ कल्पना दुमी सत्म राई
सप्तेश्वर-४, लंखु, खोटाङ

यदि म मेरो परम्परालाई चिन्दिन भने
यदि म मेरो संस्कृतिलाई जान्दिन भने
यदि म मेरो भाषालाई ठान्दिन भने
यदि म मेरो धर्मलाई सुन्दिन भने
म केवल म मात्र हुँ
अरू केही हैन मेरो अस्तित्व छैन ।

म मेरो सम्प्रदायमा हुर्केको मान्छे
म मेरो सम्प्रदायमा जन्मेको मान्छे
मलाई मेरो साम्प्रदायिकताले साँचेको छ
मलाई मेरो धर्म संस्कृतिले गाँजेको छ
मलाई मेरो परम्पराले हुर्काएको छ
मलाई मेरो संस्कृतिले साखेल (साकेवा) नचाएकोछ
नाता-नाला र आफन्तहरूसँग
सम्बन्ध गाँसिदिएको छ ।

परदेशिनु र विदेशिनु पर्दा
'मेरो' लाई सम्झेर रूवाएको छ,
अस्तित्वलाई जीवन्त राख्न उसले
जडिबुटी खुवाएको छ
सम्प्रदायमा निर्धक्क भई सधैं
उभित सिकाएकोछ ।

त्यसैले होला मैले
मेरो सम्प्रदायलाई मान्नु परेको
मेरो संस्कृतिलाई जान्नुपरेको
भाषालाई बुझ्नु परको
अनि धर्मलाई सुन्नु परेको ।

**विजयादशमी तथा शुभ दीपावली २०६० को**
शुभ उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**स्वर्णिम तारा विद्या सदन परिवार**
सहयोगीनगर, कोटेश्वर, काठमाडौं-३५
फोन : ४४९४८८०

# अनुभूति

✍ कीर्ति कुमार दुमी राई
माक्पा ६, नोरुङ्ग, खोटाङ्ग

नभुलौं हामी आफ्नो भाषा र सँस्कृति
यदि भुलेमा भबिष्यमा पर्ला है विपति
यी सबै हुन् हाम्रा बहुमूल्य सम्पति
संरक्षण गरेमा हाम्रै हुनेछन् सबै ती ॥

आफ्नो पूर्खाको गौरबगाथालाई बचाउन
हामी सबै एकजुट भई लागौं
किरात सन्ततिको अस्तित्व कायम् राख्न
बिकृत् सँस्कृतिलाई त्यागौ ॥

आफ्नो पहिचानलाई जोगाउ पसिना बगाएर
नबसौ हामी काही घोसेमुन्टो लगाएर
प्राचीन मौलिक सँस्कृतिमा रमेर
बचाई राखौं सधैंभरि माया गरेर ॥

मूचि ।

# यथार्थ

✍ मिरा लक्ष्मी दुमीराई
माक्पा ६, नोरुङ्ग, खोटाङ्ग



धनी हुनु, सम्पतिले होइन,दयाले ।
गरीब हुनु, मित्रले होइन शत्रुले ।
कमी हुनु , सीपले होइन , कुराले।
चोर हुनु , धनमालको होइन , सीपको ।
माया लाउनु आफैमा दोष होइन, प्रीतको।

सफा हुनु , साबुन पानीले होइन, असल बानीले।
सभ्य हुनु , किताबले होइन , सोचाई र अनुभूतिले ।
गाउँ, शहर अनि दुःख(सुख मिलाई जोडौ हाँसो ,राष्ट्र प्रेमीले।
महान हुनु, हीरा(मोतीले होइन , ब्यबहार र नीतिले।
माया लाउनु , वैंशले होइन , चोखो प्रीतिले।

सेवा गर्नु , ओठले होइन , पौरखी हातले।
लगनशील हुनु , रोक्दैन कहिल्यै , दिन र रातले।
जीवित रहनु , निराशले होइन, साहस् र आँटले।
मन ठूलो भए , छेक्दैन कहिल्यै, भाषा र जातले।
आजको बालक, भोलिको यौवन, जवानीमा वैंशले।

धनी हुनु , घमण्डले होइन, मायाको खानीले।
मिलनसार हुनु, क्षणभरलाई होइन, मानव प्राणीले।
सहारा हुनु , आफूलाई होइन , अरुलाई हामीले।
कोपिला हुनु , ऋतुले होइन , प्रकृतिको नियमले।
कोपिला पछि, सुवास छर्दै , फूल्नुछ, आफैले । मुचि ।

# गणेशमान सिंह श्रेष्ठ

"राजनीतिमा नैतिकता थपियो भने प्रजातन्त्र हुन्छ, नैतिकता हटाइदिए तानाशाही हुन्छ ।"

*-गणेशमान सिंह श्रेष्ठ*

वि.सं. १९७२ साल कार्तिक २४ गते पिता सुब्बा ज्ञानमानसिंह र माता सानुनानी श्रेष्ठको सुपुत्रको रूपमा जन्मिएका गणेशमान सिंह वि.सं. २०४६ सालको जनआन्दोलनको सफल नेतृत्व गरी सर्वमान्य नेता कहलिएका थिए । सानै उमेरमा बुबाको मायाबाट बञ्चित भएका सिंह बुबाको मृत्युपश्चात् आफ्नै हजुरबुबा बडाकाजी रत्नमान सिंहको पालन पोषणमा हुर्किंदै गए । उनले स्वस्तीको अर्थ नजानी राणाका छोराछोरी पढ्ने स्कुलबाट निकालिन बाध्य हुनुपरेको थियो । सानै उमेरमा साइकल कुदाएको आरोपमा नोकरीबाट निकालिनु परेपछि उनले कलकत्ता गई आई.ए.सम्मको अध्ययन गरे । त्यसपछि पुनः नेपाल फर्की प्रजापरिषद् पार्टीमा लागी राणाहरूको विरोधतर्फ पाइला चाल्ने प्रयत्न गर्दागर्दै उनी जन्मकैदको सजायको लागि भागिदार हुनुपऱ्यो । हुन त गल्ती उनको केही थिएन तर राणाहरूको विरोध गरेको हुनाले, उनी राणाहरूका लागि सहनीय भएनन् । त्यसै कारणले पनि उनी जन्मकैदको सजायमा बाँधिन पुगे । तर उनमा भएको दृढ संकल्प र आत्मविश्वासले उनलाई त्यहाँ धेरै बेरसम्म रहन दिएन अर्थात् उनी उक्त जेलबाट भाग्न सफल भए । यस मौकामा चाहिँ उनी नेपाल बस्न चाहन्थे तर पुनः जन्मकैदको भूमरीमा फसिन्छ भन्ने सोची एकचोटि फेरि कलकत्ता नै गए । उनी कलकत्तामा गएर पनि आफ्नो देशको प्रजातन्त्रको निमित्त आन्दोलनमा सामेल भई देशलाई उज्यालो प्रकाशतर्फ डोऱ्याउन चाहँदा पुनः जेलको हावा खान पुगे । पछि उक्त जेलबाट मुक्त भई उनीले २००६ सालमा नेपाली कांग्रेसको स्थापना गरी नेपाल फर्किए, तर दुर्भाग्यवश उनी फेरि जेलको छिँडीमा थुनिन पुगे । तर यस थुनाइले धेरै वर्षसम साथ दिन भने सकेन किनकि २००७ सालको क्रान्तिकारी परिवर्तनपछि उक्त जेलबाट मुक्त भए । यसरी आफ्नो ज्यानको पर्वाह नगरी सिंगो देश, जनता अनि प्रजातन्त्रका निम्ति लडिरहे र अन्त्यमा उनले सफलता आफ्नो हातमा पारेरै छाडे । त्यसै कारणले गर्दा उनलाई लौहपुरूष र प्रजातन्त्रका पिता भनी नामाकरण गरिएको भनेर हामी भन्न सक्छौं ।

वि.सं. २०५४ साल असोज १ गते यस धर्तीबाट बिदा लिएका गणेशमान सिंह मरेर गए पनि उनले दिएको योगदानले गर्दा उनको नाम सारा नेपालीको लागि अविस्मरणीय बन्न पुगेको छ ।

***-लक्ष्मण श्रेष्ठ***

*कक्षा ९*

*बेबिलोन नेशनल स्कुल*

*शान्तिनगर, काठमाडौं*

# हल्कारा ! मेरो कान्छालाई भेटाइदेऊ...

*✍ विष्णुकला दुमी सत्म राई*

कान्छा, सुन्दर शहरमा खुसी जीवन जीउने सपना बोकेर शहर भित्रिएपछि तिमी कहाँ हराइरहेका छौ ? शहर भित्रने पहिलो प्रहरको झिसमिसेमा तिमीले खास्टोले मलाई पूरै ढाकेर निस्किएको मलाई याद छ । त्यस दिनदेखि तिमी फर्केर आएनौ । मैले तिमीलाई कहाँ कहाँ खोजिन । तिमीलाई खोज्दै जाँदा शहरको गल्ली गल्ली चाहारिसकें तर पनि कतै भेटिँदैनौ । आखिर तिमी कहाँ हराइरहेका छौ ?

तिमीले बुधबारे हाटबजारमा किनिदिएको फूलबुट्टे फरिया र चौबन्दीले पनि जुनी फेर्नै लागिसक्यो । बाबाको भोटो र आमाको मजेत्रोले पनि दुखेसो पोख्न थालिसकेको थियो, तिमी भने कहाँ हराइरहेका छौ ? आमाबाबा सधैं सोध्नुहुन्छ, खै हाम्रो कान्छा ? कहाँ छ ? आजकल तिमी बोलेको सुनिँदैन ? म सधैं आमाबालाई यसरी सम्झाउने गर्थें- "हाम्रो कान्छाले शहरमा नबोली गर्ने जागिर पाको छ, त्यसैले ऊ बोलेको सुनिँदैन ।" साँच्चै कान्छा, तिमीले छोडेर गएको दिनदेखि आँखामा निद्रा परेन, कोठामा आगो बलेको छैन । डाँडामाथिको घाम भइसकेका आमाबाबुलाई नरूवाऊ, पाप लाग्छ । फर्केर जाऊ, गाउँमा तिमीबिना आमाबाबुको आशिर्वाद बिटुलो भइरहेको छ ।

कान्छा ! यो भव्य शहरमा तिमीलाई खोज्दा खोज्दा म त निस्सासिइसकें । कसैले भन्छन् तिमी बेहोस-बेहोस अवस्थामा सडकको पेटीमा मेरो नाम लिँदै लडिरहेका थियौ रे ! कसैले भन्छन्, तिमीलाई प्रहरीहरूले लखेटिरहेका थिए रे । कान्छा ! भो चाहिँदैन, हामीलाई शहरिया जीवन अनि ती ठूलठूला महलहरू, फर्केर जाऊ हामी आफ्नै घर फर्केर जाऊ । यो शहरभन्दा त मलाई हाम्रै गाउँ स्वर्ग लाग्यो । यो भव्य शहरमा तिमी आफ्नी कान्छीलाई करिष्मासँग तुलना नगर ।

कान्छा, तिमी जहाँ भए पनि फर्केर जाऊ हामी हाम्रा गाउँ फर्केर जाऔं । यो शहरिया जीवनभन्दा त हाम्रो गाउँले जीवन नै सयौं गुणा सुखी छ । यसपालि हाम्रो घर पनि छाएको थिएनौं, चुहिसक्यो होला । पारि भीरको खर पनि सुकिसक्यो होला । पाखाबारी पनि जोतेको छैन । त्यहीं गएर आफ्नै घर छाएर अगेनाको वरिपरि गुन्द्रुक र ढिँडो खाँदै सुखी जीवन बिताऔं । जाऊ कान्छा, तिमी जहाँ भए नि जाऊ, फर्केर हामी आफ्नै गाउँ जाऔं ।

(समाप्त)

# झरना

✍ टिया दुमी राई
कक्षा १०, पृथ्वी उच्च मा.वि. बाकिसला



झरना तिमी संगीतको धुन
एकैसाथ घन्काउँदै
मिठो गीत सिर्जना गर्छौ
झरना तिमी चट्टानसँग कुस्ती खेल्दै
सुन्दर दृश्य सिर्जना गर्छौ
तिम्रो सुन्दर लयमा
तिम्रो सुन्दर दृश्यमा
आनन्दको स्वर्ग खुल्दछ !
तिम्रो प्रत्येक लयमा
निरन्तर चल्ने व्यवहार कोरिएको छ
तिमीबाट हो, तिमीबाट नै
धर्तीको उब्जनी बढाउन सम्भव छ
तिम्रै संगीतको धुनबाट नै
धर्तीलाई हरियाली बनाउन सम्भव छ
यसैले तिमीलाई मेरो
हजारौं हजारौं बधाइ छ ।

# शिक्षा

✍ टिया दुमी राई
कक्षा १०, पृथ्वी उ.मा.वि. बाकिसला

शिक्षा एउटा जीवनको अंग हो
यसले मानिसलाई महान बनाउँछ
शिक्षा एउटा जीवनको रंगहो
यसले मानिसलाई विद्वान बनाउँछ ।

शिक्षा सबैको समान हुनुपर्छ
तबमात्र बन्छ देश ज्योति
शिक्षा सबैलाई समान हुनुपर्छ
तब मात्र बन्छ देश मोती ।

शिक्षा मानिसको जीवन दिने माध्यम
यसैले झल्किन्छ हाम्रो मानवता
विद्यालय शिक्षा दिने मन्दिर हो
यसैले शिक्षा बन्न पुगेछ हाम्रो आवश्यकता ।

शिक्षा बिना हुँदैन जीवनको कुनै अर्थ
यसैले हामी अघि बढ्ने गर्नुपर्छ
शिक्षाले सिकाउँछ मानिसलाई गर्न धर्म
यसैले हामीले बुझ्नु पर्छ शिक्षाको मर्म ।

# जीवनको वास्तविकता



✍ सरबहादुर दुमी राई
माक्पा-३, बेब्ला, खोटाङ

रावाको भेलसरि बगेको यो मनलाई छेक्नै सकिन
क्षितिजमा उडेको चंगासरि यो मनलाई थाम्नै सकिन
दुःखको गहिराइमा डुबेको जीवनलाई उतार्नै सकिन
चैत्रको हुरी झैं बहकिएको यो मनलाई रोक्नै सकिन ॥

जीवनको कति उकालीहरू चढें, कति ओरालीहरू झरें
तर जीवनको वास्तविकता थाहा पाउन सकिन
जीवनमा कति देउराली धाएँ, कति भन्ज्याङहरू चाहारें
तर जीवनमा शान्तिको यथार्थता बुझ्नै सकिन ।

जिन्दगीको नियति नै यति रहेछ सधैं दुःखमा रूमलिनुपर्ने
कैयौं दुःखहरूलाई लुकाएर पनि बाहिर हाँस्दै हिंड्नुपर्ने
यही नै रहेछ जीवनको यथार्थता अनि परिभाषा
यिनै सबै कुराहरूलाई लिएर एक दिन यो धर्तीबाट बिदाइ हुनुपर्ने ।

# छोरीको सपना



✍ रिया दुमी राई
कक्षा ८
श्री पृथ्वी उच्च मावि, बाक्सिला

आमा ! छोरीलाई पनि छोराजस्तै स्कुल पठाइदेऊ
आमा ! छोरीलाई पनि छोराजस्तै विद्वान बनाइदेऊ
आमा ! छोरीलाई डोको नाम्लो मात्र नदेऊ
आमा ! छोरीलाई कापी कलम पनि किनिदेऊ ।

आमा ! छोरीलाई दाइजो हैन शिक्षा देऊ
आमा ! छोरीलाई रून हैन हाँस्न सिकाइदेऊ
आमा ! छोरीलाई घरधन्दा मात्र हैन शिक्षित बनाइदेऊ
आमा ! छोरीलाई कोक्रो हल्लाउन हैन देश हाँक्ने बनाइदेऊ

आमा ! छोरीलाई समाजमा पशुजस्तै हेपिएर बस्न नदेऊ
आमा ! छोरीलाई शिक्षाबाट बञ्चित भएर बाँच्न नदेऊ
आमा ! छोरीलाई छोराजस्तै किताब समात्न देऊ
आमा ! छोरीलाई छोराजस्तै यस धर्तीमा रमाउन देऊ ।

आमा ! छोरीलाई सूर्यजस्तै उज्यालो मुहार बनाइदेऊ
आमा ! छोरीलाई ताराजस्तै चम्किलो बन्न सिकाइदेऊ
आमा ! छोरीलाई विवाह मात्र नगरीदेऊ
आमा ! छोरीलाई छोरीको सपना पूरा गरिदेऊ ।

# लुप्पोको बंशावली र गाइने छेन्ताङ्गेको किंवदन्ती



✍ प्रस्तोता चतुरभक्त सत्म राई

इतिहासको एउटा महत्वपूर्ण श्रोत वंशावली हो । दुमी राईहरूको २१ पाछाहरूमध्ये यसपटक यो छैटौं प्रकाशन गर्ने क्रममा लुप्पोको वंशावली तपाईहरूको हातमा आइपुगेको छ । दुमीराईहरूको इतिहास कथा र किंवदन्तीहरूले भरिएको एकपाछा लुप्पो हो । लुप्पोहरूलाई प्वालुङगे पनि भन्दछन । यसको अर्थ चाहिं लुप्पोको पिताको नाम पालिम वा पुवालु भएकाले पिताको नामवाट पनि प्वालूङ भनेर अपभ्रंश रूपमा संवोधन गर्ने प्रचलन रहेकाले त्यसो. भनिएको हो । यी लुप्पोहरूको मुख्य बसोवास क्षेत्र बाक्सिला, सिम्पानी, सप्तेश्वर चिउरीखर्क, चोखाने, खार्ताम्छा आदि हो र हाल नेपालको पूर्वी जिल्लातिर पनि छरिएर वसेका छन । यसमा तिनै लुप्पोहरूको लामो वंशावली र उनीहरूमा पाइने गाइने र छेन्ताङ्गे राईको किंवदन्तीलाई समेत प्रस्तुत गर्नु यो लेखको उद्धेश्य हुनेछ ।

आदरणीय पाठक तथा लुप्पोवंशी दाज्यूभाईहरू लुप्पोहरूको यो नै अन्तिम वंशावली नभएको हुनाले यसलाई अझ परिस्कृत र बृहत बनाई दुमी राईहरूको एक्कइसै पाछाहरूको सगोल वंशावली प्रकाशनमा महत्पूर्ण योगदान पुरयाईदिन हुन अनुरोध छ । प्रस्तुत वंशावली निर्माण गर्दा निम्न श्रोतहरूको सहयोगलिई गरिएकाले त्यसको सार विवरण यसमा प्रस्तुत गरिएको छ ।

## वंशावलीका श्रोत व्यक्तिहरु

**१, स्वर्गीय रबिलाल लुप्पो राई : चिउरीखर्क**

प्रख्यात, नागीरे धामी तथा प्रथम विश्वयुद्धका लडाकु सेना निज राईले लुप्पोहरुको लामो वंशावली आफैले लेखी राख्नु भएको रहेछ । संयोगले वंशावली खोज्नेक्रममा उक्त लिखित श्रोत वंशावली उहाँकै भतिजा शिद्धीवहादुर राईवाट प्राप्त भएकाले वंशावली निर्माणमा यसको महत्वपूर्ण सहयोग पुग्न गएकोछ । निज रबिलाल राई केही वर्ष अगाडि नै स्वर्गीय भैसक्नु भएको भए पनि उहाँको योगदान वंशावली निर्माणमा महत्वपूर्ण रहेकोछ ।

**२, स्वर्गीय मदुराज लुप्पो राई : दस्कते**

लुप्पोहरुको अर्को लिखित वंशावली मदुराज लुप्पो राईको संरक्षणमा रहेको पाइएकोछ । यो कहिले र कस्ले तयार ग-यो भन्ने केही उल्लेख छैन । तथापि यसको स्वरुप र लेखाईको भाषालाई हेर्दा कुनै समयमा राईहरुले कुनै तागाधारी जातिलाई लेखाउन लगाएको बोध हुन्छ । यसमा डिबुपेलदेखि हम्तिबल र अम्दशसम्मको वंशावली उल्लेख रहेकोछ । तसर्थ यो आजभन्दा आठपुस्ता अगाडि लेखिएको बोध हुन्छ ।

माथि भनिएको दुवै वंशावली एक अर्कामा अत्यन्त भिन्नता रहेको पाइन्छ । दुवैका पुर्खाहरुको नाम क्रमशः नआएको, कतै दोहोरिएको अवस्थामा रहेकोछ । तसर्थ यथासम्भव यसमा निम्नलिखित श्रोतव्यक्तिहरुको राय सल्लाह र दुवै लिखित वंशावलीलाई आधार मानेर यो वंशावली निमार्ण गरिएकोछ ।

मदुराज लुप्पो राईको छोटो उमेरमा नै अकस्मात भएको दिवंगत आत्माप्रति चिरशान्तिको कामना छ ।

**३ शिद्धीबहादुर लुप्पो राई : चिउरीखर्क**

बृटिश सेनावाट पेन्सन आई गाउँकै सेवामा निरन्तर लागीरहनु भएका निज राई दुमीकिरात राई फन्सिकिमको केन्द्रीय सदस्य पनि रहनुभएको छ । लुप्पोहरुको वंशावली आफै खोज्नुपर्छ भनेर लागीपर्ने जिज्ञासुको रुपमा उहाँले रबिलाल राईले लेखीराख्नुभएको वशावली संकलन गर्नुभएको रहेछ । त्यसैलाई छलफल गर्ने काम सगैवसेर धेरैचोटी गरियो । चिउरीखर्क वसोवास गर्ने पछिल्ला सवै वंशहरुको पुस्ताको नामहरु सवै लेखाएर वंशावली निमार्णमा सहयोग पुरयाउने काम उहाँवाट भएकोछ ।

**४, स्वर्गीय भक्तवहादुर लुप्पो राई ( अन्तरेमाइला) : चिउरीखर्क**

श्री मालिका देवी प्रा वि का संस्थापक सदस्यहरुमध्येका एक सक्रिय सदस्य निज राईले सिम्पानीवाट चिउरीखर्क आउने जागवोल राईदेखि वर्तमान पुस्तासम्मको सवै वंशक्रम बताई वंशावली निर्माणमा महत्पूर्ण योगदान पुरयाउनु भएकोछ ।

**५ नरमान लुप्पो राई : चिउरीखर्क जमुने**

स्वर्गीय रबिलाल राईको जेष्ठ सुपुत्र नरमानले पिताद्वारा सुनीराखेका छिटफुट कुराहरु र नुङकु बताएर वंशावली निमार्णमा सहयोग पुऱ्याउनु भएकोछ ।

**६, इच्छवहादुर लुप्पो राई : साक्सिला**

ब्रिटिश सेनावाट पेन्सन पकाईवसेका निज राईले हिरादेको छोरा फुला राई र निजको दुई विवाह भई जेठीपट्टि गाइने, छेन्ताङ्गे र कान्छीपट्टि पृथिबोल र करमजीत हुन भनी वर्तमान पुस्तासम्मको वंशावली लेखाई योगदान पुऱ्याउनु भएको छ ।

**७, शुन्दरमाया लुप्पो राई : खार्तातामछा**

चोखाने गाउँमा जन्मभई खार्ताम्छा गाउँमा विवाह बन्धनमा बाँधिन आईपुगेकी बृद्धा शुन्दरमाया राई र निजको परिवारको महत्वपूर्ण सहयोगवाट खार्तातामछा र चोखानेवासी लुप्पोहरुको सगोल वंशावली निर्माण गएिको हो । उहाँको दीर्घायुको कामना छ ।

**८, चतुरमनी लुप्पो राई : खार्ताम्छा**

मनसुङतर्फको बंशावली निर्माणमा तन मनले सहायोग गर्ने निज राई तथा उहाँको परिवार जनको ठूलो सहयोग रहेकोछ ।

**९ गदमसोर लुप्पो राई : चोखाने**

२०५४ असौजमा उहाँकै निवास चोखानेमा मनसुङतर्फको सम्पूर्ण बंशावली निर्माण गर्ने प्रयास गरिएको थियो । उहाँको महत्पूर्ण सहयोगको प्रतिफल नै यो बंशावली हो ।

**१० डिकवहादुर लुप्पो राई : चोखाने**

चोखाने गाउँको वंशावली निर्माणमा गदमसोर राईको घरमा पुऱ्याई सहयोग पुऱयाउने निज राई आस्थाले क्रिश्चियन भए पनि आफ्नो बंशावली निर्माणमा उहाँ सचेत हुनुहुन्छ । यो बंशावली निर्माणपछि उहाँको हातमा पुऱ्याउने उहाँको माग र हुन्छ भनी यो सङ्कलकले गरेको पुरानो बाचा यसपटक मात्र पुराभएकोछ ।

**११, हजारमनी लुप्पो राई : दशकते**

बाक्सिला गा. वि.समा २०१९ सालदेखि नै राजनीतिक, सामाजिक र शैक्षिक विकासमा सक्रिय भूमिका निर्वाह गर्दैआएका निज राईले कालुवीर, लाखुजीत र धनमुखीतर्फको सम्पूर्ण बंशावली बताई महत्वपूर्ण सहयोग पुऱ्याउनु भएकोछ ।

**१२, अगमसेर लुप्पो राई : बाकिसला बजार**

भारतीय सेनावाट पेन्सन प्राप्तगरी गाउँकै सेवामा लागीपरेका निज राईले उहाँतर्फका सम्पूर्ण पुर्खाहरुको विवरण दिई महत्वपूर्ण सहयोग पुऱ्याउनु भएकोछ ।

**१३. स्वर्गीय करमवहादुर लुप्पो राई : चिउरीखर्क**

बृटिश सेनावाट च्यारिटी पेन्सनप्राप्त निज राईसंग चिउरीखर्क तर्फको बंशावली निर्माणमा संगै बसेर बिभिन्न छलफलगरि छुटपुट कुराहरु थपघट गर्ने कार्य गरिएको थियो । हाल उहाँ दिवंगत भैसक्नु भएकोले निजको आत्माले चिरशान्ति पावोस भन्ने कामना छ ।



स्रोतव्यक्ति सिद्धिबहादुर लुप्पो राई

**१४. नरभक्त चामलिङ राई : खार्तातामछा**

निज राईले यो सङ्कलकको सानो चिट्ठीको भरमा नै २०५२ सालमा खार्ताम्छावासी लुप्पोहरुको बंशावलीको खाका तयार गरेर पठाई बंशावली सङ्कलनको पहिलो चरण आरम्भ गर्नुभएको थियो । त्यसको निरन्तर्ता नै आजको बंशावलीको सगोल रुप हो ।




स्रोतव्यक्ति सुन्दरमाया लुप्पो राई

**१५. ताराहाङ लुप्पो राई : धनकुटा**

निज राईले धनकुटा गई वस्ने उहाको पुर्खाहरु इन्द्रमान, चन्द्रवहादुर तर्फको वंशहरु बताई सहयोग पुऱ्याउनु भएकोछ ।

**१६. मणिराज लुप्पो राई : चिउरीखर्क**

चिउरीखर्के लुप्पोहरुको बंशावली निर्माणमा निज राई आफै सक्रिय भई तयार गरेको बंशावली यो सङ्कलकको हातमा परेपछि थपघट गर्ने कार्यमा महत्वपूर्ण सहयोग प्राप्त हुनसक्यो । लुप्पोहरुको बंशावली निर्माणमा



स्रोतव्यक्ति चतुरमणि लुप्पो राई

चोखानेसम्म पुगेर साथदिने पुत्र सरोज र खार्ताम्छासम्म पुगेर सहयोग गर्ने तथा बंशावली संकलन तथा मसौदा गर्नसमेत सहयोग गर्ने नृप दुमी र खगेन्द्र दुमी राई, बंशावली छलफलको लागि पूर्खाहरु भेलागर्न साथदिने लवकुमार लुप्पो राई, साहिनु केलाउन सहयोग गर्ने महिला नक्षो छकिते लुप्पो, सनद लुप्पो, छत्रकुमार लुप्पो, सितु लुप्पो, हर्कराज लुप्पो, छत्रकुमार लुप्पो तथा घरधन्दामा कुनै कष्ट नठानी सहयोगीहरुलाई संधै तातोपिरो गराउन सहयोग पुर्याउने सहधर्मिनी श्रीमति जानुका राई लगायत सम्पूर्ण श्रोत महानुभावहरुप्रति यो सङ्कलक पूर्ण आभारी रहेको छ ।

## गाइने, छेन्ताङ्गेको किंवदन्ती

माझ किरातवासीहरुमा गाइने, छेन्ताङ्गेको कथा कहिरन नसुन्ने मानिसहरु साहेद कमै होलान । वास्तवमा यी व्यक्तिहरु कुनै लोककथाको काल्पनिक पात्र नभएर उनीहरु दुमीराईहरुको लुप्पो पाछाको एक साक्षात व्यक्ति तथा फूला राईको जेठी श्रीमतिपट्टीका दुई छोराहरु जेठो गाइने र कान्छो छेन्ताङ्गे थियो । उनीहरु अत्यन्त शिपालु र शक्तिशाली धामी थिए । अहिले पनि लुप्पोहरुमा धेरै धामीहरु छन । त्यसैले होला लुप्पोहरुलाई नक्षोको सन्तान पनि भन्ने प्रचलन रहेको छ ।

यी गाइने छेन्ताङ्गे मन्त्रशक्तिद्वारा असिना झार्न सक्थे, पानी वर्साउन सक्थे, फूल सुकाउन र जगाउँन सक्थे । रुखका पातहरु झार्न र पुनः जोड्न पनि सक्थे । त्यसैले उनीहरुको ख्याती पूर्वदेखि पश्चिममा नेपालको दरवारसम्म फैलिएको थियो ।

त्यस समय कारेकुष्टि रोग फैलिएको हुनाले नेपालको दरवारमा रानीलाई पनि यो रोगले सताएको थियो । अनेकौं वैध, गुभाजू लगाउँदा पनि सन्चो नभएकाले कुनै शिपालु धामीको खोजिमा थिए उनीहरु । त्यसैले दरवारवाट धामीहरु झिकाई तिनीहरुमध्ये शिपालु धामीलाई छानेर खापकर (उपचार) गर्न लगाउने निर्णय गरे ।

यही सिलसिलामा गाइने छेन्ताङ्गेलाई पनि बोलावट भएको हुँदा उनीहरु पनि सामासर्दामसमेत लिई नेपाल आए । त्यसैगरी अन्य ठाउँको धामीहरु पनि आईपुगे ।

अव ती धामीहरु कुनचाहिं शिपालु हुन भनी जाँच गर्नलाई टुँडिखेलमा उपस्थित गराई चिन्ता बसाइयो । ठूलो तामझामकासाथ चिन्ता शुरुभयो । धामीहरु फूर्तिसाथ नाच्न थाले । गाइने र छेन्ताङ्गे चाहिं सम्दु ( देवातालाई मनाउने काम ) गर्दै ठिक्क भएछ । अरु धामीको नचाई चरम अवस्थामा पुगेको बेलामा राजावाट "चिन्ता बन्द गर" भन्ने हुकुम भयो । सवैले राजाको हुकुमलाई शिरोधार्य गर्दै ठप्प चिन्ता बन्द गरे । गाइने र छेन्ताङ्गे चाहिं यत्तिखेरपो जोडले कामदै नाच्न थाल्यो । यत्ति भैसकेपछि बल्ल थाहा भयोकी शिपालु धामी भनेको गाइने र छेन्ताङ्गे नै रहेछ । किनकी पक्का गुरुले समातेको धामी हो भने मनुष्यले हुकुम गरेको कदापि मान्दैन । यसरी गाइने र छेन्ताङ्ग दुवै यो खरो परिक्षणवाट उत्रीए ।

यसपछि उनीहरु रानीको खापकर (उपचार) मा लागे । उत्तिखेर आम्ने साम्ने भएर राजा रानीको मुखसम्म हेर्न पाइदैनथ्यो भने रानीको सुकोमल नारी छामेर व्याथा खुट्याउने कुरा त धेरै टाढाको विषय थियो । बेरामी कस्तो छ देख्न पाएको होइन । तैपनि उनीहरु दरवारको पेटीमा बसेर साततलामाथि बसेकी रानीको उपचारार्थ चिन्ता बस्न शुरु गरे । रानीको हातवाट लासो डोरी बाँधेर झ्यालवाट तल झार्न लगाए ।


यता रानीको सहयोगीहरु चहिं धामी कत्तिको शिपालु होला भनी पुनः भित्री रुपवाट चालचल्न थाले । सर्वप्रथम लासोडोरी जाँतोको हतासोमा बाँधेर चिन्तामा पुर्याइयो । गाइने छेन्ताङ्गेले सोही लासो डोरीलाई समातेर व्यथा विचारगर्न लागे । अनि भने "लौ यो त विसास (स्वास नफेर्ने ) पर्यो" भनेर ठहर गरे । फेरी जाँचकीहरुले उक्त लासो डोरीलाई थाममा बाँधेर हेर्न लगाए । धामीले उही पहिलेकै कुरा दोहोर्यायो । अव तेस्रो पटक चाहिं कुकुरको खुट्टामा बाँधेर हेर्न लगाउँदा यो सास हो तर मनुषे होइन भनेर ठहर गर्यो । अन्त्यमा रानीको हातमा बाँधेर हेर्न लगाउँदा लासोडोरी ठिक आएकाले बल्ल धामी शिपालु नै रहेछ भनी पूर्ण विस्वासकासाथ चिन्ता शुरु भयो ।

गाइने छेन्ताङ्गेको आङ्मा गुरू प्रवेश गरेपछि कसैले रोक्न सकेनन् उनीहरू त्यही लासोडोरीको सहायताले रानीको कोठाभित्र प्रवेशगरी रानीको जिउ टोकी-टोकी व्यथा झिकीदिए । तर विना अनुमति उनीहरू रानीको कोठामा प्रवेशगरेको हुनाले थुनामा परे ।


गाइने छेन्ताङ्गेको आङ्मा गुरु प्रवेश गरेपछि कसैले रोक्न सकेनन् उनीहरु त्यही लासोडोरीको सहायताले रानीको कोठाभित्र प्रवेशगरी रानीको जिउ टोकी-टोकी व्यथा झिकीदिए । तर विना अनुमति उनीहरु रानीको कोठामा प्रवेशगरेको हुनाले थुनामा परे ।

यता केहीदिन पछि रानीको घाउ सञ्चो हुँदैआयो र अन्त्यमा पुरै सञ्चो पनि भयो । त्यसैले उनीहरुलाई जेलवाट मुक्त पनि गरियो । व्यथा सञ्चो भएकाले राजा रानी सवै खुसी भए । यो सेवाको वापत के माग्छौ त भनेर सोधनी हुँदा गाइने र छेन्ताङ्गेले दरवारमा सजाएर राखेको भुँ (अर्नाको सिं जसलाई टुप्पो काटेर किरात राईहरुको धार्मिक कर्म नागु, तिधाम र छमदममा बजाउने गरिन्छ ) माग गरे । सो भुँ उनीहरुलाई तीनवटा प्राप्तभयो । तर अझै पनि उनीहरु थुनामा रहनु पर्ने शङ्का रहेकाले आफ्नो मन्त्रशक्तिद्वारा ढोल, भुँ सहित उडाएर घर ल्याए ।


साक्सिलावासी लुप्पोहरुको भनाईमा उक्त भुँ मध्ये एक आगलागीमा पर्यो, एक कर्मीडाडे धामीले लग्यो र बाँकी एक नक्षो ओमबहादुर लुप्पोले बाँचुञ्जेल प्रयोग गरे र हाल नयाँ धामी त्यस वंशमा ननिस्केकाले उक्त भुँ भलबहादुर लुप्पो राईको घरमा त्यसै थन्किएर रहेको छ । यसलाई प्रस्तोताले पनि प्रत्यक्ष रुपमा देखिसकेको छ । यी वंशका वंशावली के कस्तो रहेकोछ कृपया अध्ययन गरी तलमाथि वा छुट भएमा प्रतिकृया पठाई सहयोग पुर्याईदिन हुन सादर अनुरोध छ ।





१ लुप्पो
२ खारालु
३ छिमिमेल
४ रुमरुपाला
५ बोरीहाङ
६ छोरील्ला
७ छनालु
८ रिलुहाङ
९ मेकथु (मेथुहाङ)
१० खाप्रिहा
११ मुकटाछी
११ कुदुमहाङ
१२ औंहमथुछु
१२ दिरिहा
१३ माप्राहाङ
१४ थुकसुरेपु
१४ रुमरुपु
१४ वातिमहाङ
१४ मुक्खा
१५ बलजीत
१५ थासैया
१५ माखाहाङ
१५ मुकसिरिम (मुकसारी)
(मो. सिविसे बाछेम्प यादुलु वाछेम्प)
१६ देउवासी
१७ डालुखु
१८ जागबोल
१६ अन्तिराम
१६ प्रिबल
१६ आकधन
१७ असि राई
१७ रावाकु (सिविसे)
१९ हम्तीबल
(तोदुसे जियामु
चादुलु वाछेमु)
१९ सानजोर
अविरे (नि.)
(अविरेको आमा घर्तिनी
भएकाले थानी निस्केको)
१९ अम्देश
(सिविसे मछेमु
मारुमु चादुलु)
चिउरीखर्के लुप्पोहरु
१८ फूल राई (जे)
१८ रास्ते (मा)
१८ हिरादे
१८ हरकास
१९ सेवाजीत
२० भगन्या
१९ रप्से
२० पूर्ण (भुँडे)
२१ रघुमान
(बाक्सिला हायापु बसोबास)
१९ गाइने (जे)
(खार्तामछा, चखाने, भाडगु र
सुठने गैरा बसोबास)
१९ छेन्ताडगे
(सिविसे होचुमा कविलुमु चुमु)
१९ प्रितीबल
(तोदुसे होरुमु चादुलु
मारुमा)
१९ करमजीत
जेठीपट्टि
कान्छीपट्टि





१९ हस्तीबल (जे)
(तोदुसे, जियामु, चादुलु वाछेमु)
१९ सानजोर (मा)
अविरे
(सानजोरले घर्तीनी विवाह गरी जन्मेको छोरा अवीरे हाल घर्तीनी थानी निस्केको
१९ अम्देश
(सिविसे मछेमु चादुलु वाछेमु)
२० बडवीर
२१ जवहर्क
२१ माहाचन
२१ .........(सा.)
(नि.)
२१ अकलसिंह (काई)
२१ गोरे (का.)
(नि.)
२२ करणध्वज (जे.)
२२ मानध्वज
२२ धनमान
(नि)
२२ कुविरमान
२२ गिर्त बहादुर (का.)
(नि.)
२२ बालकृष्ण (जे)
२२ उदेकमान (मादलेबुढा)
२३ कुलबहादुर (शाखामात्र)
२३......... २३......... २३.........
निसन्तान
२३ हैदसिंह (का)
२३..........
२३ बखतजङ्ग (जे.)
२३ देउजङ
२३..........
२३ मानसेर
(ठासीमान)
२३ खड्गबहादुर (का.)
२४ मखम ब.
२४ अवीर ब.
(चैनपुर बसोबास)
२४ मैनबहादुर
२४ बल ब. (का)
(नि.)
२३ गजुभक्त (जे.)
(नि.)
२३ भद्रसिंह
२३ फौदसिंह
२४ कर्णबहादुर
२४ जीतवर्ण
(तापाखोलामा डुबेर मरेको)
२५ रास ब.
२५.........
२५ सन्देश
२४ करमबहादुर
(वंशावली श्रोतदाता)
२५ छोरी : जुनु राई ०५६ को साफ खेलमा सितेरियो करातेतर्फ स्वर्णपदक विजेता
२५ जवडे
२५ कृष्ण
२५ प्रेमकुमार
(शाखाहरु मात्र)
२४ बमबहादुर (जे)
२४ अमृत बहादुर
२४ चन्द्र ब. (का.)
(नि.)
२४ छोरी : छकिते
(महिला नक्सो)
२४ छोरी : बर्मे
२३ करवीर
२३ जङ्गवीर
२३ डिगवीर
२३ देउवीर
२४ तीर्थबहादुर
२५ मणिराज
(वंशावली संकलक)
२५ तुलधन
२५ गोदामे
२५ बदामे
२५ सकाले
२६ गम्बु
२६ शम्भु
२६ जुद्ध
(०५९ मा नक्सो निस्केको
२५ ईश्वरमान
२५ दिवश
२४ मतिलाल (जे)
नि.)
२४ वीरबहादुर (मा.)
२७ मनोज
२७ चन्द्रधन
२७ छत्रमणि
२४ कालीबहादुर
२४ भलबहादुर (का.)
(मुग्लान)
२५ श्रीकृष्ण (जे.)
२५ पूर्णबहादुर (का.)
२२ मेहेरमान (जे)
(नि.)
२२ इखमान
(नि.)
२२ इन्द्रमान
२२ हकुमान
छोरीहरु
२५ पत्माया
२५ झुक्की
२६ शंकरमान
(मोरङ बसोबास)
२३ चन्द्रबहादुर
२३ जीत बहादुर
२३ रण ब.
२३ जीतपाल (का)
२४ जयमान
२४ तुलमनी
कालुवीर
२५ सूर्य
२५ ताराहाङ
२५ प्रजा
(धनकुटा बसोबास)
२४ बाबुराम
२४ कालुराम (नि)
दवाईपानी बसोबास



१९ अन्वेश
२० शिद्धवीर (खियालु मास्नु चाइनु मोतिम्)
२० छोरी : मनभेंती (निजको विवाह पुन्नसिंह सत्मसँग भई जन्मेको सन्तान बिउरीवर्कें सत्मराईहरु)
२१ राजे, जेठा (नि.)
२१ जीतनारान (मा.)
२१ अगमबहादुर (सा.)
२१ भीलाल काईं (नि.)
२१ रनधीर (अ.)
२१ भैमानसिंह (ज.)
२१ पृथ्वीगान्न
फत्तसिंह
जीतबहादुर (नि.)
२२ धीरमनी (जुरुने) २२ बहादुरसिंह (गुप्टे)
२२.........
२२ जीतमान
२२ हासे
२२ जुन्के (का.)
२२ मनिलाल (शाखामात्र)
२२ बन्दुके (नि.)
२२ बखत ब.
२३ उर्दे (नि.)
२२ धनबहादुर
२२ डम्बरसिंह
२२ रविलाल (जागिरे तथा लिखित वंशावली स्रोतदाता)
२२ अविलाल
२२ आगमध्वज (बिजुवा धामी) चार चोरीहिस्मान
२३ दलबहादुर
२४ उम्बहादुर (नि.)
२३ देशमान (जे.) (शाखामात्र)
२३ आसभद्र (नि.)
२३ अम्बवीर
२३ गोम्वा
२३ जहानसिंह (का.)
२३ महलसिंह
२३ भक्तबहादुर (वंशावली स्रोतदाता)
२३ वर्जबहादुर (नि.)
२३ सर्वलाल
२३ जनक (का.)
(आगम ब.)
२४ पूर्णबहादुर
२५ संजीव
२४ श्यामकुमार (नारायणघाट ब.)
२३ नरमान
२३ धोरङगे
२३ भिस्टे
२३ सेतमान
२४ जीवनाथ (जे)
२४ रामप्रसाद (का.)
२३ जगतबहादुर
२३ शिद्धिबहादुर (वंशावली स्रोतदाता)
२४ रामकाजी
२४ तेजेन्द्र
२४ उदय
२४ नवराज
२४ विष्णु ब.
२४ देव ब.
२४ लक्ष्मी
२३ हर्कसिंह (जे.)
२४ श्रीभक्त (कल्याणपुर ब.)
२३.........
२३ सिंहमान
२४ सकलबहादुर (नि.)
२३.........
२४ वीरबहादुर
२४ मलबहादुर
सुब्बा (श्रीप्रसाद)
२४.........
२४ गंगा ब.
२४ खड्ग ब.
२५ शुक्रमनी
२४ वेदुप्र.
२५ काले
२५......... (धरान बसोबास)
२५ मौलीधन (जे.)
२५ रामले (नि.)
२५ बम प्र.
२५ सन्त ब. (का.)
२६ उत्तम
२६ उमेश
२४ हर्कराज
२४ ज्ञानबहादुर
२४.........
२४ मनिकुमार (भारतमा डाकाद्वारा हत्या)
२४ चन्द्र ब. (राजाबास ब)
२४ डम्बर ब. (खबाट लडी मरेको)
२४ नरकेशर (धरान ब.)
२४ नरेश
निशान
२४ सनद



१९ गाइने
२० जेदर (खार्ताम्छाली लुप्पोहरु)
२० मनसुङ
(चोखानेको लुप्पोहरु)
२१ भैमानसिंह
(चोखानेबाट भांगु गई बसोबास)
२१ नौलाखसिंह
२१ दौलतसिंह
भद्रसिंह
२२ दिलमनी
२२ मसिने
२२ जिप्से
२२ पहलमान
२३ धनबहादुर
२४ गोम्बा
२४ सुविरे
२४ रघुवीर
२२ मौलीधन
२२ धर्मध्वज (सिम्पानी बसोबास)
२२ बर्मध्वज
२२ जेबबहादुर
२२ श्रीबहादुर
२३ मेख ब.
२३ बालध्वज
२३ आशिकध्वज
(भेवा)
२४ हेकमनी
२३ उत्रमनी
२३ भक्तमनी
२३ चतुरमनी
(वंशावली स्रोतदाता)
२३ गाइनप्र.
२३ महेन्द्र
२४ राजु
२५ यादव
२५ युमन
२५ युसप
२३ चमारे
२३ भोटुमान
२४ वीर ब.
२३ मनिप्र.
२३ सेर्बा
२४ चड्खे
२३ टिकामनी
२४ खगेन्द्र
२५ पृथमनी
२५ डिल्लीराज
२५ भैराज
२४ अजीरमान
२४ पाँचमनी
२४ लम्बधन
२४ गोरा
२४ कुलदेव
२४ थामवीर
२३ हस्तराम
२३ पूर्वाहाङ
२३ दिलहाङ
२३ धनगन्ज
२३ धनमोहन
२३ धनध्वज
२५ अगमसेर (सुब्बा)
(वंशावली स्रोतदाता
२५ मुगासेर
२५ रामकाजी
२५ मतिचन्द्र
२५ शिव
२४ दल ब.
२४ जगत ब.
२४ ढाडे
२४ नरप्रसाद
२४ देउभक्त
नारदमनी


२० मनसुङ (चोखानेको सुप्पोइङ)
(कर्मा)
२१ मतिदल (जे)
२१ हिरा (का)
२२ बंगिधन
२२ दुरगान्ज
२२ असुरभक्त
२२ वीरदल
२२ साइला
२२ पुरुषधन
२३ चतुरमान
२३ उजरे
२३ नन्दुमान (जे)
शाखामात्र
२३ हस्तध्वज
२४ कहरमनी
शाखामात्र
२३ किर्तिध्वज
२३ जस ब.
२३ अतिमान
२३ अमिकमान
२३ तिरिस्मा
२३ भैरमान
२३ सारध्वज
(शाखामात्र)
२३ हस्तमनी
(रोमप्रसाद)
२४ दलमनी
२५ पूर्ण
(बेलवारी ब.)
२४ जंगबीर
२४ सन्तुमनी
२४ पहलसिंह
२४ नरेन्द्र
(जोगवनी ब.)
२५ दिलकुमार
२५ शुक्र ब.
२४ जतुमनी
२४ गदमसोर
(वंशावली स्रोतदाता)
२५ डिल्लबहादुर
(वंशावली स्रोतदाता)
२६ जीतकुमार
२४ बैलाते
२४ सेर ब.
२५ अयमधोज
२६ डिल्लबहादुर
२४ सन्तबहादुर
२५ मन्ती
२५ इष्टमनी
काले
२४ भर्तमनी
२४ गंगामनि
धनमनी
२६ पहलमनी
२६ लछुमन
२६ मित्र ब.
२६ हर्कराज
२७ लछुमन
२७ सन्तोष
२५ आगमनी
२५ बजरमनी
२६ गोप्पा
२६ गोरा
२५ स्यानसिंह
२५ नैनसिंह
२६ कुशल
२५ दिमानसिंह
२६ प्रकाश
२६ फूलदेव
२४ जम्दारे
२४ भोजमान
२५ धिनजङ
२५ मनिजङ
२५ धनजङ
२५ हर्कजङ
२६ देउराज
२६ औराज
२६ मनराज
२६ मनकुमार
(जे)
२६ आयमनी
२६ कामबहादुर
२६ चतुरमनी
२६ बुद्धे
२६ सम्पुरे
२५ रामनाथ
२६ कुमार
२५ केशर
२५ इन्द्र
२५ जवरे
२३ धर्मध्वज
२३ राजपध्वज
(शाखा मात्र)
२३ प्रतापध्वज
२३ गम्भप्रसाद
(शाखामात्र)
२४ सुन्दरमाया
(वंशावली स्रोतदाता)
२५ तीर्थ ब.
२५ अकल
२५ बखत ब.
२५ चतरमुखी
२३ रत्न
२३ ध्यान्तरे
२३ भीमे
२३ दुर्गा
२३ सवतमनी
२३ गर्जङ
२३ कुबिण्डे
२४ हर्कमनी
२५ खेम ब.
तीर्थ ब.
सुचित


१९ छेन्तोङगे (साक्सिले लुप्पोहरु)
२० ब्रिजे
२१ देउपन्थ
२१ जैगन्ज
२१ धनकुमार
२१ अर्थपति
२२ इन्द्रजङ
२२ जगतमती
(शाखामात्र
२२ ईश्वरमान
२२ जोरमनी
२२ जगसेर
२२ पर्शुराम
२२ कृपध्वज (जे)
(निसन्तान)
२२ ओमबहादुर (ओमे/खोर्साने)
(प्रख्यात विजुवा तथा जागिरे धामी)
२३ खड्गबहादुर
२३ भलबहादुर
२३ इच्छबहादुर
(व्रशावली स्रोतदाता
२३ चन्द्रबहादुर
२३ सन्तबहादुर
२३ मकरध्जव
२३ रणबहादुर
२३ मनबहादुर
२३ दलबहादुर
२४ इन्द्रप्रसाद
२४ खगेन्द्र राई
२४ मनिधन राई
२४ चन्द्रकुमार
२४ धनबहादुर
२५ प्रदीप राई
२५ श्याम राई
२५ रत्न राई
२५ अन्तिम राई
२५ ताराबहादुर
२५ होमबहादुर
२५ सुधन
२४ अम्बर कु.
२४ प्रेम कु. राई
२४ नवल कु राई
२४ हर्कराज
२४ सयकुमार
२४ छत्रकुमार
२४ लब कुमार
२५ किसन
२५ याकु
२५ ज्ञानेन्द्र
२५ राजेन्द्र
२५ नविन
२५ दिनेश
२५ सदिप
२५ सुवासचन्द्र
२५ समिर


१९ पृथीवोल (सिम्पानी गाउँ) तोदुसे होरोमु चादलु मारुमा)
२० कालुवीर (तोदुसे माफ्रोमु यादुल बाफ्रामु
जैकर्न
२१ अविधन
२१ कस्ने (नि)
२२ किताबसिंह
२२ जागुसिंह
२३ कृष्णबहादुर
२३ हरिप्रसाद
२३ भीमबहादुर
२३ पट्नबहादुर (का)
२४ रकमबहादुर
२४ विष्णुबहादुर
२४ हैकमसिंह
तराई बसोबास
२५ एकराज
२५ जीवराज
२५ नैनराज
२४ गंगमनी
२४ गोम्वा
२४ जयप्रसाद
२४ दिलप्रसाद
२४ वासु
२४ वीरजीत (जे) (नि)
२४ रुद्रबहादुर
२४ सन्ते (नि)
२४ अम्बर ब. (नि)
२४ दैवराज (नि)
२५ प्रताप
२५ वगिधन
२५ जगिधन
२५ रेवधन


१९ करमजीत (दशकते र सिम्पानी बसोबास)
२० लाखुजीत
२० श्रीभक्त
२० धनमुखी
२१ रविनन्द
२१ सुरवीर
२१ सुरजीत
२२ जीतबहादुर
२२ जीतवीर
२२ बखतबहादुर
२२ गञ्जवीर
२२ पन्दुमान
२३ धनबहादुर
२३ दानबहादुर
२३ खमबसिंह
२३ काजीमान
२४ नन्दप्रसाद
२४ कमल
२४ कर्णबहादुर
२४ हर्कमनी
२४ अक्कलबहादुर
२४ दीपबहादुर
२४ गणेशकुमार
२३ भक्तबहादुर
२३ हजारमनी (वंशावली स्रोतदाता)
२५ लक्षीणकुमार
२५ लवकु. राई
२४ रामकाजी
२४ कृष्ण
२५ राजीव
२५ मिलन
२५ मनकाजी
२५ ताराधन
२५ हिराधन
२४ देवराज
२४ मदुराज
(वंशावली स्रोतदाता)
२५ तेजकुमार
२५ लिले
२५ जिरे
२५ तीर्थराज
२५ दीर्घराज
२५ दुर्गराज
२५ दिलकुमार


२१ रंघुमान
२२ हैकमसिंह (जे)
(नि.)
२२ किताबसिंह (सोलफे)
२२ हर्कबहादुर (काइँला)
(निसन्तान)
२२ पूर्णबहदुर (का.)
२३ सेरबहादुर
२४ मानबहादुर
२४ अर्जुन
२३ जसबहादुर
(तिउरे : प्रख्यात नागिरे धामी)
२३ खड्गबहादुर
२४ मुड्गराज
२४ मनबहादुर
२५ चनक
२४ भलराज (जे)
(खर्साङ ब.)
२४ गङ्गराज
(कान्छिपट्टिको जेठा)
(शाखामात्र)
२४ गणेशकुमार
२४ मनराज
२५ केदार
२५ सुमन
२५ विकास
२५ लक्ष्मण

# मेरी आमालाई

*✍ दिपा खालिङ् राई*



मेरी आमा,
जसले जन्माइन् मलाई
कति सताएँ होला उनलाई,
बिस्तारै हुर्काउन बढाउन
पऱ्यो होला साह्रै कठिनाइ
मेरी आमालाई
कत्रो सपना र रहर
म ठूलो हुँदाको प्रहर
मेरी आमालाई
लाग्छ मलाई मेरी आमा
दया, माया र संघर्षकी खानी
तर !
चैत र वैशाखको खडेरीमा उजाड भई
हँसिलो र नयाँ पालुवाजस्तै बनाइन् मलाई
उराँठिलो त्यो समयले उजाड उराँठिलो बनाइदिए
मेरी आमालाई ।
जेष्ठ र असारको घामलाई छेकी
शितल बनाइन् मलाई ।
निष्ठुरी घामले दया नगरी पोल्यो
मेरी आमालाई ।
श्रावण-भदौको झरीमा ओत लागी
ओभानो बनाइन् मलाई
त्यो कालो अँध्यारो बादलले
निथ्रुक्क बनाइदियो
मेरी आमालाई
असोज-कार्तिकको सिरसिरे हावा छेकी
न्याना बनाइन् मलाई ।
त्यो चिसो हावाले कठङ्ग्रयाइदियो,
मेरी आमालाई
मंसिर पुसको कुहिरोबाट
प्रकाश दिइन् मलाई ।
तर पापी कुहिरोले छेकदिइन् सूर्यको प्रकाश
मेरी आमालाई
माघ-फागुनको जाडोबाट
तातो र गुमुक्क बनाइन् मलाई
त्यो बैगुनी चिसोले हिर्काइदियो
मेरी आमालाई
त्यसैले त म सधैं
माया पूजा श्रद्धा गर्छु
मेरी आमालाई
बस्, मेरी आमालाई ।

# शहरको कथा

*✍ धनप्रसाद सरचु राई*



शहर ! चारैतिर शहर !
घरैघरले भरिएको शहर
बिजुलीबत्ती झलमल्ल, राति पनि दिंउँसै जस्तो झिलिमिली
बाटाहरु उस्तै चिल्ला
मोटर गाडीहरु, सिलिली कुदिरहेका
मान्छेहरु पनि निकै मोटाघाटा,
खाइलाग्दा
आफूलाई पनि त्यहींभित्रै कल्पनामा बाँधें
यो शहर र मेरो गाउँलाई तुलना गरें
त्यसबेला, आफूले आफैंलाई धेरै सुखी भएको महसुस गरें
कता कता, मेरो त्यो गाउँलाई बिर्सिसकेको महुस गरें
क्षणभरलाई शहरवासी भएँ ।
हिँडिरहें, एक्लै,
अचानक सडकको एक छेउमा
धेरै मान्छेहरुको भिडभित्र मेरो आँखा अडियो
एउटी झुत्री खङ्ग्रङ्ग हाड र छालामात्रै भएकी
एउटी बुढी चिच्याइरहेकी,
हेर्दै, ऊ पीडाले छटपटाएकी
भोक र शोकले व्याकुल भएकी, अर्धपागल भएकी
उसको जिन्दीमा धेरै उथलपुथल भएको
जिन्दगीभरि दुखेको रोएको
हुनसक्छ उसको जिन्दगी
कथैकथाले, व्यथैव्यथाले सिर्जेको छ
ऊ निस्सासिएको छ, विरक्तिएको छ
ऊ चट्टान भएको छ,
उसको मुटु पग्लँदैन
उसको मन दुख्दैन
आँखाबाट आँसु चुहुँदैन
उसको भावना फुट्दैन
ओठबाट हाँसो फुट्दैन
मुखबाट विचरा, चुकचुकसम्म निस्कँदैन
उसलाई बोलाउँदा उत्तर आउँदैन
कति कठोर बनेकी छे
यो शहरको भिडभित्र
पहाडजत्रो हृदय भएर पनि हृदयविहीन बनेकी
शहरको मोहबाट टाढिएकी
एक्ली, बिचल्ली परेकी,
हृदयविहीन, सहाराविहीन
दुब्ली पातली नियाउरी शहरकी एक्ली बुढी ।

# महात्मा



✍ सुश्री सुजाता राई, कक्षा -८
मनकामना मा. वि. गोकर्ण,
दक्षिण ढोका, काठमाण्डौ

कुनै एउटा देशमा एकजना अल्छि मानिस बस्दथ्यो । त्यस मानिसले आफ्नो जीवनको महत्व नै बुझेको थिएन । आफू बाँचेकोमा उसलाई उल्टै पीर लागेको थियो । त्यसैले उसले एक दिन सोंच्योकि, आखिर मेरो जीवनको कुनै महत्व नै छैन । जति आजसम्म कष्ट भोग्नु परेको पनि यहिँ जीवन रहनाले न हो । बरु म अब आफ्नो जीवन नै त्याग्छु । त्यसपछि त यसरी बाँच्नको लागि चिन्ता लिनैपर्दैन नि । त्यसको लागि अब म सास फेर्न छोड्छु । तर उसले जति प्रयास गर्दा पनि सास रोक्न सकेन । फेरि उसले सोंच्यो, अब म सास फेरे पनि खाना खान चै छोडिदिन्छु । तर उसलाई अति भोक लागेपछि खाना खान पनि बाध्य भयो । उसले पुन : सोँच्यो, अब म टन्न खाना खान्छु र मलाई शक्ति आएपछि ठूलो भीरबाट हाम्फालेर सिधैमर्छु ।

नभन्दै ऊ मर्न भनेर हिंड्यो पनि । जंगलको बाटो भएर भीरतिर जाँदा-जादै बीच बाटैमा रात पऱ्यो । त्यसैले उसले एउटा घरमा रांको माग्यो । त्यस घरको एउटी आईमाईले सोधिन् -यति राती कता जान लागेको ? उसले भन्यो- मैले धेरै सोचें, यो ज्यान रहेसम्म कहिल्यै मन शान्त नरहने भयो, सधै पीरै-पीर । दिनदिनै केही न केही कमाई गरी यो ज्यानलाई पाल्नु र पोसाउनै पर्ने । आखिर यो ज्यानको कमारो भएर कतिदिन बाँच्ने । जबकि कमाई गरेर खानु नै पनि झनै गाह्रो भैसक्यो । कति दुःख गर्ने ? यो ज्यान नरहे त त्यसै मुक्ति मिल्ला नि त भनेर भीरतिर हाम्फाल्न हिँडेको । लौन एउटा रांको झट्टै दिनुपऱ्यो । आइमाई हाँस्दै भित्र गई राँको दिएर पठायो । त्यो मानिसले रांको लिएर जंगलतर्फ लाग्यो । जाँदा-जाँदा उसले एउटा जोगी कुटीमा ध्यान गरिरहेको देख्यो र नजिक गएर सोध्यो-ठूलो भीर यहाँबाट कति टाढा पर्छ । जोगीले नजिकै रहेको जानकारी दिदै प्रति प्रश्न गरे, "यति रातितिर कतातिर हिँडेको त नि ?", त्यस मानिसले भन्यो, "जति नै दुःख गर्दा पनि यो ज्यान पाल्न गाह्रो पऱ्यो, त्यसैले त्यो पारि भीरबाट हाम्फालेर यो ज्यानलाई मिल्काउन हिँडेको नि ।"

यो सुनेर जोगीले मुसुक्क हाँस्दै भन्यो । "आखिर तिमी यतिका तन्द्रुस्त र सपाङ्गछौ, यति राम्रो ज्यान छ रपनि आफ्नो शरीर फ्याँक्न जाँदैछौ । के साच्चैं यो ज्यानको माया मारेकै हौत ?" त्यस मानिसले अन्कनिदै भन्यो, होइन भने यति राति डराई-डराई म किन भीरतिर जान्थेँ त ? त्यसो हो भने मलाई तिम्रो दाहिने खुट्टाको मोल कति पर्छ, मलाई किन्न देऊ नत । जोगीको कुरा सुन्ने बित्तिकै त्यो मासिले भन्यो-"मैले तपाईंलाई खुट्टा दिएँ भने म कसरी हिँड्नु नि ?"जोगीले पुनः भन्यो -"त्यसो भए तिमीले आफ्नो एउटा आँखा देउ नत ।" फेरि त्यो मानिसले भन्यो- "मैले तपाईंलाई एउटा आँखा दिएँ भने म कुरुप देखिन्छु नि त । कसैले जानाजानी आफ्नो शरीर बिगार्न सक्छ, कस्तो मूर्ख कुरा गर्दै हुनुहुन्छ सन्त भएर तपाईं ?"

जोगीले हाँसी-हाँसी जवाफमा भन्यो - "तिमीले त आफ्नो जीवनको केही महत्व नै छैन भनेर पूरा शरीर नै फ्याँक्न हिँडेकाछौ । हैन मैले त तिम्रो महत्वहीन जीवनको उल्टै मूल्य तिर्न खोज्दैछु । तर पनि महत्वहीन शरीरको माया त खुबै लाग्दो रहेछनित । मैले त तिम्रो ज्ञान् खुलाउनलाई बाहना बनाएको मात्र हो । यी मलाई हेर त, न मेरो बाँया खुट्टा छ, नत एउटा आँखा नै, तैपनि म सन्तोष साथ बाँच्न सकेकोछु, कहिल्यै हार मानेको छैन । त्यसैले हामीले आफ्नो जीवनमा आत्म-बल बढाएर काम गऱ्यौं भने अवश्य सफल हुनेछौं । तिम्रो खुट्टा मलाई के काम् । नत अरु अंग नै काम लाग्छ । त्यसैले आफ्नो जीवनको महत्व बुझ्नेछौ भनेर मैले सम्झाउन मात्र खोजेको हुँ । अब तिमी नै भन तिम्रो ज्यान कति महत्वपूर्ण रहेछ । कति मूल्यवान शरीर पाएकाछौं हामीले, एकैछिन राम्ररी सोंचेर हेर त । यो कुरा सुन्ने बित्तिकै त्यो मानिस जोगीको अगाडि नतमस्तक भएर आफ्नो घरतिर लाग्यो । मूचि ।

कविता

# सन्देश



✍ रिया दुमी राई
कक्षा ८
श्री पृथ्वी उच्च मावि, बाक्सिला

मेहनत गरेर अधि बढ तिमी
सफलताको शिखरमा पुग्नुछ भने
आफूभन्दा ठूलोको आज्ञा मान तिमी
आज्ञाकारी बन्नुछ भने ।
अन्याय, अत्याचारलाई हटाउने गर तिमी
न्याय पाउनुछ भने
विश्वास गर्ने गर धर्मलाई तिमी
आफ्नो संस्कृतिलाई जोगाई राख्नु छ भने
सबैलाई माया गर्ने गर तिमी
माया पाउनुछ भने
सेवा गर्ने गर दुःखीलाई तिमी
सुख पाउनु छ भने ।



# नारी

-साभार

*✍ श्रीमति सरिता दुमी (कोयु) राई*

घरको दीप हो नारी कोठानै हुन्छ जगमग
सुगन्धी फूल हो नारी सधै जो हुन्छ मगमग
केही गंगा जल हो नारी सधैजो हुन्छ निर्मल
शीतको विन्दु हो नारी सधै जो हुन्छ ढलमल

नारी हो बाँसुरी बज्छे जसले सक्छ बजाउन
लज्जालु झार हो नारी सिपालुछे लजाउन
नारी हो मदिरा पिउछन् जोसुकैले नसाभनी
नारी हो लहरा जान्छे लस्सिदै ऊ जता पनि

बर्षाको मेघ हो नारी आँसु झार्छे घरिघरि
हिउद्को घाम हो नारी तापौ जस्तो सधैभरि
नून हो, चूक हो नारी सबैलाई गलाउछे
चैतको धूप हो नारी भित्रैदेखि जलाउछे ॥

दुर्वासा ऋषि हो नारी अलि चाँडै रिसाउछे
चौतारी पनि हो नारी सुख दुःख बिसाउने
मोहनी रुप हो नारी सुदा पनि गराउने
श्रष्टाकी दूत हो नारी सिङ्गो श्रृष्टि भराउने

वासन्ती पालुवा हो नारी जो सधै रुप फेर्दछ
आँखाको विन्दु हो नारी जो दिव्यदृष्टि हेर्दछ

तिर्खाहो तृप्तिहो नारी पिई कहिल्यै नसिद्धिने
माया हो प्रीतिहो नारी लाई कहिल्यै नरित्तिने

नौनी लोककी नारी छोया कि पग्लिने गली
पिपलकी पात हो नारी तुरुन्तै हल्लने अली
किन्नरी पनि हो नारी मन्त्रैमुग्ध गराउने
अकल्प शक्ति हो नारी सबैलाई हराउने

कोही भन्छन् नारी नै हुन्छे सबैका लागि बन्धन्
कोहीभन्छन् युद्धको ज्वाला हो नारी बल्छे दनदन
म भन्छु धर्ती हो नारी जे रोपे पनि फल्दछ
नारीकै रुपमा सारा सौन्दर्य धप्प बल्दछ

आमा हुन् पुत्र वात्सल्य नारीकै दिलभित्रछ
पत्नी हुन् पतिकी नारी माया-प्रीति विचित्रछ
छोरी-वैनी सबै नारी अनेकभित्र एकछ
जे होस् संसार यो पाल्ने नारीभित्र विवेकछ

वीर मानिसले भन्छन् नारीलाई विराङ्गना
लाछी मानिसले देख्छन् नारीमा हरुवापना
तपस्वीहरुले भन्छन् नारी नै हो तपस्विनी
नारी हुन् किन्तु धतीमा सबैको प्रिय दर्सिनी मूचि ।


**विजयादशमी तथा शुभ दीपावली २०६० को**
**शुभ उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक**
**मंगलमय शुभकामना व्यक्त**
**गर्दछौं ।**





**प्रधानाध्यापक- विरुमान थुलुङ्ग राई**
**महेन्द्र ज्योति मा.वि.**
**चौरीखर्क, सोलुखुम्बु**

# आजको युवा

*नितु खालिङ*

धर्तीमाता कति बोक्छौ धर्तिको बोझ
गर्न थाले यहाँका युवाहरुले मोज
बुझेनन् तिम्रो मनको बोझ
गर्न थाले रमाई रमाई मोज ।

थाहा पाउने छन पछि तिम्रा व्यथा
जव चाहिन्छ यिनीहरुलाई तिम्रो साथ
निश्चल छन ती तिम्रा पाउ
थाहा छैन आजका युवालाई आफ्ना भाउ ।

काति शुन्दर छन ति तिम्रा मन स्वच्छ
ठूलाबढाले नै गर्नथाले यहाको देश ध्वस्त
जन्म दियौ तिमीले संसारलाई सम्झी संझी
गर्नथाले ठूलाबढाले भ्रष्टाचार लुकीलुकी ।

# प्रश्न

*सितल दुमी राई*



भाई भाइ फुटेर
चेलीबेटीको शिन्दुर पुछेर
आफै आफै वीचमा लडेर
कस्तो क्रान्ति गर्छौ तिमीहरु

आफ्नै घर भत्काएर
आसु र रगतको खोलो बगाएर
आफनतलाई नै त्रसित गराएर
करुका निम्ती लड्छौ तिमीहरु

आमाको कोख रित्याएर
देश र जनता मासेर
आफैलाई शहिद गनी
कस्का निम्ती मर्छौ तिमीहरु ।

# धुम्रपान



*प्रीतम पुन "कैलाश"*
कक्षा १२, वेलहाम्स कलेज

चुरोट हो मेरो नाम
धुँवा उडाउने मेरो काम
मान्छेलाई खोक्रो बनाउँछु
हस्पिटलमा पुऱ्याउँछु
स्ट्रेचरमा गुडाइ संसारबाट उडाउँछु

# हराए किरातको बस्ती

*मिलन राई 'जेठा'*

कहिलेकाहीं झरी बादल कहिले बाढी पहिरो
शान्तिको देश भन्छन् उड्छ बारूदको कुहिरो ।
निसासिए किरात बस्ती कता हराएका छन्
कता गए आफ्नो भाषा, संस्कृत बनाएका छन् ।

कता गए आफ्नो धर्म सम्झ वीर पुर्खा
गर्ने भन्ने विदेश गए मुसलमानकै कामको सुर्ता ।
हराए किरातको वस्ती
किरात भन्दै गनिन्थ्यो हिजो अस्ति
किरात एकताको सुर्काहरू खुस्काइसकेछन्
यही धर्ममा जन्मे पनि चर्चमा कराइरहेछन्
हराए किरातका बस्ती, क्रिश्चियन भएछन्
सन्तानहरू के नै भए दुख्दैन त मन
हराए किरातका बस्ती कता हराएछन् ।

*बाक्सिला-८, खोटाङ्ग*

# चेलीलाई सन्देश

*रोकेन्द्र दुमी 'दिप' राई*
*सप्तेश्वर ९ (सुनौलो पाटीडाडाँ), खोटाङ्ग*

आदरणीय दर्शनाभिलासीज्यूहरु
मेरो दश औंलाको विन्ती नमस्कार !

बर्तमान यो नेपाल आमाको सन्तान 'छोरी' तपाईहरु, अनि 'म' पनि यही नेपाल आमाको सन्तानमा पर्ने एक छोरा हुँ । उही तपाईहरुको प्यारो माइति, त्यसैले तपाइँहरुलाई यो सन्देश इसिलिम मार्फत् पठाइरहेछु, स्वीकार्नुहोला ।

दर्शनाभिलासीहरु, संसारमा माग भन्दा ठूलो अरु केही छैन भन्छन् 'जो बहुमूल्य अनि अदृश्य छ अरे' । त्यसैले नै होला मायाको निम्ति हजारौंको ज्यान जाने गरेको छ । विचल्लिमा परेर बाँच्न परेको छ । पागल भएर जिउनु परेको छ । जिउदै मृत्युको दोसल्ला ओढेर सुत्न परेको छ । यही मायाले गर्दा अकालमा ज्यान खेर फ्याल्नु परेको छ । 'हो' वास्तवमै यो कुरा, त्यसैकारण मेरो प्रिय चेलीहरुलाई म यो भन्न चाहान्छु की कहिले पनि आफ्नो नारी अस्तित्वलाई मायाको निम्ति भनेर आफ्नो अस्तित्व नगुमाउनू है ।

माया र दौलत साटिन्छ तर ब्याथा साटिन्न । त्यो तपाईहरुको ब्याथा कस्ले बुझिदिन्छ र कसले सुनि दिन्छ र, उनिहरु त केवल तपाईहरुको नारी कूलको वेइज्जत गरी हावामा घुलेको कण र चैतको हुरीमा उडेको पात झै उडाइरहेका छन् । तपाईहरुलाई पुतली बनाएर नचाई रहेका छन् । विकी गरिरहेका छन् । खै त्यो ब्याथा त्यो पीडा तपाइँहरुले ख्याल गर्नुभएको छ । एक चोटि। जीवनलाई के भैरहेछ, कस्तो हुनुपर्ने सोच्नुहोस् तर पास हुनेछ तपाइहरुको जीवनको परिभाषा, मुल्य अनि मान्यता ।

प्यारा चेलीहरु, मेरो तर्फबाट तपाइँहरुलाई यहि छ अनुरोध, आफ्नो जीन्दगीलाई बर्बाद नपार्नोस् । अनायासै समाजको घृणित नबन्नोस् । माया बिना बाँच्न सकिन्न भने माया दिन र गर्न जान ,यसको सीमा छ । आफ्नो अस्तित्वलाई जोगाएर राख्नोस् । तपाईहरुको भविश्य गुराँसको फूल झै मुस्कुराई रहेको छ........मुस्कुराई रहेको छ । मूचि ।



# परदेशीको मन

✍ धौलावीर दुमी राई

साथी भाइको लहलहैमा लागेर भरेको डि.भी. लटरी 'लाटाको खुट्टा बाटामा परे' झैं मलाई पनि परेछ । तैपनि पूर्ण विश्वास लागेको थिएन । जे-जसो भएपनि अन्तरवार्तासम्म दिउँ न त भनेर अमेरिकी राजदुतावास गइयो । कन्सुलरले नाम मात्रै सोधेर भिसा उपलब्ध गरायो । त्यसपछि पो आफ्नो जन्मभूमि, आफन्त, यो अवस्थासम्म ल्याई पुऱ्याउने प्रहरी संगठन, साथीभाइहरु सबै छोडेर अर्काको मुलुक जादैछु भन्ने सम्झेर मन अमिलो हुन थाल्यो । सबैजना कहिले जाने हो ? भनेर सोध्थे । आफुलाई भने नोकरीबाट राजिनामा लेख्न नै हातले साथ दिई रहेको थिएन । मन सधैं बेचैन भइरहन्थ्यो । टेलीफोनमा श्रीमतीले सधैं - "चाडो आउनु एकदिन त सेवाबाट अलग हुनै पर्छ । यस्तो अवसर पाउँदा किन ढिलो गर्नु हुन्छ" भन्ने गर्थिन । भिषा पाएको महिना नाघि सकेको थियो । मुटुभरि ढुङ्गा राखेर नोकरीबाट राजिनामा लेखेर चढाए । करीब एक महिनापछि स्वीकृत भएछ । जानकारी पाउनासाथ केहीबेर अगाडिसम्मको रमणीय चन्द्रगढी उराठ महशुष हुन थाल्यो । तैपनि सम्पूर्णसरकारी प्रक्रियाहरु मिलाएर भोलिपल्टै काठमाण्डौं आएँ ।

फन्सिकिम परीवारद्वारा हामीलाई अविस्मरणीय बिदाई गरियो । कतिपय आफन्त मान्यजनहरुसँग त भेट गर्न नपाउदै हिड्ने दिन आइपुगेछ । भाइहरु गाडीमा हाम्रा ब्यागहरु राख्न थाले । ठूलो बुबाले "फेरि तिमीहरुलाई देख्न पाइने हो कि होइन" भन्दै टिका लगाइ दिनु भयो । अनि लाग्यौं, विमानस्थलतर्फ । मित्र शान्ति बस्नेत (प्रहरी निरीक्षक) हाम्रो सुविधापूर्णप्रस्थानको लागि जुटिरहेको थिइन् । बहिनी गंगाको आसुँको बाँध टुट्यो । बुहारी लक्ष्मी र अरुले पनि साथ दिए । बिदाईको त्यो घडी ज्यादै मार्मिक थियो । तैपनि आफ्नो गन्तव्यतर्फ लाग्नु नै थियो । विमान भ्याङ्गसम्म पुऱ्याएर मित्र वस्नेतले विदा गरिन । उनि अनि काठमाण्डौलाई एकपल्ट आँखाभरी हेरेर हामी आफ्नो विमानतर्फ लाग्यौं ।

आफ्नो देशमा रोजगारी नपाएर विदेशिने युवाहरुले खचाखच भरिएको कतार एयरको विमान झण्डै सातघण्टापछि नेपाली समय ३:३० बजे दोहा विमान स्थलमा अवतरण भयो । हामीलाई लण्डन लैजाने कतार एयरको अर्को विमानले पर्खिरहेको थियो । सुरक्षा जाँच अध्यागमन प्रक्रिया सकेर चार बजे पुन: लण्डनतर्फ लाग्यौं । अघिल्लो विमानमाझैं नेपाली, उर्दू र अंग्रेजी भाषामा विभिन्न स्थानको जानकारी दिलाइदिने विमान पारीचारिका र नेपाली सहयात्री छुटी सकेका थिए । तसर्थ सम्पूर्ण यात्रु तथा कर्मचारीहरु विदेशी मात्र देखिन्थे ।

त्यसपछि भने मलाई आफ्नो टाडिएको महशुष भयो । अनि नरमाइलो लागीरह्यो । बाहिर टण्टलापुर घाम लागीरहेको भएपनि हाम्रो घडीमा बेलुकीको ११:१५ बजी सकेको थियो । कहीं कहीं सानो हराभरा पहाड व्यवस्थित सुन्दर घरहरुले सजिएको लण्डन शहरस्थित विमानस्थलमा उत्रियौं । स्थानीय समय अनुसार बेलुकीको ५:३० बजेको थियो । भोलीपल्ट २:३० बजे मात्रै बोस्टनको लागि हाम्रो उडान भएकोले बाहिर कतै गएर बस्ने तय गऱ्यौं र अध्यागमनतर्फ लाग्यौं । हाम्रो राहदानीमा यु.के. को भिषा नदेखेर अध्यागमनको कर्मचारीले रोकिन् र आफ्नो देश फर्कन भनिन् । अमेरिका हिडेको हामी किन फर्कन्थ्यौ । हामी यु.के. को लागि नभएर अमेरिका जान आएका हौं । बाटोमा पर्ने सबै मुलुकको भिषा लिन पर्छ भन्ने थाहा भएन, तिमीबाट यसको समाधान हुदैन, माथिको अभिकारीसँग कुरा गराई देऊ भनेपछि बल्ल तिनी हाम्रो कागजात लिएर अधिकृत कहाँ गइजन् । केहिबेरपछि "२४ घण्टाको भिषा पायौ" भन्दै आइन् । हामी खुशीले गदगद् भयौं । तसर्थ उनलाई धन्यवाद दिएर बाहिर निस्कियौं ।

हामीसँग भएको अमेरीकी डलरको ट्राभल चेक पाउण्डमा परिणत गरि साट्न माग्दा सटही काउण्टरको कर्मचारीले आफ्नो सहकर्मीलाई भनिन् "यिनीहरु ज्यादै गरीब मुलुकबाट आएका हुन् । अमेरिकी डलरको ट्राभल चेक पाउण्डमा साट्दा बिचराहरुलाई घाटा पर्छ चाहिने जनि मात्रै साटिदिनुपर्छ" हाम्रो वास्तविकता अरुको मुखबाट सुन्दा मलाई तीतो लाग्यो । पहिलो 'बीर गोर्खाली' भनेर चिन्ने बेलायतीहरुले आज हामीलाई गरीब भनेर चिन्दा रहेछन् । यो हाम्रो नयाँ परिचय परिवर्तन गर्न कति पुस्ता लाग्ने हो भन्ने सोच्दै होटेलतर्फ लाग्यौं ।

भोलिपल्ट पुन: भर्जिन एटलान्टिक एयरको विमानमा हाम्रो यात्रा सुरु भयो । विशाल एटलान्टिक महासागरमाथि हामी उडिरहेका थियौं । मेरो मन भने कहिले जन्मेको गाउँको भीरपाखा, देउराली र देबीथानहरु अनि वृद्ध बाबूको टीठलाग्दो अनुहारसँग क्षमा माग्नु पुग्थ्यो । कहिले जागिरको सिलसिलामा पुगेको ठाउँ प्राकृतिक छटाले हराभरा इलाम त कहिले आफ्नो सुन्दरताले मन्त्रमुग्ध बनाउने संसारकै उच्च हिमश्रृंखलाको अगाडि उभिएको सुन्दर धुलिखेल, काभ्रे, अनि कहिले मधेशको लेक भनेर चिनिने झापातिर पुगी रहन्थ्यो भने कहिले हाम्रो मातृ संस्था दु.कि.रा.फ. को कोष संकलनको लागि काठमाडौंमा मारुनि नाच देखाउँदा समुदायबाट देखाइएको अभिरुचि र गरिएको सराहनाले मन पुलकित भइरहन्थ्यो तर अब त्यस प्रकारको गतिविधिमा सहभागी हुन मलाई समयले कहिले साथ दिने हो भन्ने सोचाइले मन भतभती पोल्ने गर्थ्यो ।

यसरी अतीतको रमणीय क्षणहरुमा डुबुल्की मार्दा मार्दै पत्तै नपाई बोस्टोन स्थित लगन विमानस्थल आइपुगेछ । नयाँ मुलुक र नयाँ ठाउँ कस्तो होला भन्ने कौतुहलसँगै बाहिर आयो । बैनी रमला गुरुङ्ग, अम्बिका तिवारी र भाई कृष्ण महत हामीलाई पर्खिरहेका रहेछन् ।

सम्पूर्ण घर, सडक र नदीमाथि पनि हिउँ जमेको बोस्टोनमा जाडोको राम राज्य थियो । बिहानै उठेर भाई बहिनीहरु काममा जान्थे । हामी धेरै बस्थ्यौं । उनीहरुको छुट्टीको दिन घुमफिर तथा किनमेल गर्थ्यौं । करीब दश दिनपछि रमुले व्यवस्था गरिदिएको

हाम्रो अपार्टमेन्ट खाली भएछ । सबै सामानहरु भाई लोक लामा र कृष्णले आफ्नै गाडिमा ओसारिदिए । बाँकी सौदा र सामानहरु किनमेल गरी ल्याउन भाइ लोक र बैनीहरु सँगै थिए । फोल्डिङ फर्निचर जोड्न औजार सहित भीम सुनुवार भाई पनि आइ पुग्नुभयो । हाम्रो अमेरिकाको नयाँ जीवन शुभ सुरुवातको लागि बहिनी रमुले एउटा टिम नै जुटाइदिएकी थिइन् । कहिलेकाँही त हामी नेपालमा नै छौं कि जस्तो लाग्थ्यो, यो अमेरिकामा पनि नेपाली आफन्तहरुको सद्भाव र माया पाएर ।

ठूलो छोरालाई रमुले आफूसँगै काम लगाई दिइन् । उनको हर प्रयासको बावजुद मलाई भने काम पाउन झण्डै दुइ महिना लाग्यो । काठमाडौमा सुती, अल्लो, उनी र रेशम धागोको टोपी, झोला, गलबन्दी, पछ्यौरी र सुइटरहरु घरघरमै महिलाहरुलाई बुनाएर राम्रै कमाई गर्ने मेरी श्रीमती चार महिनासम्म त्यत्तिकै घरमै बसिन् । उनको दिक्दारीलाई देखेर कहिलेकाँही त हामीलाई परेको डि.भी. लट्री पनि बम्बैको लड्डु जस्तै लाग्छ । जो खाने पनि पछुताउँछ रे नमीठो भएर । नखाने पनि पछुताउँछ रे । खाउँ खाउँ लाग्ने लड्डु नखाएर जेहोस् अमेरिकामा उच्च शिक्षा अध्ययन गर्ने ठूलो छोराको इच्छा पूरा भएको छ । सरकारले बान्ह कक्षासम्म निःशुल्क बालबालिकाहरुलाई पढाइदिने सुविधा सानो छोरा मार्फत् हामीले पनि उपभोग गर्न थालेका छौं । पछि यँहाको सँस्कार र वातावरणमा छिप्पेर पाक्दा स्वाद अमीलो नै भए पनि हाल यसलाई नै हामीले डि.भी. लट्रीको मीठो फल ठानेको छौं ।

***131 Pennyslovenia Ave#1***
***Somerville Ma-02145***
***Boston, USA***
***Raidhaulabir@hotmail.com***

कविता

# बाक्सिला



*✍ शशीकला रंकासु*
कक्षा ७
श्री पृथ्वी मा.वि.

यो देशको माटो रहनसके रहन्छ यो देश
दुमी मानव रहनसके रहन्छ यो भाषा

कहिले म खोज्दै जान्छु कहिले तिमी जाऊ
दुमीको शाखा पूर्खादेखि हामी खोज्दै आऊँ

दुमी भाषा प्रसिद्ध हुन्छ हामीले खोजेदेखि
हाम्रो भाषा नजान्नेले याद गरौं लेखी ।

आफ्नो भाषा आफैं बोलौं बोल्दा जहिले पनि
तब हुन्छ दुमीको शाखा सन्तान नै धनी ।

आफ्नो भाषा थाहा छैन अझै हामीलाई पनि
हामीले रूचि गरेदेखि अझै समय छ नि ।

कविता

# असफल जीवन



*✍ जिनत दुमी राई*

गोरेटोमा हिँड्दा हिँड्दै ठेस लागी ढलेछु
जीवनका खुड्किला चढ्दाचढ्दै लड्न पुगेछु
परिश्रम गर्दागर्दै पनि निकम्मा बन्न पुगेछु
सफलता पाउने आशा गर्दागर्दै असफल हुन पुगेछु ।
हाँस्न खोज्दा खोज्दै रून पुगेछु
संघर्ष गर्दागर्दै पनि अर्थहीन भएछ जीवन
सफल हुने कोशिश गर्दागर्दै असफल भएछ जीवन
भन्छन् सफलताको शिखर चढ्न छ गाह्रो
तर मेरो लागि यो असम्भव नै भएछ
सगरमाथाभन्दा अग्लो भई त्यसले मलाई जिस्क्याउँछ ।
अब त असफलतानै पो जीवनको नियति भएछ
हावामा विलिन भइसक्यो बाँच्ने आधार
मभएकी छु पृथ्वीलाई केवल भार
ममा कहिल्यै आउनेछैन सफलताको वहार
असफलता नै भएछ यो जीवनको सार ।

## जानी राखौ

१) क्रिश्चियन धर्मावलम्बीहरुले १३ अङ्कलाई अशूभ मान्दछन् ।
२) हवाई जहाज भित्र र अन्य ठाउँको उचाइ नाप्न प्रयोग गरिने यन्त्रलाई अल्टिमिटर भनिन्छ ।
३) हाम्रो मित्र राष्ट्र भारतको राष्ट्रिय फूल कमल हो ।
४) सामान्यतः जुम्ल्याहा बच्चाहरुमा सबै कुराहरु एक आपसमा मिलेका हुन्छन् तर औंलाको छाप मिलेको हुँदैन ।
५) स्पेनको राष्ट्रिय खेल बुल फाइटिङ हो ।
६) पशुपतिनाथको मन्दिर राजा प्रचण्ड देवले निर्माण गरेका हुन् ।
७) विश्वको प्रथम पटक प्रकाशित समाचारपत्र 'मर्निङ पोष्ट अफ लण्डन' हो ।
८) कहिल्यै नमर्ने प्राणी 'अमिबा' हो ।
९) विश्वमा सिक्का नभएको राष्ट्र पारागुए हो ।
१०) नेपाल जस्तै शनिबार बिदा हुने देश इजरायल हो ।
११) स्पेनमा कपडामा अखबार छापिन्छ ।
१२) 'वार्म स्नेक' सर्प संसारमा पाइने सर्प जातिहरु मध्ये सबभन्दा सानो सर्प हो । यो भमेटिकाको दक्षिण भुभागमा पाइन्छ । यसको लम्बाई चार इन्च हुन्छ ।
१३) सर्पको शरीरमा ३६० वटा हड्डि हुन्छ ।
१४) मेक्सिकोमा १८ महिनाको एक वर्ष हुन्छ ।
१५) रिसाएको बेला गैंडाको पसिना रातो हुन्छ ।
१६) नेपालभन्दा सानो देशहरु ७६ वटा छन् ।

# वस्तीका झुपडीहरू

-याम 'पीडित'
बाक्सिला-८, चोखुम

औषधि गर्न नसकेर
मृत्यु स्वीकार्न बाध्य छन्
यहाँको वस्तीका झुपडीहरू
कान्छा छोरालाई पढाउन नसकेर
अशिक्षामा नै राख्न बाध्य छन्
यहाँको बस्तीका झुपडीहरू
जीवन धान्न भनेर
हलो, कोदालोको सूत्र सिकाउन बाध्य छन्
यहाँको बस्तीका झुपडीहरू
चैत, वैशाखको घाममा पनि
रातमाटे उकालो ढाकर बोक्न बाध्य छन्
पुस र माघको कठ्याङ्ग्रिने जाडोमा पनि
सुरूङको जाँगर तर्न बाध्य छन्
खाली पेट बस्न
अनि
बिना ओढ्ने र बिना ओछ्यान
निदाउन बाध्य छन्
रात काट्न बाध्य छन्
यहाँको वस्तीका झुपडीहरू ।

# स्वार्थी संसार



सुमन दुमी राई
ढुंगेसाँघु-८, ताप्लेजुङ्ग

कति स्वार्थी रहेछ यो संसार
जो कसैले कसैलाई बुझ्नसम्म चाहिरहेको छैन
बुझ्न् पनि कसरी, तड्पिरहेछ आफ्नै ज्वलनमा
खै म सपना हो कि विपना हो
लाग्दछ कल्पना मात्रै हो कि
अधुरो सपनाहरूको त्यो सूक्ष्म चाहनाहरू
नजिकबाट कसैले बुझ्नसम्म कोशिश गर्दैन
बुझ्न् पनि कसरी,
अचानोको चोट खुकुरीले कहिल्यै बुझ्थ्यो र
मनका कथा व्यथा अनि ती झिना मसिना अभिलाषाहरू
कोपिलामै ओइलिन थालिसके
कल्पनाका मरूभूमिमै बदलिन लागिसके
शायद संसारको एउटा रित नै हुनुपर्छ
मानिसले चाहेर पनि त्यो काम स्वतन्त्रपूर्वक गर्न सक्दैन
यहाँ रवाफ दवाफ खुट्टा तानातानको संसार छ
यी नै काल्पनिक संसारमा
अन्धकारमय कुहिरोको काग बनेर
म भौंतारिरहेछु
आफ्नो लक्ष्य खोज्दै गन्तव्यस्थानतिर
भविष्यको सुनौलो सपना बोकेर
एक्लै नै एक्लै नै...

# मेरो गाउँमा



मणिराज दुमी राई (लुप्पो)
सप्तेश्वर-८, चिउरी खर्क, हाल : विराटनगर

पहाडी मेरो दुर्गम गाउँ
प्रकृतिले सजाएको ठाउँ
तल बेंसी खेत र रावा खोला
मधुर मुस्कानमा सुसेल्दै होला
माथि लेक र गढी डाँडामा
कति गुराँस र चाँपहरू फुले होला
मेरो गाउँको म एक ठिटोलाई
प्रकृति र संस्कृति सबैले भुले होला
गाउँका अल्लारे साथीहरू
विदेशिन सुरिएका छन् रे
डिग्री र डिप्लोमाका सर्टिफिकेटहरू
ढुंग्रो र ध्वाँसीमा खुरिएका छन् रे ।
मेरा सहपाठी कर्णधार साथीहरू
कोही अरबीका दास भएका छन् रे
कोही सामन्तीका पास रहेकाछन् रे
मेरा छोरीचेली ठिटीहरू
कोही दलाल र कोठीवालका पास गएका छन् रे
कोही घरबारे अनि दरबारे भएका छन् रे
रानी वनमा कोहोऊ-कोहोऊ भनेर
परिचय सोध्ने कोइलीले
कसैको परिचय सोध्दैन रे
काफल, ऐसेलु र बयरको घारी थियो
आज त्यसको काँडाले पनि घोच्दैन रे
लोकलहरी र मारूनी घन्कने मेरो गाउँमा
पाश्चात्य संगीत र हिन्दी डाइलगहरू बोलिन्छ रे
क्रिसमस र बर्थडेको नाउँमा
नातानाला र आफन्तहरू भेन्छि रे
कति कर्तव्य र जिम्मेवारीहरू
चोकमा खट्किएका छन् रे
देश बनाउँछु भनेर भाषण गर्ने नेताहरू
नशा र खै कुन्नि ? के पेशामा लड्किएका छन् रे ।
खै के भनौं ? मेरा कर्णधार साथीहरूलाई देखेर
खै के गरौं ? मेरा अल्लारे साथीहरूलाई सम्झेर
खै के गर्न सकौं ? मेरा छोरीचेलीहरूलाई सम्झेर
खै के काम भो ती उच्च सर्टिफिकेटहरूको ?
खै के मतलब भो ? इमान्दारीता र स्वाभिमानको ।
अब, रोग र शोकले व्याकुल कोइलीको
मानसिक उपचार गर्नुपरेको छ
घोच्न छोड्ने ऐंसेलु र बयरका काँडाहरूलाई
कर्तव्य सम्झाउनु परेको छ
भाषण मात्र गरेर कर्तव्य बिर्सने नेतालाई
नशा अनि पेशा छोडाउनु परेको छ
ढुंग्रो र ध्वाँसीमा खुरिएका सर्टिफिकेटहरूलाई
क्याविनको फायलमा सजाउनु परेको छ
मेरा पीडित अनि दलित छोरी चेलीहरूलाई
वास्तविकता बोध गराउनु परेको छ
मलाई बिर्सने प्रकृति र संस्कृतिलाई
क्षमायाचनाको लागि माफी माग्नुपरेको छ
पुनः क्षमायाचनाको लागि माफी माग्नुपरेको छ ।

# पुतली

✍ मेलिना राई
कक्षा ३
बेबिलोन नेशनल स्कुल
शान्तिनगर, काठमाडौं

फूलका कोपिलामा,
डुल्ने पुतली ।
रङ्गीचङ्गी रङमा,
घुम्ने पुतली ॥

बगैंचामा फुल्ने फूलमा,
नाच्ने, रमाउने पुतली ।
फूलको रस चुसी खाने,
कति राम्री पुतली ॥

# नेपाल

✍ अनुपम निरौला
कक्षा ४
बेबिलोन नेशनल स्कुल, शान्तिनगर, काठमाडौं

मेरो देश नेपाल,
सुन्दर, शान्त र विशाल छ ।
डाँफे, मुनाल र कोइलीहरू नाच्दै,
आफ्नो भाषा गाउँदछन् ॥

मेरो देश नेपाल,
एसियाको माझमा छ ।
जनाततै अग्ला हिमालले,
मेरो देशलाई घेरको छ ॥

# किताब

✍ अंकित कार्की
कक्षा ४
बेबिलोन नेशनल स्कुल
शान्तिनगर, काठमाडौं

किताब म पढेर,
ठूलो मान्छे बन्छु ।
राम्रो किताब म पढेर,
असल बाटोमा हिंड्छु ॥

किताबले मलाई दिन्छ,
ज्ञानका धेरै कुराहरू ।
त्यही ज्ञान लिएर म,
गर्छु राम्रा कामहरू ॥

# हार्दिक श्रद्धाञ्जलि



स्व. लव कुमार हलक्सु दुमी राई

माक्पा गाविस नोरङ निवासी हाम्रा परम सहृदयी मित्र शिक्षक लव कुमार हलक्सु दुमी राईको वि.सं. २०५८ सालमा असामयिक निधन भएकोले उहाँको आत्माको चिर शान्तिको लागि दुमी किरात राई फन्सिकिम तथा इसिलिम परिवार ईश्वरसँग प्रार्थना गर्दछौं ।

---

हाम्रा परम मित्रहरू-जालपा सर्सका जनत राईचु राई, बाक्सिला-८, सिम्पानीका कृष्णध्वज राई, बाक्सिला-६ हल्खुङका ताया टीका वीर हदी राई, सप्तेश्वर, चिउरीखर्कका ताया भुवनसिं राई, माक्पा लेवाका वंशावली श्रोतदाता देवराज राई र सप्तेश्वर-८ चिउरीखर्कका प्रारम्भिक कार्यसमितिका सदस्य शिक्षक मोतीचन्द्र राईको असामयिक निधनले हामी स्तब्ध छौं । उहाँहरूको आत्माको चिरशान्तिको लागि ईश्वरसँग प्रार्थना गर्दछौं ।

**दुमी किरात राई फन्सिकिम**

तथा

**इसिलिम परिवार**

# सांस्कृतिक कार्यक्रम सम्पन्न

दुमी किराँत राई फन्सिकिम केन्द्रीय कार्यसमिति र प्रारम्भिक कार्यसमिति काठमाडौं सांस्कृतिक विभागको पहलमा २०६० साल भाद्र २१ गतेका दिन राष्ट्रिय नाचघरमा आफ्नो भाषा धर्म र संस्कृतिलाई बचाउनुपर्छ भन्ने उद्देश्यले एक सांस्कृतिक कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रम गायक तथा संगीतकार श्री जीतेन



दुमी भाषाको स्वागत गीत गाउँदै कलाकारहरु ।

राईको संयोजकत्वमा सम्पन्न भएको थियो ।

कार्यक्रम २ बजेदेखि सुरु गर्ने भनिएता पनि केही ढिला सुरु भएको उक्त कार्यक्रममा दर्शकहरुको प्रसस्त मात्रामा उपस्थिति रहेको थियो । सर्वप्रथम दुमी भाषामा स्वागत गीत गाएर दर्शकहरुलाई स्वागत गरिएको थियो भने दुमी किराँत राई फन्सिकिम केन्द्रीय कमिटीका अध्यक्ष श्री चतुरभक्त राईले कार्यक्रमको औचित्य बारेमा



दुमी सांस्कृतिक कार्यक्रम हेर्दै किरायाका अध्यक्ष श्री कुलबहादुर राईका साथ अन्य दर्शकहरु ।

प्रकाश पार्नुभएको थियो । निकै सफलतापूर्वक सम्पन्न भएको उक्त कार्यक्रममा संयोजक जीतेन राईको अतिरिक्त सुमन दुमी राई, धीरज राई, सन्तोष दुमी, खबीराज, विजय, निरज, पावल, पुसान, लोकेन्द्र, बालकृष्ण, महेश, यिनोद, प्रेमकिरण, धन खालिङ्ग जस्ता गायक कलाकारहरुको सहभागिता थियो भने गायिकाहरुमा सत्यकला दुमी राई, जीनत बिष्नुकला, बेनुका, सुष्मा, राधा, प्रतिभा, झुमा र सरिता रहेका थिए ।

कार्यक्रम अति नै रोमान्चकारी रहेको थियो । उक्त कार्यक्रममा गायनका अतिरिक्त अति लोकप्रिय नृत्यहरु पनि प्रस्तुत गरिएका थिए । सबै गायक कलाकारहरुले कार्यक्रमभरि आफ्नो कला कन्जुस्याई नगरी दर्शकहरुलाई सक्दो सन्तुष्ट पार्ने प्रयास गरेको थियो । साथै बालकलाकार पुसान दुमी राईको न्याउली रोयो बोलको गीतले त दर्शकजनलाई मन्त्रमुग्ध नै बनाएको थियो ।

नृत्यमा साकेला नाच, समूहगत रुपमा (बेविलोन), खैत बुट जुत्ता (सुरसत्वक) का नृत्यले सम्पूर्ण दर्शकहरुलाई निकै मनोरञ्जन दिलाएको थियो भने मारुनी नाच बेविलोन समूहका नृत्यले त दर्शकहरुलाई लठ्ठ नै बनाएको थियो । उद्घोषकले बीच-बीचमा चुटकिला सुनाएर दर्शकहरुलाई हँसाउने प्रयास गरेका



बाल कलाकार पुसान दुमी राई



आधुनिक मारुनी नृत्य प्रस्तुत गर्दै बेबिलोन नेशनल स्कुलका कलाकारहरु ।



साकेला नाच प्रस्तुत गर्दै कलाकारहरु ।

थिए भने भूपू संसाद टंक राईको प्रहसनले हाँस्नै नचाहने दर्शकहरुलाई समेत पेट मिचिमिचि हाँस्न बाध्य तुल्याएको थियो ।

यस्तै आफ्नो संस्कृतिलाई बचाउनुपर्छ भन्ने अवधारणा लिएर दुमी राईहरुका लागि संघर्षरत श्री चेतुरभक्त सत्म राईको सक्रियतामा मारुनी नाच सफलतापूर्वक प्रस्तुत गरियो । उक्त मारुनी नाचका सहयोगीहरु नेत्रमणि हलक्यु राई, सुजन हदी, धनप्रसाद सरचु, अर्जुनभक्त, हेमन्त, मानबहादुर, नृप, देवचन्द्र, हेमन्त, दिपक र भद्रकुमार राई थिए ।



मौलिक मारुनी नाचमा मारुनी द्वय अर्जुन राई, हेमन्त राई र साथीहरु

उक्त कार्यक्रमको अन्त्यमा सत्यकला राई र धीरज राई आफ्नो लोकप्रिय गीत गाएर दर्शकजनलाई उफार्दै र नचाउँदै विदाई गरेका थिए ।

उक्त कार्यक्रममा किरात राई यायोक्खाका केन्द्रीय अध्यक्ष श्री राजबहादुर राई र जर्मनका लागि भूतपूर्व राजदूत डा. श्री नोवलकिशोर राईज्यूको समेत उपस्थिति रहेको थियो ।

## फन्सिकिमलाई आर्थिक सहयोग प्रदान

दुमी किरात राईहरुको संस्कृतिसंवन्धि अन्वेषक अलवान अदा भान स्टकहाउजेन तथा मेरियनवाट (जुरिक युनीभर्सिटी स्वीजलैंण्ड) वाट फन्सिकिमको विकासको लागि यु एस डलर तीनसय २०६०असौज १४ गते एलिना बेकरीमा सम्पन्न भएको एक कार्यक्रममा दुमीकिरात राई फन्सिकिमलाई हस्तानतरण गर्नुभएको छ ।

## काठमाडौंमा दुकिराफ प्रा.का.स. काठमाडौंको साधारण भेला सम्पन्न

२०६० असार २५ गते दुमीकिरात राई फन्सिकिम प्रारम्भिक कार्य समितिको साधारण भेला सम्पन्न गरी चतुरभक्त राईको संयोजकत्वमा शैक्षिक विभाग, सुजन दुमी राईको संयोजकत्वमा सहकारी विभाग र संगीतकार तथा गायक जितेन दुमी राईको संयोजकत्वमा सांस्कृतिक विभागको गठन गरेको छ । सास्कृतिक विभागले २०६० भाद्र २१ गते राष्ट्रिय नाचघरमा काठमाडौंमा वस्ने दुमीराई कलाकारहरुको संयुक्त पहलमा प्रथम पटक भव्य रुपमा कार्यक्रम सम्पन्न गरेकोछ ।

## धरानमा प्रारम्भिक कार्य समिति गठन

२०५९ साल असौजमा दुमीकिरात राई फन्सिकिम प्रारम्भिक कार्य समिति धरानले एक अधिवेशन इटहरीमा सम्पन्न गरी श्री गंगाप्रसाद सत्म राईको अध्यक्षतामा श्री कमला रंकासु राई उपाध्यक्ष र सचिवमा श्री भूमिराज दिम्मचु राई रहेको १३ सदस्यीय एक प्रारम्भिक कार्य समिमा भू पू प्र का स अध्यक्ष श्री पर्जवहादुर दिम्मचु राई प्रमुख सल्लाहकार रहनु भएको छ

## रिखीतर्पणी पूर्णीमाको अवसरमा बरमेधारा बाक्सिलामा भव्यरूपमा पूर्णीमा बजार सम्पन्न

आफ्नो धर्म र संस्कृतिलाई निरन्तरता दिन यस वर्ष डिवुपेल, हदी, रत्कु र रंकासु राईहरुको इतिहाससंग जोडिएको महत्वपूर्ण तीर्थस्थल बरमेधारा बाक्सिलामा जनस्तरवाट भव्य रुपमा धामी, धमिनी र साकेला नाच सम्पन्न भएको छ । करीव ३५ जना धामी धमीनीहरु र अन्य साकेला नृत्य कर्मीहरुको उपस्थीति रहेको थियो ।

## अत्यन्त जरुरी सूचना !

*दुमी किरात राईहरुको एक्काइसै पाछ्राको वंशावली "इसिलिम" मा निरन्तर रुपमा प्रकाशन भैरहेकोछ । दुमीकिरात राई फन्सिकिमले निकट भविष्यमा नै एक्काइसै पाछ्राको बृहत वंशावली प्रकाशन गर्दैछ । तसर्थ आफ्नो वंशावली संकलन गरी पठाउन र प्रकाशित वंशावलीमा छुटहरु भएमा सोसमेत संकलन गरी एक बृहत वंशावली प्रकाशनमा सहयोग पुरयाउन हुन हार्दिक अनुरोध छ ।*

## इसिलिमपो तुम्

पाठकवृन्द,

इसिलिम प्रकाशनको अनन्त यात्रामा एक कदम् अगाडि बढ्दै वर्ष दिनपछि पुनः 'इसिलिम छैटौं अङ्क' का साथ यहाँहरू सामू देखापर्ने जमर्को गरेकाछौं। नियमित प्रकाशनको पाचौंवर्षसम्ममा हाम्रा असंख्य शुभेच्छुकहरूबाट निरन्तर प्राप्त अमूल्य साथ सहयोग, हौसला, राय सुझाव, सरसल्लाह, सकारात्मक प्रतिक्रिया आदिलाई मुख्य प्रेरणा एवं मार्ग निर्देशनको रूपमा सहर्ष स्वीकार्दै आफूलाई क्रमशः सुधार्दै लैजान हरसम्भव कोशिश पनि गरेकाछौं ।

"इसिलिम प्रकाशन कतै टुट्ने त हैन ? र कद्यापी यो हराउदैन ।" जस्ता गहिरो जिज्ञासाहरूका बीच पलाएका भावनात्मक खुल्दुलीहरूलाई आत्मसात् गर्दै आजको अवस्थासम्म ल्याइपुऱ्याउन सकेकोमा हामी गौरवान्वित छौं । यसका साथै आफूलाई अरू बढी जिम्मेवार पनि महसूस गरेकाछौं । भनौं, प्रकाशनतर्फ हाम्रा विचार र दृष्टिकोण अझ खंदिलो र फराकिलो पार्दै लैजान वर्तमान समयको माग एवं बाधता पनि ठानकाछौं । नकि एउटा फक्रदो संस्था (दुकिराफ) को अभिप्राय अरू कुनै संचार माध्यमले प्रष्फूटन गरिदिन अघि सरोस् ।

तमाम् सचेत् दुमीरदू लगायत अन्य किरातजनले आफू जीवित रहद्यासम्म आफ्नोपनबारे जिज्ञासाको भारी बिसाउने र मृत्युपर्यन्त पनि ती भावनाहरूलाई अक्षरशः जीवितै राख्नपहल गर्ने सरल र सहज माध्यम् इसिलिमलाई चिरकालसम्म नै माया गरिरहनु हुनेछ भन्ने मनोभावका साथ यथासम्भव आफ्नो मौलिक परम्परा, भाषा, संस्कृति, वंशावली आदिप्रति विशेष चासो लिई आफ्नो विचार, लेख-रचना, प्रतिक्रिया पठाई भावी प्रकाशनहरूमा समेत हामीलाई जोशाइराख्नु हुन फेरि पनि उही पुरानो आग्रहलाई दोऱ्याउन चाहन्छौं । अन्त्यमा सुम्निमा, पारू, अनि नायम्ले हामी सबैको रक्षा गरून् । छिलछिल । मूचि ।

*-सम्पादक*


# विजया दशमी र दिपावली २०६०

### तथा किरातीहरूको महान चाड

# साकेवा/तोसी (उधौली)

### को शुभ अवसरमा

### हार्दिक मंगलमय शुभकामना





### दुमी किरात राई फन्सिकिम

### तथा

### इसिलिम परिवार

पो.ब.नं. २०२११, फोन न. ४४८८५८१



# विजयादशमी तथा शुभ दीपावली २०६० को



शुभ उपलक्ष्यमा देश विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ दिदीबहिनीमा सुख, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**दिलप्रसाद पोखेल**
प्रबन्ध निर्देशक

## डाइनामिक सेल्स एण्ड सर्भिस प्रा.लि.

*श्रम इजाजत नं. १०९/०५४/०५५*
वसुन्धारा-९, काठमाडौं (वसुन्धारा चोकबाट धापासी जाने बाटो)
फोन : ५३५४६१४, ५३५६८३१, ४३५३६२५, फ्याक्स : ५३५५५७०





# विजयादशमी तथा शुभ दीपावली २०६० को



शुभ उपलक्ष्यमा देश विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ दिदीबहिनीमा सुख, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*द.नं. ४६५/०५५/५६*

श्री ५ को सरकारबाट स्वीकृति प्राप्त
प्रस्तावित राष्ट्रिय सहकारी बैंकसँग सम्बद्ध

## प्राइम गोर्खा सेभिङ एण्ड क्रेडिट सहकारी सं.लि.

*Associated with Proposed National Co-operative Bank*
*Prime Gorkha Saving & Credit*
*Co-operative Society Ltd.*
केन्द्रीय कार्यालय : पुतलीसडक, काठमाडौं, फोन ४४३०७७२

# Gorkha Saving and Credit Co-operative Society Ltd.

२०६० सालको दशैं तथा तिहारको पावन अवसरमा समस्त ग्राहक वर्गहरुमा आर्थिक संवृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै हामी निम्न सेवाहरु उपलब्ध गराउँछौं ।

मुख्य कार्यालय : सातदोबाटो, ललितपुर, फोन ५५२१४०४
शाखा कार्यालय : सुन्धारा, बागदरबार (अर्थ मन्त्रालयसँगै), काठमाडौं, फोन ४२६५७७०

**बृटिश गोरखाली समूहबाट प्रवर्द्धित ।**
**नेपाल अधिराज्यभर कार्यक्षेत्र विस्तारित ॥**

## यस फाइनान्समा उपलब्ध व्याज दरहरु

मुद्दती बचतमा निम्न अनुसारको व्याज दिइनेछ ।

| अवधि | व्याजदर | | |
|---|---|---|---|
| | ३ महिनामा व्याज भुक्तानी दिंदा | १ वर्षमा व्याज भुक्तानी दिंदा | निक्षेप अवधि पछि एक मुष्ठ रुपमा साँवा र व्याज भुक्तानी दिंदा |
| ३ महिना | ९% | | |
| ६ महिना | ९.५% | | |
| ९ महिना | १०% | | |
| १ वर्ष | ११.२५% | १२% | १२% |
| २ वर्ष | ११.५०% | १२.२५% | १२.५०% |
| ३ वर्ष | ११.७५% | १२.५०% | १३% |
| ४ बर्ष | १२% | १२.७५% | १४% |
| ५ वर्ष वा सो भन्दा बढी | १२.२५% | १३% | १५% |

## गोरखाली स्कीम अन्तर्गत पाइने उपहार

| अवधि | न्यूनतम मुद्दती बचत रकम | निक्षेप अधि पछि एक मुष्ठ रुपमा साँवा र व्याज भुक्तानी दिंदा |
|---|---|---|
| ५ वर्ष | १ लाख | १५% |
| ४ वर्ष | २ लाख | १४% |
| ३ वर्ष | ३ लाख | १३% |
| २ वर्ष | ४ लाख | १२.५०% |
| १ वर्ष | ५ लाख | १२% |